# **ध.च. गोतामेका उपन्यासमा वर्गीयता**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको
दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो
सत्रको निर्धारित पाठ्यांश ७२०
को प्रयोजनका लागि
प्रस्तुत

## **शोधप्रबन्ध**


शोधकर्ता
**मनमाया पोखेल**
क्रमाङ्क : ८
दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग, त्रि.वि.
कीर्तिपुर, काठमाडौँ

२०८०

# शोधनिर्देशकको सिफारिसपत्र

नेपाली दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री मनमाया पोखेल (शैक्षिक वर्ष २०७७/०७८) ले 'ध.च. गोतामेका उपन्यासमा वर्गीयता' शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

....................................

सहप्रा. डा. नेत्रमणि सुवेदी
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०८०/०५/५

**त्रिभुवनविश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री मनमाया पोखेलले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ तयार पार्नुभएको 'ध.च. गोतामेका उपन्यासमा वर्गीयता' शीर्षकको शोधप्रबन्धको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधप्रबन्ध मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (विभागीय प्रमुख) | ........................................ |
| २. सहप्रा. डा. नेत्रमणि सुवेदी (शोधनिर्देशक) | ........................................ |
| ३. सह प्रा.डा. नारायणप्रसाद गडतौला (आन्तरिक परीक्षक) | ........................................ |
| ४. प्रा.डा. कृष्णहरि बराल (बाह्य परीक्षक) | ........................................ |

मिति : २०८०/०६/२५

# कृतज्ञताज्ञापन

ध.च. गोतामेका उपन्यासमा वर्गीयता शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको निर्धारित पाठांश (७२०) को प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. डा. नेत्रमणि सुवेदीका निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा आदरणीय गुरुबाट आवश्यक प्राज्ञिक सल्लाह-सुझाव तथा कुशल निर्देशन प्राप्त भएको छ । उहाँले यो शोधप्रबन्ध तयार गर्ने क्रममा सैद्धान्तिक तथा व्यवहारिक रूपमा मलाई सधैं उत्प्रेरित गर्नु भएकामा आदरणीय गुरु श्री सुवेदीज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत अध्ययनलाई यथासमयमा सम्पन्न गर्न विशेष सहयोग र सुझाव प्रदान गर्नुहुने त्रि.वि. नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र विभागसँग सम्बद्ध आदरणीय गुरुहप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस क्रममा सहृदयी व्यवहार र सहयोग गर्ने विभागका सम्पूर्ण कर्मचारी तथा मेरा सम्पूर्ण  मित्रहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत अध्ययन सम्पन्न गर्न आवश्यक सामग्री उपलब्ध गराउने कार्यमा  सहयोग पुऱ्याउनुहुने त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली केन्द्रीय विभागको पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठान पुस्तकालय र पद्‌मकन्या कलेजको पुस्तकालयका पदाधिकारीहरू तथा प्राज्ञिक विमर्श पत्रिकाका कार्यकारी सम्पादक श्री बद्रीप्रसाद ढकालप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो यस कार्यमा आवश्यक सहयोग पुऱ्याउनु हुने परिवारका सम्पूर्ण सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरू सबैप्रति म आभारी छु ।

प्राविधिक पक्षमा सहयोग गर्नुहुने अङ्ग्रेजी केन्द्रीय विभागका कर्मचारी श्री वृष रावललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस कार्यमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण व्यक्तिहरू र संस्थाप्रति कृतज्ञ छु ।

अन्त्यमा, म यो शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

..................

मनमाया पोखेल
दर्शनाचार्य-विद्यावारिधि तह
तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

शैक्षिक सत्र : २०७७/२०७८
त्रि.वि दर्ता नं. : २२३५९-८८
क्रमाङ्क : ८
मिति : २०८०/०५/०२

# विषयसूची

## पहिलो परिच्छेद
## शोधपरिचय


१.१ विषयपरिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा ३
१.५ शोधको औचित्य र महत्त्व ९
१.६ अध्ययनको सीमाङ्कन ९
१.७ शोधविधि ९
१.७.१ सामग्री सङ्कलनविधि ९
१.७.२ सामग्री विश्लेषणविधि ९
१.७.२.१ वर्गीयताको सैद्धान्तिक आधार १०
१.७.२.२ उपन्यासमा वर्गीयता विश्लेषणको ढाँचा १३
१.८ शोधप्रबन्धको रूपरेखा १४


## दोस्रो परिच्छेद
## ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा वर्गीयता


२.१ विषयपरिचय १५
२.२ अन्तर्वस्तुको परिचय तथा स्वरूप १६
२.३ अन्तर्वस्तुका तत्त्वहरू १८
२.३.१ कथावस्तु २०
२.३.२ पात्र २१
२.३.३ लेखकीय विश्वदृष्टिकोण २२
२.३.४ परिवेश २२
२.३.५ उद्देश्य २३
२.४ घामका पाइलाहरू उपन्यासको अन्तर्वस्तुमा वर्गीयता २३
२.४.१ कृतिगत सन्दर्भ २३
२.४.२ घामका पाइलाहरू उपन्यासको कथावस्तुमा वर्गीयता २४
२.४.३ घामका पाइलाहरू उपन्यासका पात्रमा वर्गीयता ३२
२.४.४ घामका पाइलाहरू उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा वर्गीयता ३८

२.४.५ घामका पाइलाहरू उपन्यासको परिवेशमा वर्गीयता ४१
२.४.६ घामका पाइलाहरू उपन्यासको उद्देश्यमा वर्गीयता ४४
२.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको अन्तर्वस्तुमा वर्गीयता ४६
२.५.१ कृतिगत सन्दर्भ ४६
२.५.२ यहाँदेखि त्यहाँसम्म उपन्यासको कथावस्तुमा वर्गीयता ४७
२.५.३ यहाँदेखि त्यहाँसम्म उपन्यासका पात्रमा वर्गीयता ५३
२.५.४ यहाँदेखि त्यहाँसम्म उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा वर्गीयता ५९
२.५.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको परिवेशमा वर्गीयता ६४
२.५.६ यहाँदेखि त्यहाँसम्म उपन्यासको उद्देश्यमा वर्गीयता ६८
२.६ निष्कर्ष ७१

**तेस्रो परिच्छेद**

## ध.च. गोतामेका उपन्यासका रूपमा वर्गीयता

३.१ विषयपरिचय ७३
३.२ रूपको परिचय तथा स्वरूप ७३
३.३ रूपका तत्त्वहरू ७४
३.३.१ भाषा ७५
३.३.२ बिम्ब ७५
३.३.३ प्रतीक ७६
३.४ घामका पाइलाहरू उपन्यासको रूपमा वर्गीयता ७६
३.४.१ घामका पाइलाहरू उपन्यासको भाषामा वर्गीयता ७७
३.४.२ घामका पाइलाहरू उपन्यासको बिम्बमा वर्गीयता ७९
३.४.३ घामका पाइलाहरू उपन्यासको प्रतीकमा वर्गीयता ८२
३.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको रूपमा वर्गीयता ८६
३.५.१ यहाँदेखि त्यहाँसम्म उपन्यासको भाषामा वर्गीयता ८६
३.५.२ यहाँदेखि त्यहाँसम्म उपन्यासको बिम्बमा वर्गीयता ९१
३.५.३ यहाँदेखि त्यहाँसम्म उपन्यासको प्रतीकमा वर्गीयता ९५
३.६ निष्कर्ष ९८

**चौथो परिच्छेद**

## सारांश र निष्कर्ष

४.१ सारांश १००
४.२ निष्कर्ष १०४
सन्दर्भ सामग्रीसूची

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

ध.च. गोतामे (धनुषचन्द्र गौतम) नेपाली साहित्यका कथा, उपन्यास, कविता, निबन्ध र यात्रासंस्मरण जस्ता विधामा कलम चलाउने स्रष्टा हुन् । २००८ सालमा 'सेवा' पत्रिकामा *च्यातिएको पर्दा* नामक कथा प्रकाशित गरी सार्वजनिक रूपमा आफ्नो साहित्यिक यात्राको थालनी गर्ने गोतामेका *घामका पाइलाहरू* (२०३५) र *यहाँदेखि त्यहाँसम्म* (२०४२) नामक दुई ओटा उपन्यास प्रकाशित भएका छन् । त्यसबाहेक उनका *कालान्तर* (संस्मरण, २०५३), *संज्ञा सर्वनाम* (व्यङ्गय निबन्ध २०५४), । *सम्झनाका गल्छेँडाहरू* (संस्मरण, २०५५), *तीनबास* (यात्रा संस्मरण, २०५८), *उत्तरोत्तर* (संस्मरणात्मक निबन्धको सँगालो, २०५९), *आरोह अवरोह* (संस्मरणात्मक निबन्धको सँगालो २०५९) जस्ता कृतिहरू प्रकाशित भएका छन् ।

गोतामे सामाजिक यर्थाथवादी धाराका उपन्यासकार हुन् । उनले रेलवे विकास र विस्तारको विषय तथा तराईको जङ्गल फँडानी गरी त्यस क्षेत्रमा नयाँ बस्ती बसाएको विषयलाई उपन्यासको कथ्य सन्दर्भ बनाई तिनै विषयवस्तुभित्रबाट तराईको सामाजिक जीवनको यथार्थ प्रस्तुत गरेका छन् । यस क्रममा उनका उपन्यासमा विभिन्न आर्थिक वर्गका मानिसहरूको भोगाइ र तिनका जीवन सङ्घर्षको विश्लेषण गरिएको पाइन्छ । उनीद्वारा लिखित *घामका पाइलाहरू* उपन्यास वीरगञ्ज रेलवेको विकास र विस्तारसँग सम्बन्धित छ । यसमा रेलवे स्टेशनका कर्मचारीहरू, त्यहाँका व्यापारीवर्ग तथा मजदुरवर्गका बिचको वर्गीय सम्बन्ध, वर्गविभेद र वर्गशोषणजस्ता सामाजिक यथार्थ प्रस्तुत गरिएको छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा भद्रनाथजस्ता जमिनदार अनि असुर्फी साहुको अत्याचार र सामन्ती प्रवृत्ति, शोषण तथा निम्न वर्गीय श्रमिकको जीवनशैली प्रस्तुत गरिएको छ। उनका दुवै उपन्यासमा निम्न वर्गीय श्रमिक र मजदुरहरूमा बिस्तारै जागृत हुँदै गएको वर्गचेतना तथा प्रतिरोधी चेतनाजस्ता विषयवस्तुलाई पनि प्रस्तुत गरिएको छ। त्यसैले वर्गीयताका दृष्टिकोणबाट उनका उपन्यासहरू विश्लेषणयोग्य रहेका छन् ।

वर्गीयता भनेको वर्गको अभिलक्षण हो । यस शब्दले वर्गका मौलिक गुण, स्वभाव, प्रवृत्ति र विशेषतालाई बुझाउँछ । वर्गीयता शब्दको मूल आधार वर्ग हो । यसैका जगमा वर्गीयता शब्दको निर्माण भएको हुन्छ । त्यसैले वर्ग र वर्गीयता एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । यसरी हेर्दा वर्गका आधारभूत प्रकार, तिनका मौलिक विशिष्टता, तिनका सामाजिक, आर्थिक तथा ऐतिहासिक स्वरूपहरूको समष्टि नै वर्गीयता हो । यसले समाजमा अस्तित्वमा रहेका विभिन्न वर्गहरूमध्ये कुनै विशेष वर्गप्रतिको प्रतिबद्धतालाई समेत बुझाउँछ । विशेषतः वर्गीयता शब्द सर्वहारा वर्गप्रतिको पक्षधरतालाई बुझाउन प्रयोग गरिन्छ । समाजमा उत्पादनका साधनहरूमाथि स्वामित्व भएको वा नभएको तथा त्यसको मात्राका आधारमा वर्गीय पहिचानको निर्माण भएको हुन्छ । प्राचीन साम्यवादी समाज वर्गविहीन समाज थियो, त्यहाँ उत्पादन प्रक्रिया र निजी सम्पत्तिको अवधारणा विकास भएकै थिएन, खाद्य पदार्थ जुटाउनु नै त्यस समयको साझा आवश्यकता थियो । जब समाजमा निजी

सम्पत्ति र उत्पादनसम्बन्धी अवधारणाको विकास भयो तब समाज बिस्तारै हुने र नहुने दुई वर्गमा विभाजन भयो । उत्पादनका साधनमाथि पहुँच हुने शोषक बन्दै गयो भने नहुने शोषित बन्दै गयो । अतः निजी सम्पत्ति र उत्पादनसम्बन्धी अवधारणाको विकाससँगै समाजमा वर्गीयताको अवधारणा विकास भएको हो । वर्ग शब्दको प्रयोग सर्वप्रथम १९ औँ शताब्दीमा कार्ल मार्क्स र एङ्गेल्सले गरेका हुन् । त्यसपछाडि वर्गका विषयमा विस्तारपूर्वक चिन्तन र व्याख्या गर्ने काम लेनिनबाट भएको पाइन्छ । *ध.च. गोतामेका उपन्यासमा वर्गीयता* शीर्षकको यस शोधप्रबन्धमा गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण मार्क्सवादी सिद्धान्तमा आधारित भएर गरिएको छ ।

साहित्यमा वर्ग तथा वर्गीयतासम्बन्धी चिन्तन सबैभन्दा बढी मार्क्सवादी चिन्तकहरूले गरेका छन् । अतः कुनै पनि साहित्यिक कृतिमा अभिव्यक्त वर्गीयताको विश्लेषण मार्क्सवादी समालोचनाका आधारमा गर्नु उपयुक्त देखिन्छ । यस शोधकार्यमा साहित्यका अन्तर्वस्तु र रूपमा आधारित भई अन्तर्वस्तुका आधारभूत तत्त्वहरू कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्य तथा रूपका प्रमुख तत्त्वहरू भाषा, बिम्ब अनि प्रतीकका आधारमा वर्गीयताको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

ध.च. गोतामे सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका उपन्यासमा सामाजिक जीवनका यथार्थ घटनाहरू प्रस्तुत गर्ने क्रममा विभिन्न वर्गका पात्रहरू, तिनका अन्तर्सम्बन्ध र क्रियाकलाप प्रस्तुत गरिएको छ । त्यस्तै लेखकीय पक्षधरता पनि निम्नवर्गका पात्रहरू र तिनका गतिविधिप्रति केन्द्रित रहेको छ । त्यसैले गोतामेका उपन्यासमा वर्गीयता अभिव्यक्त भएको छ तर वर्गीयताका दृष्टिकोणले उनका उपन्यासको अध्ययन भएको पाइँदैन । अतः मार्क्सवादी सिद्धान्तका आधारमा उपन्यासमा प्रतिबिम्बित वर्गीयताको खोजी गरी त्यसको विश्लेषण गर्नुलाई यस अध्ययनको मूल समस्याका रूपमा लिइएको छ र यही मूल समस्यामा केन्द्रित भई निम्नानुसारका शोध्यप्रश्नहरूको निर्माण गरिएको छ :

(१) ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा केकस्तो वर्गीयता अभिव्यक्त भएको छ ?

(२) ध.च. गोतामेका उपन्यासका रूपमा वर्गीयताको अभिव्यक्ति कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

ध.च. गोतामेका उपन्यासमा वर्गीयता प्रमुख समस्यामा आधारित प्रस्तुत शोधकार्यको समस्या कथनमा उल्लेखित शोध्यप्रश्नमा आधारित भएर निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

(१) ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा अभिव्यक्त वर्गीयताको निरूपण गर्नु ।

(२) ध.च. गोतामेका उपन्यासका रूपमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

ध.च. गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासको अध्ययन विभिन्न विद्वान्, समालोचक तथा शोधार्थीहरूद्वारा विभिन्न दृष्टिकोणबाट गरिएको भए तापनि वर्गीयताका दृष्टिकोणले उनका उपन्यासको अध्ययन आजसम्म पनि गरिएको पाइँदैन । यसै रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा विभिन्न विद्वान्, समालोचक तथा शोधार्थीहरूद्वारा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ :

ईश्वर बराल (२०४२) ले ध.च. गोतामेद्वारा लिखित *यहाँदेखि त्यहाँसम्म* उपन्यासको भूमिकामा उक्त उपन्यासका जमिनदार पात्र विपुलनाथलाई एकमात्र धनी व्यक्ति मान्दै बाँकी सबैलाई निर्धन भनेका छन् र जिमीदार र रैतिमाझ अगाध खाडल छ भनेका छन् । त्यस्तै उनले विपुलनाथ र नथुनी साहु दुवै सामन्त पात्र भएको ठहर गरी दुवैमा प्रगतिवादी सोच नभएको र दुवैले आ-आफ्नो क्षेत्रमा सामन्त तान्त्रिकताको बिउ रोपेको कुरा उल्लेख गरेका छन् । उनले उक्त उपन्यासमा श्रेणी चरित्र र व्यक्ति चरित्र दुवै छन् भन्दै बुर्जुवा शोषक चरित्रका प्रतिनिधिका रूपमा भद्रनाथ, असुर्फी साहु, भद्रनाथकी आमा, गौरी, पार्वती र हर्चनवा आदिलाई श्रेणी चरित्रअन्तर्गत राखेका छन् । बरालले उपन्यासका बारेमा गरेको उक्त विवेचनाले *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीयता अभिव्यक्त भएको जानकारी पाइन्छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०४२) ले *नेपाली उपन्यास र उपन्यासकार* नामक पुस्तकमा गोतामे र उनका उपन्यासको समीक्षा गर्दै गोतामेलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा प्रस्तुत गरेका छन् । उनले *घामका पाइलाहरू* उपन्यासको विश्लेषण गर्ने क्रममा यस उपन्यासमा गोतामेको प्रगतिशील विचार दुर्गानाथका माध्यमबाट अभिव्यक्त भएको छ भनेका छन् । आधुनिक पाश्चात्य सभ्यतामा बढेका भट्टाचार्यलाई उच्चवर्गीय चरित्र भनेका छन् । उनले अन्यायको प्रतिकार नगर्नु मानवसंस्कृतिको विकासप्रक्रियालाई कुण्ठित तुल्याउन खोज्नु हो भन्ने विचार बोकेका दुर्गानाथका माध्यमबाट समाजमा भइरहेको शोषण र अन्यायको प्रतिकार गर्नुपर्छ भन्ने कुरामा जोड दिएका छन् । प्रधानले देश र समाज हितका लागि अन्यायको विरोध गर्न नसक्नु त्यसको पक्षधर हुनु हो भन्ने विचारका सत्यद्रष्टा दुर्गानाथको विचारले आउने युगको सामाजिक क्रान्तिलाई सङ्केत गर्छ भनेका छन् । उनले *यहाँदेखि त्यहाँसम्म* उपन्यासको प्रमुख पात्र भद्रनाथलाई सामन्ती पात्र भन्दै पार्वतीलाई सामन्ती शोषण र अन्याय विरोधी पात्रका रूपमा उभ्याएका छन् । उनको यसप्रकारको समीक्षाबाट गोतामेका उपन्यासको अन्तर्वस्तुमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्न सहयोग पुगेको छ ।

ऋषिराज बराल (२०५२) ले *मार्क्सवाद र उत्तर आधुनिकतावाद* नामक पुस्तकमा मार्क्सवादी सौन्दर्यशास्त्रको चर्चा गर्दै मार्क्सवादी सौन्दयशास्त्रमा रूप र अन्तर्वस्तुले महत्त्वपूर्ण स्थान पाएका हुन्छन्, त्यसमा पनि यसले अन्तर्वस्तुलाई नै सौन्दर्यको सार मान्छ र रूपलाई चाहिँ अन्तर्वस्तुलाई प्रभावकारी बनाउने माध्यम मान्छ भनेका छन् । त्यस्तै नयाँ नायकको निर्माण मार्क्सवादी

सौन्दर्यशास्त्रको प्राप्ति हो भन्दै शैलीगत नवीनता र विविधता यसका विशेषता भएको भाव व्यक्त गरेका छन् । उनले मार्क्स र एङ्गेल्सले अलंकृत र जटिल शैलीभन्दा सरल र अलंकृत शैलीमा जोड दिएको कुरा उल्लेख गरेका छन् । उनको यस प्रकारको सौन्दर्यशास्त्रीय अभिव्यक्तिले उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्ने सैद्धान्तिक आधार प्रदान गरेको छ ।

राजेन्द्र सुवेदी (२०५३) ले *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* नामक कृतिमा गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा गोतामेले आदर्शोन्मुख यथार्थवादी उपन्यासकारका रूपमा आफ्नो पहिचान प्रस्तुत गरेका छन् भनेका छन् । *उनले यहाँदेखि त्यहाँसम्म* उपन्यासको विश्लेषण गर्ने क्रममा उक्त उपन्यासको चर्चित पात्र असुर्फी साहुलाई सामन्त पात्र भन्दै भद्रनाथ र कृष्णका बिचमा विकसित सम्बन्धलाई मालिक नोकरबिचको सम्बन्ध मानेका छन् । त्यस्तै उपन्यासमा सामन्त चरित्रका दुईथरी पात्रहरूको जीवनकथा प्रयोग भएको भाव व्यक्त गर्दै असुर्फी साहुले व्यापारिक कुटिलताले समाज शोषेको छ भन्ने विचार प्रकट गरेका छन् । उनले यस उपन्यासका पात्रहरूको बिहान बेलुका हातमुख जोर्नुपर्ने साधन भद्रनाथ वा नथुनी साहुका भकारीसँग जोडिएको कुरा उल्लेख गरेका छन् । सुवेदीको यस टिप्पणीले गोतामेका उपन्यासमा उच्च र निम्न दुई वर्गको अस्तित्व रहेको र लेखकको निम्नवर्गप्रति सहानुभूति देखिएको जानकारी पाइन्छ जसबाट उपन्यासमा प्रयुक्त वर्गीयताको अध्ययन गर्न थप सहयोग पुगेको छ ।

कृष्ण गौतम (२०६४) ले *उत्तर आधुनिक जिज्ञासा* नामक कृतिमा गोतामेका *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई पर्यावरणीय दृष्टिकोणले विश्लेषण गरेका छन् । उनले प्रसङ्गवश गोतामेका उपन्यासको समाजशास्त्रमा धनी, गरिब, किसान, शिक्षक, कर्मचारी र व्यापारीजस्ता विभिन्न वर्ग र पेशाका पात्रहरू रहेको कुरा उल्लेख गरेका छन् । गोतामेले *यहाँदेखि त्यहाँसम्म* उपन्यासको पात्र भद्रनाथलाई सामन्त जमिनदार भनेका छन् । उनको यस भनाइले गोतामेका उपन्यासमा प्रयुक्त समाज वर्गीय समाज हो भन्ने जानकारी प्राप्त हुन्छ । यसबाट गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न आंशिक सहयोग पुगेको छ ।

कृष्णप्रसाद सापकोटा (२०६४) ले ध.च. *गोतामेका उपन्यासमा आञ्चलिकता* शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा *घामका पाइलाहरू* उपन्यासका पात्रहरूको विश्लेषण गर्ने क्रममा यस उपन्यासका पात्रहरूमध्ये पीताम्वर र रम्भीको कथाले निम्नमध्यम वर्गीय जीवनका कटुयथार्थलाई प्रस्तुत गरेको भाव व्यक्त गरेका छन् । उनले उपन्यासमा प्रयोग गरिएका विभिन्न पेशा अपनाउने विभिन्न वर्ग र जातिका पात्रहरूले एउटा विशिष्ट आञ्चलिक परिवेश निर्माण गरेको कुरा उल्लेख गरेका छन् । सापकोटाले *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उपस्थित असुर्फी साहु र भद्रनाथजस्ता पात्रहरूको सामन्ती क्रियाकलाप, विचारधारा र शोषण प्रवृत्तिको चर्चा गरेका छन् । सापकोटाको उक्त विचारबाट उपन्यासमा वर्गीयता छ भन्ने कुराको सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

ध्रुवचन्द्र गौतम (२०६४) ले *ध.च. गोतामे : सम्झनाका पाइलाहरू* नामक *ग्रन्थ*मा धनुषचन्द्रका प्रख्यात दुई उपन्यासहरू *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म*को द्रष्टा र भोक्ता पात्रको नाम पवन भएको र त्यो पात्र स्वयम् गोतामे नै भएको विचार व्यक्त गरेका छन् । त्यस्तै

उनले *घामका पाइलाहरू* उपन्यासमा गोतामेका भोगाइका कुरा समेटिएको बताएका छन् । गोतामेको भोगाइ वर्गीय समाजभित्रको सङ्घर्षमय भोगाइ भएकाले उनका उपन्यासमा वर्गीयता अभिव्यक्त भएको सङ्केत पाइन्छ । यसबाट गोतामेका उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्न थप सहयोग पुगेको छ ।

रमेशप्रसाद भट्टराई (२०६४) द्वारा लिखित *ध.च. गोतामेको उपन्यासकारिता* नामक कृतिमा *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई आञ्चलिक उपन्यासका रूपमा विश्लेषण गरिएको छ । यस क्रममा गोतामेद्वारा लिखित दुवै उपन्यासमा आञ्चलिक उपन्यासले अपेक्षा गर्ने वर्ग पात्र र व्यक्ति पात्र दुवै रहेका छन् भनिएको छ । वर्गीय तथा जातीय जीवनसँग सम्बद्ध अञ्चलको चित्रणमा वर्गीय पात्रको आधिक्यलाई जोड दिइने सन्दर्भमा उनका दुवै उपन्यासमा वर्गीय चरित्रहरूकै आधिक्य पाइन्छ भनिएको छ । भट्टराईको उक्त समीक्षाले गोतामेका दुवै उपन्यासमा वर्गीयता रहेको जानकारी पाइन्छ । यसले प्रस्तुत शोधकार्यको समस्या समाधानमा आंशिक सहयोग पुऱ्याएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* नामक कृतिमा ध.च. गोतामेद्वारा लिखित *घामका पाइलाहरू* उपन्यासलाई सामाजिक यथार्थवादी तथा आलोचनात्मक यथार्थवादी धाराका उपन्यासअन्तर्गत राखेका छन् । उनले *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा विश्लेषण गर्दै गोतामे सामन्ती उत्पीडन र थिचोमिचोका कारण विवश जीन्दगी भोग्न बाध्य पारिएका श्रमजीवीहरूको चित्रणमा सिद्धहस्त देखिन्छन् भनेका छन् । बराल र एटमद्वारा गरिएको उपन्यासको यस किसिमको विश्लेषणबाट गोतामेका उपन्यासमा शोषक र शोषित वर्गको उपस्थिति रहेको जानकारी पाइन्छ । यसबाट उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्न आंशिक रूपमै भए पनि थप सहयोग प्राप्त भएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* नामक पुस्तकमा धनुषचन्द्र गोतामेलाई सामाजिक यथार्थवादी घटनाप्रदान उपन्यासकार हुन भनेका छन् र उनले गोतामेका उपन्यासमा यथार्थको चित्रण गर्ने क्रममा कतिपय सन्दर्भमा वर्गीय विभेदलाई प्रस्तुत गर्दै यथास्थितिको विरोध गर्नुका साथै वर्गीयता झल्कने खालका उनका उपन्यासहरूमा बहुल सहभागिताको प्रयोग गरिएको छ भनेका छन् । लुइटेलको यस प्रकारको समीक्षाबाट गोतामेका उपन्यासमा वर्गीयताको प्रस्तुति भएको छ भन्ने कुराको सङ्केत पाइन्छ । उक्त समीक्षाले यस शोधकार्यको समस्या समाधानमा आंशिक सहयोग पुऱ्याएको छ ।

रामप्रसाद ज्ञवाली (२०६९) ले 'साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको प्रतिबिम्बन' शीर्षकको लेखमा साहित्यमा प्रतिबिम्बित हुने वर्गीय पक्षधरता र वर्गीय द्वन्द्वको स्वरूप पहिल्याउन साहित्यिक रचनामा भेटिने साहित्यतत्त्व र तिनमा प्रतिबिम्बित वर्गीयताका पक्ष तथा वर्गद्वन्द्वका रूपहरूमा ध्यान दिनुपर्ने विचार व्यक्त गरेका छन् । उनले विधागत साहित्य र तिनका मौलिक तत्त्वहरू कथावस्तु, चरित्रविधान, विश्वदृष्टिकोण, परिवेशविधान, भाषाशैली र उद्देश्य जस्ता साहित्यिक तत्त्व

र पक्षहरूमा प्रतिबिम्बित वर्गीयता र वर्गद्वन्द्व नै साहित्यमा प्रतिबिम्बित वर्गीयता र वर्गद्वन्द्वको स्वरूपलाई पहिल्याउने प्रमुख आधार हुन् भनेका छन् । ज्ञवालीको उक्त विचारले ध.च. गोतामेका उपन्यासमा अभिव्यक्त वर्गीयताको विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गरेको छ ।

रामप्रसाद ज्ञवाली (२०७१) ले 'साहित्यमा वर्गीयता र वर्गद्वन्द्व' शीर्षकको लेखमा वर्गयुक्त समाजका साहित्यकारहरू पनि वर्गीय व्यक्ति नै हुन्छन् भनी उल्लेख गरेका छन् । उनले हरेक युगको साहित्यमा त्यस युगको यथार्थ र तत्कालीन समाजको वर्गीय चेतना र वर्गद्वन्द्व अभिव्यक्त हुने विचार व्यक्त गर्दै सबै युगको साहित्य वर्गीय नै हुन्छ भनेका छन् । त्यस्तै उनले साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको तात्पर्य खोज्ने र त्यसको व्याख्या गर्ने विचारकहरूमा मार्क्सवादी सौन्दर्य चिन्तकहरू आधिकारिक र अग्रणी हुन्छन् भन्दै वर्गीय पक्षधरता बोकेका रचनाहरू समाज र जीवनसँग प्रत्यक्ष रूपमा गाँसिएका हुन्छन् र यिनको विश्लेषणमा रूप र अन्तर्वस्तुलाई समान महत्त्व दिने उद्देश्य राखिएको भए पनि एउटाका पक्षमा उभिनु पर्ने अवस्था भएमा अन्तर्वस्तुमा जोड दिइन्छ भनेका छन् । त्यस्तै उनले यस्ता रचनामा प्रस्तुत गरिएका पात्रविधान र परिवेश निर्माणमा श्रमजीवी वर्गप्रतिको पक्षधरता र मुक्तिकामी जनताप्रतिको वकालत पाइन्छ भनेका छन् । उनको यस किसिमको अभिव्यक्तिले गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न सैद्धान्तिक आधार प्राप्त भएको छ ।

अमर गिरी (२०७२) ले *समकालीन प्रगतिवादी नेपाली कवितामा वर्गद्वन्द्व* नामक विद्यावारिधि शोधप्रवन्धमा वर्गद्वन्द्वसम्बन्धी प्रगतिवादी मान्यता प्रस्तुत गर्दै कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति गर्ने विभिन्न आधारहरूमध्ये कविताका अन्तर्वस्तु र रूपलाई पनि प्रमुख आधार मानेका छन् । गिरीको उक्त शोधप्रबन्ध विधागत रूपमा फरक भए पनि साहित्यमा प्रयुक्त वर्गीयता र वर्गद्वन्द्व विश्लेषणका प्रगतिवादी समालोचकीय मान्यता समान हुने भएकाले उनको यस अध्ययनले गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको अध्ययन गर्न सैद्धान्तिक आधार प्रदान गरेको छ । अतः उक्त शोधप्रबन्धलाई पूर्वकार्यको समीक्षाका रूपमा लिइएको छ ।

विन्दु शर्मा (२०७६) ले *प्रज्ञा समकालीन नेपाली कथा विमर्श* नामक पुस्तकमा समकालीन नेपाली कथामा अभिव्यक्त वर्गीयताको विश्लेषण र मूल्याङ्कनका निम्ति मैनेजर पाण्डेले वर्गीय साहित्यका उद्देश्यका रूपमा प्रस्तुत गरेका विभिन्न बुँदालाई आधार बनाएकी छन् । उक्त बुँदाहरूमा पतनशील बुर्जुवा जीवन पद्धति र मरणोन्मुख बुर्जुवा संस्कृतिको वास्तविकता र तिनमा रहेका कमजोरीको चित्रण, बुर्जुवा जीवन पद्धतिको असङ्गति र समाजको विकासमा बाधक बनेको त्यसको स्वरूपको उद्‌घाटन, बुर्जुवा वर्गको सांस्कृतिक राजनीतिक प्रभुत्वको विघटन हुने प्रक्रिया र ध्वंस गर्ने तरिकाजस्ता बुँदालाई प्रमुख मानिएको छ । त्यसै गरी उनले सामाजिक सम्बन्धहरूको समग्रतामा सर्वहाराको जीवन सङ्घर्षको चित्रण, सर्वहाराको दृष्टिकोण अनुसार एउटा अधिक मानवीय संसार रचनाको प्रयास, सर्वहाराको सामाजिक सङ्घर्षको चित्रण गर्दै सर्वहारा वर्गको एकतालाई दरिलो गर्न र उसलाई अघि बढाउन प्रयास गर्नु र सर्वहारालाई इतिहास प्रक्रियाको दिशा र गतिको बोध गराउँदै उसको ऐतिहासिक दायित्वलाई बोध गराउनु जस्ता बुँदाहरूलाई आधार बनाए र समकालीन कथामा प्रयुक्त वर्गीयताको विश्लेषण गरेकी छन् । शर्माले निर्धारण गरेका उक्त

प्रतिमानहरूले गोतामेका उपन्यासमा अभिव्यक्त वर्गीयताको विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गर्ने हुँदा पाण्डेयको 'साहित्य र सर्वहारा' शीर्षकको लेखलाई पनि यहाँ पूर्वकार्यको समीक्षाका रूपमा उल्लेख गरिएको छ ।

शिवकुमार मिश्र (२०७६) ले 'मार्क्सवादी कलाचिन्तन र साहित्यसमीक्षाको विकास' शीर्षकको लेखमा कलासाहित्यसम्बन्धी आफ्ना विचारहरू प्रस्तुत गर्दै मार्क्सवादले परम्परावादी र आधुनिकतावादी कलाप्रतिमानहरूको विरोध गर्दै ह्रासशील वुर्जुवा सौन्दर्यशास्त्रीय चिन्तन तथा साहित्य समीक्षाका विपरीत कृतिको समाजसापेक्ष, सौन्दर्यपरक र कलात्मक मूल्यलाई त्यसको सम्पूर्णता तथा वस्तुनिष्ठतामा उद्घाटित गर्छ भन्ने विचार व्यक्त गरेका छन् । उनले मार्क्सवादले साहित्य तथा कलालाई पूँजीवादी व्यवस्थामा खण्डित र आहात मानव अस्मिताका विपरीत एक सम्पूर्ण मनुष्यको अवधारणातिर अग्रसर गर्न सकोस भन्ने अपेक्षा गर्छ पनि भनेका छन् । उनको यस प्रकारको सौन्दर्यशास्त्रीय विचारले यस शोधकार्यमा ध. च. गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्ने सैद्धान्तिक आधार प्रदान गरेको छ । अतः मिश्रको उक्त लेखलाई पूर्वकार्यको समीक्षाका रूपमा लिइएको छ ।

ऋषिराज बराल (२०७८) ले *मार्क्सवादी सौन्दर्यचिन्तन* नामक कृतिमा मार्क्सवादी सौन्दर्यशास्त्रका लागि उपन्यास सामाजिक अन्तर्सम्बन्ध र वर्गद्वन्द्व अभिव्यक्ति गर्ने सबभन्दा महत्त्वपूर्ण विधा हो र यसले कृतिका बारेमा सबभन्दा बढी चासो दिने कुरा अन्तर्वस्तु र रूप हुन् भन्दै यसमा के र कसरी भनिएको छ भन्ने कुरा साहित्यिक चिन्तनको विषय हो भनेका छन् । उनको यस प्रकारको विचारले उपन्यासमा अभिव्यक्त वर्गद्वन्द्व र वर्गीयताको विश्लेषण गर्ने आधार प्राप्त हुन्छ । त्यसैले उनको यस कृतिलाई पनि पूर्वकार्यकार्यको समीक्षाका रूपमा लिइएको छ ।

रमेशप्रसाद भट्टराई (२०७८) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* नामक पुस्तकमा वर्ग विश्लेषण र यसका सैद्धान्तिक आधारहरू प्रस्तुत गर्ने क्रममा वर्गीय सम्बन्ध, वर्गीय हित, वर्गविभेद, वर्गशोषण, वर्गदमन, वर्गचेतना, वर्गसङ्घर्ष र वर्गविहीनता जस्ता आधारहरू प्रस्तुत गरेका छन् । वर्ग विश्लेषणका उक्त सैद्धान्तिक आधारहरूले गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न सैद्धान्तिक आधार प्रस्तुत गर्ने भएकाले भट्टराईको उक्त कृतिलाई पनि पूर्वकार्यको समीक्षाका रूपमा राखिएको छ ।

रमेशप्रसाद भट्टराई (२०७८) ले *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण* नामक कृतिमा गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासको सामान्य विवेचना गर्दै *घामका पाइलाहरू* उपन्यासमा वर्गसम्बन्धको सोझो प्रस्तुति नभई आर्थिकसम्बन्ध र परिवर्तनको कथा छ भनेका छन् । उनले उक्त उपन्यासमा वर्गीय दृष्टिले पीताम्बर उपस्थित भएको कुरा पनि उल्लेख गरेका छन् । त्यस्तै *यहाँदेखि त्यहाँसम्म*मा सामन्ती समाजमा सामन्त वर्गले जतिसुकै अत्याचार गरे पनि शिक्षित र सचेत जनताको उपस्थितिपछि त्यस्तो सामन्ती चिन्तन र शोषणको अन्त्य हुने वर्गीय सन्देश दिइएको छ भनेका छन् । गोतामेका उपन्यासका सन्दर्भमा गरिएको भट्टराईको उक्त विश्लेषणले उनका उपन्यासमा वर्गीयताको प्रस्तुति

भएको जानकारी पाइन्छ । यसबाट गोतामेका उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्न थप सहयोग प्राप्त हुने भएकाले उक्त कृतिलाई पूर्वकार्यको समीक्षाका रूपमा लिइएको छ ।

उपर्युक्त पूर्वाध्ययनमा रहेका सामग्रीहरूमध्ये ऋषिराज बराल, रामप्रसाद ज्ञवाली, अमर गिरी, शिवकुमार मिश्र, रमेशप्रसाद भट्टराई आदिका कृति तथा समालोचकीय लेखहरू सैद्धान्तिक प्रकृतिका रहेका छन । त्यस्तै ईश्वर बराल, राजेन्द्र सुवेदी, रमेशप्रसाद भट्टराई, कृष्णहरि बराल र नेत्र एटम तथा खगेन्द्रप्रसाद लुइटेल आदिका कृतिहरू समालोचनाका दृष्टिले उपयोगी रहेका छन् । तिनले गोतामे र उनका औपन्यासिक प्रवृत्तिको विश्लेषण गर्नुका साथै उक्त उपन्यासमा प्रयुक्त वर्गीयताको सामान्य समीक्षा गरेका छन् तापनि उक्त विवेचना गोतामेका उपन्यासमा प्रतिबिम्बित वर्गीयताका बारेमा प्रकाश पार्ने उद्देश्यले गरिएका कार्य होइनन् । त्यसैले तिनमा साङ्केतिक रूपमा मात्र वर्गीयताको सन्दर्भ प्रस्तुत गरिएको हुँदा उपन्यासमा प्रयुक्त वर्गीयताको सूक्ष्म विश्लेषण हुन सकेको पाइँदैन । आख्यानमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्ने सैद्धान्तिक आधार निर्माण भइसकेको र गोतामेका उपन्यासमा विभिन्न प्रकारका वर्गको उपस्थिति रहेको अवस्थामा तिनका बिचको वर्गीय सम्बन्ध, वर्गविभेद र वर्गशोषणको अवस्था देखाइएको छ । त्यस्तै उनका उपन्यासका पात्रहरूमा जागृत हुँदै गरेको वर्गीय चेतना प्रस्तुत गरी लेखकीय पक्षधरतालाई समेत प्रस्तुत गरिएको अवस्थामा हालसम्म वर्गीयताका दृष्टिले उनका उपन्याको सूक्ष्म अध्ययन भएको छैन । त्यसैले पूर्वाध्यायन गरिएका उपर्युक्त सामग्रीहरूमा ध.च. गोतामेका उपन्यासमा वर्गीयताको विश्लेषण र मूल्याङ्कन गर्ने पक्ष रिक्त रहेको छ । प्रस्तुत शोधकार्यमा यही प्राज्ञिक समस्याको समाधान गर्ने उद्देश्य राखिएको छ ।

### *१.५ शोधको औचित्य र महत्त्व*

ध.च. गोतामेका उपन्यासमा नेपाली समाजको वर्गीय स्वरूपको चित्रण गर्दै समाजमा विद्यमान उच्चवर्ग र निम्नवर्गबिच देखिने विभेदलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । त्यसैले उनका उपन्यास वर्गीयताका दृष्टिले अनुसन्धानयोग्य रहेका छन् तर गोतामेका उपन्यासको अध्ययन अन्य विविध दृष्टिकोणबाट गरिएको भए तापनि वर्गीयताका दृष्टिकोणबाट उनका उपन्यासको अध्ययन आजसम्म भएको पाइँदैन । यसै रिक्ततालाई पूर्ति गर्ने उद्देश्यले गरिएको प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । साथै यस अध्ययनले यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने शोधार्थीहरूलाई थप सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

### *१.६ अध्ययनको सीमाङ्कन*

ध.च. गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुई ओटा उपन्यास प्रकाशित भएका छन् । उनका उपन्यासको अध्ययन विभिन्न कोणबाट गर्न सकिने भए पनि यस शोधकार्यमा वर्गीयताका दृष्टिकोणबाट उपन्यासको अध्ययन गरिएको छ । यस क्रममा आर्थिक पक्षलाई मात्र आधार बनाएर उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गरिएको छ, अन्य पक्षलाई हेरिएको

छैन । यस शोधकार्यमा उपन्यासकारको जीवनी र व्यक्तित्वको पाटोलाई समेत समावेश गरिएको छैन ।

### *१.७ शोधविधि*

प्रस्तुत शोधकार्यलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि अपनाइएका सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधिलाई शोधविधिका रूपमा राखी तिनको विश्लेषण छुट्टाछुट्टै शीर्षकमा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीय दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा लिइएको छ भने उपन्यासमा अभिव्यक्त वर्गीयताको विश्लेषणका क्रममा प्रयोग गरिएका विभिन्न सैद्धान्तिक तथा समालोचकीय पुस्तक, पत्रिका र शोधप्रबन्धहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ । आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणविधि

प्रस्तुत शोधमा सङ्कलित सामग्रीहरूको विश्लेषण गर्ने क्रममा गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण मार्क्सवादी सिद्धान्तका आधारमा गरिएको छ । यस क्रममा मार्क्सवादी समालोचनाले सबैभन्दा बढी महत्त्व दिएका अन्तर्वस्तु र रूपका आधारमा उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गरिएको छ । यसका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ । यस शोधकार्यमा उपन्यास विश्लेषणको मूल ढाँचा पाठविश्लेषण पद्धतिमा आधारित गुणात्मक ढाँचाको रहेको छ ।

#### १.७.२.१ वर्गीयताको सैद्धान्तिक आधार

'वर्गीयता' शब्द 'वर्ग' शब्दबाट बनेको हो । वर्ग भन्नाले आर्थिक, सामाजिक तथा राजनैतिक र सांस्कृतिक दृष्टिले समान स्तर र अवस्था भएका मानिसहरूको समूह भन्ने बुझिन्छ । यस शब्दको उत्पत्तिको प्रमुख आधार आर्थिक सम्बन्ध हो । उत्पादनका साधनहरू माथिको निजी स्वामित्वका कारण समाजमा धनी र गरिब तथा शोषक र शोषित वर्गको उदय हुने भएकाले समाजमा विभिन्न वर्गहरू अस्तित्वमा रहेका हुन्छन् । तिनका उद्देश्य, आवश्यकता र स्वार्थहरू पनि फरक फरक किसिमका हुन्छन् । अतः तिनको जीवनदृष्टि पनि फरक किसिमले निर्माण भएको हुन्छ । मार्क्स र एङ्गेल्सका अनुसार–मानवजातिको सम्पूर्ण इतिहास वर्गसङ्घर्षको इतिहास हो (2004, p. 3) । त्यसैले उत्पादनका साधनमाथि स्वामित्व हुने र नहुने आधारमा समाजमा विभिन्न वर्गको अस्तित्व निर्माण हुन्छ र तिनका बिचमा निरन्तर सङ्घर्ष चलिरहन्छ । तिनै वर्गहरूको सङ्घर्षले समाजको परिवर्तन हुन्छ ।

समाजमा वर्गको उदय निजी सम्पत्तिसम्बन्धी अवधारणा र उत्पादन प्रणालीको विकाससँगै भएको हो । त्यसपछि नै यसका परिभाषाहरू बन्न थालेका हुन् । मार्क्स र एङ्गेल्सले वर्गको परिभाषामा भन्दा वर्गसङ्घर्षको चर्चाका सन्दर्भबाट वर्गको अवस्थितिको विश्लेषण गरेका छन् । उनीहरूले यसलाई सामाजिक आर्थिक शोषणका कारण समाजमा देखापरेको विभेदजन्य अवस्था मानेका छन् । वर्गको परिभाषा गर्ने क्रममा लेनिनले यसको विस्तारपूर्वक व्याख्या गर्दै– मानिसका ठुला समूहलाई वर्ग भनेका छन् । उनले वर्गहरूलाई ऐतिहासिक दृष्टिले निश्चित सामाजिक उत्पादन प्रणालीमा तिनीहरूको स्थान, उत्पादनका साधनहरूप्रतिको सम्बन्ध, श्रमको सामाजिक सङ्गठनमा तिनको भूमिका, तदनुसार तिनीहरूको मातहतमा रहेको सामाजिक सम्पत्तिको परिमाण र त्यसको प्राप्तिको पद्धतिद्वारा छुट्याउन सकिन्छ भनेका छन् (1977, p. 15) । लेनिनको यस परिभाषाले उत्पादनका साधनहरूमाथिको स्वामित्वको स्वरूपका आधारमा समाजमा वर्गको उत्पत्ति हुन्छ भन्ने कुरा स्पष्ट पारेको छ । समाजमा उत्पादनका साधनहरूको स्वामित्वका आधारमा हुने र नहुने वर्गको जन्म हुन्छ । यस क्रममा जोसँग उत्पादनका साधनमाथि स्वामित्व हुन्छ ऊ शोषक बन्दै जान्छ भने नहुने शोषित बन्छ । मार्क्सवादी मान्यताअनुसार पूँजीवादी समाजमा जसको उत्पादनका साधनहरूमाथि स्वामित्व वा एकाधिकार हुन्छ ऊ पूँजीपतिका रूपमा चिनिन्छ भने यसबाट वञ्चित हुनेहरू समाजमा सर्वहारा वर्गका रूपमा चिनिन्छन् । अतः वर्गको सम्बन्ध उत्पादनका साधन वा आर्थिक पक्षसँग जोडिएको हुन्छ । यसले निजी सम्पत्तिको अवधारणालाई देखाउँछ । अतः वर्ग भनेको उत्पादन शक्ति र सम्बन्धका आधारमा जन्मिएको आर्थिक श्रेणी हो ।

प्राचीन साम्यवादी युगमा श्रमविभाजनसम्बन्धी अवधारणाको विकास भएको थिएन । जब समाजमा दास युगको थालनी भयो, निजी सम्पत्ति र उत्पादन प्रक्रियाको अवधारणा विकास भयो । त्यसै बेलादेखि समाजममा श्रमविभाजन थालियो । यहीँबाट नै समाजमा वर्गको जन्म भएको हो (एङ्गेल्स, २०७५, पृ. १७६) । यस युगमा दास र मालिकजस्ता आधारभूत वर्गहरू अस्तित्वमा रहेको पाइन्छ । त्यसपछि सामन्तवादी युगमा आएर वर्गको स्वरूप सामन्त र किसानका रूपमा परिणत भयो । विस्तारै सामन्तवादी उत्पादन पद्धतिको स्थान पूँजीवादी उत्पादन पद्धतिले लिन थाल्यो । यसमा पूँजीपति र सर्वहारा वर्ग अस्तित्वमा आए । यसरी युग बदलिँदै जाँदा वर्गका स्वरूपहरू पनि परिवर्तन हुँदै गए । यसरी प्राचीन साम्यवादी युगबाहेक हरेक युगमा कुनै न कुनै रूपमा वर्गको अस्तित्व रहेको खालि तिनको स्वरूपमा मात्र फरक देखिएको पाइन्छ । पूँजीवादी युगमा पूँजीपति र सर्वहारा वर्ग नै वर्गीय समाजका प्रमुख वर्ग हुन् ।

समाजमा अस्तित्वमा रहेका वर्गका विभिन्न रूपहरू पाइन्छन् । मूलतः उत्पादनका साधनमाथि वर्गको स्वामित्वको स्वरूप र भूमिकाका आधारमा समाजमा वर्गका विभिन्न रूपहरूको निर्माण भएको हुन्छ । बोट्टोमोरले निश्चित समुदायभित्रको आर्थिक आय र सामाजिक स्तर हेरी समाजमा पूँजीपति वर्ग, मध्यमवर्ग र मजदुर वर्ग गरी तीन प्रकारका वर्ग अस्तित्वमा रहेको कुरा उल्लेख गरेका छन् (1991, pp. 84-87) । उपर्युक्त तीन वर्गहरूमध्ये पूँजीपति वर्ग शोषक वर्ग हो भने मजदुर वर्ग शोषित वर्गअन्तर्गत पर्छ । यी दुईका बिचमा मध्यमवर्ग रहेको हुन्छ । आफानास्येभले

वर्गीय समाजमा देखापर्ने वर्गहरूलाई प्रमुख वर्ग र गौण वर्ग गरी दुई प्रकारमा विभाजन गरेका छन् । उनका अनुसार उत्पादनका साधनहरूमा स्वामित्व कायम राख्ने उत्पीडक वर्ग र त्यसको विपक्षमा रहेको उत्पीडित वर्ग नै प्रमुख वर्ग हुन् भने सत्तारुढ उत्पादन पद्धतिसँग प्रत्यक्षरूपमा सम्बन्ध नराख्ने वर्ग गौण वर्ग हो (२०७८, पृ. २५६) । यसरी हेर्दा उत्पादनका साधनहरूमा आफ्नो स्वामित्व रहेका उच्च तथा शोषक वर्ग र उत्पादनका साधनमाथि स्वामित्व नभएका शोषित पीडित वर्ग नै समाजका आधारभूत वर्ग हुन् । प्रमुख वर्गअन्तर्गत पर्ने शोषक र शोषित वर्गले आआफ्नै आधारभूत चरित्र निर्माण गरेका हुन्छन् । शोषक वर्गमा शासकीय चरित्र हुन्छ । शोषित वर्ग जहिले पनि उत्पीडित हुन्छ । त्यसैले यो वर्ग सदैव परिवर्तनका पक्षमा रहेको हुन्छ ।

सबै समाजको वर्गीय स्वरूप एकै प्रकारको हुँदैन । समाजको स्वरूपअनुसार वर्गको स्वरूप पनि फरक फरक हुन्छ, तिनका वर्गीकरणका आधार पनि भिन्न भिन्न हुन्छन् । नेपाली समाजको वर्गीय स्वरूपको पनि आफ्नै प्रकारको संरचना रहेको छ । मूलतः समाजमा अस्तित्वमा रहेका विभिन्न वर्गहरूको वर्गीय चरित्र शोषणमुखी अथवा शोषित प्रकृतिको हुन्छ । अतः समाजका यिनै शोषक र शोषित वर्ग नै आधारभूत वर्ग हुन् । वर्गीय समाजमा रहेका उपर्युक्त वर्गका प्रकार, तिनको मौलिक चरित्र, प्रवृत्ति र विशिष्टताको समष्टि नै वर्गीयता हो ।

वर्गीयता शब्दले वर्गका समष्टि अभिलक्षणलाई बुझाउँछ । विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले वर्गीयताको परिभाषा गरेका छन् । चैतन्यका अनुसार सर्वहारा वर्गप्रतिको प्रतिवद्धता नै वर्गीयता हो (२०६४, पृ. ३२) । ज्ञवालीले वर्गलाई वर्गीयताको आधार र वर्गीयतालाई वर्गको अभिलक्षण मानेका छन् । उनका अनुसार– "वर्गहरूका आधारभूत विशिष्टताहरूको समष्टि वर्गीयता हो" (२०६७, पृ. ३७) । उत्पादनका साधनहरूको सम्बन्धका आधारमा पनि वर्गीयताको तात्पर्य खोज्न सकिन्छ । शर्माका शब्दमा वर्गीयता भन्नाले उत्पादनका साधनहरूसँगको सम्बन्धका आधारमा समाजमा देखा परेको खास वर्गप्रतिको पक्षधरता भन्ने बुझिन्छ (२०७६, पृ. १७९) । त्यसैगरी डङ्गोलले वर्गका मौलिक विशेषता, गुण र स्वभावका आधारमा वर्गीयताको अर्थको खोजी गरेका छन् । उनका अनुसार– "वर्गको अभिलक्षण नै वर्गीयता हो" (२०७२, पृ. २५) । मार्क्सवादले सर्वहारा वर्गलाई सबैभन्दा क्रान्तिकारी वर्ग मानेर त्यसै वर्गप्रति विशेष सहानुभूति राख्दै गैरवर्गीय दृष्टिकोणप्रति प्रतिकार गर्ने लक्ष्य राखेको पाइन्छ । साहित्यमा उत्पादनका साधनमाथि आफ्नो पहुँच नभएका, शोषक वर्गको शोषणले किचिएका, राज्यसत्ताबाट हेपिएका पात्रहरू र तिनका गतिविधिहरू अभिव्यक्त गर्दा र तिनमा क्रमशः जागृत हुँदै गएको वर्गीय चेतनाको प्रस्तुतिमा नै वर्गीयता प्रकट भएको पाइन्छ । अतः वर्गीयता भन्नाले वर्गका अभिलक्षणका साथै सर्वहारा वर्गप्रतिको लेखकीय पक्षधरता भन्ने बुझिन्छ । मार्क्सवादले आफूसँग कुनै पनि उत्पादनका साधन नभएको, सर्वाधिक शोषित र पीडित सर्वहारा वर्गलाई पूँजीवादी समाजमा सबैभन्दा क्रान्तिकारी वर्ग मान्छ । यो वर्ग सचेत हुनाका साथै सामाजिक परिवर्तनमा क्रान्तिकारी भूमिका निर्वाह गर्ने वर्ग पनि हो । अतः सर्वहारा वर्गप्रतिको पक्षधरता नै वर्गीयता हो ।

कला वा साहित्यको सामग्री समाज र वस्तुजगत्बाट प्राप्त हुन्छ । त्यसैले साहित्यमा तिनै सामग्रीको प्रतिबिम्बन भएको हुन्छ । राल्फ फक्सका अनुसार– “कला वा साहित्य वस्तुजगत्को प्रतिबिम्ब हो । वस्तुजगत्को वास्तविकताप्रति कलाकारको जुन सम्बन्ध हुन्छ र त्यस जगत्मा उसले जे पाउँछ त्यसप्रतिको कलाकारको प्रेम वा घृणाको परिणामस्वरूप नै रचना उत्पन्न हुन्छ” (सन् १९५७, पृ. १२) । समाजको स्वरूप वर्गयुक्त हुन्छ । त्यसैले कला वा साहित्यको चरित्र पनि वर्गीय नै हुन्छ । अतः साहित्यमा पनि वर्गीय समाजकै प्रतिबिम्बन भएको हुन्छ । साहित्यकार वर्गीय समाजको उपज हो । उसले आफ्ना रचनामा कुनै न कुनै वर्गप्रति पक्षधरता जनाएको हुन्छ । त्यसैले हरेक साहित्यिक रचनामा सचेत वा अचेत रूपमा वर्गीयता प्रतिबिम्बित भएको हुन्छ ।

वर्गीयता सम्बन्धी अवधारणा मार्क्सवादी अवधारणा हो । साहित्यमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण मार्क्सवादी समालोचनाका आधारमा गरिन्छ । प्रगतिवादी समालोचना (मार्क्सवादी समालोचना) मार्क्सवादी-लेनिनवादी-माओवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादको कलासिद्धान्तमा आधारित रहेको छ भन्ने चैतन्यको भनाइले यसै कुरालाई पुष्टि गरेको छ (२०६४, पृ. ५०) । त्यसै गरी ज्ञवालीले साहित्यमा प्रयुक्त वर्गीयता र वर्गद्वन्द्वको खोजी गर्ने मार्क्सवादी समालोचकहरू प्रमुख मानिन्छन् भन्ने कुरा उल्लेख गरेका छन् (२०७१, पृ. ३५९) । यस समालोचनाका विभिन्न प्रक्रिया र पद्धतिहरू छन् । उक्त पद्धतिहरूमध्ये अन्तर्वस्तु र रूप पनि एक प्रमुख आधार हो (बराल, २०४९, पृ. ११०) । चैतन्यले प्रगतिवादी साहित्यको विश्लेषणमा यसका अन्तर्वस्तु र रूप पक्षमा जोड दिँदै यस्तो साहित्यमा अन्तर्वस्तु र रूप दुवैबिच द्वन्द्वात्मक एकता हुनुपर्छ र ती परस्पर संश्लेषित भएका हुन्छन् भनेका छन् (२०७१, पृ. ५८) । उनको यस भनाइबाट साहित्यमा प्रयुक्त वर्गीयताको विश्लेषण साहित्यका अन्तर्वस्तु र रूपका आधारमा गर्न सकिन्छ भन्ने स्पष्ट हुन्छ । यसरी हेर्दा अन्तर्वस्तु र रूपको संयोजनबाट नै कला वा साहित्यको निर्माण भएको हुन्छ । अतः उपन्यास पनि साहित्यका विभिन्न विधामध्ये एक भएकाले यसको निर्माणमा यसका अन्तर्वस्तु र रूपको महत्त्वपूर्ण भूमिका रहने हुँदा यसमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण अन्तर्वस्तु र रूपका आधारमा गर्नु उचित देखिन्छ ।

अन्तर्वस्तु र रूप कला वा साहित्यका अभिन्न अङ्ग हुन् र एक अर्कामा अन्योन्याश्रित पनि हुन्छन् । यी दुवै पक्ष एक अर्कामा अविभाज्य हुने र एउटाको काम अर्काले गर्न नसक्ने हुनाले कला वा साहित्यका क्षेत्रमा यिनको उत्तिकै महत्त्व रहेको पाइन्छ । अतः साहित्य चिन्तनमा पनि अन्तर्वस्तु र रूपको महत्त्वपूर्ण भूमिका रहने हुँदा यिनकै आधारमा साहित्यको विश्लेषण गर्न सकिन्छ ।

### **१.७.२.२ उपन्यासमा वर्गीयता विश्लेषणको ढाँचा**

उपन्यास साहित्यका विभिन्न विधाहरूमध्ये एक हो । त्यसैले साहित्यको विश्लेषण गर्ने मूलभूत दृष्टिकोणबाट नै उपन्यासको पनि विश्लेषण गर्न सकिन्छ । गोतामेका उपन्यासको प्रकृति र स्वरूप हेर्दा यिनका उपन्यासमा उच्च, मध्यम, निम्नमध्यम र निम्नवर्गका पात्रहरूको उपस्थिति रहेको छ । यिनै पात्रहरू बिचको वर्गसम्बन्ध, उच्चवर्गले निम्नवर्गप्रति गर्ने वर्गविभेद, वर्गशोषण तथा निम्न वर्गीय जनतामा जागृत हुँदै गएको वर्गीय चेतना र लेखकीय पक्षधरताजस्ता विविध

पक्षहरू समेटिएका गोतामेका उपन्यासमा सामाजिक यथार्थ प्रस्तुत गर्ने क्रममा समाजको वर्गीय स्वरूको प्रतिबिम्बिन भएको पाइन्छ । अतः गोतामेका उपन्यास वर्गीयताका दृष्टिले विश्लेषणयोग्य रहेका छन् । त्यसैले *ध.च. गोतामेका उपन्यासमा वर्गीयता* शीर्षकको यस शोधप्रबन्धमा उपन्यासका अन्तर्वस्तु र रूपलाई आधार मानेर उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गरिएको छ । यस क्रममा अन्तर्वस्तु र रूपका प्रमुख तत्त्वहरूमा अभिव्यक्त वर्गीय अभिलक्षणहरूको खोजी गर्दै तत् पक्षमा अभिव्यक्त वर्गीयताको विश्लेषण गरिएको छ । अन्तर्वस्तुका प्रमुख तत्त्वहरूमा कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्य तथा रूपका प्रमुख तत्त्वहरूमध्ये भाषा, बिम्ब र प्रतीकलाई विश्लेषणको आधार बनाइएको छ । प्रस्तुत शोधप्रबन्धमा शोध्यप्रश्नअनुसार विश्लेषणको ढाँचा निम्नअनुसार रहेको छ :

**(१) शोध्यप्रश्न (१) को समस्या समाधान गर्नका लागि निम्नलिखित विश्लेषणको ढाँचा अवलम्बन गरिएको छ :**

(क) उपन्यासका कथावस्तुमा वर्गीयता,

(ख) उपन्यासका पात्रमा वर्गीयता,

(ग) उपन्यासका लेखकीय विश्वदृष्टिकोणमा वर्गीयता,

(घ) उपन्यासका परिवेशमा वर्गीयता र

(ङ) उपन्यासका उद्देश्यमा वर्गीयता ।

**(२) शोध्यप्रश्न (२) को समस्या समाधान गर्नका लागि निम्नलिखित विश्लेषणको ढाँचा अवलम्बन गरिएको छ :**

(क) उपन्यासका भाषामा वर्गीयता,

(ख) उपन्यासका बिम्बमा वर्गीयता र

(ग) उपन्यासका प्रतीकमा वर्गीयता ।

### ***१.८ शोधप्रबन्धको रूपरेखा***

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नअनुसारका परिच्छेदहरू निर्माण गरिएका छन् र आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरू पनि राखिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा वर्गीयता

तेस्रो परिच्छेद : ध.च. गोतामेका उपन्यासका रूपमा वर्गीयता

चौथो परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा वर्गीयता

## २.१ *विषयपरिचय*

कला वा साहित्य आर्थिक-सामाजिक जीवनको प्रतिबिम्ब हो । यसमा मानव जीवनलाई वास्तविक जीवनभन्दा भव्य, विशिष्ट र प्रभावकारी रूपमा अभिव्यक्त गरिएको हुन्छ । अतः कला वा साहित्य वास्तविक जीवनभन्दा बढी सुन्दर हुन्छ । यसमा प्रयुक्त सौन्दर्यको विश्लेषण गर्ने समालोचनाका विभिन्न प्रकार हुन्छन् । तीमध्ये मार्क्सवादी समालोचना पनि एक प्रमुख प्रकार हो । मार्क्सवादी समालोचना सौन्दर्यसम्बन्धी मार्क्सवादी सिद्धान्तमा आधारित समालोचना सिद्धान्त हो । यसले रचनामा प्रतिबिम्बित श्रमजीवी वर्गका पक्षमा जोड दिनुका साथै आर्थिक शोषणको विरोध गर्दै सुन्दर समाज निर्माणका लागि निम्नवर्गलाई सङ्घर्षमा सहभागी हुन अभिप्रेरित गर्छ । यस समालोचना सिद्धान्तमा साहित्य विश्लेषणका विभिन्न आधारहरू प्रस्तुत गरिएको पाइन्छ । उक्त आधारधरूमध्ये अन्तर्वस्तु र रूप पनि प्रमुख आधार हुन् । मार्क्सवादले अन्तर्वस्तु र रूपलाई साहित्यका महत्त्वपूर्ण अङ्ग मान्दै यिनका बिच अभिन्न र अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने मान्यता राख्छ ।

साहित्यका प्रमुख विधाहरूमध्ये उपन्यास पनि एक हो । यसमा प्रयुक्त वर्गीयताको विश्लेषण मार्क्सवादी समालोचना सिद्धान्तलाई आधार बनाएर गर्नु उपयुक्त देखिन्छ । मार्क्सवादी समालोचनाको सम्बन्ध मार्क्स एङ्गेल्स प्रतिपादित द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तसित रहेको छ । यस सिद्धान्तले उपन्यास विश्लेषणका विभिन्न आधारहरू प्रस्तुत गरेको छ । उक्त आधारहरूमध्ये अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक एकता पनि प्रमुख आधार हो । मार्क्सवादी चिन्तकहरूका अनुसार अन्तर्वस्तु र रूप कला साहित्यको स्वरूप निर्माण गर्ने महत्त्वपूर्ण संरचक तत्त्वहरू हुन् । यिनको संयोजनबाट नै कला वा साहित्यको निर्माण हुन्छ । कला वा साहित्यको निर्माणमा यी दुई तत्त्वहरूमध्ये कुन तत्त्वको प्रमुखता रहन्छ भन्ने विषयमा विभिन्न वहसहरू हुने गरेको छ, तर मार्क्सवादले प्राथमिकताका क्रममा सर्वप्रथम अन्तर्वस्तु र त्यसपछि रूपको अस्तित्वलाई स्वीकार गर्छ । त्यसैले साहित्य निर्माणमा दुवैको भूमिका महत्त्वपूर्ण देखिन्छ । अन्तर्वस्तु रूपको सहाराले मात्र अस्तित्वमा आउन सक्ने र अन्तर्वस्तुबिना रूपको अस्तित्व संभव नहुने तथा अन्तर्वस्तुले आफूलाई रूपको आवरणभित्र र रूपले आफूलाई अन्तर्वस्तुभित्र समावेश गर्ने हुँदा यी दुईबिचको सम्बन्ध अविभाज्य हुन्छ तर अध्ययन सुविधाका लागि यिनलाई छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ । मूलतः कला वा साहित्यका क्षेत्रमा अन्तर्वस्तुले वस्तु वा घटनाको निर्माण गर्ने तत्त्वलाई र रूपले त्यसलाई अभिव्यक्त गर्ने प्रविधिलाई बुझाउँछ । यसरी हेर्दा अन्तर्वस्तु र रूप कला वा साहित्यका अनिवार्य तत्त्व हुन । अतः *ध.च. गोतामेका उपन्यासमा वर्गीयता* शीर्षकको यस शोध प्रबन्धमा अन्तर्वस्तु र रूपलाई छुट्टाछुट्टै विश्लेषण गरी तिनका आधारभूत तत्त्वका आधारमा उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गरिएको छ ।

## २.२ *अन्तर्वस्तुको परिचय तथा स्वरूप*

अन्तर्वस्तु भनेको कुनै पनि वस्तुको आन्तरिक तत्त्व हो । यसको निर्माण वस्तुको भित्री संरचना, त्यसका अनेकौँ तत्त्वहरू, प्रक्रियाहरू र गुणहरूको समग्रताबाट भएको हुन्छ । अन्तर्वस्तुले कुनै पनि वस्तुको निर्माण गर्ने आधारभूत तत्त्वहरूको समष्टिलाई बुझाउँछ । यसले सम्बन्धित वस्तुको निर्माण के कस्ता तत्त्वहरूको संयोजनबाट भएको छ र त्यसको समष्टि स्वरूप कस्तो छ भन्ने बुझाउँछ । आफानास्येभले अन्तर्वस्तु भनेको निश्चित घटनाको निर्माण गर्ने तत्त्व र प्रक्रियाको समुच्य हो भनेका छन् (सन् १९७७, पृ. १३९) । यसबाट के बुझिन्छ भने कुनै पनि वस्तुको निर्माण गर्न जे जस्ता तत्त्वहरूको आवश्यकता पर्छ, तिनको समुच्चय नै अन्तर्वस्तु हो । कला वा साहित्यका सन्दर्भमा अन्तर्वस्तु भन्नाले कलामा प्रतिबिम्बन गर्न खोजिएको यथार्थ वा कलाको विषयवस्तु तथा त्यसको कलात्मक प्रतिबिम्बनको समष्टि भन्ने बुझिन्छ । अभ्नेर जिसका अनुसार "एउटा कृतिको अन्तर्वस्तु यथार्थ जगत्‌बाट लिइएका विशिष्ट परिघटनाको बिम्बका माध्यमबाट देखाइने कलात्मक प्रतिबिम्बन हो । यसले एउटै र उही परिघटनालाई चित्रण गर्ने विभिन्न कलाकारहरूले अन्तर्वस्तुमा धेरै भिन्नता भएका कृतिहरू कसरी सिर्जना गर्छन् भन्ने देखाउँछ" (२०७२, पृ. १२६) । अन्तर्वस्तुसम्बन्धी जिसको यस परिभाषाले यसलाई कृति निर्माणका सन्दर्भमा जीवन र जगत्‌बाट लिइएका विभिन्न घटनालाई भाषाका माध्यमबाट प्रस्तुत गरिने कलात्मक अभिव्यक्ति मानिएको र एउटै घटना वा परिदृश्यलाई पनि व्यक्ति कलाकारले विभिन्न किसिमबाट अभिव्यक्त गर्ने हुँदा एउटै अन्तर्वस्तुबाट समेत विभिन्न ढाँचाका कला वा साहित्यको निर्माण हुन सक्छ भन्ने कुरा देखाएको छ ।

विभिन्न विद्वान्‌हरूले आ-आफ्नै किसिमले अन्तर्वस्तुको परिभाषा गरेका छन् । मिश्रले अन्तर्वस्तु र रूपलाई कला वा साहित्यका अभिन्न अङ्ग मान्दै यी दुवै तत्त्व एक अर्कामा अन्योन्याश्रित हुन्छन भनेका छन् । उनले अन्तर्वस्तु र रूपको अन्तर्सम्बन्धले नै कला वा साहित्यलाई वास्तविक रूपमा गौरव प्रदान गरेको हुन्छ भनेका छन् (सन् १९७२, पृ. ३८८) । उनको यस भनाइले अन्तर्वस्तु कला वा साहित्यलाई गौरव प्रदान गर्ने एक अभिन्न तत्त्व हो भन्ने पुष्टि गर्छ । गौतमले बाहिरी सामग्री, केन्द्रीय विचार र सौन्दर्यात्मक एकता आदिको जैविक योगलाई वस्तु तत्त्व वा अन्तर्वस्तुका रूपमा लिएका छन । उनले यसभित्र भाव, विचार, मनोवृत्ति र संवेदना पर्छन् भनेका छन् (२०४९, पृ. १२९-३०) । श्रेष्ठले अन्तर्वस्तुका सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गर्दै कुनै पनि कृतिको विषयवस्तु र त्यसमा अन्तर्निहित विचार नै अन्तर्वस्तु हो भनेका छन् (२०५३, पृ. ७३) । यसबाट साहित्यिक कृतिमा प्रयुक्त विषयवस्तु तथा त्यसका माध्यमबाट लेखकले व्यक्त गर्न खोजेको जीवन र जगत्‌सम्बन्धी दार्शनिकता नै साहित्यको अन्तर्वस्तु हो भन्ने स्पष्ट हुन आउँछ । चैतन्यले अन्तर्वस्तुलाई बाह्य सामाजिक वस्तु र कलाकारको आन्तरिक विचारको संश्लेषणबाट निर्मित वस्तु मानेका छन् । उनका अनुसार– "अन्तर्वस्तु बाह्य सामाजिक जीवन र कलाकारको आभ्यन्तर पक्षबिचको द्वन्द्वात्मक संश्लेषणबाट निर्मित हुन्छ । अन्तर्वस्तुभित्र कुनै वस्तुसँग सम्बन्धित विचार, भाव, प्रवृत्ति, रुचि, दृष्टिकोण जस्ता चिजहरू पर्छन्" (२०६४, पृ. २०१) । उनको यस भनाइले कला

वा साहित्यको अन्तर्वस्तु बाह्य सामाजिक जीवन तथा कलाकारभित्रको आन्तरिक चेतनाको सम्मिश्रणबाट निर्माण हुन्छ र यसभित्र सामाजिक जीवन र जगत्सँग सम्बन्धित कलाकारका विचार, भाव, रुचि र उसको विश्वदृष्टिकोणजस्ता पक्षहरू समेटिएका हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

मूलतः कुनै पनि वस्तु वा सङ्घटनालाई निर्माण गर्ने तत्त्वहरू तथा तिनका प्रक्रियाहरूको व्यवस्थित योगलाई अन्तर्वस्तु भनिन्छ । चापागाईले कला र साहित्यद्वारा जे सम्प्रेषित गरिन्छ त्यसलाई अन्तर्वस्तु र जसरी सम्प्रेषित गरिन्छ त्यसलाई रूप मानिन्छ (२०७६, पृ. २७१) भनेका छन् । उनको यस भनाइबाट के स्पष्ट हुन्छ भने कला वा साहित्यमा अन्तर्वस्तु भन्नाले कृतिलाई सार्थकता प्रदान गर्ने प्रमुख तत्त्व हो । कृतिमा यो मूल विषयवस्तु तथा लेखकीय विचार अथवा सन्देशका रूपमा प्रयोग गरिएको हुन्छ । गिरीका शब्दमा "कुनै पनि वस्तुका भित्री तत्त्वहरूका परस्पर सम्बन्धहरू, प्रक्रियाहरू, अन्तर्विरोधहरू र प्रवृत्तिहरूको एकतालाई अन्तर्वस्तु भनिन्छ" (२०७२, पृ. ९०) । यसबाट कुनै पनि साहित्यिक कृतिको आन्तरिक तत्त्व नै अन्तर्वस्तु हो भन्ने हो बुझिन्छ । यसरी हेर्दा अन्तर्वस्तु भनेको साहित्यिक कृतिमा अभिव्यक्त सामाजिक विचार तथा साहित्यकारको अन्तर्चेतनाको समन्वित रूप हो । कला वा साहित्यमा अन्तर्वस्तुले सन्तुलन प्राप्त गरेपछि मात्र रूपले सक्रिय रूपमा अभिव्यक्ति पाउँछ । अतः अन्तर्वस्तु र रूप एक अर्कामा अविभाज्य हुन्छन् र परस्परमा निर्भर पनि रहेका हुन्छन् । मार्क्सवादले अन्तर्वस्तुलाई उत्पादन शक्ति र रूपलाई उत्पादन सम्बन्ध मानेको छ (चापागाई, २०७६, पृ. २५९) र अन्तर्वस्तुलाई प्रथम स्थानमा राख्ने गरेको छ किनभने यसले घटनाहरूको प्रकृतिलाई उद्घाटन गरी सारतत्त्व निर्माण गर्छ । यसो भएतापनि यस वादमा अन्तर्वस्तु र रूपको अविभाज्य एकतामा जोड दिइएको कुरा शिवकुमार मिश्रले यसरी व्यक्त गरेका छन् :

> मार्क्सवादी सौन्दर्यशास्त्रमा कला र साहित्यको वस्तुतत्त्वमाथि जोड दिएर पनि रूपतत्त्वको पर्याप्त मात्रामा महत्त्वपूर्ण चर्चा भएको छ । मार्क्सवादका गम्भीर कलाविवेचकले अन्तर्वस्तु र रूपतत्त्वको आवश्यक एकता र सङ्गतिमाथि जोड दिएका छन् । महत्त्व अन्तर्वस्तुको हुन्छ तर रूपतत्त्वले पनि अन्तर्वस्तुलाई प्रभावित पार्नुका साथै कहिलेकाहीं त्यसलाई परिवर्तनसमेत गर्छ । (मिश्र, २०७६, पृ. १२६)

मिश्रको यस भनाइलाई आधार मान्दा मार्क्सवादी सौन्दर्यशास्त्रमा अन्तर्वस्तु र रूपमा अन्तर्वस्तुलाई बढी महत्त्व दिँदादिँदै पनि रूपले अन्तर्वस्तुलाई प्रभावित पार्नुका साथै त्यसलाई परिवर्तनसमेत गर्ने हुँदा यी दुवैबिच एकात्मक सम्बन्ध रहेको हुन्छ ।

उपन्यासका सन्दर्भमा अन्तर्वस्तुलाई यसको केन्द्रीय तत्त्व मानिएको छ र यसले उपन्यासमा 'के' भन्ने कुरालाई स्पष्ट पार्छ भनिएको छ । बरालका अनुसार अन्तर्वस्तु उपन्यासको मुटु र सारतत्त्व भएकाले मार्क्सवादी चिन्तकहरूले उपन्यासमा सबभन्दा बढी अध्ययन, अनुसन्धान, खोज र मूल्याङ्कन गर्ने तत्त्व पनि यही हो (२०५६, पृ. ११४, ११५) । बरालको यस भनाइले अन्तर्वस्तु भनेको कला वा साहित्यको महत्त्वपूर्ण तत्त्व हो । यो उपन्यासको केन्द्रीय तथा आधारभूत तत्त्व

भएकाले मार्क्सवादी चिन्तकहरूले उपन्यासको अध्ययनका क्रममा सबैभन्दा अधिक मात्रामा यसैका विषयमा अध्ययन तथा अनुसन्धान तथा मूल्याङ्कन पनि गरेका छन् ।

यसरी हेर्दा कला वा साहित्यमा अन्तर्वस्तु भन्नाले यथार्थ जगत्बाट वस्तु छनोट गरी लेखक वा साहित्यकारद्वारा वैचारिक र कलात्मक रूपमा कृति वा रचनामा अभिव्यक्त गरिएको जीवनबोध नै अन्तर्वस्तु हो । यसभित्र रचनाकारले कलात्मक रूपमा अभिव्यक्त गर्ने विषयवस्तु, त्यसलाई गति प्रदान गर्ने पात्रहरू, लेखकीय विचार, त्यसलाई रचनाको प्रस्तुतिमा विश्वसनीयता प्रदान गर्ने परिवेश तथा लेखकको उद्देश्यजस्ता तत्त्वहरू समेटिएका हुन्छन् । अतः साहित्यमा अन्तर्वस्तु भन्नाले साहित्यिक रचना निर्माण गर्ने आन्तरिक तत्त्व र प्रक्रियाको समुच्चय रूप हो । यो कृतिलाई सार्थकता प्रदान गर्ने प्रमुख तत्त्व हो । उपन्यासका सन्दर्भमा अन्तर्वस्तु यसको निर्माण गर्ने आधारभूत तत्त्व हो । यो उपन्यासको कुनै एक अंश वा तत्त्वमा नभएर समग्रतामा प्रयोग भएको हुन्छ ।

### *२.३ अन्तर्वस्तुका तत्त्वहरू*

साहित्यको अन्तर्वस्तु निर्माण गर्ने आधारभूत तत्त्व वा घटकहरूलाई अन्तर्वस्तुका तत्त्व भनिन्छ । साहित्यको अन्तर्वस्तुमा के कस्ता तत्त्वहरू रहेका हुन्छन् भन्ने सन्दर्भमा विद्वान्हरूका मतलाई आधार मान्दा मूलतः यसमा कथ्य, केन्द्रीय विचार र मूल्याङ्कनजस्ता तत्त्वहरूमा विशेष जोड दिइएको पाइन्छ तर यसभित्र उपर्युक्त तत्त्वहरूका साथै पात्र र परिवेशजस्ता तत्त्वहरू पनि समेटिएका हुन्छन् भन्ने कुरा अभ्नेर जीसका निम्नलिखित भनाइले स्पष्ट पारेका छ :

> कलाकृतिको अन्तर्वस्तुलाई यसको अङ्गको तत्त्वका रूपमा विभाजन गर्दा अन्तर्वस्तुले कृतिभित्रको विचार, यसको विषय र त्यसको मनोवेगात्मकता र चित्रण गरिएको परिघटनाको सौन्दर्यपरक मूल्याङ्कन समाहित गरेको हुन्छ । कलाकृतिमा त्यसको सन्देशका रूपमा केन्द्रीय विचार रहेको हुन्छ तर यो सन्देश निर्लज्ज प्रकारको, एकदमै पाण्डित्यपूर्ण वा पात्रहरूबिच एक अर्कालाई नैतिक पाठ सिकाउने प्रकारको हुनु हुँदैन । कलामा बिम्बहरूद्वारा सहानुभूति र विद्वेश, हाँसो र आँसु, आनन्द र चिन्ता जागृत हुनका लागि वातावरण पनि निर्माण भएको हुनुपर्छ । (२०७२, पृ. १२८ १३०, १३१)

जीसको उक्त भनाइबाट अन्तर्वस्तुका प्रमुख तत्त्वका रूपमा कृतिको कथ्य वा विषयवस्तु, त्यसका माध्यमबाट अभिव्यक्त लेखकीय विचार, त्यसलाई गति प्रदान गर्ने पात्र तथा घटनामा विश्वसनीयताको उद्घाटन गर्ने अनुकूल परिवेश अन्तर्वस्तुका प्रमुख तत्त्वहरू हुन भन्ने स्पष्ट हुन आउँछ ।

अन्तर्वस्तुका संरचक घटकहरूमा केन्द्रीय विचार, कथ्य विषय र मूल्याङ्कनका साथै अन्य तत्त्वहरू पनि समावेश भएका हुन्छन् । यस सन्दर्भमा ऋषिराज बरालले उपन्यासका माध्यमबाट अन्तर्वस्तुका तत्त्वहरूका बारेमा ई.भी. भोल्कोभाका विचारहरू यसरी प्रस्तुत गरेका छन् :

> अन्तर्वस्तु उपन्यासमा कुनै कथन, कुनै अंश वा टुक्रामा होइन समग्रतामा देखा पर्ने गर्दछ । यसले कथानकको सङ्गगतिपूर्ण अन्विति र पात्रहरूको कार्यव्यापारमार्फत उपन्यासमा मूर्त रूप लिन्छ । उपन्यासमा विचारविन्यासको पनि आफ्नै क्रमबद्धता र गत्यात्मकता हुन्छ । कलात्मक अन्तर्वस्तु सौन्दर्यात्मक हुन्छ र यसको सामाजिक र बौद्धिक आयाम धेरै फराकिलो हुन्छ । उपन्यासमा अन्तर्वस्तु यसका आन्तरिक संरचनागत तत्त्वहरूसितको कोरा सम्बन्ध वा अन्विति होइन बरु भावनात्मक-संवेगात्मक अनुभूति तथा सामाजिक मूल्य र लेखकको सिर्जनात्मक ऊर्जाशक्तिको अभिव्यक्ति पनि हो । (२०५६, पृ. ११५)

बरालद्वारा उधृत भोल्कोभाका विचारहरूका आधारमा हेर्दा उपन्यासमा अन्तर्वस्तु उपन्यासको कुनै एक तत्त्वमा मात्र सीमित हुदैन यो उपन्यासका सम्पूर्ण तत्त्वको समष्टि रूपमा देखा पर्छ । यस क्रममा कथानक, पात्र, लेखकीय विचार र परिवेश आदि उपन्यास निर्माण गर्न आवश्यक पर्ने सबै तत्त्वहरूमा नै अन्तर्वस्तु देखापर्छ । यो उपन्यासका आन्तरिक संरचक घटकहरूको कच्चा सम्बन्ध मात्र नभएर यसमा लेखकको भावना, अनुभूति, कृतिले प्रदान गर्ने सामाजिक मूल्य तथा लेखकीय सिर्जनाशक्तिको मजबुत सम्बन्ध भएकाले यसभित्र कला वा साहित्यका कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश तथा उद्देश्यजस्ता तत्त्वहरू समावेश भएका हुन्छन् ।

साहित्यको अन्तर्वस्तुको चर्चा गर्ने क्रममा सबैजसो विद्वान्हरूले कथ्यवस्तु, लेखकीय विचार तथा मूल्याङ्कनलाई नै अन्तर्वस्तुका केन्द्रीय तत्त्व मानेका छन् । यस क्रममा गौतमले उपरोक्त तीन तत्त्वलाई नै अन्तर्वस्तुका प्रमुख तत्त्व मान्दै यसभित्र अन्य उपकरण पनि पर्छन भनेका छन् । उनका अनुसार :

> प्रगतिवादी दृष्टिअनुसार वस्तुतत्त्वलाई उपकरणमा विभक्त गर्दा यसभित्र बाहिरी सामग्री, केन्द्रीय विचार र उल्लिखित घटनाको सौन्दर्यात्मक तथा संवेगात्मक मूल्याङ्कन गरी तीन कुरा पर्छन् । कुनै पनि कृतिमा यी तीनतत्त्वहरू एक अर्कामा एकाकार भएका हुन्छन् । यसभित्र विभिन्न उपकरणहरू पनि पर्छन् ।
> (गौतम, २०४९, पृ. १२८, १२९)

गौतमको उपर्युक्त भनाइलाई आधार मानेर हेर्दा कथ्य, केन्द्रीय विचार र मूल्याङ्कन अन्तर्वस्तुका प्रमुख तत्त्व हुन र तिनका बिच एकअर्कामा अन्वितिपूर्ण सम्बन्ध रहेको हुन्छ । त्यसका अतिरिक्त अन्तर्वस्तुअन्तर्गत आवश्यकतानुसार अन्य तत्त्वहरू पनि आएका हुन्छन् भन्ने भनाइलाई आधार मान्दा यसमा कला वा साहित्यको निर्माण गर्न आवश्यक पर्ने कथावस्तु, पात्र वा चरित्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्यजस्ता सबैजसो तत्त्वहरू समेटिएका हुन्छन् । यस कुरालाई कुँवरपाल सिंहको यस भनाइले अझ स्पष्ट पार्छ :

> मार्क्सवाद रचनाकारसँग आफ्नो युगको सत्यलाई निर्वाह गर्ने आग्रह गर्दछ । आफ्नो वर्णन र घटनाहरूप्रति ऐतिहासिक दृष्टिकोण अपनाउनु पनि आवश्यक हुन्छ । यसको

> अभावमा न पात्रहरूमा सजीवता आउँछ न त रचना नै उच्च कोटिको बन्न सक्तछ । चरित्रचित्रणमा पनि वर्गको परिवेशमा बढी सटीक बन्न सक्तछ । साहित्यकार आफ्ना पाठकसम्म उच्च कोटिको दर्शन र पाण्डित्य प्रदर्शनबाट पुग्दैन, बरु विविध बिम्बहरू र कलात्मक अभिव्यञ्जनाका माध्यमबाट पुग्दछ । कलात्मक माध्यमबाट अभिव्यक्त विचारधाराले पाठकको चेतना र अनुभूतिहरूलाई प्रभावित गर्दछ । उद्देश्यहीन कलाको कुनै अर्थ हुँदैन । (सिहं, २०७६, पृ. १४५)

सिंहको यस भनाइबाट के स्पष्ट हुन्छ भने मार्क्सवादी साहित्यमा युगीन सत्यको खोजी गरिन्छ । साहित्यमा यसको प्रस्तुति कथ्यवस्तुबाट हुन्छ । कथ्यवस्तु अन्तर्वस्तुको प्रमुख तत्त्व हो । यसभित्र युगीन सत्यलाई निर्वाह गर्ने प्रमुख घटनाहरू (विषयवस्तु), पात्र वा चरित्र, लेखकीय विचारधारा, परिवेश र उद्देश्यजस्ता पक्षहरू कलात्मक रूपमा समेटिएका हुन्छन् । यिनको प्रस्तुति कलात्मक बिम्बका माध्यमबाट हुन्छ ।

मूलतः कला वा साहित्यको अन्तर्वस्तुले कथ्य विषयलाई बुझाउँछ । कथ्यवस्तु यथार्थ जगत्‌बाट प्राप्त हुन्छ । आख्यानमा कथ्यवस्तुलाई विषवस्तु वा कथावस्तु पनि भनिन्छ । यसलाई गति प्रदान गर्न पात्र वा चरित्रको आवश्यकता पर्छ । आख्यानमा घट्ने घटनालाई विश्वसनीय बनाउन उचित परिवेशको आवश्यकता पर्छ । लेखकले आफूले छनोट गरेको विषयवस्तुका माध्यमबाट जीवनजगत्‌सम्बन्धी आफ्ना विचार प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ । अतः कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्य अन्तर्वस्तुका प्रमुख तत्त्व हुन् । यिनै तत्त्व वा उपकरणहरूलाई आधार मानेर गोतामेका उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्ने कार्य यस शोधप्रबन्धमा गरिने भएकाले उक्त तत्त्वहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

### २.३.१ कथावस्तु

आख्यानमा प्रयोग भएका घटनाहरूको शृङ्खलित योजनालाई कथावस्तु भनिन्छ । परम्परागत साहित्यमा कथावस्तुलाई साहित्यको महत्त्वपूर्ण तत्त्व मानिन्छ । एरिस्टोटलले दुःखान्तकको संरचना र सङ्गठनको चर्चा गर्ने क्रममा यसको कथावस्तुलाई सर्वोच्च महत्त्व प्रदान गरेका छन् । उनले कथावस्तुलाई दुःखान्तकको प्रथम महत्त्वको तत्त्व र आत्मा मानेका छन् (त्रिपाठी, २०४८, पृ. ५४) । यसबाट कथावस्तु उपन्यासलगायत सम्पूर्ण आख्यान विधाको महत्त्वपूर्ण तत्त्व हो भन्ने स्पष्ट हुन्छ तर वर्तमान युगमा कथावस्तुविहीन कथावस्तु प्रयोग भएका आख्यानहरू पनि प्रशस्त मात्रामा सिर्जना भएका र भइरहेका छन् तापनि हरेक साहित्यिक रचनामा स्थूल वा सूक्ष्म रूपमा कथावस्तु भने प्रयोग भएकै हुन्छ । साहित्यकारले कुनै पनि साहित्यिक विधाको कथावस्तु मानव जीवनजगत्‌बाट नै प्राप्त गर्ने हुँदा साहित्यमा त्यसैलाई अभिव्यक्त गरेको हुन्छ । राल्फ फक्सका अनुसार उपन्यास गद्यात्मक कथामात्र नभएर यो मानवजीवनकै गद्य हो । अतः उपन्यासकारले यसमा सिङ्गो मानवजीवनको अभिव्यक्ति प्रस्तुत गर्ने प्रयास गरेको हुन्छ (सन् १९५७, पृ. २) । राल्फ फक्सको उक्त विचारमा उपन्यास भनेको गद्य भाषाका माध्यमबाट मानवजीवनको समग्रता प्रस्तुत गरिएको आख्यानात्मक रचना हो र यसको विषयवस्तु मान्छे र उसको समाज हो भन्ने भाव व्यक्त गरिएको छ ।

कथावस्तुको विकास आदि, मध्य र अन्त्यका क्रममा रैखिक वा अरैखिक ढाँचामा भएको हुन्छ । आख्यानभित्र मुख्य कथावस्तुसँगै आवश्यकताअनुसार सहायक कथावस्तु पनि आएको हुनसक्छ । द्वन्द्व र क्रिया कथावस्तुका प्रमुख उपकरणहरू हुन् (बराल र एटम, २०७८, पृ. ८०) यसरी हेर्दा कथावस्तु (कथ्य) अन्तर्वस्तु अन्तर्गत पर्ने प्रमुख तत्त्वमध्ये एक हो । यसले नै अन्तर्वस्तुको विचारलाई प्रकट गर्नुका साथै त्यसको मूल्य निर्धारण गरेको हुन्छ ।

### २.३.२ पात्र

कला वा साहित्यमा अन्तर्वस्तुलाई गतिशील बनाई लेखकीय वैचारिकता प्रस्तुत गर्न र निश्चित उद्देश्य प्राप्तिका लागि पात्रको आवश्यकता पर्छ । यसका अभावमा लेखकीय विचारहरू उसका एकलाप बन्न पुग्छन् । अतः लेखकीय विचारहरू पाठकसामू पुऱ्याउन र उसको उद्देश्य पूरा गर्न अन्तर्वस्तुभित्र पात्रलाई समेटिएको हुन्छ । परम्परागत साााहित्यमा कथावस्तुलाई यसको प्रमुख तत्त्व मानिन्थ्यो तर आधुनिक साहित्यमा पात्रलाई साहित्यको प्राण मानिएको कुरा मोहनराज शर्माका यी भनाइले प्रष्ट परेका छन्– "आधुनिक कथामा कथानक र चरित्रलाई अन्योन्याश्रित मानिन्छ । चरित्र प्राण हो भने कथानकलाई कथाको शरीर मानिन्छ । प्राणका अभावमा शरीर सारहीन भएझैँ शरीरका अभावमा प्राण पनि निराधार र अमूर्त हुन्छ"

(शर्मा, २०५५, पृ. ३९९) । शर्माको यस भनाइलाई आधार मान्दा पात्र आख्यान वा साहित्यको महत्त्वपूर्ण तत्त्व हो । यसका अभावमा आख्यान निराधार र अमूर्त बन्न जान्छ । साहित्यमा पात्रहरू नायक, सहनायक वा खलनायकका रूपमा रहेका हुन्छन् । परम्परागत साहित्य सिद्धान्तले नायक धीर, वीर र पराक्रमी तथा समाजसापेक्ष हुनुपर्छ भन्ने मान्यता राखेको पाइन्छ तर आधुनिक युगका नायकहरूमा परम्परागत साहित्य सिद्धान्तले राखेका नायकीय गुणहरू पाउन सकिन्न । तिनीहरू अत्यन्त कमजोर पलायनवादी र खियाउटे भएको कुरा गौतमले राल्फ फक्सका विचारलाई उधृत गर्दै यसरी व्यक्त गरेका छन्– "आजको पूँजीवादी व्यवस्थाले आजका उपन्यासका पात्रहरूलाई खियाउटे बनाइदिएको छ र उपन्यासकारहरू पूँजीवादी विषमताले आक्रान्त भएका मान्छेलाई नै उपन्यासको विषयवस्तु बनाउन बाध्य भएका छन्"

(गौतम, २०४९, पृ. ठ) । राल्फ फक्सका उपर्युक्त विचारहरूले उपन्यासका माध्यमबाट वर्तमान साहित्यमा पात्रहरूको स्थिति र त्यसको निर्माणमा साहित्यकारको भूमिकालाई प्रस्ट्याएको छ । उनका विचारमा उपन्यासको रचना गर्दा यसका चरित्रहरूको निर्माणमा विशेष ध्यान दिनुपर्ने हुन्छ तर वर्तमान युगका उपन्यासकारहरूमा यही चरित्र निर्माणको कार्य नै सबैभन्दा चिन्ताहीन विषय बनेको छ । त्यसैले आजका उपन्यासहरूमा पूँजीवादी विषमताले आक्रान्त बनेका ज्यादै कमजोर पात्रहरूको उपस्थिति रहेको पाइन्छ । यस्ता पात्रहरूबाट समाज परिवर्तनमा कुनै पनि दिशानिर्देश हुन सकेको देखिँदैन ।

साहित्यिक विधामा प्रमुख र सहायक तथा गौण पात्रहरू तथा अनुकूल र प्रतिकूल, गतिशील र गतिहीन, व्यक्ति र वर्ग, नेपथ्य र मञ्चीय तथा बद्ध र मुक्त गरी विभिन्न प्रकृति र प्रकारका पात्रहरू प्रयोग भएका हुन्छन् । तिनकै गतिशीलता र क्रियाकलापले साहित्यको कथ्यलाई गति प्रदान गरेको हुन्छ । अतः पात्र वा चरित्र साहित्यिक अन्तर्वस्तुको एक प्रमुख आधारभूत तत्त्व हो ।

### २.३.३ लेखकीय विश्वदृष्टिकोण

लेखक वा साहित्यकारको जीवन, जगत्, समाज, प्रकृति, संस्कृति, मृत्य, श्रम आदिलाई हेर्ने वैचारिक दृष्टिकोण वा दार्शनिक आधारलाई उसको विश्वदृष्टिकोण भनिन्छ । कलाकारको कला सिर्जनाको मूल आधार उसको संवेदना हो । यसलाई उसले समाज र जीवनजगत्बाट प्राप्त गर्छ । कलाकारले समाज र जीवनबाट जे प्राप्त गर्छ त्यसप्रतिको उसको प्रेम वा घृणाको स्वरूपबाट साहित्यिक रचनाको निर्माण हुन्छ (राल्फ फक्स, सन् १९५७, पृ. छ) । यसरी हेर्दा समाज र जीवनजगत्बाट प्राप्त वस्तु वा घटनाप्रतिको साहित्यकारको प्रेम वा घृणाअनुरूप साहित्यको जन्म हुन्छ र उसको विश्वदृष्टिकोण पनि त्यसैअनुरूप निर्माण भएको हुन्छ । उपन्यासका सन्दर्भमा हेर्दा यसमा विचार दर्शन र अनुभूतिको जीवन्त अभिव्यक्तिका रूपमा प्रस्तुत हुन्छ (बराल, २०६३, पृ. ४१) । अतः कला वा साहित्यमा अभिव्यक्त हुने लेखकीय विश्वदृष्टिकोणको स्वरूपको आधार पनि जीवनजगत्बाटै निर्माण भएको हुन्छ । हरेक साहित्यकारले जीवनजगत्सम्बन्धी आफ्ना वैचारिक अवधारणा प्रस्तुत गर्ने उद्देश्यले साहित्यको सिर्जना गरेको हुन्छ । अतः साहित्यको अन्तर्वस्तुभित्र लेखकीय विश्वदृष्टिकोण पनि समेटिएको हुन्छ । त्यसैले लेखकीय विश्वदृष्टिकोण अन्तर्वस्तुको एक महत्त्वपूर्ण अङ्ग हो ।

### २.३.४ परिवेश

आख्यानमा घटना घट्ने स्थान, समय र त्यसका परिस्थितिलाई परिवेश भनिन्छ । परिवेशले देश, काल परिस्थितिलाई बुझाउँछ, यसले चरित्रका मानसिक प्रभावलाई समेत सङ्केत गर्छ (घिमिरे, २०७६, पृ. २८१) । देश र कालले कहाँ र कसरीलाई सङ्केत गर्छ भने र वातावरणले पाठकमा पर्ने मानसिक असरलाई बुझाउँछ । बरालका अनुसार– "देशकालले भौगोलिक स्थान तथा समयको ऐतिहासिक गतिका साथै कथा पढ्दा उत्पन्न हुने मुडलाई बुझाउने गर्छ भने वातावरणको तात्पर्य पाठकमा हुने संवेगात्मक परिवर्तन वा मनमा उत्पन्न हुने भाव हो" (२०७८, पृ. १३९, १४४) । साहित्यमा प्रयोग भएको घटना वा कथावस्तुलाई यथार्थ र विश्वसनीय बनाई त्यसलाई प्रभावपूर्ण ढङ्गले विकास गराई पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न यसमा वातावरणको प्रयोग गरिन्छ । यसले कथावस्तुलाई मार्मिक र हृदयस्पर्शी बनाउन सहयोग गर्छ । परिवेशभित्र अन्वितित्रयका साथै सांस्कृतिक परम्पराहरू, सामाजिक आचारविचार, पात्रका रहनसहन तथा रीतिरिवाजहरू जस्ता विविध पक्षहरू समेटिएका हुन्छन् । परिवेशलाई बाह्य र आन्तरिक दुई भागमा बाँड्न सकिन्छ । बाह्य परिवेशअन्तर्गत साहित्यका सामाजिक र सांस्कृतिक परिवेश पर्छन् भने आन्तरिक परिवेश भन्नाले पात्रको मानसिक परिस्थिति भन्ने बुझिन्छ । साहित्यलाई प्रभावकारी र विश्वसनीय बनाउन परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले अन्तर्वस्तुका तत्त्वभित्र परिवेशलाई पनि राखिएको छ ।

### २.३.५ उद्देश्य

प्रत्येक साहित्यिक रचनाहरू कुनै न कुनै उद्देश्य पूर्तिका लागि लेखिएका हुन्छन् । सामान्यतः रसनिष्पत्ति, मनोविनोद र लोकहित आदि नै साहित्यका उद्देश्य हुन् । कथाको उद्देश्यका बारेमा चर्चा

गर्दै श्रेष्ठ भन्छन् “कथाको सारवस्तुलाई उजिल्याउने तत्त्वलाई उद्देश्य भनिन्छ” (२०७६, पृ. ३९०) । श्रेष्ठले कथाको उद्देश्यका माध्यमबाट सिङ्गो साहित्यिक उद्देश्यका बारेमा आफ्ना विचार व्यक्त गरेका छन् । साहित्यका उद्देश्यका बारेमा पूर्व तथा पश्चिम दुवैतिर प्रशस्त चर्चा भएको पाइन्छ । आचार्य भामहले धर्म, अर्थ, काम र मोक्षप्राप्तिलाई साहित्यको प्रमुख उद्देश्य मानेका छन् भने एरिस्टोटलले शिक्षा र आनन्दलाई साहित्यको उद्देश्य मानेका छन् (थापा, २०५०, पृ. २०, २२) । वर्तमान सन्दर्भमा जीवनको कुनै विशेष दशाको चित्रण गर्नु नै साहित्यको प्रमुख उद्देश्य हो । अतः साहित्यका उपर्युक्त उद्देश्यहरू नै उपन्यासका प्रमुख उद्देश्य हुन् । उपन्यासको अन्तर्वस्तुभित्र यसको उद्देश्य पनि समेटिने भएको हुँदा यसलाई पनि अन्तर्वस्तुका तत्त्वभित्र राखिएको छ ।

### *२.४ घामका पाइलाहरू उपन्यासको अन्तर्वस्तुमा वर्गीयता*

३मका पाइलाह¿ *उपन्यासको अन्तर्वस्तुमा प्रयुक्त वर्गीयताको विश्लेषO गर्न उपन्यासको कृतिगत सन्दर्भ प्रस्तुत गर्दै अन्तर्वस्तुका तत्त्वह¿मा अभिव्यक्त वर्गीयताको खोजी गरिएको ५ ।*

## *द्.द्ध.ज्ञ कृतिगत सन्दर्भ*

३मका पाइलाहरू *उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यसमा सामाजिक यथार्थ प्रस्तुत गर्ने क्रममा सानासाना ३६नाहरू संयोजन गरी उपन्यासको संरचना तयार गरिएको ५ । यसको मूल विषय रेलवेको विकास र विस्तार हो । रेलवेको स्थापना, विकास र विस्तारका लागि आवश्यक पर्ने उच्च, मध्यम, निम्नमध्यम र निम्न वर्गका श्रेणी तथा व्यक्ति पात्रह¿ प्रयोग भएको यस उपन्यासमा तराईको आङ्चलिक परिवेशको चित्रO गरिएको ५ ।* ३मका पाइलाहरू *उपन्यासको अन्तर्वस्तुमा वर्गीयता उपशीर्षकको यस परिच्छेदमा गोतामेका* ३मका पाइलाह¿ *उपन्यासमा अभिव्यक्त वर्गीय सम्बन्ध, वर्गविभेद, वर्गशोषण आदिका कारण उपन्यासका पात्रह¿मा जागृत भएको वर्गचेतना र प्रतिरोधी चेतनाको खोजी गरिएको ५ । यो उपन्यास वर्गâन्द्व र वर्गसª३र्ष देखाउने उदेश्यले लेखिएको उपन्यास होइन तर यसमा सूक्ष्म पमा तथा वर्गस्३र्षका सकेतहरू*

*फेला पार्न सकिन्५ । त्यस्तै उपन्यासमा कतैकतै वर्गसमन्वयको स्थिति पनि पाइन्५ । उपन्यासमा अभिव्यक्त यस्तै पक्षह;को खोजी गर्दै उपन्यासको कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उरेश्यजस्ता अन्तर्वस्तुका आधारभूत तत्त्वह;का आधारमा उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएको ५ ।*

### २.४.२ घामका पाइलाहरू उपन्यासको कथावस्तुमा वर्गीयता

*घामका पाइलाहरू* उपन्यासको कथावस्तु एउटै मूल कथामा समेटिएर अगाडि बढेको छैन, विभिन्न स-साना प्रसङ्गहरू एक अर्कामा उनिएर एउटा सिङ्गो कथातन्तुको निर्माण भएको छ । यस क्रममा उपन्यासको मूल कथावस्तु रेलवेको विकास र त्यसले तराईको जनजीवनमा पारेको प्रभावमा आधारित छ । रेलवे विकासको सन्दर्भ अमलेन्दु भट्टचार्यसँग जोडिएको हुनाले उपन्यासको कथावस्तु भन्नु नै अमलेन्दु भट्टाचार्यको कथावस्तु हो । यससँगै दुर्गानाथको कथा अगाडि बढेको छ भने पीताम्बर र पवनका कथा पनि उपन्यासमा निकै प्रभावकारी रूपमा आएका छन् । त्यसैगरी उपन्यासमा द्वारिका, डाक्टर, उसकी पत्नी, श्रीवास्तव, रम्भी, अणु, गणेशी, रमानाथ र पसले साहुका उपकथाहरूका साथै, गङ्गादत्त, पोष्टम्यान, रामप्यारे, रामधनी र रामलीला आदिका प्रासङ्गिक अन्तर्कथाहरू पनि आएका छन् । त्यस्तै राणाकालीन ऐतिहासिक तथ्यहरू पनि मूल कथावस्तुमा उनिएर आएका छन् । यी सबै मिलेर नै यस उपन्यासको सिङ्गो कथावस्तुको निर्माण भएको छ ।

उपन्यासको आदिदेखि अन्त्यसम्म अमलेन्दु भट्टाचार्य, दुर्गानाथ पीताम्बर र पवनका कथाहरू आएका छन् । यी सबैका कथालाई अगाडि बढाउन अन्य पात्रहरूका कथाहरूले सहयोग पुऱ्याएका छन् । यस क्रममा भट्टाचार्य र दुर्गानाथको समान उमेर, दुवैका आदर्श मिल्दाजुल्दा भएका कारण दुवै एक अर्कामा घनिष्ट छन् । रक्सौल-अमलेखगञ्ज रेलवेका जन्मदाता भट्टाचार्यको जीन्दगीको एक मात्र उद्देश्य रेलवे विकाससँग जोडिएको छ । उसले रेलस्टेसन व्यवस्थित बनाउन कर्मचारी क्वाटरको बन्दोवससमेत मिलाएको छ तर आफूले चाहेजस्तो व्यवस्थापन गर्न सकेको छैन । ऊ हृदयघात भएर थला परेपछि भने रमानाथ र श्रीवास्तव तथा स्टेसनका सम्पूर्ण कर्मचारीहरूको मिलेमतोमा स्टेसन सुव्यवस्थित बन्न गएको छ । यसबाट भट्टाचार्य निकै प्रभावित हुन्छ ।

उपन्यासको आरम्भदेखि थालिएको दुर्गानाथको कथानक उपन्यासको अन्त्यमा भएको उसको मृत्युसँगै समाप्त भएको छ । उसको कथालाई गति प्रदान गर्न पीताम्बर, पवन र रम्भीका विभिन्न कथा प्रसङ्गहरू तथा भट्टाचार्यसँगका वार्तालापका सन्दर्भहरूले सहयोग पुऱ्याएका छन् । देवसमसेरको दरबारिया पण्डित दुर्गानाथको प्रारम्भिक जीवन सम्पन्न र सुविधाजनक भए पनि ऊ सत्ताच्यूत भएपछि दुर्गानाथको पनि सर्वस्व हरण गरिन्छ (गोतामे, २०३५, पृ. ९०) । दुर्गानाथको चिन्तन तथा व्यक्तित्वबाट सिङ्गो सहर प्रभावित भएको छ । उसकै माध्यमबाट उपन्यासकारले

उपन्यासमा आदर्श प्रतिस्थापन गरेका छन् । अतः दुर्गानाथको कथाले उपन्यासमा प्रभावकारी भूमिका निर्वाह गरेको छ ।

*घामका पाइलाहरू* उपन्यासमा उपन्यासकारको औपन्यासिक उद्देश्य अभिव्यक्त गर्न पीताम्बरको कथाले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । उसको कथासँगै सेठको कथा पनि जोडिएको छ । बिहान उज्यालो भएदेखि बेलुकी साँझसम्म सेठको काममा खटिरहने पीताम्बरले महिनाको तीस रुपियाँमात्र तलब पाउँछ । त्यही तलबका भरमा उसले परिवारको रथ चलाउनका साथै दमका रोगी पिताको उपचारसमेत गर्नुपर्ने हुन्छ । त्यसैले ऊ सधैं परिवारमा आक्रोषित देखिन्छ भने सिङ्गो सहरलाई विकृत देख्छ तर सेठ भने पीताम्बरजस्ता इमानदार र सोझा श्रमिकलाई चुसेर किर्नुझैँ मोटाएको छ । रातारात कालाबजारिया धन्धा चलाएर माल भित्र्याउँने साहु आफ्नो अपराध ढाकछोप गर्न अनेकौं समाजसेवा गरेको स्वाँङ देखाउँछ, मन्दिर र पर्वमेलामा निशुल्क भोजको आयोजना गर्छ, कुहिएका अनि सडेका सामान तह लगाउन कमिलालाई पीठो खुवाएको नाटक गर्छ (गोतामे, २०३५, पृ. १४७, १४८) । आफ्नो कालो धन्धामा पीताम्बरले साथ नदिने बुझेपछि ऊ पीताम्बरलाई नोकरीबाट निकाल्छ । पीताम्बरले यसमा मानसिक विद्रोह गरे पनि खुल्ला रूपमा विद्रोह गर्न सकेको छैन ।

उपन्यासमा पवनको कथा दुर्गानाथ र पीताम्बरको कथासँगै थालिएर दुर्गानाथको मृत्युपछिसम्म फैलिएको छ । उपन्यासका सबैजसो पात्रहरूका कथालाई स्पर्श गरेको पवनको कथासँगै अणुको कथा पनि जोडिएको छ । यी दुईको कथाले उपन्यासमा नवपुस्ताको जीवनशैली प्रस्तुत गरेको छ । त्यस्तै पवनकी आमाले अणुलाई प्रेमपूर्ण आशीर्वाद दिएको प्रसङ्गले उपन्यासलाई मिठासपूर्ण बनाएको छ ।

स्टेसनका कर्मचारीहरूको स्वास्थ्य उपचारका लागि सहरबाट ल्याइएको डाक्टर तल्लो वर्गका ग्रामीण जनताको उपचारमा अनुदारता देखाउँछ भने उसकी श्रीमती तराई र तराईवासी नेपालीहरूलाई घृणा गर्दै तिनलाई पशुवत् व्यवहार गर्छे । डाक्टर सहरकै सम्मानित व्यक्तित्व दुर्गानाथलाई उपचार गर्न जाने विषयलाई लिएर भएको विवादमा आफूभन्दा पाको उमेरको रेलवे मास्टर श्रीवास्तवका गालामा चड्कन लगाउन पुग्छ (गोतामे, २०३५, पृ. ६२) । गणेशीले चातूर्यपूर्ण ढङ्गले डाक्टरका घरका सबै नोकरचाकलाई अन्यत्र काममा पठाएर डाक्टरलाई अफ्ठ्यारामा पारी यसको प्रतिशोध लिन्छ । केही सीप नलागेर डाक्टरलाई भट्टाचार्यको सल्लाहबमोजिम श्रीवास्तवसँग माफी माग्न कर लाग्छ (गोतामे, २०३५, पृ. १३५) । त्यसपछि भने डाक्टर र उसकी पत्नी तराई र तराईवासीप्रति आत्मीय व्यवहार गर्दै समाजमा मिलेर बस्न थाल्छन् ।

गणेशीप्रति वर्गीय दूरी राख्ने भट्टाचार्य हृदयघातपछि उसप्रति आत्मीय भाव राख्न पुग्छ । भट्टाचार्यको स्वास्थ्यलाभको कामना गर्दै स्टेसनमा गरिएको पूजाबाट ऊ निकै प्रभावित हुन्छ । पूजाका अवसरमा दिइएको दुर्गानाथको प्रवचनले सबै नगरवासीहरू प्रभावित हुन्छन् । सधै स्टेसनमा कराउँदै पान बेचेर पारिवारिक गुजारा चलाउने गणेशीले निकै दार्शनिक रूपले दुर्गानाथका विचारको

विश्लेषण गरेकाले उसप्रतिको दृष्टिकोणमा सबैको परिवर्तन आउँछ । वर्गविभेदप्रति सचेत गणेशी समान वर्गका बिचमा वर्गशोषणको सशक्त विरोध गर्छ तर उच्चवर्गका व्यक्तिका सामु भने ऊ खुल्न सकेको अवस्था देखिँदैन ।

आफ्नो कर्तव्यप्रति सदैव वफादार भएर लागिरहने रेलवे मास्टर रमानाथ तथा भारतको स्वतन्त्रता सङ्ग्राममा क्रान्तिकारीको भूमिका निर्वाह गरिसकेको द्वारिकाको कथाले उपन्यासको मूल कथालाई गति प्रदान गर्न सहयोग पुऱ्याएको छ । रमानाथले पोखरीमा डुबेर मर्न लागेकी पवनकी आमालाई बचाएकाले उसले रमानाथलाई दाइ बनाएर तिहारमा टीका लगाउँने गर्नुका साथै उसलाई आफ्नै परिवारको सदस्य मानेर सधै खाना खुवाउने गरेकी छ । हजूरबुबाको मृत्यपछि पवनलाई द्वारिकाकै जिम्मामा छाडिन्छ ।

यस्तै विभिन्न कथावस्तुहरू जोडिएर निर्माण भएको *घामका पाइलाहरू* उपन्यासमा गङ्गाराम, रामप्यारे, टाँगा चलाउने केटो, रामलीला आदिका सानासाना कथा र प्रसङ्गहरू पनि आएका छन् । ती कथाहरू पनि मूल कथा रेलवे विस्तारसँगै जोडिएका छन् । यी विभिन्न कथाभित्र उपन्यासका विभिन्न वर्गका पात्रहरूका वर्गीय गतिविधिहरू, तिनका बिचको वर्गसम्बन्ध तथा वर्गविभेद, वर्गइर्ष्या र वर्गसमन्वय जस्ता पक्षहरू प्रस्तुत भएका छन् । उक्त औपन्यासिक प्रसङ्गहरूमा लेखकीय पक्षधरता निम्नवर्गप्रति उन्मुख रहेको सङ्केत उपन्यासका विभिन्न साक्ष्यहरूले प्रस्तुत गरेका छन् ।

*घामका पाइलाहरू* उपन्यासमा प्रयुक्त कथावस्तुका विभिन्न सन्दर्भ र प्रसङ्गमा वर्गीयताका सूचकहरू प्रस्तुत भएको पाइन्छ । उपन्यासको मूल कथावस्तु उच्चवर्गीय रेलवे इन्जिनियर अमलेन्दु भट्टाचार्य र रेलवेसँग सम्बन्धित छ तर सिङ्गो उपन्यासले निम्नवर्गीय पक्षधरता प्रस्तुत गरेको छ । मूलतः भट्टाचार्य, दुर्गानाथ, पीताम्वर, पवन, अणु, गणेशी, डाक्टर उसकी पत्नी आदिका कथावस्तुले उपन्यासमा वर्गीयता प्रस्तुत गरेका छन् । आधुनिक पश्चिमा संस्कृतिमा हुर्किएको भट्टाचार्यको कथाले उच्च वर्गीय संस्कृतिलाई देखाएको छ । विज्ञान विषयमा आधुनिक प्राविधिक शिक्षा हासिल गरेको भट्टाचार्यको रहनसहन र चालचलन अभिजात्य ढाँचाको छ । आधुनिक सानदार वङ्गाला, सोही अनुकूलका फर्निचर, वगैंचा, पोशाक छोरीको नाम, उसलाई गरिने सम्बोधन आदिले उसमा अभिजातीय छनक देखिन्छ । त्यसैगरी उसका कतिपय बोली र व्यवहारमा पनि अभिजातीय गन्ध आउँछ । ऊ रेलवेप्रति जनविश्वास जगाउन त्यहाँका कर्मचारीहरूको चारित्रिक छवि स्वच्छ हुनुपर्ने विचार व्यक्त गर्छ । रेलमास्टरसँग भएको डाक्टरको अमर्यादित व्यवहारका कारण उत्पन्न विवादको प्रतिशोध लिन श्रीवास्तवलाई गणेशीले साथ दिएका कारण यी दुईका बिच मानसिक सम्बन्ध निकै नजिक देखिन्छ । यस अवस्थामा भट्टाचार्य गणेशीलाई
अपठित, गँवार र असभ्य ठान्दै उसलाई आग्नेय नेत्रले हेर्नुका साथै श्रीवास्तवलाई
गणेशीजस्तो तल्लो वर्गको मानिससँग धेरै हिमचिम नबढाउन सल्लाह दिँदै भन्छ– "यस्तालाई धेरै लिफ्ट नदेऊ । तिनीहरूसित एउटा दुरी कायम गरिराख्नुपर्छ । जनतामा रेलवेप्रति विश्वास जागृत गर्नमा हाम्रो चरित्रको स्वच्छता पनि ज्यादै सहायक हुन्छ"

(गोतामे, २०३५, पृ. ४८) । भट्टाचार्यको उक्त भनाइलाई आधार मानेर हेर्दा उसमा निम्नवर्गप्रति घृणाभाव रहेको स्पष्ट हुन्छ । उसको यस प्रकारको वैचारिकताले वर्गविभेदलाई प्रश्रय दिनाका साथै उच्चवर्गीय कुरूपताको सङ्केत गरेको छ । भट्टाचार्यको वर्गीय संस्कृति बुझेका पीताम्बर र गणेशी उसलाई भट्टीचार्य, कसाई, बुढो स्याल, तक्षक नाग, हरिप बङ्गाली आदि उपनामले विभूषित गर्दै उसप्रति घृणाभाव व्यक्त गर्छन् तापनि भट्टाचार्यका कतिपय गतिविधि भने निम्न वर्गीय पक्षधरता देखाउने खालका छन् । ऊ श्रमलाई एकदम सम्मान गर्छन । श्रमले उचित मूल्य पाउनुपर्छ भन्ने धारणा बोकेको भट्टाचार्य पीताम्वरलाई सेठले ठगेकामा दुःख व्यक्त गर्छ । ऊ पवनले अणुलाई पढाएको पारिश्रमिक मासिक बीस रूपयाँ दिने कुरा गर्छ । पवनले उक्त पारिश्रमिक लिन नमान्दा ऊ भन्छ–“पवन साँच्चीकै तिमी प्रेटि ब्वाय रहेछौँ । मन, वचन, चरित्र सबै प्रेटि । तर सांसारिकता बुझेका छैनौ । बढी काम गराएर थोरै पारिश्रमिक दिनु वा कोहीसित काम लिएर कुनै पारिश्रमिक नदिनु दुवै शोषणका भिन्नभिन्न किसिमहरू हुन्” (गोतामे, २०३५, पृ. १२०) । भट्टाचार्यको यस भनाइमा श्रमप्रतिको उच्च सम्मानभाव व्यक्त भएको छ । कसैलाई श्रम गराएर कम पारिश्रमिक दिनु अथवा नदिनु दुवै शोषणका प्रकार हुन् । अतः यस प्रकारको शोषण कसैले कसैलाई गर्नु हुँदैन भन्ने उनको धारणाले निम्न वर्गीय पक्षधरता देखाएको छ ।

अभिजातीय वर्गको भट्टाचार्य फोस्रो वर्गीय अहंको विरोधी छ । ठाटिएर वर्गीय अहं देखाउँदै हिड्ने डाक्टरलाई झपार्दै ऊ भन्छ :

> ठीक हो डाक्टर, राम्रो लगाउनु कुनै निन्दनीय कुरा होइन । तर त्यसैलाई आफ्नो जीवनको सार्थकताको रूपमा लिनु उचित होइन ...टकिटकाउ भएर प्लेटफर्ममा आत्म-प्रदर्शनको लागि निरर्थक डुलिरहने डाक्टर र मैलौ -धैलो लुगा लगाएर आफ्नो प्रयोगशालामा इन्तुचिन्तु बिर्सेर काम गरिरहेको डाक्टरमा को असल हो तिमी नै छुट्टयाऊ । (गोतामे, २०३५, पृ. १३१)

भट्टाचार्यका उपर्युक्त भनाइलाई आधार मान्दा ऊ फोस्रो वर्गीय सानले जन्माएको फेसनप्रियताको विरोधी र श्रमको पक्षधर देखिन्छ । उसको यस्तो वैचारिकताका माध्यमबाट उपन्यासकारले उच्चवर्गका मानिसहरू सधैं निम्नवर्गप्रति नकारात्मक हुँदैनन् भन्ने कुरा स्पष्ट पारेका छन् । भट्टाचार्यका उपरोक्त अभिव्यक्तिले मार्क्सवादी सौन्दर्य प्रकट गर्नुका साथै श्रमको मूल्यबोध गराएको छ । लेखकको यस प्रकारको वैचारिकतामा निम्नवर्गीय पक्षधरता प्रकट भएको पाइन्छ । यसरी हेर्दा उच्च वर्गीय संस्कृति बोकेको भट्टाचार्यका कतिपय गतिविधि र व्यवहारले वर्गीय अहम् तथा उच्चवर्गीय कुरूपताको सङ्केत गरे तापनि उसका धेरै क्रियाकलाप र वैचारिक दृष्टिकोणले निम्न वर्गीय पक्षधरतालाई पृष्ठपोषण गरेको हुँदा भट्टाचार्यको कथामा वर्गीयता प्रकट भएको पाइन्छ ।

*घामका पाइलाहरू* उपन्यासमा दुर्गानाथका धेरैजसो अभिव्यक्तिमा निम्नवर्गीय पक्षधरता प्रकट भएको पाइन्छ । मानिसले डटेर अन्यायको प्रतिकार गर्न सक्नुपर्छ भन्ने विचार बोकेको दुर्गानाथ मृत्युभयलाई अन्यायको विरोध गर्ने कार्यको बाधक तत्त्व ठान्छ । त्यसको विरोधमा

मृत्युभयलाई समेत त्याग्नुपर्छ भन्ने विचार व्यक्त गर्छ । ऊ सामाजिक अन्यायको स्वरूप सङ्गठित हुने भएकाले त्यसको प्रतिकार पनि सङ्गठित तरिकाबाटै गर्नुपर्छ भन्ने मान्यता राख्छ । उसका विचारमा अन्यायको प्रतिकार नगर्नु मानव समाजको विकास प्रक्रियालाई कुण्ठित तुल्याउनु हो भने देशको हित र समाजको असलका लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुनु हो । यस कुरालाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> मृत्यु-भयले मानिसलाई आत्मकेन्द्रित गर्दछ र काँथर तुल्याउँछ । यसले न्यायलाई अँगीकार गर्ने र अन्यायको प्रतिकार गर्ने पवित्र मानवीय भावनाको स्फुरण हुने मनुष्यभित्र रहेको नैसर्गिक विवेकको झिल्कोलाई ओसिलो तुल्याएर उसलाई उपमानवीय प्राणीको कोटिमा पुऱ्याईदिन्छ । अन्याय जस्तोसुकै होस्, त्यसको प्रतिकार नगर्नु मानव संस्कृतिको विकास प्रक्रियालाई कुण्ठित तुल्याउन खोज्नु हो । देशको हित र समाजको असलको लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुनु हो । अन्यायमा सहभागिता जस्तो पाप मानिसको लागि अरू कुनै होइन । अन्यायी वा अत्याचारी आफ्नो कलुषित कार्यव्यापार चलाउनका लागि एकलो हुँदैन । उसको सङ्गठित जमात हुन्छ । अतः यस्ताको प्रतिकार सङ्गठित नभई गर्न सकिन्न ।
> (गोतामे, २०३५, पृ. २०८, २०९)

दुर्गानाथका उपर्युक्त भनाइहरूमा ऊभित्रको अन्यायविरोधी चेतना सशक्त रूपमा प्रकट भएको पाइन्छ । मृत्युभय नै मानवीय अन्याय विरोधी भावनाको अवरोधक तत्त्व हो भन्ने विचार बोकेको दुर्गानाथका विचारमा यसले मानवभित्रको अन्याय विरोधी चेतनालाई कमजोर बनाउँछ र मानवलाई लघुमानवमा परिणत गर्छ । यस्तो अवस्थामा मानिसले मृत्युभयबाट माथि उठेर आफूमाथि आइपर्ने सानाठुला जस्तासुकै प्रकृतिका अन्यायको प्रतिरोध गर्न सक्नुपर्छ । सामाजिक अन्यायको प्रतिरोध गर्न नसक्नु भनेको त्यसको समर्थन गरी मानव संस्कृतिकै विकासप्रक्रियालाई अवरोध गर्नु हो । समाजमा अन्याय र अत्याचारलाई पृष्ठपोषण गर्ने शोषक वर्ग हो । यसको स्वरूप साङ्गठनिक हुने हुँदा त्यसको प्रतिकार पनि साङ्गठनिक रूपमै गरिनुपर्छ । दुर्गानाथको यस अभिव्यक्तिले निम्नवर्गमा वर्गीय चेतना जागृत गराई वर्गशोषणको प्रतिरोध गर्ने ऊर्जा प्रदान गरेको छ । मूलतः वर्गीय समाजमा सामाजिक अन्याय र शोषण निम्नवर्गप्रति भएको हुन्छ र प्रतिरोधी चेतना पनि निम्नवर्गमै जागृत हुनुपर्छ । अतः दुर्गानाथका उक्त भनाइमा वर्ग र वर्गसम्बन्धी अभिलक्षणहरू प्रकट भएका छन् । त्यस्तै उनका यी अभिव्यक्तिहरूले निम्नवर्गमा अन्यायविरोधी चेतना जागृत गराउन सशक्त भूमिका निर्वाह गरेका कारण उसका भनाइमा वर्गीयता प्रकट भएको पाइन्छ ।

उपन्यासमा सामाजिक जीवनका यथार्थलाई प्रस्तुत गर्ने क्रममा पीताम्बरको कथा निकै सशक्त देखिन्छ । उसको कथामा कुनै आदर्शको सङ्केत भेटिँदैन । उपन्यासको आरम्भदेखि अन्त्यसम्म पीताम्बरले मानवजीवनको यथार्थ प्रस्तुत गरेको छ । मासिक तीस रूपयाँमा सेठका गोदाममा बिहान झिसमिसेदेखि खट्ने पीताम्बरले त्यही तलबका भरमा परिवार धान्नुका साथै रोगी र वृद्ध पिताको उपचार र छोराको

पढाइ लगायतका सबै जिम्मेवारी पूरा गर्नु परेको छ । कामको धपेडी, आर्थिक अभाव, आर्थिक शोषण आदि कारणले उसको स्वभाव बोराजस्तै शुष्क र रुखो भएको र तिनै बोझले उसलाई आफू कुनै दिन विक्षिप्त पो हुन्छु कि जस्तो लाग्छ । ऊभित्रको यस्तो तीतो अनुभूतिलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> बोरा गन्दा गन्दा मेरो त रुचि नै विकृत भैसकेको छ कहिलेकाहीँ त म आफैंलाई विचित्रको जन्तु -जनावरजस्तो लाग्छ । मेरो शरीरभित्रको कोमलताको कुण्ड कसले सुकाइदियो ? किन त्यो रगतमा मिसिएर नाडीतन्त्रसित मुटुसम्म स्वभाविक सञ्चार गर्दैन । पवनकी आमा, मलाई लाग्दछ कुन दिन म सडकमा निर्वस्त्र भएर चिच्याउँदै दर्गुछु । (गोतामे, २०३५, पृ. १४४)

पीताम्बरको उक्त भनाइमा उत्पादनका साधनमाथि आफ्नो पहुँच नभएका कारण शोषित हुनु परेको र त्यही कारणले उसमा हृदयतत्त्व हराई ऊ पशुजस्तो विवेकहीन भएको हो भन्ने भाव अभिव्यक्त भएको छ । उसले सिङ्गो सहरलाई विकृत देख्नु, उच्च वर्गका मानिसप्रति आक्रोश र घृणाभाव व्यक्त गर्नु तथा परिवारमा सधैं दुर्वासा बन्नुको प्रमुख कारण उसको श्रमको शोषण हुनु हो । अमलेन्दु भट्टाचार्यलाई तक्षक नाग भन्ने र सहरको व्यापारी साहुप्रति विषबमन गर्ने पीताम्बरकै माध्यमबाट उपन्यासकारले उच्च वर्गका वर्गीय चरित्र प्रस्तुत गरेका छन् । सेठको अनियमित काममा अंशियार नबनाएर बरु पीताम्बरलाई जागिरै छोडाएर उनले निम्न वर्गीय श्रमिकहरूको आत्मसम्मानको रक्षासमेत गरेका छन् । यसबाट उपन्यासमा उच्चवर्ग र निम्नवर्गका मौलिक प्रवृत्तिहरू प्रतिबिम्बित भएका छन् ।

उपन्यासमा पवनको कथाले कर्मशील युवापुस्ताको कथालाई प्रस्तुत गरेको छ । लगनशील विद्यार्थी, कर्तव्यनिष्ठ र इमानदार युवकका रूपमा उपन्यासमा उपस्थित पवन पारिवारिक दायित्वप्रति सचेत व्यक्ति हुनाका साथै स्वाभिमानी पनि छ । त्यसैले ऊ द्वारिकाप्रति आश्रित हुनु परेकामा आफूलाई आत्मग्लानि भएको अनुभव गर्छ (गोतामे, २०३५, पृ. ९) । बाबूप्रति निकै लामो दुरी राख्ने पवन हजूरबुबाप्रति घनिष्ठ र निकट सम्बन्ध राख्छ । उसको कथासँगै उपन्यासमा अणुको कथा पनि जोडिएको छ । उच्चवर्गीय अणुप्रति आत्मीय भाव राख्ने पवन उनीहरू दुईबिचको वर्गीय खाडल कति गहिरो छ भन्ने कुरामा सचेत छ । अणुले अदृश्य पेश्कीका रूपमा दिएको दश रुपियाँ स्वीकार्न असहज मानेर फर्काउन चाहन्छ । त्यस्तै उच्च वर्गीय खान्दानमा हुर्किएर पनि निम्नमध्यम वर्गीय पवनसँग आत्मीय भाव राख्ने अणु पवनकी आमाले पवन र अणुबिचको सम्बन्धलाई हुनै नसक्ने सम्बन्ध भन्दा नमीठो अनुभव गर्छे
(गोतामे, २०३५, पृ. १९९) । पवनका आमाबुबा तथा हजूरबुबालाई अत्यन्त आदर गर्छे । पवन र अणुमा विकसित यस प्रकारको संस्कृतिले वर्गसमन्वयलाई सङ्केत गरेको छ ।

उपन्यासमा आफूलाई खानदानी उच्चशिक्षाप्राप्त युवक भन्ने डाक्टरले श्रीवास्तवका गालामा झापड लगाएपछि त्यसको प्रतिशोधमा गणेशीले डाक्टरको नोकर रामधुनी तथा उसकहाँ मेहतरको काम गर्ने मान्छेलाई कामबाट निकालेर डाक्टरका घरमा नाकाबन्दी लगाई दिन्छ । त्यसपछि

डाक्टरले अमलेन्दु भट्टाचार्यको सल्लाहबमोजिम श्रीवास्तवसँग माफी मागिसकेपछि उसका समस्या समाधान हुन्छन् । त्यस्तै निम्न वर्गीय गरिबहरू र तराई मूलका काला मानिसलाई पशुवत् व्यवहार गर्ने डाक्टर पत्नीले आफ्नो सोचाइ परिवर्तन गरी निम्न वर्गीय श्रमिकको सहयोगबिना उच्चवर्गलाई जिउन निकै कठिन रहेछ भन्ने बुझेर तिनीहरूसँग भाइचारा व्यवहार गर्न थालेपछि सबै महिलाहरूका माझमा प्रिय हुन पुग्छे । यसबाट के देखिन्छ भने कुनै पनि उच्च वर्गलाई निम्नवर्गको साथ र सहयोगबिना बाँच्न सम्भव छैन । उच्चवर्गमा यस किसिमको चेतना जागृत भएको देखाउनु नै निम्नवर्गप्रतिको सहानुभूति वा पक्षधरता हो ।

स्वाभिमान र इमानदारितामा बाँचेको रेलवे मास्टर श्रीवास्तव आफ्नो काममा अति पक्का र नियमितत देखिन्छ । एक पैसा हिनामिना नगरी टिकट बेचेको सबै पैसा माल अड्डामा बुझाएपछि मात्र आफ्नो कर्तव्य पूरा भएको ठानी अन्य गतिविधिमा लाग्ने रेलवे मास्टर भट्टाचार्य बिरामी भएपछि कुशलतापूर्वक रेलवे व्यवस्थापनलाई अगाडि बढाउँछ । रेलवेका सबै कर्मचारीहरूमा आ-आफ्नो जिम्वेवारीप्रतिको सचेतता जगाई काममा नियमितता ल्याई रेलवेलाई व्यवस्थित बनाउँछ । भट्टाचार्यले वर्षौं छडी घुमाउँदै धम्की र त्रास देखाएर गर्न नसकेको काम श्रीवास्तवले सजिलै पूरा गर्छ (गोतामे, २०३५, पृ. १८४-१८९) । रेलका कर्मचारीलाई खबरै नगरी तिनको छड्के गर्न स्टेसनमा पुगेको भट्टाचार्य रेल अफिस र कर्मचारीमा कतै पनि कुनै त्रुटि नपाएपछि अवाक हुन्छ । श्रीवास्तव र भट्टाचार्यका यस्ता गतिविधिले तिनका वर्गीय अभिलक्षण प्रकट गरेका छन् । श्रमिकहरूलाई डर, त्रास र धम्कीले होइन उनीहरूलाई हात लिएर मात्र उत्पादन बढाउन सकिन्छ । उत्पादक वर्गमा भएको उत्पादन साधन परिचालन गरी उत्पादकत्व अभिवृद्धि गर्ने कार्यमा श्रमिकको भूमिका महत्त्वपूर्ण हुन्छ । यस कुराको बोध हुनु श्रमको मूल्यबोध गर्नु हो । यस कुराको सङ्केत उपन्यासमा अभिव्यक्त भएको छ । यसले उपन्यासको कथावस्तुमा निम्न वर्गीय पक्षधरता प्रकट गरेको छ ।

उपन्यासमा रेलगार्ड रमानाथको कथालाई कम आकलन गर्न मिल्दैन । आफ्नो खुट्टा भाँचेर भए पनि रेललाई दुर्घटना हुन र सर्वसाधारणलाई क्षति हुनबाट बचाएको छ । त्यसैले भट्टाचार्य रमानाथजस्ता चार जनामात्र स्टाफ पाएमा त्यस रेलवे स्टेसनलाई संसारका अरू रेलवेभन्दा माथि पुऱ्याउन सक्ने विचार राख्छ (गोतामे, २०३५, पृ. ५१) । रमानाथले भट्टाचार्यको अनुपस्थितिमा पनि रेलवेलाई व्यवस्थित र नियमित बनाएको छ । सधैं अरूलाई शोषण गरेर रमाउने सम्भ्रान्त वर्गले यसप्रकारको त्याग देखाउनै सक्दैन । अतः निम्नवर्गको यस्तो त्यागमय भावनाले उत्पादनप्रतिको उसको भूमिकालाई प्रतिबिम्बित गरेको छ ।

*घामका पाइलाहरू* उपन्यासमा प्रयोग भएका स-साना पात्रहरूका कथामा समेत श्रमको मूल्यबोधका सङ्केतहरू पाइन्छन् । डाक्टरका घरमा नोकर भएर बसेको, पशुवत् व्यवहार सहन र भोग्न बाध्य रामधनी तथा मेहतर आइमाईले काम गर्न छाडेपछि डाक्टरको घर चल्न निकै मुश्किल पर्छ । यस अवस्थाले पैसा भएर मात्र मानिसको निर्वाह चल्दैन, जीवन चल्न श्रमको आवश्यकता

पर्छ, सिङगो् श्रमका स्रोत भनेका निम्नवर्ग हुन भन्ने कुरा पुष्टि गरेको छ । यसले उच्चवर्गका शोषणजन्य प्रवृत्ति र निम्नवर्गका शोषित प्रवृत्तिलाई सङ्केत गरेको छ ।

*घामका पाइलाहरू* उपन्यासको कथावस्तुका कतिपय सन्दर्भमा उच्चवर्गले निम्नवर्गप्रति सहानुभूतिपूर्ण भाव राख्ने गरेको तथा उनीहरूप्रति पक्षधरता जनाएको र श्रमको मूल्यबोध गरेको सन्दर्भ प्रस्तुत गरे तापनि मूलतः उपन्यासमा श्रमको शोषण भएको अवस्थाको चित्रण गरिएको छ । यस्तो अवस्थामा उपन्यासकारले निम्नवर्गीय पात्रहरूका कथाका माध्यमबाट त्यस्ता वर्गमाथि भएको शोषण र दमनप्रति प्रतिरोधी चेतना जागृत गराएका छन् । उपन्यासमा वर्गीय शोषण र दमनको विरोध गराई समाज परिवर्तनको दिशातर्फ उन्मुख गराएको कुरा उपन्यासको कथावस्तुमा उल्लेख गरिएको छ । त्यसले उपन्यासमा वर्गीयतालाई देखाएको छ ।

मूलतः घामका पाइलाहरू सामाजिक यथार्थवादी उपन्यास भएकाले यसको कथावस्तुमा वर्गसङ्घर्षको उदघाटन गरिएको छैन तर यसमा रेलवेको स्थापना, विकास र विस्तारका क्रममा उपस्थित विभिन्न वर्गका पात्रहरू र तिनको जीवन सङ्घर्षका घटनाहरूलाई उपन्यासको कथावस्तु बनाइएको छ । त्यसैका माध्यमबाट उपन्यासमा वर्गीय शोषणको सङ्केत गरिएको छ तर उपन्यासको कथावस्तुले शोषणबाट मुक्तिका लागि चाहिने सामूहिक तथा साङ्गठनिक जनएकताको निर्माण गर्न सकेको छैन । त्यसैले उपन्यास वर्गीय मुक्तिको सन्देश दिन सक्षम देखिँदैन । उपन्यासको कथावस्तुमा समाजका विभिन्न वर्गका पात्रहरूको उपस्थिति गराइएको छ तर शोषक वर्गका व्यक्तिलाई महान् व्यक्तिका रूपमा खासै आदर्शीकरण गरिएको छैन । तिनका शोषणजन्य गतितिविधिको आलोचना गरिएको छ । उपन्यासको मुख्य कथावस्तु रेलवेको विकास र विस्तारसँग सम्बन्धित भएको र त्यससँगको सम्बन्ध अमलेन्दु भट्टाचार्यसँग जोडिएकाले उसैको कथावस्तु उपन्यासको मूल कथावस्तु हो । भट्टाचार्यको कथावस्तु उच्चवर्गसँग सम्बन्धित कथावस्तु हो तापनि उसका सँगसँगै निम्न वर्गीय पात्र दुर्गानाथ र उसका परिवारका सदस्यहरूको कथावस्तु समानान्तर भएर अगाडि बढेको छ । त्यस्तै सहायक कथावस्तुका रूपमा डाक्टर र सेठका कथावस्तुसँगै अन्य निम्नमध्यम र निम्न वर्गीय पात्रहरूका कथाले स्थान पाएका छन् । यस क्रममा उच्चवर्गीय पात्रहरूका कथालाई आलोचनात्मक रूपमा समेत हेरिएको छ । वस्तुतः *घामका पाइलाहरू* उपन्यासमा वर्ग, तिनका प्रकार र मौलिक विशेषता तथा वर्गका आर्थिक तथा ऐतिहासिक स्वरूपको प्रस्तुति गरिएको छ । यसले उपन्यासको कथावस्तुमा वर्गीयता प्रकट गरेको छ ।

### २.४.३ घामका पाइलाहरू उपन्यासका पात्रमा वर्गीयता

*घामका पाइलाहरू* बहुल पात्र प्रयोग भएको उपन्यास हो । यस उपन्यासमा श्रेणी तथा व्यक्ति दुवैथरी पात्रहरू प्रयोग भएका छन् । विभिन्न पात्रहरूका सानासाना कथाहरूको संयोजन भएर सिङ्गो उपन्यासको रचना भएको हुनाले मुख्य पात्र छुट्टयाउन पनि कठिन छ तापनि यस उपन्यासको मुख्य कथावस्तु रेलवे विकाससँग सम्बन्धित भएको र रेलवे अमलेन्दु भट्टाचार्यसँग सम्बन्धित भएकाले यस उपन्यासको मुख्य पात्र अमलेन्द्रु नै हो । उसकै कथाका हाराहारीमा दुर्गानाथको कथा अगाडि बढेका कारण ऊ पनि यस उपन्यासमा मुख्य पात्र हो । त्यसै गरी

उपन्यासमा पीताम्बर, पवन, गणेशी, रम्भी, अणु, डाक्टर, डाक्टर पत्नी, श्रीवास्तव, रमानाथ जस्ता पात्रहरूका साथै द्वारिका, सेठ, रेलको ड्राइभर, रामधनी, मेहतर, चियापसले, श्रीवास्तवकी पत्नी लगायत थुप्रै पात्रहरू प्रयोग भएका छन् । उक्त पात्रहरूमध्ये वर्गीयताको प्रस्तुतिका दृष्टिले अमलेन्दु भट्टाचार्य, दुर्गानाथ, पीताम्बर, पवन, गणेशी, अणु, द्वारिका, डाक्टरका पतिपत्नी, रामधनी, रिक्सावाल केटो आदि पात्रहरूको उपन्यासमा महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसै गरी उपन्यासमा जङ्गबहादुरका भाइहरू धीरशमशेर, वीरशमशेर, देशशमशेर, चन्द्रशमशेर आदि राणा शासकहरूको ऐतिहासिक प्रसङ्गका माध्यमबाट दलाल पूँजीपति वर्गका पात्रहरूको समेत उपस्थिति गराइएको छ ।

*घामका पाइलाहरू* उपन्यासका पात्रले वर्गद्वन्द्व र वर्गसङ्घर्षको प्रतिबिम्बन गर्न सकेका छैनन । यिनले वर्गीयतामात्र प्रस्तुत गरेका छन् । अतः उपन्यासमा सामाजिक परिवर्तनका सङ्केतहरू त्यति देखिँदैनन । तर यस उपन्यासका व्यक्ति तथा वर्गका पात्रहरू र तिनका गतिविधिका माध्यमबाट समाजमा वर्गविभेद र वर्गशोषणको स्थिति देखापर्छ । त्यस्तै उपन्यासका कतिपय पात्रहरूमा वर्गीय चेतना तथा प्रतिरोधी चेतना जागृत भएको अवस्था देखाइएको छ । अतः यस उपन्यासका पात्रहरूलाई वर्गीयताका दृष्टिले अध्ययन गर्न उचित देखिन्छ ।

*घामका पाइलाहरू* उपन्यासको प्रमुख पात्र अमलेन्दु भट्टाचार्य उच्च तथा अभिजात्य वर्गको पात्र हो । उसको जीवनशैली, खानपान, पोशाक, बोलीवचन र हैकमी शासन आदिमा उच्च वर्गीय अहम् देखिन्छ । मासिक बाऱ्ह सय तलब खाने भट्टाचार्यले आधुनिक पश्चिमा जीवनशैलीको अनुशरण गरेकाले उच्चवर्गको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक पात्र हो । अतः उसका चरित्रमा उच्च वर्गीय अहम् प्रतिबिम्बित हुनु स्वभाविक हो । रवाफिलो व्यक्तित्व र गर्जनापूर्ण आवाजबाट स्टाफहरूलाई काबू कायल बनाउन सक्ने भट्टाचार्यलाई उपन्यासमा शासक वर्गीय पात्रका रूपमा प्रस्तुत गरिएको छ । निम्न वर्गीय मानिसहरूसँग सधैं दुरी बनाइ राख्नुपर्छ भन्ने सोच बोकेको भट्टाचार्य गणेशीजस्ता निम्नवर्गका पात्रहरूलाई घृणाका आँखाले हेर्छ । रेलको ड्राइभरलाई मुसल्टे भन्दै सात दिनमा उसको जागिर उडाई दिने धम्की दिन्छ (गोतामे, २०३५, पृ. ४७) । यसबाट उसको वर्गीय कुरूपता उद्घाटित हुन्छ । यसो भएतानि ऊ देवशमशेरका विशेष सहयोगीका रूपमा अनैकौ राजसी सुखसुविधा भोगेका तर उनको पतनसँगै सर्वस्व हरण भएर जीवनको उत्तरार्धमा निम्न वर्गीय जीवन बिताउन बाध्य आदर्श व्यक्तित्व दुर्गानाथलाई भने अत्यन्त आदर र सत्कार गर्छ । यसबाट उसमा वर्गभन्दा पनि व्यक्तिको व्यक्तित्वको पहिचान गर्ने क्षमता रहेको स्पष्ट हुन्छ । ऊ गणेशीले आफूलाई उपकार गरिसकेपछि उसको असल हृदयको पहिचान गर्न सफल हुन्छ । अझ गणेशीले दुर्गानाथका दार्शनिक तर्कलाई सहजै व्याख्या गरिदिएकाले ऊ गणेशीको दार्शनिक व्यक्तित्व पहिचान गर्नसमेत सफल हुन्छन् र उसलाई स्यावासी दिदैं भन्छ

> स्यावास गणेशी, मैले तेरा अनेक रूप देख्न पाएँ । मेरो मन पूरै जितिस् तैंले । अघि अघि तँलाई म एक असभ्य गाउँले भाँड भन्ठान्थैँ र घृणा गर्थें । पछि तेरा मानवीय गुण देखें, मलाई दोस्रो जीवन दिनमा तेरो सेवाको पनि ठुलो हात छ । घृणाको प्रत्युत्तर

प्रेमबाट पाएँ। आज तँभित्रको गम्भीर स्वरूप पनि हेर्न पाएँ।

(गोतामे, २०३५, पृ. २११)

भट्टाचार्यका उपर्युक्त भनाइबाट उसमा मानिसको आन्तरिक गुण र क्षमताको पहिचान गर्ने र आफ्ना कमजोरीप्रति आलोचना गर्नसक्ने स्वभाव भएको देखिन्छ। परिस्थितिले नै उसलाई निम्न वर्गीय मानिसहरू पनि कामलाग्ने हुँदा रहेछन्, उनीहरूमा मानवीय भावना सशक्त हुँदो रहेछ र उनीहरूमा पनि दार्शनिक चिन्तन पनि हुँदोरहेछ भन्ने चेतना जागृत गराएको छ। यसबाट उसमा निम्नवर्गलाई हेर्ने वर्गीय दृष्टिकोणमा परिवर्तन आएको छ। त्यसै गरी बिनामूल्य कसैको श्रमको शोषण गर्नु हुँदैन, श्रमको उचित मूल्य प्रदान गर्नुपर्छ भन्ने सोच बोकेको भट्टाचार्य बिनापारिश्रमिक पवनलाई आफ्नी छोरी पढाउन लगाउँदैन। ऊ सेठले पीताम्बरलाई शोषण गरी उसको सहर र समाजप्रतिको दृष्टिकोणलाई विकृत बनाएको हो भन्ने धारणा राख्दै पवनका पिताजस्तो सच्चरित्र र इमानदार मानिस पाउन कठिन भएको भाव व्यक्त गर्छ। त्यस्तै ऊ डाक्टरको वर्गीय सानप्रति व्यङ्ग प्रहार गर्छ। यसबाट उपन्यासमा भट्टाचार्यका चरित्रलाई आदर्शीकरण गरेको देखिन्छ तर *घामका पाइलाहरू* उपन्यासमा भट्टाचार्यको चरित्रको आदर्शीकरणका साथै उसको चारित्रिक कुरूपताको पनि प्रस्तुतीकरण गरिएको छ। उसलाई भट्टीचार्य, तक्षक नाग, बुढो चितुवा र गोमन साँप भन्दै आलोचना गरिएको हुँदा पाठकमा ऊप्रति घृणाभाव जागृत भएको छ। यसबाट उपन्यासमा निम्न वर्गीयता प्रकट भएको छ।

उपन्यासको अर्को पात्र पण्डित दुर्गानाथ आदर्श व्यक्तित्व हुँदाहुँदै पनि उसमा क्रान्तिकारी चेतना जुर्मुराएको छ। दुर्गानाथका विचारमा अन्यायको विरोध नगर्नु, त्यसको पक्षधर हुनु हो, त्यसो कर्म गर्नु मानिसको सबैभन्दा ठुलो पापकर्म हो। उसले सेठले अनैतिक किसिमले व्यापार व्यावसाय गरेको र त्यसमा पीताम्बरले साथ नदिंदा उसलाई नोकरीबाट हटाउनु सेठको अन्यायपूर्ण कार्य भएको ठहर गरेको छ। दुर्गानाथका अनुसार अन्यायको विरोध गर्न नसक्नु भनेको सामाजिक दायित्वबाट भाग्नु हो। ऊ अन्यायबाट भाग्ने व्यक्तिले आफ्नो प्राणको रक्षा गर्न सके पनि उसबाट समाजको हित हुन सक्दैन भन्ने विचार यसरी व्यक्त गर्छ "फणा उचालेर निर्भय विचरण गर्ने सर्पवाट कोही ज्यान मात्र जोगाएर उम्कियो भने त्यस व्यक्तिविशेषको प्राणरक्षा भए तापनि त्यसबाट समाजको हित हुन जाने कुरा छैन" (गोतामे, २०३५, पृ. २०८)। उसको यस भनाइले हरेक मान्छेमा आफूप्रति भएको अन्यायको प्रतिरोध गर्न सक्ने क्षमता हुनुपर्छ, तवमात्र समाजप्रतिको व्यक्तिको दायित्व पूरा हुन्छ भन्ने भाव व्यक्त भएको छ। उसको यो सङ्केत वर्गशोषण र दमनको खुलेर विरोध गर्न सक्नुपर्छ भन्ने कुरातर्फ लक्षित रहेको छ। यसरी हेर्दा पण्डित दुर्गानाथ उपन्यासको आदर्श पात्र हो तर उसका चरित्रमा प्रगतिशीलता पाइन्छ। उसले व्यक्तिगत रूपमा नै भए पनि शोषक वर्गप्रति विद्रोही भाव प्रकट गरेको छ। यसले शोषित वर्गका अभिलक्षण प्रतिबिम्बित गरेको छ।

बिहानदेखि बेलुकीसम्म बोराहरू झिक्न र राख्नमा व्यस्त हुने आफ्नो कामबाहेक अरू कुनै कुरामा चासो नलिने पीताम्बर मासिक तीस रूपयाँमा सेठका गोदाममा काम गर्न बाध्य छ। आफ्ना

बाबूलाई भारतको राम्रो अस्पतालमा लगेर उपचार गर्ने इच्छा हुँदाहुँदै पनि गरिबीले गर्दा आफूले केही गर्न नसकेकामा लाचार छ । ऊ आफू सेठबाट शोषित भएको ठानी आक्रोषित हुन्छ र त्यसको रिस घरमा पोख्छ, सहरलाई नै विकृत देख्छ, मानसिक रूपमा सेठको प्रतिकार पनि गर्छ तर सोझै विरोध गर्न सक्दैन । उसले गरेको अनैतिक व्यापार र कालाबजारिया प्रवृत्तिमा साथ दिन अस्वीकार गर्दै नोकरी नै छाडिदिन्छ । ऊ साहुको शोषक र अमानवीय चरित्रको यसरी विरोध गर्छ– "यी त मेरा बाबु भए उसको आफ्नै बाबु मर्न लागे पनि पैसा झिक्दैन । छाडिदेऊ यी सब कुरा सोच्न थाल्यो भने रातभरि निद्रा लाग्दैन । भगवान्को जस्तो इच्छा छ त्यही हुन्छ" (गोतामे, २०३५, पृ. ४१) । पीताम्बरको यस भनाइमा सेठको अमानवीय र शोषक चरित्र उद्घाटित भएको छ । यद्यपि उसले यसलाई खुलेर विरोध गर्नुको सट्टा लाचारी व्यक्त गर्दै ईश्वरवादलाई प्रश्रय दिएर परिस्थितिसँग सम्झौता गरेको छ तर उसमा मानसिक विद्रोह भने जागृत भएको छ । यसले निम्न तथा निम्नमध्यम वर्गमा उच्चवर्गप्रति विद्रोहका झिल्का उठ्न थालेको सङ्केत गरेको छ । पीताम्बर उच्चवर्गका मानिसलाई घृणा गर्छ । त्यसैले दुर्गानाथले भट्टाचार्यलाई भद्र भलादमी तथा नेपाललाई माया गरेर सधैं नेपालमै बस्न चाहने मानिस भनेर प्रशंसा गर्दा पीताम्बर त्यसको आलोचना गर्छ । भट्टाचार्यको सधैं नेपाल बस्ने मनसायलाई आफ्नो धन रक्षा गर्न बसेको तक्षकनागको संज्ञा दिन्छ । ऊ उच्चवर्गप्रति घृणाभाव व्यक्त गर्छ । छोरालाई धनीको सङ्गत नगर्न भन्छ । आफ्ना पिता जीवितरहुन्जेल धूलो र धुवाँबाहेक केही दिन नसक्ने सहर र सहरवासीहरूले मृत पिताको शरीरलाई सम्मान गर्दै सहर परिक्रमा गराउँदा त्यसमा आक्रोस व्यक्त गर्छ (गोतामे, २०३५, पृ. २२८) । कहिल्यै हाँसो ठट्टा र लाडप्यारको भाव नदेखाउने पीताम्बर यस्ता कुरा बढ्ता खाएर अपच हुनेलाई सुहाउने कुरा भन्दै अभावग्रस्त गोरुजस्तो जोतिनुपर्ने मानिस सधैं अरूको हास्यको पात्र हुनुपर्ने सामाजिक विकृति र विसङ्गतिको आलोचना गर्छ (गोतामे, २०३५, पृ. १४२) । यसरी हेर्दा पीताम्बरमा उच्चवर्गप्रति आक्रोस छ, तिनको ऊ मानसिक रूपमा विरोध पनि गर्छ तर उसको विरोध मानसिक रूपमा मात्र सीमित छ, सङ्घर्ष गरी समाजमा आमूल परिवर्तन ल्याउने दिशातर्फ उन्मूख देखिँदैन । यसो भए तापनि उपन्यासकारले यस उपन्यासमा निम्नवर्गका पात्रमा उच्च र सम्भ्रान्तवर्गका पात्रप्रति घृणाभाव जगाई तिनमा वर्गचेतना रहेको कुरा पुष्टि गरेका छन् ।

*घामका पाइलाहरू* उपन्यासमा युवा चरित्रका रूपमा उपस्थित पवन उपन्यासको प्रमुख पात्र नभएर पनि उसको भूमिका सुरूदेखि अन्त्यसम्म रहेको छ र सबैजसो पात्रहरूसँग जोडिएको पनि छ । बाजेको साहचर्यमा हुर्किएको पवन शिक्षित चरित्र तथा कर्तव्यनिष्ठ युवा हो । जेहेन्दार छात्रका रूपमा परिचित पवन पारिवारिक दायित्वप्रति सचेत रहेको कुरा उसले स्कूलको शुल्क मिनाहा गर्न गरेको प्रयासले देखाएको छ । ऊ स्वाभिमानी छ त्यसैले सित्तैमा अणुले दिएको दश रूपयाँ स्वीकार गर्न हिचकिचाउँछ र त्यस्तो काम गरेकामा अणुको आलोचना गर्छ (गोतामे, २०३५, पृ. ८२) । *घामका पाइलाहरू* उपन्यासमा उपन्यासकारले पवनले जमिनदारसँग शुल्क मिनाहा गरी मागेको र त्यो कुरा थाहा पाएका स्कूलका साथीहरूद्वारा पवनलाई पुअर ब्वाय भनाएर उसको वर्गीय हैसियत देखाएका छन् तर पवनले आफ्ना वर्ग शिक्षकलाई उजुरी गराएर आफूलाई प्रिटी ब्वाय भनाएर तथा

अणुले छद्म रूपमा गरेको आर्थिक सहयोगको आलोचना गराएर उसको वर्गीय स्वाभिमानको रक्षा गरेका छन् ।

रेलवे स्टेसनमा पान बेचेर जीविकोपार्जन गर्ने गणेशी निम्न वर्गीय श्रमिक हो । ऊ उच्चवर्गले निम्नवर्गमाथि गर्ने शोषणको विरोध गर्ने प्रतिरोधी चेतना भएको पात्र हो । तल्लो वर्गको मानिस भनी सधैं आफूलाई हेयका दृष्टिले हेर्ने भट्टाचार्यसँग ऊ असन्तुष्ट छ । त्यसैले उसलाई भट्टीचार्य भनी सम्बोधन गर्छ । प्लेटफार्ममै आफूलाई बेइज्जत गर्ने भट्टाचार्यलाई कसाई भन्दै गणेशी यसरी गाली गर्छ– "यस्तो मानिसलाई कहीं हाकिम भन्छन् । यो त कसाई हो कसाई । यसको पेटमा कुनै दया-धर्म छैन । हिजो यसले प्लेटफार्ममा मलाई बेइज्जत गरिदियो" (गोतामे, २०३५, पृ. १५८) । गणेशीको यस्तो आक्रोशपूर्ण अभिव्यक्तिमा शोषकवर्गप्रतिको प्रतिरोधी चेतना सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ तर ऊ निम्न वर्गीय बाध्यता र विवशतामा बाँचेको श्रमजीवी भएकाले खुलेर भट्टाचार्यलाई उसकै अगाडि विरोध गर्न सक्दैन । श्रीवास्तवलाई गालामा चड्काउने डाक्टरलाई बदला लिन घुमाउरो तरिका अपनाउँछ । गरिब र काला तराईमूलका मानिसहरूलाई मानिस नै नगन्ने डाक्टरपत्नीलाई बदला लिन ऊ डाक्टरका घरमा आउने नोकर तथा मेहेतरलाई अन्यत्र काम गर्न प्रोत्साहित गरी डाक्टरदम्पत्तिलाई निम्नवर्गका मानिसहरूसँग सम्झौता गर्न बाध्य तुल्याउँछ । आफू पनि निम्नवर्गको पात्र भएकै कारण आफूजस्तै निम्नवर्गप्रति सद्भाव राख्ने गणेशी आर्थिक रूपमा विपन्न भएकै कारण गरिबले नीच र घृणित काम गर्न विवश हुनुपर्ने परिस्थितिको अन्त्य गर्न चाहन्छ । यसरी गणेशीले आफूजस्तै श्रमजीवीलाई सङ्गठित गर्ने काम गरेको छ । पाखुरामा बल भएका तर आर्थिक रूपले विपन्नहरूलाई श्रमको मूल्य बोध गराउँदै वर्गसङ्घर्ष गरेर समाजमा परिवर्तन ल्याउन ऊ श्रमिकहरूमा यसरी सचेतना जगाउँछ :

> तँ किन आफ्ना जातभातका मानिसलाई हँसाउने कुकर्म गर्छस् । ऐले त तँमा पहाड फोडेर दुई फ्याक पार्ने ताकत छ । त्यहाँबाट भाग् चाँडो । त्यो आइमाई भरेभोलि भएकी छ । भट्ट ब्याइहाली भने त्यसको र्‍याल फ्याल र रगत कुना पसेर तँलाई फाल्न लगाएनन् भने गणेशीका मुखमा मुतिदिनू । ...तँ आइज, कुल्ली काम गर् । तेरो बलियो शरीरलाई सुहाउँछ पनि त्यो काम । दुई रुपियाँ तिरेर म आजै तँलाई नम्बर दिलाईदिन्छु । पछि कमाएर फर्काईदिनू । (गोतामे, २०३५, पृ. ९८)

गणेशीका उपर्युक्त भनाइमा उच्चवर्गप्रति घृणाभाव व्यक्त भएको छ भने निम्नवर्गमाथि सहानुभूतिपूर्ण भाव अभिव्यक्त भएको छ । उसको चरित्रले निम्नवर्गमा वर्गीय चेतना जागृत गराई वर्गसङ्घर्षका माध्यमबाट समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुराको सङ्केत गरेको छ । उसको चरित्रका माध्यमबाट उपन्यासकारले "हरेक युगका महान् रचनाकार आफ्नो रचनामा पतनशील वर्गको निर्मम आलोचना गर्दछन् र प्रगतिशील वर्गप्रति सहानुभूति व्यक्त गर्दछन्" (पाण्डे, पृ. १५०) भन्ने मैनेजर पाण्डेको विचार प्रकट गराएका छन् । अतः गणेशीको चरित्रलाई आधार बनाएर उपन्यासकारले उपन्यासको चरित्र विधानमा निम्न वर्गीयता देखाएका छन् ।

उपन्यासमा उच्चवर्गको पृष्ठपोषकका रूपमा रहेको सेठ पीताम्बर र ऊजस्तै इमानदार र सोझा श्रमिकहरू चुसेर श्रमको शोषण गरी किर्नुझैँ मोटाएको छ । ऊ आफ्ना काला कर्तुतहरूको ढाकछोप गर्न समाजसेवा गरेको स्वाँङ देखाउँछ । सेठका अनैतिक व्यापारिक गतिविधिबाट परिचित गणेशी भित्रभित्रै सेठको विरोध गर्छ तर समाजमा पूरै खुलेर विरोध गर्न भने डराउँछ, पुलिस र प्रशासन सबै सेठले किनेको छ भन्ने कुरा उसलाई राम्रोसँग थाहा छ । सेठ उच्च वर्गीय शोषकको ज्वलन्त नमूना हो । त्यस्तै *घामका पाइलाहरू* उपन्यासमा निम्नवर्गका पात्रहरूले उच्च वर्गीय शोषण र दमनको विरोध गरेर आफ्ना वर्गीय चरित्रको प्रतिबिम्बन गरेका छन् तर त्यसको खुलेर प्रतिकार गर्न सकिरहेका छैनन । यसले उनीहरूमा वर्गीय घृणा जागृत भएको छ । यसबाट समाजमा वर्गविद्रोहका सम्भावनाहरू देखिन थालेको सङ्केत पाइन्छ । यसले उपन्यासमा वर्गयिताको सङ्केत गरेको छ ।

उपन्यासमा अत्यन्त न्यून भूमिकामा रहेको रामधनी जातले कहार र पेशाले डोली बोक्ने तथा तराई मूलको भएका कारण उसको शरीरको छाला कालो छ तर पनि उसमा आफ्नो श्रमप्रति सम्मानभाव छ । ऊ गर्भवती नारीको पेटीकोट पखाल्न तथा उसको अस्तव्यस्त र नाङ्गो शरीर देखेर घिनाउँछ । ऊ आर्थिक रूपमा आफू विपन्न भएकाले शारीरिक तथा मानसिक रूपले शोषित भएको हुँ भन्ने वर्गीय चेतना उसमा छ । त्यसैले ऊ प्रतिरोध जनाउँदै गर्भसाथ डाक्टरलाई भन्छ :

> मालिक म जातको कहार हुँ, पालकी बोक्ने । तर सबैको इज्जत हुन्छ । मालिक्नीको पेटीकोट पछार्नुपर्ने र मालिक्नी नाङ्गैजस्तो लडिरहेकी म हेर्न सक्दिनँ थिएँ । बडो कस्तो कस्तो लाग्थ्यो । हामी घाममा डढेर काला भएका छौँ भनेर हाम्रो वर्णलाई साह्रै घृणा गरेर मालिक्नी तिमीहरूभन्दा त पशु बेस भन्नुहुन्थ्यो । (गोतामे, २०३५, पृ. १०२)

रामधनीको यस अभिव्यक्तिमा उच्चवर्गप्रतिको घृणा भाव अभिव्यक्त भएको छ भने उच्चवर्गले निम्नवर्गलाई पशुवत् व्यवहार गर्ने, मानवीय समवेदनाहीन गतिविधि देखाउने, तुच्छ र घृणित काम गर्न लगाउने जस्ता क्रियाकलापप्रति विरोध जनाएको छ । उसको यस प्रकारको गतिविधिले समाज क्रमशः वर्गशोषणबाट मुक्तिको प्रयासमा लम्किरहेछ भन्ने कुरा देखाउँदै समाजमा वर्गसङ्घर्षका सूक्ष्म सङ्केतहरू देखिन थालेको कुरा सङ्केत गरेको छ ।

उपन्यासकारले *घामका पाइलाहरू* उपन्यासका निम्न वर्गीय चरित्रमा वर्गचेतना जागृत गराउँदै तिनलाई वर्गसङ्घर्षतर्फ उन्मुख गराई समाज परिवर्तनको सङ्केत देखाएका छन् । उपन्यासमा नगन्य भूमिकामा रहेको टाँगा तान्ने युवकले आफ्नो तराईको मौजामा बाली उठाउन आएकी उच्च वर्गीय महिलाको तराई र त्यहाँका श्रमिक वर्गलाई हेर्ने दृष्टिकोण तथा शोषण प्रवृत्तिको विरोध गर्दै श्रमको मूल्यबोध यसरी गराउँछ :

> आफ्नो इन्द्रासन छाडेर किन आज यस नरकमा पाल्नुभो त ? वर्षभरि पसीना बगाएर, हलोको मूठ र कोदालीको बिँड हातबाट हट्न नदिई यहाँका खेतालाले भित्र्याइसकेको बाली उठाउन आउनुभएको होला ? तपाई आफ्नो एक दिन मात्र त्यस खेतालाको दिनसँग साटेर हेर्नुहोस् अनि थाहा पाउनु हुनेछ, उब्जाउनु र सोहोर्नुमा कति फरक रहेछ

। हामी तपाईका अन्नदाता हौँ । तपाईको उच्च संस्कार, भव्य पोशाक र भाषाको बनोटमा हाम्रो पसीनाका आशीर्वाद पनि लुकेको छ । (गोतामे, २०३५, पृ. १११/११२)

युवकको यस अभिव्यक्तिमा तराईको भूगोल र निम्न वर्गीय श्रमिकहरूको श्रमले उच्च मूल्य प्राप्त गरेको छ । वास्तवमा शोषक वर्गले एक दिन मात्र शोषित श्रमिक वर्गको काम गरे भने उनीहरूलाई तिनका पीडा थाहा हुन्छ तर त्यही कुरा थाहा नपाएकै कारण उनीहरू श्रम र श्रमिकलाई घृणा गर्दै उनीहरूको शोषण गर्छन । उनीहरूका सम्पूर्ण वर्गीय अहम् उनीहरू स्वयम्ले प्राप्त गरेका आर्जन होइनन् । त्यसभित्र श्रमिकवर्गको पसीना र आशीर्वाद मिसिएको हुन्छ । तर यो कुरा शोषकवर्गले कहिल्यै बुझ्न सक्दैन भन्ने युवकको अभिव्यक्ति श्रम र श्रमको मूल्यका दृष्टिकोणले निकै सशक्त रहेको छ । उसको यस अभिव्यक्तिले मार्क्सवादी सौन्दर्य चेतलाई अभिव्यक्त गरेको छ र आधारभूत वर्गका वर्गीय चरित्रलाई प्रस्तुत गरेको छ ।

यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासको चरित्र विधानमा शोषक र शोषित दुवै वर्गको उपस्थिति गराई तिनका वर्गीय प्रवृत्तिको उद्घाटन गरिएको छ । सामन्तवर्गमा वर्गविभेद र वर्गशोषणका प्रवृत्तिहरू देखिएका छन् । त्यसबाट सामन्त वर्गीय कुरूपता उद्घाटन भएको छ । त्यस्तै शोषित वर्गले आफ्नो श्रमको उचित मूल्य पाउन नसकेको अवस्थाको चित्रण गरिएको छ । तर उक्त वर्गमा वर्गचेतना जागृत भई तिनले वर्गविभेद तथा वर्गशोषणका विरुद्ध प्रतिरोधी चेतनाको विकास गरेको स्थिति देखाइएको छ । यसरी यस उपन्यासमा उच्च वर्गीय पात्रहरूका वर्गीय कुरूपता देखाउँदै तिनका प्रति पाठक वर्गमा घृणाभाव जगाइएको छ भने निम्नवर्गका पात्ररूमा वर्गीय चेतना जागृत गराई तिनमा प्रतिरोधी क्षमताको विकास गराइएको छ । यसबाट *घामका पाइलाहरू* उपन्यासका लेखकमा निम्नवर्गप्रति झुकाव रहेको देखिन्छ । अतः *घामका पाइलाहरू* उपन्यासको पात्र विधानमा वर्गीयता अभिव्यक्त भएको पाइन्छ ।

### २.४.४ घामका पाइलाहरू उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा वर्गीयता

*घामका पाइलाहरू* उपन्यासमा लेखकका विज्ञान, जीवन, जगत्, मृत्यु र श्रमसम्बन्धी विश्वदृष्किोण कतै उनकै विचारका रूपमा त कतै पात्र र परिवेशका माध्यमबाट प्रस्तुत भएको पाइन्छ । मूलतः यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास भएका कारण यसमा सोहीअनुरूपको लेखकीय विश्वदृष्टिकोण प्रस्तुत भएको छ । यस उपन्यासको मूल विषयवस्तु रेलवे विकाससँग सम्बन्धित भए तापनि त्यससँगै अन्तर्मिश्रित भएर सामाजिक जीवनका विविध यथार्थहरू आएका छन् । यस क्रममा उपन्यासमा विभिन्न वर्गका पात्रहरू र तिनका कथाहरू आएका छन् । उपन्यासमा उपस्थित वर्गहरूले आ-आफ्नै वर्गको पृष्ठपोषण गरेका छन् । त्यसैले उपन्यासको सुरुदेखि अन्त्यसम्म रेलवे विकास र विस्तार तथा त्यहाँ कार्यरत विभिन्न वर्गका पात्रहरूका वैचारिक दृष्टिकोणबाट नै उपन्यासको विश्वदृष्टिकोण निर्माण भएको छ ।

*घामका पाइलाहरू* उपन्यासको मूल कथावस्तु रेलवे विस्तारमा आधारित भएको र यससँग अमलेन्दु भट्टाचार्यको सम्बन्ध भएकाले उसको उच्च वर्गीय तथा भौतिकवादी विश्वदृष्टिकोण उपन्यासमा प्रस्तुत भएको छ । ऊ विज्ञान नै उन्नति र प्रगतिको सूचक हो भन्ने धारणा व्यक्त

गर्दछ । यति भएर पनि भट्टाचार्यका कतिपय भौतिकवादी विचारले निम्नवर्गको पृष्ठपोषण गरेको पाइन्छ । यस सन्दर्भमा मानिसको मस्तिष्कले नयाँ नयाँ कुराको आविष्कार गर्दै जाँदा पुराना कुराहरू विस्थापित हुँदै जान्छन् र मानवीय श्रम ओझेलमा पर्छ भन्ने भट्टाचार्यको प्रगतिवादी विचार उपन्यासमा यसरी व्यक्त गएिको छ :

> आदिमानव सभ्यताको अधिकांश जटिलता एउटा चक्काको आविष्कारले समाप्त गरिदियो । अनि त त्यस दिनदेखि सभ्यताको नयाँ शिखर भेट्टाउन र संस्कृतिको नौलो आयाम पाउन अनेक चक्रहरू घुम्न थाले -कुमालेको आँगनमा, यातायातको साधनमा र लकारखानाहरूमा । विज्ञान र प्राविधिकको प्रभावले गतिको विशाल छाल उर्लिंदै आइरहेछ । (गोतामे, २०३५, १८०)

भट्टाचार्यको यस भनाइमा वैज्ञानिक आविष्कारसम्बन्धी भौतिकवादी विश्वदृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उसका विचारमा फलामको आविष्कारसँगै विश्व इतिहासमा औद्योगिक विकासको चरणको थालनी भएको र यो क्रम समयको गतिसँगै तीव्र हुँदै जाँदा कुनै दिन फलामका गह्रौं कलकारखाना र मेसिनका सट्टामा रबरका हल्का र सुविधायुक्त मेसिनहरूको निर्माण हुनेछ भन्ने उसको दृष्टिकोण भौतिकवादी विश्वदृष्टिकोण हो । उसको यस विचारमा औधोगिक विकास र आधुनिक औजारहरूको आविष्कारको युगमा सबै काम मेसिनले गर्ने भएकाले मानवीय श्रम ओझेलमा पर्ने र यसले निम्न वर्गीय अदक्ष श्रमिकहरू झन जटिल समस्या भोग्न बाध्य हुने सङ्केत गरिएको छ । तर यसबाट मानव सभ्यता र संस्कृतिले प्रगतिका नयाँ आयामहरू प्राप्त गर्ने हुँदा यसले निम्न वर्गीय श्रमिकलाई पनि फाइदा नै हुने देखाइएको छ । उसको यस विचारमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ ।

अमलेन्दु भट्टाचार्य उच्च वर्गीय संस्कार र संस्कृतिमा हुर्के बढेको भएता पनि श्रमको मूल्यसम्बन्धी प्रगतिशील विचारधारा प्रस्तुत गर्छ । ऊ बिनापारिश्रमिक कसैलाई काम लगाउनु तथा कम पारिश्रमिकमा काममा पेल्नु भनेको श्रमको शोषण गर्नु हो भन्ने ठान्छ र यस्तो शोषणबाट मानवमा मानसिक विकृतिको जन्म हुन्छ, जीवनजगत् र समाजलाई हेर्ने दृष्टिकोणमा नकारात्मकताको वृद्धि हुन्छ (गोतामे, २०३५, पृ. १२०) भन्ने विचार व्यक्त गर्छ । यद्यपि उसको यस्तो वैचारिकता उसकै आदर्शमा मात्र सीमित रहन्छ । यसले मूर्त रूप लिन सक्दैन । त्यसैले उसको यस्तो विश्वदृष्टिकोणले उपन्यासमा प्रगतिशीलता प्राप्त गर्न सकेको देखिँदैन तापनि यसमा निम्न वर्गीय पक्षधरता भने प्रकट भएको पाइन्छ । जीवनसम्बन्धी आधुनिक विचारधारा अँगाल्ने भट्टाचार्य युवापुस्ताको मस्तिष्कले नयाँ विचार जन्माउने हुँदा उसले भाषाको बोझिलोपन हटाउनु पर्छ, सामान्य आदरार्थीको प्रयोग गर्नुपर्छ भन्ने दृष्टिकोण राख्छ । उसको यस विचारले नयाँ पुस्तामा विकसित हुँदै गएको वर्गीय समन्वयतर्फ सङ्केत गरेको छ ।

उपन्यासमा दुर्गानाथका माध्यमबाट मानवमुक्तिको सबैभन्दा ठुलो बाधक तत्त्व मृत्युभय भएको र त्यसबाट विजय पाउन नसके पनि मृत्युको भयलाई जित्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ । त्यसै गरी मृत्यु भयले मानवलाई कमजोर बनाउने हुँदा त्यसकै भयले मानिसले

आफूमाथि भएको अन्याय र शोषणको प्रतिकार गर्न सक्दैन (गोतामे, २०३५, पृ. २०८) भनिएको छ । यस उपन्यासमा मृत्युभयले अन्यायको प्रतिकार नगर्नु मानव संस्कृतिको विकासप्रक्रियालाई कुण्ठित तुल्याउनु हो, देश र समाजको हितका लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुनु हो भन्ने लेखकीय विचार दुर्गानाथका माध्यमबाट व्यक्त गरिएको छ । मानिस अन्यायबाट भागेर आफू बच्न सक्ला तर त्यसबाट समाजको हित कहिल्यै हुन सक्दैन भन्ने दुर्गानाथको वैचारिकताले उपन्यासमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत गरेको छ । त्यस्तै समाजमा वर्गीय धाक, रवाफ र धम्कीले तर्साएर गरिबलाई शोषण गर्ने गोमन सर्परूपी शोषकको जालवाट व्यक्ति उम्कन सके पनि त्यसबाट सिङ्गो समाजमा फिँजिएको वर्गीय शोषणको जरा उखेलेर समाजलाई पूर्णतः मुक्ति दिन सकिँदैन भन्ने वैचारिकता प्रकट गरिएको छ (गोतामे, २०३५, पृ. २०८) । दुर्गानाथका यस्ता विचारमा उपन्यासकारका जीवन, जगत्, समाज, मृत्यु र वर्गीय चिन्तनसँग सम्बन्धित प्रगतिशील दृष्टिकोण प्रकट भएको पाइन्छ ।

उपन्यासमा मानिसले बौद्धिक क्षमताअनुसार ज्ञान हासिल गर्छ । यसका लागि अवसरको आवश्यकता पर्छ । अवसरको प्राप्ति आर्थिक स्थितिले निर्धारण गर्छ भन्ने लेखकीय विचार गणेशीका माध्यमबाट प्रस्तुत गरिएको छ, जुन विचार वर्गसम्बन्धी वैचारिक दृष्टिले निकै वैज्ञानिक देखिन्छ :

> मेरो विचारमा यहाँ बस्नेजति सबैले आ-आफ्नो बुद्धिको भाँडो थापेका छन् । त्यसमा कसैल थोरै पाए होलान् कसैले धेरै । जसरी बाक्लो पानी पर्न थाल्दा कसैले गोडमेल गरेर विशाल खेत तयार पार्छ, कसैले करेसाबारी । केही नभएकाले गाग्री, लोटा र कचौरासमेत थाप्दछन् । सबैले आफूसित भएको पात्रअनुसार पानी पाउँछन् । थोरै पानी पाएको र धेरै पाएकोमा जसरी बादललाई दोष दिन सकिन्न त्यस्तै कसैले थोरै बुझ्न सकेकोमा पण्डित बाजेको के दोष ? (गोतामे, २०३५, पृ. २११)

गणेशीको यस वैचारिकतामा मान्छेले आफ्नो आर्थिक क्षमताअनुसार ज्ञान आर्जनको अवसर प्राप्त गर्छ र त्यसैअनुसार उसको चेतनाको विकास हुन्छ भन्ने भाव व्यक्त भएको छ । यसरी धनीगरिब सबैमा ज्ञानको भण्डार हुन्छ, त्यसको मात्राचाँहि फरक हुन्छ भन्ने लेखकीय विश्वदृष्टिमा वर्गका प्रकारलाई सङ्केत गरिएको छ ।

गर्मी, शीतल, रापताप प्रकृतिका मौलिक सौन्दर्य हुन् । यिनलाई कसरी पारख गर्ने भन्ने कुरा मान्छेको मानसिकताले निर्धारण गर्छ भन्ने विचार उपन्यासमा व्यक्त गरिएको छ । मानसिकता सकारात्मक छ भने मान्छेले प्रकृतिका सकारात्मक नकारात्मक सबै पक्षलाई सहजै पचाउँछ । तराईका गरिब मानिसलाई पशुभन्दा तुच्छ ठान्ने र तराईलाई नर्क ठान्ने डाक्टर पत्नी विस्तारै सबै वर्गका मानिसहरूसँग मित्रवत् व्यवहार गर्न थाल्छे । ऊ गर्मीले पोले पनि बाहिरमात्र पोलेको मन नपोलेको बताउँछे । शरीरमा छुट्ने पसिनाधारालाई पहाडबाट झर्ने खोलानालाजस्तै सहज ठान्छे । हाडसमेत पगाल्न सक्ने घामको तेजमा कोदाली मच्चाएर पसिनाले निथ्रुक भिजेको पतिलाई खाजा खुवाएर सन्तुष्ट भएर फर्केकी श्रीमतीलाई देखेर आनन्द मान्छे (गोतामे, २०३५, पृ. १९६, १९७) ।

यसरी डाक्टर पत्नीको मानसिकतामा आएको परिवर्तन, श्रमिक वर्गप्रतिको सम्मानभाव तथा प्राकृतिक सौन्दर्यप्रतिको दृष्टिकोणले निम्न वर्गीय पक्षधरता प्रकट गरेको छ ।

यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासमा लेखकीय वैचारिकता कतै लेखककै माध्यमबाट त कतै पात्रहरूका माध्यमबाट र कतै परिवेशका माध्यमबाट अभिव्यक्त भएको छ । उक्त वैचारिकताले वर्गीय आदर्श, सामन्तवादी वर्गको पृष्ठपोषण तथा वर्गशोषण र वर्गविभेद प्रस्तुत गरेको छ । यसले वर्गीयता प्रकट गरेको छ ।

### २.४.५ घामका पाइलाहरू उपन्यासको परिवेशमा वर्गीयता

परिवेशगत दृष्टिले हेर्दा *घामका पाइलाहरू* उपन्यासमा तराईको आञ्चलिक परिवेशको प्रयोग गरिएको छ । यसको मुख्य कार्यस्थल रेलवे स्टेसन भएको तराईको वीरगञ्ज सहर हो । यद्यपि उपन्यासममा प्रयुक्त सहरलाई वीरगञ्ज भनेर कतै उल्लेख गरिएको छैन तर उक्त सहर वीरगञ्ज नै भएको कुरा भट्टराईको यस भनाइले पुष्टि गरेको छ :

> उपन्यासकारले सहरको नाम उल्लेख नगरी उपन्यासको कथानकको अन्त्य गरे पनि वर्णित घटना, स्थान आदिका कारणले यो सहर नेपालको मध्य तराईको वीरगञ्ज सहर नै हो भनेर किटान गर्न सकिन्छ । पुष्टिका लागि उपन्यासमा अमलेखगन्ज, सिमरा, जितपुर, परवनीपुर आदि स्थानहरूका प्रसङ्गहरू पनि आएका छन् । (२०६४, पृ. ४७)

भट्टराईको उपरोक्त टिप्पणीले र उपन्यासमा प्रयोग भएका वीरगन्ज आसापासका स्थानहरूका आधारमा *घामका पाइलाहरू* उपन्यासको मुख्य कार्यस्थल वीरगन्ज नै भएको पुष्टि हुन्छ । अतः उपन्यासको सम्पूर्ण कथावस्तु वीरगञ्ज सहरको आञ्चलिक परिवेशमा आधारित हुनाका साथै उपन्यासका अधिकांश चरित्रहरू रेलवे स्टेसन र त्यसको आसपासको स्थलसँग सम्बद्ध छन् । समयगत दृष्टिले हेर्दा उपन्यासमा राणाशासन कालको अन्त्यतिर देवशमशेरको पदच्युतको समय र चन्द्रशमशेरको शासन कालको समय रहेको देखिन्छ । "केवल बिरामी कुरुवाजस्तै तेन्ह वर्षसम्म यस सहरमा बसिरह्यौं" (गोतामे, २०३५, पृ. २२९) भन्ने पीताम्बरको भनाइले उपन्यासले मोटामोटी तेह वर्षको समयावधि ओगटेको स्पष्ट हुन्छ । उपन्यासको परिस्थिति भनेको रेलको आगमनले वीरगञ्जमा क्रमशः नगरीकरण तथा सहरीकरणको प्रक्रिया सुरु भएको अवस्था छ । वर्गीय दृष्टिले यस उपन्यासमा रेलवेको विकास र त्यससँग सम्बद्ध विभिन्न वर्गका मानिसहरूको उपस्थिति रहेको छ । मूलतः यस उपन्यासमा उच्च, मध्यम, निम्नमध्यम तथा निम्नवर्गका मानिसहरूको उपस्थिति रहेको छ । त्यस्तै उपन्यासमा राणाशासनको ऐतिहासिक सन्दर्भद्वारा दलाल पूँजीपति वर्गको समेत उपस्थिति रहेको देखाइएको छ । अतः *घामका पाइलाहरू* उपन्यासको परिवेशलाई वर्गीयतापरक दृष्टिले समेत विवेचना गर्न सकिन्छ ।

विवेच्य उपन्यासमा सामाजिक परिवेशको चित्रण गरिएको छ । यसको समाज विभिन्न वर्गका चरित्रहरू र तिनको कथाद्वारा निर्मित भएको छ । उपन्यासको प्रमुख पात्र भट्टाचार्यको लवाइखुवाइ, बोलचाल, जीवनशैली, बस्ने क्वाटर, त्यहाँ भित्र राखिएका सामान, बगैंचा र त्यसको

निर्माणशैली आदिले अभिजात्य परिवेशलाई देखाएको छ । घरका सानादेखि ठुला काम गर्न नोकरचाकरको बन्दोबस्ती हुनु, गृहप्रवेश हुनासाथ स्वच्छ ह्विस्की सेवन गर्नु, पाहुनाहरूलाई फलफूल र मट्टीतेलबाट चल्ने फ्रिजमा राखेको शीतल शर्बतले स्वागत गर्नुजस्ता गतिविधि उच्च वर्गीय संस्कृतिभित्र पर्छन् । त्यसै गरी छोरीलाई उच्च शिक्षा दिनु, निर्धक्क केटासाथी बनाउन र ऊसँग स्वतन्त्र रूपले हाँसो ठट्टा गर्दै चिया पसल जान र सहर घुम्ने छुट दिनु जस्ता क्रियाकलापले उपन्यासको उच्च वर्गीय परिवेशलाई देखाउँछ । भट्टाचार्यले रेलवेका स्टाफहरूको स्तरअनुसार विभिन्न श्रेणीका क्वाटरहरू निर्माण गराएको छ । निम्नवर्गप्रति सधैं दुरी राख्ने तथा रेलवेप्रति जनतामा विश्वास जगाउन त्यहाँका कर्मचारीहरूको चारित्रिक स्वच्छता अत्यन्त महत्त्वपूर्ण हुन्छ भन्ने ठान्ने भट्टाचार्यमा उच्च वर्गीय संस्कृति पाइन्छ । तर ऊ पण्डित दुर्गानाथसँग आर्थिक हैसियत ठ्याम्मै नमिले तापनि उसलाई अत्यन्त आदर गर्छ, अणुलाई पवनसँग पढ्ने व्यवस्था गर्छ । भट्टाचार्यले पीताम्बरलाई सेठले ठगेकामा दुःख व्यक्त गर्नुका साथै निम्न वर्गीय र अशिक्षित गणेशीको सहृदयता पहिचान गरेको छ । भट्टाचार्यका यस्ता गतिविधि देखाएर उपन्यासमा उसको चरित्रको आदर्शीकरण गरिएको छ । यसबाट सामन्तवर्गको पृष्ठपोषण भई उपन्यासले सामन्ती परिवेश निर्माण गरेको छ ।

उपन्यासको अर्को उच्च वर्गीय पात्र डाक्टर वर्गीय रूपमा मात्र नभएर शिक्षा र पेशाले समेत आफूलाई उच्च र सम्भ्रान्त सम्झन्छ । सधैं सूट र टाई लगाएर टिलिक्क परेर हिड्ने, आफूलाई रङ्गमञ्चको प्रमुख नायकजस्तो कृत्रिम गाम्भीर्य देखाएर हिड्ने डाक्टर बाजेले हिराका टाँकजडित कोट लगाएर महाराजको चाकडीमा जाने गरेको कुरा गर्छ । उसको बाबु सुनको टाँकमा ओर्लिएको र आफूले चाहिँ शिशाका टाँकवाला कोटमा चित्त बुझाउनु परेको बताउँदै वर्गीय धाक देखाउँछ (गोतामे, २०३५, पृ. १३०) । डाक्टरले श्रीवास्तवका गालामा थप्पड लगाएको घटनापछि त्यसको बदला लिन गणेशीले उसका घरका नोकरचाकर निकालेर नाकाबन्दी लगाई दिएपछि न्याय माग्न ऊ भट्टाचार्यका क्वाटरमा पुग्छ । अमलेन्दुले श्रीवास्तवसँग माफी माग्नुको विकल्प नरहेको बताएपछि ऊ आफू वर्ग र शिक्षा दुवै दृष्टिले श्रीवास्तवभन्दा उच्च भएको वर्गीय अहम् यसरी व्यक्त गर्छ– “श्रीवास्तवको अर्घेल्याइँ पनि सरले बुझिदिनुपर्छ । त्यो जँड्याहा र जुवारी काइते हो । म खानदानी उच्चशिक्षा पाएको युवक हुँ । तपाईले के दुवैलाई एउटै ढकले तौल गर्नु ठीक हो” ( गोतामे, २०३५, पृ. १३३) ? भन्ने डाक्टरको यस अभिव्यक्तिले उपन्यासमा उच्च वर्गीय अहम् अभिव्यक्त भएको देखिन्छ । तर जब उसले त्यस समाजमा रहेका निम्नमध्यम र निम्नवर्गका मानिससँग नमिलिकन त्यहाँ निर्वाह चल्दैन भन्ने बुझेर श्रीमान् श्रीमती दुवै त्यस समाजका सबै वर्गका मानिसहरूसँग मिलेर बस्न थाल्छन् उनीहरूको जीवन अत्यन्त सुन्दर बन्छ । यसबाट के देखिन्छ भने समाजमा निर्वाह चलाउन सबै वर्गले एकअर्कामा सुमधुर सम्बन्ध कायम गर्नु जरुरी छ र उपन्यासमा त्यहीअनुरूपको परिवेश निर्माण पनि गरिएको छ । अतः उपन्यासको यस परिवेशले आधारभूत वर्गका अभिलक्षण देखाए तापनि अन्ततः वर्गसमन्वयको परिस्थिति निर्माण गरेको छ ।

*घामका पाइलाहरू* उपन्यासमा राणाशासन कालको प्रसङ्ग ल्याएर दलाल पूँजीपति वर्गको उपस्थिति देखाइएको छ । त्यो वर्ग आफ्नो निजी स्वार्थ पूरा गर्न निम्नवर्गमाथि अत्यन्त शोषण गर्छ । आफूलाई भारत आवतजावत गर्न कठिन नहोस्, बाटामा पर्ने तराईमा औलाले नसमातोस् भनेर उनीहरूले बीरगञ्ज रेलसेवाको व्यवस्था गरेका हुन् । चारकोशे झाडीमा लिक ओछ्याउने क्रममा औलाको डर र खेतीको बेला परेकाले काम छाडेर हिडेका श्रमिकहरूलाई कोर्रा ठोक्दै डोरीले बाँधेर काममा फर्काइएको छ र काम पूरा नहुन्जेल पालोपहरामा राखेर काम गराइएको छ (गोतामे, २०३५, पृ. ३८) । यो अवस्था श्रमशोषणको निन्दनीय अवस्था हो । त्यस्तै बिहान झिसमिसेदेखि खान पिउन त्यागेर साहुका काममा खटिरहने पीताम्बरलाई मासिक तीस रूपयाँ मात्र तलब दिएर सधैं शोषण गर्नु, उसको अवैधानिक धन्धाप्रति सहमति नजनाउँदा नोकरीबाट निकाल्नुजस्ता घटनालाई श्रमको ज्यादै ठुलो शोषणको रूप मान्न सकिन्छ । यस्ता घटनाहरूद्वारा उपन्यासमा उच्चवर्गप्रति निम्नवर्गमा घृणा जागृत हुने परिस्थिति निर्माण भएको छ । तर उपन्यासमा त्यस्ता घटनाहरूको खुलेर विरोध नहुनुले उपन्यासमा वर्गसङ्घर्ष तथा वर्गद्वन्द्वको स्थिति नभएको देखिन्छ । यसो भए पनि उपन्यासमा उच्चवर्गप्रति निम्नवर्गका मानसिकतामा घृणाभाव जगाई उक्त वर्गप्रति विद्रोही चेतना जागृत गराउने परिवेश तयार गरिएका कारण उपन्यासमा वर्गीयता अभिव्यक्त भएको पाइन्छ ।

उपन्यासमा निम्नमध्यम तथा निम्न वर्गीय धरातलका पीताम्बर, रमानाथ वा गणेशी, रामधनी, जीतु र अरू सबैजसो पात्रहरूमा तिनले शोषित हुनुपर्ने परिवेशहरू सहजै निर्माण भएका छन् । यी सम्पूर्ण पात्रहरू उत्पादनका साधनको अभावकै कारण शोषणको चपेटामा परेका छन् । तिनीहरूले आफूमाथि भएको शोषणको खुलेर, घुमाउरो रूपमा वा मानसिक जुनसुकै रूपमा भए पनि प्रतिकार गरेका छन् । उपन्यासमा प्रतिबिम्बित यस्तो परिस्थितिले मुख्य वर्गहरूबिचको शत्रुतापूर्ण सम्बन्धलाई सङ्केत गरेको छ । यद्यपि उपन्यासमा वर्गसङ्घर्षका खासै सङ्केतहरू देखिएका छैनन, सामान्य वर्गचेतना र प्रतिरोधी चेतनाको सङ्केत मात्र देखिएको छ । यसो भए तापनि त्यसले समाज परिवर्तनका सङ्केतहरू केही न केही मात्रामा देखाएकै छन् । यसरी उपन्यासमा शोषित वर्गीय पात्रहरूमा वर्गीय चेतना जागृत भएको र उनीहरूले आफूमाथि भएको शोषणको विरोध गरेको प्रसङ्गले समाजमा वर्गद्वन्द्व र सङघर्षका झिल्काहरू फैलन थालेको स्थितिचाहिँ देखाएको छ ।

वस्तुतः *घामका पाइलाहरू* उपन्यासमा उच्च वर्गीय भट्टाचार्य र शालीन व्यक्तित्वका धनी दुर्गानाथ तथा इमानदार र लगनशील पवन अनि आधुनिक विचारधारा बोकेकी अणुबिचको आत्मीय व्यवहार र एक अर्काप्रतिको सम्मानजनक सम्बन्ध कायम गर्ने उचित वातावरण निर्माण गरिएको छ । डाक्टर र श्रीवास्तवबिचका द्वन्द्व, गणेशी र अमलेन्दुबिचका वर्गीय घृणाले उपन्यासमा वर्गबिचका असमझदारीपूर्ण सम्बन्ध निर्माण गर्ने परिवेश तयार गरिएको छ । तर उपन्यासको अन्त्यमा गणेशीले भट्टाचार्यलाई सहयोग गरी जीवनदान दिएको परिस्थिति निर्माण गरिएको छ । त्यस्तै डाक्टरलाई श्रीवास्तवसँग माफी मगाई उसकी पत्नीलाई गाउँका सर्वसाधारण मानिसहरूसँग सुमधुर सम्बन्ध कायम गर्न बाध्य बन्नु पर्ने परिस्थिति निर्माण गरिएको छ । यसले उच्चवर्गको निम्नवर्गप्रतिको

परनिर्भरतालाई सङ्केत गरेको छ । यसले वर्गीय समन्वयलाई सङ्केत गरेको छ । यिनै विभिन्न परिस्थितिले उपन्यासमा परिवेशगत वर्गीयता प्रकट गरेका छन् ।

### २.४.६ घामका पाइलाहरू उपन्यासको उद्देश्यमा वर्गीयता

*घामका पाइलाहरू* सामाजिक यथार्थवादी धाराको उपन्यास भएकाले यसमा समाजका यथार्थ घटनाहरू प्रस्तुत गरिएको छ । यही नै यस उपन्यासको मुख्य उद्देश्य हो । त्यस्तै यस उपन्यासमा समाजका विभिन्न विकृति र विसङगतिलाई आलोचनात्मक रूपले हेरिएको छ । त्यस्तै रेलवेको विकाससँग सम्बन्धित भएर उपन्यासमा आएका विभिन्न वर्गका चरित्रबिचको अन्तर्सम्बन्ध र विरोध, त्यसले समाज र उत्पादन प्रणालीमा पारेको असरजस्ता विषयलाई प्रस्तुत गर्नु पनि यस उपन्यासको अर्को उद्देश्य रहेको छ । आञ्चलिक परिवेशमा रचित यस उपन्यासमा आञ्चलिक उपन्यासले अपेक्षा गर्ने वर्ग र व्यक्ति पात्र दुवै रहेका छन् । अतः यस उपन्यासको उद्देश्यलाई वर्गीयतापरक दृष्टिले हेर्नु उपयुक्त देखिन्छ ।

*घामका पाइलाहरू* उपन्यासमा भट्टाचार्य, अणु र डाक्टरजस्ता उच्च वर्गीय पात्रहरू, श्रीवास्तव, द्वारिका र रमानाथ जस्ता मध्यम वर्गीय पात्र तथा दुर्गानाथ, पीताम्वर र गणेशी आदि निम्न मध्यम वर्गीय पात्रहरू र रामधनी, जितु र मेहतर्नी जस्ता निम्न वर्गीय श्रमजीवी पात्रहरू रहेका छन् । त्यस्तै यस उपन्यासमा राणाशासन कालको प्रसङ्ग जोडेर दलाल पूँजीपति वर्गको उपस्थिति पनि गराइएको छ । त्यसै गरी मानवता र नैतिक मर्यादासमेत बिर्सेर श्रमको शोषण गर्ने तथा रातारात कालाबजारिया गरेर अकूत सम्पत्ति थुपार्ने सेठजस्ता शोषक पात्रहरू पनि छन् । तिनीहरूका बिच कतिपय स्थानमा अन्तर्विरोधात्मक सम्बन्ध छ भने कतिपय अवस्थामा समझदारीपूर्ण सम्बन्ध पनि देखिएको छ । अमलेन्दु भट्टाचार्य र दुर्गानाथबिच वर्गीय विषमताको खाडल अन्यन्त गहिरो छ तर आत्मीय सम्बन्ध भने ज्यादै घनिष्ठ रहेको छ । उनीहरू वर्गीयताका कुनै सङ्केत नदेखाई आ-आफ्ना अनुभवहरू साटासाट गरेर सम्पूर्ण पाठकवर्गलाई लावान्भित बनाउँछन् । अणु र पवनको अवस्था पनि त्यस्तै रहेको छ । अणु पवनको परिवारको आर्थिक अवस्था बुझेरै पनि ऊसँग आदर्श प्रेम गर्छे । पवनलाई आत्मादेखि नै मनपराउँछे । पवन र अणुको विषयलाई लिएर गाउँका आइमाईहरूले जिस्क्याउँदा पवनकी आमा हुनै नसक्ने कुरालाई लिएर आफूलाई उपहासको पात्र नबनाउन अनुरोध गर्छे । पवनकी आमाको यस भनाइबाट अणुलाई गहिरो पर्छ । उक्त कुरा उसका निम्नलिखित भावबाट बुझ्न सकिन्छ :

> हुनै नसक्ने कुरा किन भनेको पवनकी आमाले ? हाम्रो बिचको जातीय असमानता र सामाजिक निषेधको परिप्रेक्षमा यो भनिएको हो, वा यो उनको आफ्नै नकारात्मक अठोट हो ? निजी रूचि नै भए किन उनको रोमरोमबाट मप्रति स्नेहको अविरल धारा फुटेजस्तो हुन्छ ? किन उनको मायालु स्पर्शले मउपर अबोला आर्शीवादको ओइरो लाईदिएजस्तै लाग्छ ? किन उनी पवनसित मेरा कुरा उठाएर ठट्टा गर्छिन् र मसित भेट गर्नका लागि बारम्बार भनिरहन्छिन् ।
>
> (गोतामे, २०३५, पृ. १९९)

अणुको यस प्रकारको सोचाइमा पवनप्रतिको उसको प्रेम तथा पवनको परिवारप्रतिको सम्मानभाव प्रकट भएको पाइन्छ । उसले पवन र आफूबिचको वर्गीय तथा जातीय असमानतालाई बुझेर पनि पवन र उसका परिवारको सामीप्यको चाहना राखेकी छ । पवनकी आमाको उसप्रतिको सकारात्मक व्यवहार नियालेर त्यसलाई आलोचनात्मक विश्लेषण गर्दै सन्तोषजनक निष्कर्ष निकालेकी छ । यसबाट उच्चवर्ग र निम्नमध्यम वर्गबिचको अन्तर्सम्बन्ध सौहार्दपूर्ण रहेको स्पष्ट हुन्छ ।

अमलेन्दु भट्टाचार्यको गणेशीप्रतिको दृष्टिकोण तथा डाक्टरको श्रीवास्तवप्रतिको सोचाइले उपन्यासमा वर्गीय तीक्तता देखाएको छ । त्यस्तै गणेशीले भट्टाचार्यलाई भट्टीचार्य तथा बुढो स्याल भन्नु अनि पीताम्बरले दुर्गानाथले भट्टाचार्यलाई असल र भलादमी मानिस भनेकामा व्यङ्ग्य गर्नु, अणु र पवनबिच झाँगिँदै गएको सम्बन्ध र पवनले अणुलाई पढाउन जाने कुरा मन नपराउनुले उपन्यासमा वर्गीय तिक्ततालाई नै सङ्केत गरेको छ । सेठसँग द्वन्द्व हुनु, मध्यम वर्गीय श्रीवास्तवको कुरा सहरभरिका मानिसहरूले काट्नु, रामधनीले डाक्टरका घरमा काम छाडेको कारण अदवसाथ भन्नु जस्ता प्रसङ्गहरूले उपन्यासमा वर्गवर्गबिच अन्तर्विरोधात्मक सम्बन्ध भएको स्पष्ट हुन्छ तापनि अमलेन्दु भट्टाचार्यले गणेशीको अन्तर्हृदयको पहिचान गर्नु, डाक्टरले श्रीवास्तवसँग माफी माग्नु, उसकी पत्नी गाँउले महिलाहरूसँग रमाउन थाल्नु जस्ता घटनाले उपन्यासमा वर्गसमन्वयको स्थितिसमेत रहेको देखाएको छ । उपन्यासमा प्रयुक्त घटनाहरूका माध्यमबाट समाजमा सामाजिक सदभावको विकास गरी समाजलाई उन्नति र प्रगतिपथमा लम्काउन तथा उत्पादन प्रणालीको विकास गरी सामाजिक परिवर्तन गर्न हरेक वर्गबिच अन्तर्समन्वयको आवश्यकता पर्छ भन्ने कुरा देखाइएको छ । यो *घामका पाइलाहरू* उपन्यासको महत्त्वपूर्ण उद्देश्य हो । उपन्यासको उक्त उद्देश्यले वर्गीयतालाई प्रतिबिम्बित गरेको छ ।

उपन्यासमा पतनशील बुर्जुवावर्गप्रति घृणा र सर्वहारावर्गप्रति सहानुभूति देखाइएको छ । यो उपन्यासको अर्को महत्त्वपूर्ण उद्देश्य हो । उपन्यासको यस उद्देश्यमा वर्गीयतापरक दृष्टिकोण प्रस्तुत भएको छ । मानव मानवबिच वर्गीय सम्बन्ध मात्र हुँदैन, मानवीय सम्बन्ध पनि हुन्छ तर औलाको महामारीबाट तर्सिएर भागेका मजदुरहरूलाई कोर्रा लगाउँदै काममा फर्काउनु र तिनलाई काम नसकुन्जेल बधुँवाजस्तो गरेर राख्नुजस्ता क्रियाकलापले बुर्जुवावर्गप्रति पाठकमा घृणाभाव जागृत भएको छ (गोतामे, २०३५, पृ. ३८) । त्यस्तै दिनरात नभनी माल गोदाममा खटिरहने पीताम्बरले आफ्नो अवैद्य व्यापारमा साथ दिएन भनेर मानवता नै बिर्सेर नोकरीबाटै निकाल्नु सेठको अमानवीय कार्य हो । सेठको यस्तो हर्कतप्रति द्वारिका मास्टरले विरोध गरेको छ । “म प्रथम पङ्क्तिका कामदारका रूपमा पहिले उसको विश्वास आर्जन गर्ने थिएँ र त्यही पङक्तिबाट उसको अनैतिक गढउपर प्रहार गरेर सबै चकनाचुर पारिदिने थिएँ” (गोतामे, २०३५, पृ. १६५) भन्दै उसले उच्च वर्गीय शोषण र कुरूपताप्रति विरोध जनाएको छ । यसबाट सम्पूर्ण पाठकवर्गमा सेठप्रति घृणाभाव जागृत भएको छ । यसरी पतनशील बुर्जुवावर्गप्रति पाठकमा घृणाभाव जागृत गराउनु उपन्यासको अर्को महत्त्वपूर्ण उद्देश्य हो । उपन्यासको यस्तो उद्देश्य वर्गीयतापरक दृष्टिले महत्त्वपूर्ण छ । त्यसै गरी शोषणको रूप सङ्गठनात्मक

हुने हुँदा त्यसको प्रतिकार पनि साङ्गठनिक रूपमा गर्नुपर्छ भन्ने वर्गीय एकताको सन्देश दिनु पनि उपन्यासको उद्देश्य रहेको छ । त्यसैगरी शत्रुले दुःख दियो भनेर तुरुन्त आक्रमण गर्नु वा प्रतिशोध लिनु हुँदैन उसलाई घुमाई घुमाई बदला लिनुपर्छ भन्ने भाव गणेशीले श्रीवास्तवको नोकर जीतुलाई 'सर्पले टोक्यो भनेर त्यसलाई झट्ट मार्दैनन् । सर्प जिउँदो भएमा नै विष झार्न सकिन्छ' (गोतामे, २०३५, पृ. ९४) भन्दै शत्रु चिनियो भने मात्र उसलाई कस्तो प्रतिशोध लिने भन्ने कुराको निधो गर्न सकिन्छ भन्ने भाव व्यक्त गरेको छ । उपन्यासकारका यी र यस्तै उद्देश्यहरूमा वर्गीयता प्रकट भएको पाइन्छ ।

## २.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको अन्तर्वस्तुमा वर्गीयता

यहाँदेखि त्यहाँसम्म उपन्यासको अन्तर्वस्तुमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्न विवेच्य उपन्यासको कृतिगत सन्दर्भ प्रस्तुत गर्दै अन्तर्वस्तुका आधारभूत तत्त्वहरूलाई प्रमुख आधार बनाइएको छ ।

### २.५.१ कृतिगत सन्दर्भ

ध.च. गोतामको *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा विपुलानाथ नामक जमिनदारले जङ्गबहादुरबाट विर्तास्वरूप प्राप्त गरेको मुर्कीपलियाको जमिनमा आफ्नो अनुकूलको बस्ती बसाएको प्रसङ्ग, त्यहाँको जनजीवन, सामन्ती प्रथा आदि विषयवस्तु प्रस्तुत गरिएको छ । उच्च, मध्यम, निम्नमध्यम र निम्नवर्गका व्यक्ति तथा वर्ग पात्रहरू प्रयोग भएको यस उपन्यासमा ग्रामीण परिवेशको प्रयोग गरिएको छ । यो आञ्चलिक परिवेशमा सिर्जित उपन्यास हो । ग्रामीण समाजको सामाजिक यथार्थ प्रस्तुत गर्दै त्यहाँका सीधासादा गरिब र निमुखा श्रमजीवीहरूलाई चुसेर कीर्नोझैँ मोटाएका सामन्तहरूका शोषण र दमनमुखी गतिविधिको चित्रण गर्ने उद्देश्यले लेखिएको यस उपन्यासमा वर्गीयताका विभिन्न सङ्केतहरू देखिएका छन् । अन्तर्वस्तुका आधारमा *यहाँदेखि त्यहाँसम्म* उपन्यासको वर्गीयतापरक विश्लेषण उपशीर्षकको यस परिच्छेदमा विवेच्य उपन्यासका पात्रहरूबिचको वर्गीय सम्बन्ध, वर्गविभेद तथा वर्गशोषणको स्थिति देखाउँदै तिनमा जागृत भएको वर्गचेतना र प्रतिरोधी चेतनाको खोजी गरिएको छ । विवेच्य उपन्यास सामाजिक यथार्थवादी उपन्यास भएकाले यो उपन्यास वर्गद्वन्द्व र वर्गसङघर्ष देखाउने उद्धेश्यले लेखिएको उपन्यास होइन तापनि यसमा कतै कतै सूक्ष्म रूपमा वर्गद्वन्द्व र वर्गसङ्घर्षका सङ्केत देख्न सकिन्छ । अतः उपन्यासमा प्रतिबिम्बित यिनै वर्गसम्बन्धी विविध पक्षहरूको खोजी गर्दै अन्तर्वस्तुका आधारभूत तत्त्वहरू कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण परिवेश र उद्देश्यका आधारमा उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएको छ ।

### २.५.२ यहाँदेखि त्यहाँसम्म उपन्यासको कथावस्तुमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जङ्गबहादुरका भान्साका डिट्ठा बिपुलानाथले जङ्गबहादुरलाई रिझाएर बिर्तास्वरूप प्राप्त गरेको मुर्की नदीपारिको फाँटमा नयाँ बस्ती बसाएको र उनका तीनपुस्ते सन्दर्भहरू जोडेर बिपुलानाथका नाति भद्रनाथले त्यस गाँउमा देखाएको सामन्ती अहम्पनलाई मूल विषयवस्तु बनाइएको छ । त्यस्तै जङ्गबहादुर र चन्द्रशमशेरका प्रसङ्गहरू जोडेर उपन्यासमा

ऐतिहासिक विषयवस्तुको पनि प्रयोग गरिएको छ । यस क्रममा जङ्गबहादुर र चन्द्रशमशेरको विलासी जीवनशैली, जनताप्रतिको शोषण, त्यसले सर्वसाधारणमा पारेको नकारात्मक प्रभावजस्ता विषयले उपन्यासको कथावस्तुलाई अगाडि बढाएका छन् । मूलतः यस उपन्यासको कथावस्तु मूल कथावस्तु, सहायक कथावस्तु र अन्तर्कथावस्तुको सम्मिश्रणबाट निर्माण भएको छ । बिपुलानाथले बसाएको बस्ती मुर्कीपलियामा उनले आफ्नो पूर्वथलो मकवानपुरबाट नयाँ गाउँमा आवश्यक पर्ने विभिन्न जाति र पेशाका मानिसहरू ल्याएर, आवश्यक पूर्वाधारहरू निर्माण गरी त्यहाँको सामाजिक संरचना तयार गरेका थिए । उनका तीनपुस्तासँग सम्बन्धित यस उपन्यासको कथावस्तुमा बिपुलानाथका नाति भद्रनाथको जीवनको व्यापकतालाई समेटेर मुख्य कथावस्तुको निर्माण गरिएको छ ।

विवेच्य उपन्यासमा भद्रनाथको कथाभित्र अन्य कथाहरू अर्न्तमिश्रित भएका छन् । अतः उसैको कथा उपन्यासको मूल कथा हो । भद्रनाथको बाल्यकाल, भाखी गुरुसँगको अध्ययन, सहपाठी कृष्णात्रेलाई दिएको यातना, पार्वतीसँगको आकर्षण, उसलाई प्राप्त गर्न नसकेपछि गरिएका षड्यन्त्रहरू, पार्वतीको भद्रनाथप्रतिको प्रहार, भद्रनाथ र गौरीको वैवाहिक प्रसङ्ग, नथुनी साहुको असफल डुङ्गा व्यावसाय, भद्रनाथद्वारा असुर्फी साहुका ज्वाइँमाथिको निर्घात पिटाइ, त्यसको प्रतिरोधमा भद्रनाथले देखाएको मूर्ख्याइँपूर्ण गतिविधि, ज्वाइँको पिटाइको बदलामा असुर्फीका डाकाद्वारा भद्रनाथको रामधुलाई, आफ्नो अहम् रक्षाका निम्ति गौरीलाई जर्नाघरमा पुऱ्याई यातना दिएको प्रसङ्ग, चन्द्रशमशेरको सवारी, उनीबाट भद्रनाथ अपमानित हुनुपरेको र कृष्णात्रे र भाखी गुरू सम्मानित भएका प्रसङ्ग आदि उपन्यासमा उल्लेख गरिएको छ (गोतामे, २०७७, पृ. २७५, २७६) । त्यस्तै भद्रनाथको दोस्रो विवाह, द्वितीय पत्नी दुर्गीले उसको मानसिकतामा ल्याएको परिवर्तन र गौरीसँगको भद्रनाथको पुनर्मिलन जस्ता प्रसङ्गहरूले उपन्यासमा भद्रनाथको कथावस्तु तयार भएको छ । वर्गीय अहम्ले मदमत्त भद्रनाथले आफ्नो अहम् बचाउन गौरीलाई जर्नाघरसम्म पुऱ्याए पनि दुर्गीसँगको विवाहपछि उसमा ठुलो परिवर्तन आएको छ । सुरू सुरूमा महुवाका रूखमुनि बसेर बाटो हिड्ने बटुवालाई त्राहि त्राहि पार्ने भद्रनाथ क्रमशः गल्दै गएको देखाएर उपन्यासकारले वर्गपतनको अवस्थालाई समेत सङ्केत गरेका छन् । यसबाट उपन्यासमा वर्गीयताको सङ्केत देखिएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा असुर्फी साहु, भारवी गुरु, कृष्णात्रे, पार्वती, हर्चन, पुजारी गजाधर तथा दुर्गीका कथा सहायक कथा हुन् । असुर्फीको कथाले भद्रनाथको कथालाई गति प्रदान गर्न सहयोग गरेको छ । गाउँका निम्न वर्गीय श्रमिकहरूलाई शोषण गर्ने तर सम्पत्ति निर्माणका सिलसिलामै भए पनि आफूलाई केही जनहितका काममा लगाउने असुर्फीको कथा उसका बाबु नथुनीबाट नै सुरु भएको छ । नथुनीले तीयर नदीमा जलमार्ग निर्माण गरी नाउ चलाएर कुनै अनकन्टार र निर्जन द्वीपबाट हीरा ल्याउने सपना देख्यो तर नदीमा सबै नाउहरू डुबेर धेरै माझीहरूको ज्यान गएपछि उसको सपना चकनाचुर भयो (गोतामे, २०७७, पृ.) । त्यसैले ऊ पनि मृत्यवरण गर्न पुग्यो । बाबुका तिनै बेकम्बा नाउहरू जोडेर तीयर नदीमा पुल बनाई जगात् उठाएर व्यापार गर्नु, गाउँका कृषकहरूलाई बजार आवतजावत गर्न सहज पार्नुले असुर्फीले जनहितको कार्य

गरेको देखाउँछ । त्यस्तै भद्रनाथले जुवाइँलाई निर्घात कुटेको घटनाको बदला लिन डाकाहरूद्वारा उसलाई बेस्मारी पिटाउनु, सङ्गीत सम्मेलनको आयोजना गर्नु, त्यस समारोहमा कृष्णात्रेलाई हिन्दूस्थानी गायकहरूद्वारा हराई आफ्नो अहम्को तुष्टि लिन खोज्नु तर उसैको सङ्गीत समारोहबाट कृष्णात्रेको सङ्गीत कलाले प्रचारप्रसार हुने अवसर प्राप्त गर्नु, आफूसँग बदला लिन भद्रनाथले गौरीलाई हतियार बनाएकामा आफू दोषी भएको ठहर गरी पश्चताप गर्नु जस्ता गतिविधिबाट असुर्फीको कथानक निर्माण भएको छ ।

भारवी गुरुको कथाले उपन्यासको मूल कथालाई नयाँ मोड दिन महत्त्वपूर्ण भूमिका खेलेको छ । ऊ विपुलानाथद्वारा सिर्जित मुर्किपलियामा विपुलानाथकै अनुनयविनयमा आएर निरन्तर रूपमा विद्यालय र आयुर्वेदिक उपचारमा सम्लग्न देखिन्छ । भद्रनाथ र असुर्फी साहुका शोषणजन्य गतिविधिहरूको विरोध गर्नु, कृष्णात्रेलाई सहयोग तथा मार्गनिर्देशन गर्नु, उसको साङ्गीतिक प्रतिभामाथि प्रकाश पारी प्रचारप्रसारमा ल्याउनु, कृष्णात्रेका माध्यमबाट मुर्कीपलियामा चन्द्रशमशेरद्वारा सङ्गीत विद्यालयको स्थापना गर्ने वातावरण तयार गर्नु र भाषिक पारख गर्नु जस्ता प्रसङ्गबाट भाखी गुरुको कथा विकसित भएको छ ।

कृष्णात्रेको कथाले पनि उपन्यासको मूलकथालाई नयाँ मोड दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । ऊ विपुलानाथका घरमा कमारी बसेकी विधवी आमाको सन्तान हो । कृष्णात्रेमा सहज प्रतिभा देखेर विपुलानाथले उसलाई विद्यालयमा भर्ना गरिदिएका हुन् तर उसले भद्रनाथको यातनाको चरमोत्कर्षता झेल्न वाध्य हुनु परेको छ । त्यसपछि विदेशिएर आत्रे गुरुको सेवाटहलमा सङ्गीताचार्य बनेर जन्मभूमिमै फर्किएर आफू सङ्गीत साधनामा तल्लीन रहँदै उसले त्यहाँका विद्यार्थीहरूलाई सङ्गीत प्रशिक्षण दिएको छ । गडहलमा सङ्गीत सुनाएर सम्मानित हुनु, चन्द्रशमशेरले थाहा पाएर सङ्गीत सुन्ने इच्छा जाहेर गर्दा त्यसमा कृष्णात्रेले अस्वीकार गर्नु, चन्द्रशमशेर स्वयम् विद्यालयमा सवारी भई कृष्णात्रेको सङ्गीतबाट प्रभावित भई त्यहाँ सङ्गीत विद्यालयको स्थापनामा सहयोग गर्नुजस्ता सन्दर्भबाट कृष्णात्रेको कथावस्तु निर्माण भएको छ ।

उपन्यासमा पार्वतीको कथाले विधवा जीवनका सामाजिक समस्यालाई प्रस्तुत गरेको छ । उसले आफ्नो अस्तित्व रक्षा गर्दै सामाजिक सेवालाई जीवनको लक्ष्य बनाएकी छ । उसको कथालाई विकसित गर्न भद्रनाथको पार्वतीप्रतिको आकर्षण, पार्वती अप्राप्य भएपछि ऊप्रति गरिएका अनेकौं षड्यन्त्रका प्रयासहरू, त्यसमाथि पार्वतीको प्रहार (गोतामे (२०७७, पृ. ७४) जस्ता प्रसङ्गले सहयोग पुऱ्याएका छन् । त्यस्तै पार्वतीका कथामा गौरीमाथिको सहानुभूति र कृष्णात्रेप्रतिको सहयोगका प्रसङ्गहरू पनि आएका छन् ।

उपन्यासको अन्त्यतिर आएको दुर्गीको कथाले अन्यायविरोधी नारीको कथा प्रस्तुत गरेको छ । उसका कथामा जर्नाघरमा पुगेकी गौरीको मुक्ति, छुट्टिएको भद्रनाथको भान्साको एकत्व, भद्रनाथकी आमाको काशीगमन, गँजडी पुजारीप्रतिको चेतावनीका प्रसङ्गहरू जोडिएका छन् । दुर्गीबाट नै सामन्ती तत्त्वमध्ये एउटाको निराकरण भएको छ । सासूलाई काशी पठाएपछि दुर्गीलाई लोग्ने तह लगाउन सजिलो भएको छ (बराल, २०७७, पृ. ढ) । दुर्गीको आगमनसँगसँगै भद्रनाथको वर्गीय अहम्

क्रमशः अधोगतितर्फ उन्मुख भएको छ । अतः भद्रनाथ र उसकी आमालाई तह लगाएर गौरीको जीवनमा खुशी फर्काउन दुर्गीको कथाले सहयोग गरेको छ ।

उपन्यासमा आएका र्हचन र पुजारीका कथाको छुट्टै स्वतन्त्र अस्तित्व नभएको हुँदा तिनले भद्रनाथकै कथालाई अगाडि बढाउन सहयोगीको भूमिक खेलेको छ । हर्चनले भद्रनाथको दाहिने हात भएर उसका राम्रा-नराम्रा सबैखाले काममा साथ दिएको छ तर भित्रभित्रै उसका क्रियाकलापको आलोचना गर्नुका साथै उसको वर्गीय अहम् पतन हुँदा खुशी भएको छ । त्यस्तै पुजारीको कथा मालिक भद्रनाथलाई रिझाउँन प्रयत्नशील देखिन्छ । यी दुवैको कथाले शोषित वर्गको कथालाई प्रस्तुत गरेका छन् ।

गौरी र भद्रनाथकी आमाका कथा उपन्यासका सहायक कथा हुन् । गौरीको कथाले भद्रनाथको जवानीका आकर्षण विकर्षणलाई देखाउनाका साथै उसका शोषक र अत्याचारी प्रवृत्तिलाई उजागर गर्न सहयोग गरेको छ । उसको कथाले पार्वती र दुर्गीको अन्यायविरोधी गतिविधिलाई सबल बनाउन सहयोग गरेको छ । यसले भद्रनाथकी आमाका अत्याचारी गतिविधिलाई पनि प्रकट गरेको छ । भद्रनाथकी आमाको कथा बुहारीलाई अनेकौँ यातना दिने सामन्ती संस्कारले ग्रसित बृद्धा महिलाको कथा हो । उसको प्रसङ्ग उपन्यासमा सासूद्वारा बुहारीमाथि गरिने अन्याय देखाउने सन्दर्भमा आएको छ ।

सेते दमाई, पीताम्बर, पवन र उसकी आमा रम्भीका कथा उपन्यासका अन्तर्कथा हुन् । सेते दमाईको कथाले उपन्यासमा हास्यात्मकता भरेको छ । पीताम्बर, पवन र रम्भीका कथाले उपन्यासमा निकै स्थान ओगटे पनि खासै प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन् । पीताम्बरको कथाले भद्रनाथकै कथाको पृष्ठपोषण गरी समाजमा भद्रनाथको सामन्तीपनलाई टेरपुच्छर नलगाउने पात्रहरू पनि छन् भन्ने कुराको सङ्केत गरेको छ । गोडाइतको कथा भद्रनाथको सामन्तीपनलाई पृष्ठपोशण गर्न सहयोगी भएको छ । उपन्यासमा प्रयुक्त यिनै मुख्य, सहायक र अन्तर्कथा मिलेर सिङ्गो उपन्यासको कथावस्तु निर्माण भएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासको कथावस्तुलाई सूक्ष्म अनुशिलन गर्दा यस उपन्यासको कथावस्तुका विभिन्न सन्दर्भ र प्रसङ्गहरूमा वर्गीयताका सूचकहरू प्रस्तुत भएको पाइन्छ । मूलतः यस उपन्यासमा भद्रनाथ, असुर्फी साहु, भाखी गुरु, कृष्णात्रे, हर्चन र दुर्गीका कथावस्तुले वर्गीयतालाई प्रस्तुत गरेका छन् । उपन्यासको मूल कथावस्तु मुर्कीपलियाको सामन्त जमिनदार भद्रनाथसँग सम्बन्धित छ । ऊ जङ्गबहादुरको भान्साखण्डको डिट्ठा विपुलानाथको नाति हो । विपुलानाथले जङ्गबहादुरलाई रिझाएर बकसस्वरूप बारा जिल्लाको जमिन प्राप्त गरी मुर्कीपलिया गाँउको स्थापना गरेको हो

(बराल, २०७७, पृ. झ) । यस क्रममा जङ्गबहादुरका उदार, अनुदार, विलाशी तथा शोषणजन्य गतिविधिहरू प्रस्तुत गरिएको छ । त्यसै गरी भद्रनाथका पालामा चन्द्रशमशेर हिउँद छल्न हजमिनियाँ गाउँ जाँदा एक दिनको बसाइ मुर्कीपलियामा भएको, त्यसको रसदपानीको व्यवस्था मिलाउने काम भद्रनाथका जिम्मामा परेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । त्यस अवसरमा

चन्द्रशमशेरद्वारा कृष्णात्रेको सङ्गीत सुन्ने इच्छा जाहेर गरेको तर कृष्णात्रेले त्यसमा कुनै चासो नराखेको प्रसङ्ग जोडिएको छ (गोतामे, २०७७, पृ. २६२) । त्यस सवारीको सकारात्मक नकारात्मक असर सर्वसाधारण जनतमा परेको प्रसङ्ग पनि उपन्यासमा आएको छ । तर पछि चन्द्रशमशेर सङ्गीतको पारखी भएको बुझेपछि कृष्णात्रेले महाराजलाई सङ्गीत सुनाएको र चन्द्रशमशेर खुशी भएर मुर्कीपलियामा सङ्गीत पाठशाला खोल्ने व्यवस्था मिलाई दिएका कथासन्दर्भद्वारा उपन्यासमा चन्द्रशमशेरको कथाप्रसङ्ग जोडिएको छ । जङ्गबहादुर र चन्द्रशमशेरका कथामा शोषणको जीवन्त स्वरूप देख्न पाइन्छ । यिनका सबै व्यवस्थाहरू आतङ्कमा आधारित हुनु, उनीहरू हिड्ने बाटोको मर्मत सम्भार गाउँलेबाट हुनुपर्ने तर त्यस बाटामा सर्वसाधारणका जुत्ताका तलुवाले मात्र टेके पनि कुम्भीपाक नर्कको भोग गर्नुपर्ने श्राप पाउने (गोतामे, २०७७, पृ. २६५) जस्ता गतिविधिले दलाला पूजींपति वर्गको चरम शोषणको रूप देखाएको छ । यसले पाठक वर्गमा उक्त वर्गप्रति घृणाभाव जागृत गराएको छ । यसबाट उपन्यासको कथावस्तुमा वर्गीयता प्रकट भएको पाइन्छ ।

उपन्यासको मुख्य कथानक बोकेको भद्रनाथ मुर्कीपलिया गाँउको निर्माणकर्ता विपुलानाथको नाति हो तापनि नाति बाजेको स्वभावमा आकाशजमिनको अन्तर पाइन्छ । जमिनदार विपुलानाथ सामन्त हो तापनि उसमा सामन्तीपन भन्दा बढी उच्च आदर्श गुणहरू कायम भएको पाइन्छ । त्यसैले उसले भाखीजस्ता विद्वान् तथा धनवन्तरीको क्षमता पहिचान गरी तिनलाई आफ्नो नयाँ बस्तीमा अनुनयविनयका साथ ल्याएको छ । उसले कृष्णात्रे जस्तो कमारी पुत्रमा सरस्वतीको वास भएको देखेर उसलाई पढ्ने व्यवस्था मिलाई दिएको छ । त्यस्तै उसले घरका जो कसैलाई पनि कृष्णात्रेलाई जुठोपुरा दिनमा रोक लगाएको कुरा उपन्यासका यी पङ्तिहरूले स्पष्ट पारेका छन् :

> धिक्कार हो मैले पूजापाठ गर्नू ! म जान्न आजदेखि त्यस अँध्यारो पूजाकोठाभित्र । स्तोत्रहरूको बस्ता बाँधिदेऊ सधैंका लागि र कोठीभित्र कोचिदेओ । को हो त्यो अधम यस निर्दोष कलिलो केटोलाई जूठोपूरा ख्वाउने ? त्यसलाई अहिलै मेरा सामु ल्याओ । यो केटो साक्षात् सरस्वतीपुत्र हो तीयर नदीको तोडसाथ बग्ने जलधारजस्तै यसको मुखबाट देवीदेवताको वन्दनामा पाठ गरिने स्तोत्रहरू कण्ठाग्र भएर शुद्ध उच्चारणका साथ झर्छन् । त्यस पवित्र मुखमा गिजोलेको पुरा हालेर बिटुल्याउन खोज्ने मानिसलाई के भन्ने ? त्यो त पशुभन्दा पनि घटिया र पापिष्ठ हो । (गोतामे, २०७७, पृ. १०८)

उपन्यासबाट लिइएका उपरोक्त पङ्क्तिहरूले कृष्णात्रेलाई जुठोपुरा ख्वाएकामा विपुलानाथले विद्रोह जनाएको कुरा व्यक्त गरिएको छ । उसले आफूले त्यत्रो पूजापाठ गरी धर्मकर्म गरे तापनि आफ्नै घरभित्र भएको सरस्वती पुत्रलाई न्याय गर्न नसकेकामा आफूले गरेका सबै धार्मिक कार्यलाई धिक्कारेको र आफ्ना सबै स्तोत्रहरू सदाका लागि थन्क्याउन सुझाएको छ । त्यस्तै उसले कृष्णात्रेलाई सरस्वती पुत्र मान्दै उसका पवित्र मुखमा गिजोलेको पुरा हालेर बिटुल्याउनेलाई पापी र पशुभन्दा निम्नस्तरको ठहऱ्याएको छ । यसले उपन्यासमा वर्गहरूबिचको अन्तर्सम्बन्धलाई देखाएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा भद्रनाथको कथाले उच्च वर्गीय सामन्ती अहम्‌लाई प्रस्तुत गरेको छ । बाल्यकालदेखि नै उदण्ड स्वभाव भएको भद्रनाथ सामन्त वर्गीय अहम्‌ले मैमत्त बनेको देखिन्छ । ऊ शोषक तथा परपीडक भएको कुरा उसले सहपाठी कृष्णात्रेलाई दिएको यातनाले देखाएको छ- “कृष्णे मेरो जुत्ता खोल, उभिएर लाटाकोसेरोजस्तो के हेरिरहेको छस् ? यहाँ छैनन् तेरा भाखी गुरु । मैले भनेको छिटो गरिहाल् नभए ऐले म लात्तीभकुण्डो खेलाउँछु तँलाई । भद्रनाथ गर्जिन्थ्यो” (गोतामे, २०७७, पृ. १०७) । भद्रनाथको उपर्युक्त अभिव्यक्तिमा उच्च वर्गीय अहम् तथा सामन्ती शोषण र दमनको भाव व्यक्त भएको छ । उसले सोझो र निमुखा कृष्णात्रेलाई जुत्ता खोल्ने जस्तो तल्लो स्तरको काम गर्न अऱ्हाएको र कृष्णात्रेले तुरुन्त उसको आज्ञा पालना नगर्दा धम्क्याउँदै आज्ञा पालना नभए लात्तले भकुण्डो खेल्ने चेतावनी दिएको छ । यस अवस्थामा उसलाई बचाउने भाखी गुरु अथवा उसका समर्थक पनि कोही नभएकाले उसलाई भद्रनाथबाट कसैले पनि बचाउन सक्दैन भन्दै धम्की दिएको छ । यसबाट पाठकमा उच्च वर्गीय सामन्तप्रति घृणाभाव जागृत भएको छ ।

कृष्णात्रेलाई कमारोपनको चरम अनुभूति गराएर आनन्द लिन खोज्ने भद्रनाथ आफ्नो पुरा कुकुरले खाने किसिमबाट फतलेर कृष्णात्रेलाई खान बाध्य पारी उसलाई होच्याएर निहुराएर चित्कार निकाल्न विवश पार्‌थ्यो । उसले भाखी गुरुमाथि पनि हात छोड्न बाँकी राखेन । सधैं आफ्ना चाटुकदारहरू र पटवारीका साथ महुवाका रूखमुनि चौतारामा बसेर अखडा जमाउने भद्रनाथ अनेकौ गल्ली र गल्छेंडा हुँदै गाउँलेको सलाम खाँदै पाउलागी गर्ने र खडाउ छुनेहरूको उत्तर दिंदै तिनका सुखदु:खका कुरा सुन्दै निकै समय खर्चेर घर पुग्छ । आफ्नो विवेकले काम गर्न नसक्ने अर्काको उक्साहटमा लाग्ने भद्रनाथ असुर्फी साहुको ज्वाइँ पिटेको प्रतिशोध लिन साहुले गुण्डा पठाउने भयले आक्रान्त बनेका कारण गोडाइतले हावा पिटेका भरमा गाउँमा डाका पठाउँछ भन्ने भयले त्रस्त हुन्छ । पछि गोडाइतको कुरा उडन्ते भएको बुझेर उसको घर आगो लगाउने आदेश दिंदै भन्छ- “त्यसो भए जा त्यसका घरमा आगो लगाइदे” (गोतामे, २०७७, पृ. १४७) । उसको यस भनाइबाट उसको उदण्ड स्वभाव तथा सामन्ती अहम्‌को स्वरूप देख्न सकिन्छ । भद्रनाथको विवाह पनि सामन्ती तामझामका साथ भएको कुरा उसका ससुरा दण्डपानीको “स्यालको सिकार गर्दा बाघको गोली लिएर हिँडेजस्तै विवाहको तयारी गरून्” (गोतामे, २०७७, पृ. १७५) भन्ने भनाइ र त्यसको प्रतिकारमा भद्रनाथले “त्यस्ता धक्कुवाजी घरमा हुल्नुपऱ्यो भने म यही महुवाको टुप्पोमा झुण्डिएर मर्नेछु” भन्दै “त्यो दैत्यराजकी छोरी हिडिम्वा वैकल्य भएर बसोस्” (पूर्ववत् पृ. १७६) भन्ने भनाइबाट उसको सामन्ती अहम् प्रकट हुन्छ । यसले उपन्यासमा समान वर्गबिचको द्वन्द्वलाई सङ्केत गरेको छ ।

भद्रनाथले आफ्नो चाटुकदार बनाएर हर्चनभित्रको विवेक र पहिचान नै समाप्त पारिदिएको छ । गाउँका गरिब र निमुखा जनताले उसको इच्छाविरुद्ध आर्थिक उन्नति हुने केही काम गरेमा तिनलाई भद्रनाथको खुशीबमोजिमका सजायहरू तोकिन्थे । उक्त सजायहरू आफ्ना आसेपासेद्वारा दिलाएर आफू पानीमाथिको ओभानो बन्थ्यो र आफूले उच्चासन प्राप्त गर्न ती गरिबगुरुवालाई दुईचार पसेरी अन्न दिएर सहानुभूति प्रकट गर्थ्यो

(गोतामे, २०७७, पृ. १५०) । भद्रनाथको यस कार्यले सामन्तवादीहरूको आदर्शको मुखुण्डोलाई उदाङ्गो पारेको छ । यसले उपन्यासमा वर्गीयतालाई देखाएको छ ।

भद्रनाथको वर्गीय अहम्प्रति कहिल्यै नझुक्ने भाखी गुरुद्वारा भद्रनाथ र असुर्फीलाई नागराज र सर्पराज भनी आलोचना गरिएको छ । पीताम्बर, विधवा पार्वती तथा सङ्गीत विद्याआर्जन गरी फर्किएको कृष्णात्रे र भद्रनाथकी दोस्री पत्नी दुर्गी आदि भद्रनाथको वर्गीय अहम्बाट कत्ति पनि प्रभावित हुँदैनन् बरु उसको तेजोवध गर्न सफल भएका छन् । भद्रनाथले उक्त व्यक्तिहरूसँग कहिल्यै प्रतिशोध लिन पनि सकेन । उपन्यासकारले तिनका सामू भद्रनाथलाई झुकाएका छन् । यसले उपन्यासको कथावस्तुमा निम्न वर्गीय पक्षधरता प्रकट गरेको देखिन्छ ।

उपन्यासमा भद्रनाथको कथालाई गतिशील बनाउन असुर्फी साहुको कथाले थप सहयोग पुऱ्याएको छ । असुर्फीको कथाले पनि उच्च वर्गीय अहम्लाई नै प्रस्तुत गरेको छ । यी दुई उच्चवर्गीका कथा तथा तिनका बिचको द्वन्द्वले उपन्यासमा इतर वर्गबिच मात्र द्वन्द्व हुँदैन समान वर्गबिच पनि द्वन्द्व हुन्छ भन्ने कुरा देखाइएको छ । यस क्रममा भद्रनाथको प्रतिद्वन्द्वी असुर्फी साहु मुर्कीपलियाका कुनै पनि मानिसलाई देखिसहँदैन । उसले कसैबाट त्यस गाउँको नाम मात्र सुन्यो भने पनि उसको अनुहार जलजलाउँदो आगाको फिलिङ्गोजस्तै हुन्छ (गोतामे, २०७७, पृ. २६) । मुर्कीपलियाले भाखी गुरुजस्तो शिक्षित व्यक्ति तथा प्रख्यात धनवन्तरी पाएकामा भित्रैदेखि ईर्ष्याले जल्ने असुर्फी अझ कृष्णात्रेले सङ्गीताचार्यको उपाधि बोकेर गाउँमा फर्किएपछि झनै भुतुक्क हुन्छ । कृष्णात्रेलाई हिन्दूस्थानी सङ्गीतज्ञहरूसँग हराएर मुर्कीपलियालाई केही मात्रामा भए पनि कमजोर बनाई

सन्तोष लिन चाहने असुर्फीलाई कृष्णात्रेले उसका पाहुना सङ्गीतज्ञलाई धूलो चटाई दिएपछि आफ्नो गाउँ गडहल हरेक कुरामा मुर्कीपलियाभन्दा कमजोर भएकामा आफैंलाई धिक्कार्न पुग्छ । उसको यस प्रतिशोधी भावनाबाट उल्टै कृष्णात्रेको सङ्गीत कलाको प्रचारप्रसार भई उसको चर्चा महाराज चन्द्रशमशेरसम्म पुगेको छ । यसरी समान वर्गका बिचमा भएको वर्गद्वन्द्वले समेत उपन्यासमा निम्न वर्गीय कृष्णात्रेमा फाइदा पुगेको परिस्थिति देखाइएको हुँदा उपन्यासको कथावस्तुमा वर्गीयता प्रकट भएको पाइन्छ ।

यसरी हेर्दा *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा आधारभूत वर्गका रूपमा रहेका उच्च तथा निम्न दुवै वर्गका पात्रहरूका आ-आफ्नै कथाहरू प्रस्तुत गरिएको छ । यस क्रममा उपन्यासको कथावस्तुको मुख्य भाग ओगटेको भद्रनाथको कथाले नै उपन्यासमा विस्तारित हुने अवसर प्राप्त गरेको छ तर उसको कथावस्तुले उच्च वर्गीय कुरूपतालाई देखाएको छ । त्यस्तै सहायक कथावस्तु बोकेको असुर्फीको कथाले पनि उच्च वर्गीय कुरूपतालाई नै प्रस्तुत गरेको हुँदा पाठकमा भद्रनाथ र असुर्फी साहुको कथावस्तुले घृणाभाव जागृत गराएको छ । उपन्यासकारले सहायक तथा अर्न्तकथात्मक भूमिकामा रहेका भाखी गुरु, कृष्णात्रे, पार्वती, हर्चन, गजाधर पुजारी, काले दमाई र गोडाइतजस्ता पात्रका माध्यमबाट निम्न वर्गीय पात्रहरूका कथामा सहानुभूति प्रकट गरेका छन् । अत: उपन्यासको कथावस्तुमा वर्गीयता प्रकट भएको छ ।

### २.५.३ यहाँदेखि त्यहाँसम्म उपन्यासका पात्रमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्ग चरित्र र व्यक्ति चरित्र गरी दुई थरिका चरित्रहरू प्रयोग भएका छन् । उपन्यासको मुख्य पात्र भद्रनाथ तथा अन्य पात्रहरू असुर्फी साहु, भद्रनाथकी आमा, गौरी, पार्वती, पुरोहित गजाधर तथा भद्रनाथको चाटुकदार हर्चन, पीताम्बर, पवन र सेते दमाई यस उपन्यासका वर्ग पात्र हुन । त्यस्तै भारवी गुरु, कृष्णात्रे, दुर्गी व्यक्ति चरित्र हुन् ।

उपन्यासको प्रमुख पात्र भद्रनाथ तथा उसका बाजे विपुलानाथ दुवै सामन्त हुन् तर नाति बाजेमा ठुलो चारित्रिक भिन्नता पाइन्छ । विपुलानाथ सामन्त भएर पनि उसमा सामाजिक आदर्श थियो । उसले कृष्णात्रे जस्ता कमारी पुत्रमा अन्तर्निहित सहज प्रतिभाको पहिचान गरी उसको प्रतिभा विकसित हुने परिस्थिति सिर्जना गरिदिएको छ तर भद्रनाथमा यस किसिमको क्षमता नभएकाले सबै आदर्शहरू उपेक्षित छन् । उसमा शैशवास्थादेखि नै अहम् भावको विकास भएको पाइन्छ । त्यसैले ऊ अहम्कारी, क्रूर र स्वेच्छाचारी देखिन्छ । ऊ सामन्ती प्रवृत्तिका कारण निम्न र मध्यम वर्गीय श्रमजीवीलाई दबाउन प्रयत्नशील छ । आफ्नै घरको कमारो दासीपुत्र कृष्णात्रेलाई विपुलानाथले र पछिपछि उसकी पत्नीले समेत महत्त्व दिएको कुरा भद्रनाथलाई पच्दैन । अझ पढ्नमा समेत कृष्णात्रे आफूभन्दा प्रतिभाशाली भएको र पाइलैपिच्छे उसले प्रतिष्ठा पाएको र आफू अपमानित भएको कुरा भद्रनाथको अहम्ले सहन सक्दैन । अझ बाजेले समेत घरमा धन, मान र मर्यादाको रवाफ देखाउन सकिए पनि स्कूलमा विद्या र बुद्धिकै तुजुक चल्छ भनेर कृष्णात्रेकै पक्ष लिएकाले भद्रनाथले आफू अपमानित भएको ठान्यो (गोतामे, २०७७, पृ. ९१) । त्यसैले उसले कृष्णात्रेलाई अनेकौ किसिमका यातना र प्रताडना दिएर आफ्नो अहम्को सन्तुष्टि लिन थाल्यो । यस क्रममा उसले कृष्णत्रेलाई दिएको यातनाको रूपलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> भद्रनाथ आफ्नो अहंको सन्तुष्टि एक्लैदोक्लैमा पर्दा कृष्णेलाई ठटाएर गर्थे । केटाकेटीदेखि नै षड्यन्त्रकारी मनोवृत्तिका थिए । अनेक परिपञ्च पारेर आफूले पाठशालामा पाएको अपमानको प्रतिशोध घरमा वा अन्यत्र कृष्णेलाई कष्ट दिएर लिन्थे । हरूवाहरूका छोराछोरी मालिकको पक्षधर हुने नै भए । भद्रनाथको सिकोमा तिनले एक दिन कृष्णेलाई मुर्की नदीमा घाँटी अँठ्याएर पानीभित्र बालुवामा गोतिदिए । कृष्णेले सास लिन सकेन । धेरै पानी पेटभित्र पसेर बिचेत भयो । अब यो मऱ्यो भनेर सबै आत्तिएर भागाभाग गरे तर यो सबै पार्वतीले देखिरहेकी थिइन । उनले हारगुहार गरेर भाखीलाई ल्याइन् । पेटको पानी झिकिएपछि कृष्णे सद्दे भयो । (गोतामे, २०७७, पृ. ९१)

उपर्युक्त उपन्यांशमा विद्या र बुद्धिको धनी कमारी पुत्र कृष्णात्रेलाई पाठशाला तथा घर सबैतिरबाट सम्मान र प्रशंसा प्राप्त भएको कुरा भद्रनाथले सहन नसकेको स्थिति देखाइएको छ । त्यसको प्रतिशोध लिन उसले आफ्ना आसेपासेको साथ लिएर कृष्णात्रेलाई यातना दिन घाँटी अँठ्याएर पानीमा फ्याँकेर मरणाशन्न अवस्थामा पुऱ्याएको छ । यस्तो अवस्थामा पार्वतीको सहयोगले भाखीद्वारा उसलाई बचाइएको तर कसैले पनि त्यसको प्रतिकार नगरेकाले उपन्यासले उच्च वर्गीय पृष्ठपोषण गरेको देखिन्छ तर यसबाट उच्च वर्गीय कुरूपता प्रकट भई सर्वसाधारणमा भद्रनाथप्रति

घृणाभाव जागृत भएको छ । अतः यस उपन्यासको पात्रविधानमा निम्न वर्गीय पक्षधरता देखाइएको छ ।

भद्रनाथ मुर्कीपलियाका गरिब जनतालाई चुसेर सम्पत्तिले कीर्नोझैँ मोटाएको व्यक्ति हो । ऊ त्यस गाउँको केन्द्रविन्दु र शक्तिको अन्तिम मुहान् थियो । गाउँमा कसैले आफूखुशी केही प्रगतिमूलक काम गर्ने अवसर नै पाउँदैनथ्यो । कसैले आफूखुशी केही गर्न खोजेमा त्यसले अनेकौँ यातना पाउँथ्यो तर आफू चोखिन भद्रनाथ सजायका सारा दोष उसका चाटुकदारमाथि थोपार्थ्यो । यस कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> भद्रनाथ गाउँको सम्पूर्णजसो आबादीका केन्द्रविन्दु, प्रभुता र धन र शक्तिका अन्तिम मुहान । पछौटेपन, दरिद्रता अनेक रूढिबूढीका तन्तुहरूले जेलिएको सम्पूर्ण गाउँ कुनै न कुनै रूपले भद्रनाथको आशाकुटी र मुखरापेक्षी थियो । अतः भद्रनाथले सास नफेरी गाउँको एक पात पनि हल्लिने आँट गर्न सक्दैनथ्यो । जो आपूखुशी गर्न खोज्थे तिनको तेजोबध गरिन्थ्यो । भद्रनाथको निष्कण्टक साम्राज्यमा यातनाका अनेक शिविरहरू थिए । त्यसको अभ्यास उनको आँखीभौँको एक खुम्च्याइमा कुनै गरिबको नाङ्गो पिठचूँउपर गरिन्थ्यो । जति छाँद हालेर रायो, करायो र आत्मसमर्पणको चीत्कारले महुवाका हाँगाबिँगा हल्लाउन सक्यो उति चाँडो भद्रनाथका दुई विषालु झुसिल्कीरा जोल्टिएका जस्ता खुम्चिएर नेत्रमाथि जोडिएका आँखीभौँ बिस्तारै खुकुलिएर सामान्य भई आआफ्नै ठाउँमा फर्किन्थ्यो र ऊ भन्थ्यो 'भयो, भयो छाड्दे हर्चन बजिया । मैले त्यति ज्यास्ती भकुर्नु भनेको थिएँ र ? हेर जीउभरि यसको निलडाम । तिमीहरू त जन्मजात कराई हौ, मानिसमाथि यसो दया पनि गर्न जान्दैनौ । जा यसलाई पसेरी धान दिएर पठा । नत्र आज भोकै मर्नेछ । (पृ. १४९, १५०)

उपरोक्त उपन्यांशमा सामन्ती शोषणले मोटाएको र परपीडाको हिंसामा स्वाद पाउने भद्रनाथ सिङ्गो गाउँको आर्थिक श्रोतको केन्दविन्दु थियो भन्ने देखाइएको छ । अतः उसको इच्छाविपरीत गाउँमा कुनै प्रगतिमूलक काम हुन सक्दैनथ्यो । उसको अनुमतिबिना गाउँमा कसैले आफ्नो आर्थिक स्थिति सुधार्ने कोसिस गरेमा उसले त्यसको नराम्रो परिणाम भोग्नुपर्‍थ्यो । त्यसैले उसको हुकुमबिना कसैले पनि केही गर्न पाउदैन थियो, गरिहाल्यो भने उसका साम्राज्यमा यातनाका अनेक रूपहरू अस्तित्वमा रहेका थिए । उसले आफ्नो इच्छाअनुरूप सजाय निर्धारण गर्दथ्यो र आाफ्ना आसेपासे चाटुकदारद्वारा आफ्नो अनुकूलको काम नगर्नेलाई मरणासन्न हुने गरी यातना दिन लगाउँथ्यो । आफू पानीमाथिको ओभानो हुन हर्चनलाई कसाई भन्दै आफूले त्यस्तो निलडाम हुने गरी कुट्न नलगाएको नाटक रच्थ्यो र आफू चोखो बन्न पीडितलाई दुईचार मुठी अन्न दिएर देखावटी दयालु बन्दथ्यो । यसबाट यातना भोग्नेले उसलाई देवता ठान्थे र अऱ्याएको गर्ने हर्चनलाई सत्तोसराप गर्थे । भद्रनाथको यस किसिमको हर्कतले वर्गीय अभिलक्षणलाई देखाएको छ । यसबाट उपन्यासको पात्रविधानमा वर्गीयता प्रकट भएको छ ।

भद्रनाथका चरित्रमा गरिबमारा प्रवृत्ति त छँदैछ, रिसको झोंकमा ऊ उचित-अनुचितको समेत ख्याल राख्दैन । असुर्फीले ज्वाइँ कुटेको बदला लिन जुनसुकै बेला मुर्कीपलियामा आक्रमण हुन सक्ने कुरालाई लिएर डराएको भद्रनाथले गोडाइतलाई सिआईडी राखेको हुन्छ । उसले गलत समाचार फैलाई असुर्फीका डाकाले गाउँमा आक्रमण गर्ने योजना बनाएको कुरा भद्रनाथलाई सुनाउँछ । यसको प्रतिकारका लागि भद्रनाथले पूरै तयारी गरेको अवस्थामा त्यो समाचार झूटोसाबित भएपछि रिसले आगो भई उसले गोडाइतका घरमा आगो लगाउने आदेश दिन्छ (गोतामे, २०७७, पृ. १४७) । उसलाई यति पनि हेक्का हुँदैन कि आगोले कुनै सीमा बाँधेर व्यक्तिले चाहेको घरमात्र जलाउँछ, अरू बाँकी राख्छ । गोडाइतको घर जलाउन लगाइएको आगोले अरू निर्दोष व्यक्तिका घर पनि जलाउँन सक्छ भन्ने विवेक पनि उसमा छैन । उसको यस्तो हर्कतले उसप्रति पाठकमा घृणाभाव जगाएको छ ।

उपन्यासको अर्को शोषक वर्गीय पात्र असुर्फी साहुले बाबुको अकूत सम्पत्ति कमाउने बौलाहा सपनाले बनाइएका तर अलपत्र पारेर छाडेका नाउहरू जोडेर तीयर नदीमा पुल बनाई ग्रामीण जनतालाई नदी वारपार गर्न सहज बनाएको छ । यसले उसको व्यापार पनि बढाएको छ । यो हेर्दा ऊ जनमुखी पात्रजस्तो देखिन्छ तर उसले निम्न वर्गीय श्रमिकहरूमाथि गरेको व्यवहार, तिनप्रतिको उसको अधिकारपूर्वकको कुर्लाइ, “ऐ धरीछना, रे रामबचना, मेरो धानको एक बाला पनि उसपारि छुट्न गयो र बेला डुब्यो भने म तिमीहरूलाई तेल पिएको लाल जुत्ता हिर्काइ-हिर्काइ तीयरमाइलाई भोग दिन्छु” (गोतामे, २०७७, पृ. १९) जस्ता अभिव्यक्तिले उसको वर्गीय अहम्लाई प्रस्तुत गरेको छ । यसले असुर्फीको वर्गीय कुरूपता झल्काएको छ । त्यस्तै नातिका पाश्नीमा विदेशी कलाकारहरू ल्याइनुले पनि उसको वर्गीय अहम्लाई नै देखाएको छ । उक्त प्रतियोगितामा कृष्णात्रेलाई भाग लिन लगाउनुको अर्थ उसलाई तिनीहरूसँग हराएर छिमेकी गाउँ मुर्कीपलियालाई निचो देखाई भद्रनाथको वर्गीय अहम्को तेजोवध गर्ने उद्देश्य देखिन्छ । यसले उसको वर्गीय चरित्रलाई उजागर गरेको छ । तर असुर्फीको उद्देश्य जे जस्तो भए पनि यसले कृष्णात्रेको सङ्गीत कलाले प्रचारप्रसार हुने अवसर प्राप्त गरेको छ ।

असुर्फीले आफ्ना ज्वाइँको पिटाइको बदला लिन भद्रनाथलाई डाकाद्वारा कुटाइदा त्यसको प्रतिकारमा भद्रनाथले पत्नी गौरीलाई जर्नाघरसम्म पुऱ्याएको छ । त्यसको दोषी असुर्फीले आफूलाई ठान्नुले कताकता उसका गतिविधिमा मानवता छ कि जस्तो देखिन्छ तर उसका सारा गतिविधिहरू भद्रनाथसँग प्रतिशोध लिने उद्देश्यले अभिप्रेरित भएर गरिएका हुन् । झट्ट हेर्दा उसका गतिविधिहरू जनहितकारी लागे पनि तिनमा समान वर्गबिचको वर्गद्वन्द्वका अभिलक्षण प्रकट भएका छन् । यसबाट भद्रनाथ र असुर्फी दुवैप्रति पाठकमा घृणा भाव जन्मिएको छ ।

उपन्यासमा उच्च वर्गीय सामन्तको प्रतिनिधित्व गर्ने भद्रनाथ र असुर्फी साहुजस्ता पात्रहरूका वर्गीय अहम्लाई पार्वती, भाखी र कृष्णात्रेद्वारा प्रतिरोध गराइएको छ । बालविधवा भई सामाजिक मर्यादामा रहेकी पार्वती एकमात्र त्यस्ती महिला हो जो भद्रनाथको धाकधम्की र रवाफलाई तुरुन्तै माटामा मिलाउन सफल छ । बाल्यकालदेखि नै पार्वतीप्रति भुतुक्क हुने र नपाएपछि अनेकौ प्रताडना दिएर उसलाई गिराउन खोज्ने भद्रनाथलाई पार्वतीले उल्टै घुँडा टेकाएर पञ्चायतका सामू लज्जितसमेत

बनाएकी छ । उसले भद्रनाथको भकारीभरिको धानचामल सबै गाउँलेको आहारा हुन नसकेझैँ भद्रनाथको शत्रु पनि गाउँलेको शत्रु हुन नसक्ने कुरा व्यक्त गरेकी छ (गोतामे, २०७७, पृ. ४८) । यसरी पार्वतीजस्ती एकल र निम्न वर्गीय महिलाबाट भद्रनाथको आलोचना गराइनुका साथै उसको सामन्ती गतिविधिप्रति प्रतिकार जनाइनुले उपन्यासमा वर्गद्वन्द्वका झिल्का उठ्न थालेको सङ्केत पाइन्छ । यसबाट उपन्यासको पात्रप्रयोगमा वर्गीयता प्रकट भएको पाइन्छ ।

भाखी भद्रनाथकै बाजे विपुलानाथले मुर्कीपलियामा लगेर स्थापित गरेको व्यक्ति हो । उसले कुनै परिस्थितिमा भद्रनाथको पिटाइसमेत खाएको छन् तर उसले भद्रनाथ र असुर्फीका कुनै पनि सामन्ती गतिविधिलाई साथ दिएको छैन । असुर्फीको ज्वाइँलाई बिनाकारण पिटेकामा त्यसको बदला लिने सन्देश पठाउँदा असुर्फीसँग भित्रभित्रै डराएको भद्रनाथ बाहिर आफूलाई निर्भिक देखाउँदै असुर्फीसँगको समस्यामा सिङ्गो गाउँले मुकाविला गर्ने तर्क राख्छ । भाखीले उसको त्यस्तो सोचाइको प्रतिकार गर्दै भनेको छ -“तिमी आफ्नो कुकर्मको बोझ सिङ्गै गाउँलाई बोकाउन चाहन्छौँ ? असुर्फी साहुले मलाई खबर पठाइसक्यो । गाउँमा अरू कसैको केही हानिनोक्सानी हुने छैन । यस गाउँमा डाका अवश्य लाग्ने छ तर त्यसले तिम्रो घरलाई मात्र रोज्ने छ” (गोतामे, २०७७, पृ. १३५) । भाखीको यस भनाइले उसको चरित्रमा सामन्तप्रति विरोध गर्ने प्रतिरोधी चेतनाको विकास भएको छ भन्ने कुरा पुष्टि गर्छ । उसले भद्रनाथ र असुर्फीलाई नागराज सर्पराजको उपनाम दिएको छ । असुर्फीका डाकाहरूद्वारा बेस्सरी पिटाइ खाएर बेहोस भएको भद्रनाथलाई उपचार गर्न आएको भाखीलाई उसकी पत्नी गौरीले अर्को पटक पनि आएर उपचार गरिदिने अनुरोध गर्दा ऊ भद्रनाथजस्ता सामन्ती चरित्रको आलोचना गर्दै भन्छ :

> हामी दोस्रो पटक यहाँ आउँदैनो । यो अवस्था हामीले देखेर गयौँ भन्ने कुरा थाहा पाए भने उनले आर्को रडाको मच्चाउँछन् । यिनले हर्चनबाहेक कसैलाई थाहा दिने छैनन् । म निकै दिनका लागि पुग्ने औषधि पठाइदिन्छु । हामी आएको जिकिर तिमी बिर्सेर पनि नगर्नू । यी ठालुहरूको जात यस्तै हो । आफ्नो फोस्रो रबाफ, धाक र दमनका सामु अनि प्रिय वस्तुलाई पनि नष्ट पारिदिन बेर मान्दैनन् । (गोतामे, २०७७, पृ. २३०)

सामन्ती संस्कार बोकेको भद्रनाथलाई आफूमाथि भएको डरलाग्दो शारीरिक यातनाभन्दा पनि वर्गीय अहम् र सान प्रिय छ । त्यसैले ऊ असुर्फीका डाकाले दिएको पीडा हर्चनबाहेक कसैलाई सुनाउन चाँहदैन । उसले भाखी आएर औषधी गरेको मात्र थाहा पाएमा उसले आफ्नी प्रिय पत्नी गौरीलाई समेत त्याग्न बेर लगाउँदैन भन्ने ठहर भाखीको रहेको छ किनकि उच्च वर्गीय ठालुहरू धाक- रबाफका निम्ति जस्तोसुकै मूल्य चुकाउन पछि पर्दैनन् । नभन्दै यो कुरा सत्यसावित पनि भएको छ । यसरी भाखी गुरूले भद्रनाथको वर्गीय अहम्माथि व्यङ्ग गरी उसको आलोचना गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ ।

उपन्यासमा विपुलानाथकी कमारी पुत्रका रूपमा चिनिएको सङ्गीतज्ञ कृष्णात्रे सानामा जति भद्रनाथबाट प्रताडित भए पनि सङ्गीत विद्या आर्जन गरेर गाउँ फर्केपछि उसले कुनै पनि अवस्थामा उसको दासता स्वीकारेको छैन । भद्रनाथले आफ्ना अखडामा पर्ने बाटामा तगारो हालेर बसेको र

त्यसलाई खोल्न कृष्णात्रेले कुनै हारगुहार नगरेका कारण उसलाई हप्काउँदा त्यसको प्रतिरोध गर्दै कृष्णात्रे भन्छ :

> तिमी को हौ ? घटवार, हालदार वा चौकीदार के हौ ? यो कुन अड्डा हो भन्सार, पुलिसचौकी वा वनपालेको गुमटी ? यो तगारो हाल्ने, नाहकमा यात्रुहरूलाई छेकेर बियालो गर्ने र अर्काको झिटीझ्याम्टा खोतल्ने अधिकार कसले तिमीलाई दियो ? कुन नियमकानुनबाट तिमी यहाँ यात्रुलाई छेक्छौँ ? तिम्रो नियुक्तिपत्र छ भने म हेर्न चाहन्छु नत्र भने कानुनलाई आफ्नो खटनपटनमा चलाएर अरूलाई दुःख दिएकोमा तिमीउपर कडा कडा कानुनी कारवाही हुन सक्ने छ । (गोतामे, २०७७, पृ. १२०)

कृष्णात्रेका उपर्युक्त भनाइलाई आधार मान्दा उसमा परदेशको बसाइ र गुरुको शिक्षाले सङ्गीतको ज्ञानमात्र प्राप्त भएको छैन । उसले ऐन, नियम र कानुनका कुरा पनि राम्ररी बुझेको छ । गाँउको धनीमानी सामन्त भन्दैमा कसैलाई बिनाकारण बाटामा अवरोध खडा गर्ने अधिकार हुँदैन । यदि त्यस्तो अधिकार कसैलाई प्राप्त हुन्छ भने त्यो व्यक्ति सरकारी अड्डाको अधिकार प्राप्त व्यक्ति हुन्छ, उसका साथमा नियुक्ति पत्र हुन्छ र त्यो नियुक्ति पत्र सरोकारवाला व्यक्तिले हेर्न चाहेमा अवरोधकले त्यसलाई देखाउन सक्नुपर्छ । यी सबै कानुनी प्रक्रिया अनपढ भद्रनाथलाई थाहा हुँदैन, खालि धनको तुजुकमा सोझा गाउँलेहरूलाई हेपेर उसले आफ्ना गतिविधि सञ्चालन गरेको छ । शिक्षित कृष्णात्रेले तर्कद्वारा भद्रनाथलाई नाजवाफ बनाई दिएको छ । एउटा कमारी पुत्रका रूपमा उपन्यासमा उपस्थित पात्र कृष्णात्रेले गाउँको सामन्ती व्यक्तिको प्रतिनिधित्व गर्ने उपन्यासको प्रमुख पात्रलाई आफ्ना तर्कले झुकाउनुले यस उपन्यासको पात्र विधानमा वर्गीयता प्रकट भएको पाइन्छ ।

कृष्णात्रेले गडहल र चन्द्रशमशेरबाट निकै ठुलो सम्मान पाएर असुर्फी र भद्रनाथ दुवैको अहम्मा आघात पुऱ्याएको छ । ऊ प्रतिभा र क्षमता भएको सर्वहारा समाजको एउटा मजदुरबाहेक केही पनि होइन तर उसले भद्रनाथका सामन्ती अन्याय र अत्याचारको खुलेर विद्रोह गरेको छ । कृष्णात्रेको चरित्रले मार्क्सवादी जीवनदर्शनले लेखक, बुद्धिजीवी र कलाकारलाई सर्वहारा समाजको एउटा अङ्ग मान्छ र उसको सामाजिक भूमिकालाई मजदुर र किसानको जत्तिकै महत्त्वपूर्ण ठान्छ भन्ने कुँवरपाल सिंहको भनाइलाई पुष्टि गरेको छ (२०७६, पृ. १३७) । उसले आफूसँग कुनै पनि आर्थिक साधन नभए पनि प्रतिभा र क्षमताले भद्रनाथ र असुर्फी साहुजस्ता आफूलाई सबैभन्दा शक्तिशाली ठान्ने दुई भिन्न समाजका सामन्त शोषकहरूलाई झुकाएको छ ।

भद्रनाथको चाटुकार हर्चन आफ्नो शरीरभित्रको रगत पनि मालिकको अन्नआहाराबाट निर्माण भएकाले उसैको हो भनी मालिकप्रति अनन्य भक्तिभाव देखाउँछ । उसले अऱ्हाएका जस्तासुकै काममा सहयोग पुऱ्याएर भद्रनाथको वर्गीय अहम्मा सहयोगीको भूमिका निर्वाह गर्छ तर उसले मानसिक रूपमा भद्रनाथको अहम्को वध हुँदा खुच्चिङभाव देखाएको देखाएको कुरा "अरूको त के कुरा उनकै सितामा पालिने, उनीसित सधैं छाँयाजस्तै पालिने हर्चन पनि भित्रभित्रै खुच्चिङ मनाइरहेको थियो" (गोतामे, २०७७, पृ. २२७) भन्ने उपन्यासकारको टिप्पणीबाट पुष्टि भएको छ ।

उपन्यासको निर्भिक पात्र पीताम्बर भद्रनाथकै दमथर भएर पनि उसलाई 'तिमी पालक, मालिक र हामी भयौँ पालित रैति (पृ. १६५) अनि यत्रो ठुलो खाडल तरेर कसरी तिमीछेउ आउने' भन्दै उसका नकारात्मक गतिविधिको ठट्यौलो पाराले व्यङ्ग गर्दै गम्भीर विरोध जनाउँछ । यसले समाजमा क्रमशः देखिन थालेको वर्गद्वन्द्वको अवस्थालाई सङकेत गरेको छ ।

यसरी *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उपन्यासकार ध.च. गोतामेले उच्चवर्ग तथा निम्नवर्गका पात्रहरू र व्यक्ति पात्रहरू उपस्थित गरेका छन् । उनले उच्च वर्गीय पात्रहरूका वर्गीय शोषण देखाउँदै त्यस्ता पात्रहरूप्रति पाठकमा घृणाभाव जागृत गराएका छन् । त्यस्तै निम्न वर्गीय पात्रहरूले खुलेर वा मानसिक रूपमा उच्च वर्गीय पात्रहरू र तिनका वर्गीय अहम्को विरोध गरी तिनलाई झुकाएका छन् । यसले समाज परिवर्तनको सम्भावनालाई सङ्केत गरेको छ । यसबाट उपन्यासको पात्र विधानमा वर्गीयता प्रकट भएको पाइन्छ ।

### २.५.४ यहाँदेखि त्यहाँसम्म उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उपन्यासकारका जीवनजगत्, मानवता, शोषण, धनसम्पत्ति, मानव मुक्ति, पाप-धर्म र नारीसम्बन्धी विश्वदृष्टिकोण कतै उनकै विचारका रूपमा, कतै पात्र र परिवेशका माध्यमबाट प्रस्तुत गरिएको छ । विवेच्य उपन्यास सामाजिक उपन्यास हो । यसमा मुर्कीपलिया र गडहल गाँउका सामाजिक यथार्थ प्रस्तुत गर्ने क्रममा उक्त दुई गाउँका सामन्तहरूका गतिविधि र त्यसले समाजका तल्लोवर्गका श्रमजीवीमाथि पर्न गएको असरलाई मूल विषय बनाइएको छ । त्यही मूल विषयवस्तुसँग सम्बन्धित भएर जीवन जगत्का विभिन्न सन्दर्भहरू आएका छन् । मूलतः समाजका प्रमुख वर्गका रूपमा रहेका उच्चवर्ग र निम्नवर्गका बिचका गतिविधि, तिनका बिचको सम्बन्ध, वैचारिक द्वन्द्व र सङ्घर्षहरू देखाउने क्रममा उक्त वर्गका माध्यमबाट उपन्यासकारको वैचारिक दृष्टिकोण निर्माण भएको छ ।

उपन्यासको प्रारम्भमै पवनको व्यक्तित्व निर्माणमा उसका बाजे तथा द्वारिकाको विचारको महत्त्वपूर्ण प्रभाव परेको कुरा उल्लेख गरिएको छ । त्यही वैचारिकताका माध्यमबाट उपन्यासकारले आफ्ना मानवता र शोषणसम्बन्धी विचारहरू यसरी प्रस्तुत गरेका छन् :

> पण्डित दुर्गानाथपछि कोही उसको मार्गदर्शक भयो भने ती द्वारिका थिए । पवनको जीवनमा दुवैका समान रूपबाट महत्त्वपूर्ण प्रभाव पर्न गएको छ । जीवनको आलो अवस्थामा बाजेबाट पवनले मानवीय मूल्यहरूको अवधारणा आत्मसात् गऱ्यो । मनुष्यले मनुष्यलाई प्यारो गर्ने, जीवनप्रति सधैं आशावादी दृष्टि लिने साथै दया, क्षमा, सहनशीलता आदि मानवीय उदात्त भावना अपनाउने शिक्षा उसले बाजेबाट पायो । यिनै प्रभावको परिप्रक्ष्यमा उसले द्वारिकाको चेतनशील दृष्टिकोणलाई अझ बलियो विवेकककका साथ ग्रहण गर्न सफल भयो । बाजेको मानवीय र सामाजिक धारणाको प्रतिरोध त द्वारिकाले गर्दैनथे तर ठाउँठाउँमा सामाजिक न्यायको तराजुमा तौलेर त्यसमा विवेक र व्यावहारिकताको साँध लाउँथे-सच्याउँथे पनि । मानवले मानवलाई प्यारो गर्नुपर्छ तर

> मानिसको शोषण पनि त गर्नु हुन्न । शोषकले जुन मानिसबाट आफ्नो स्वार्थपूर्ति गराउँछ उसले त्यसभित्र रहेको स्नेह र सहानुभूतिको कुण्ड पनि सोसिसकेको हुन्छ । ( गोतामे, २०७७, पृ. ३४)

उपन्यासकारका उक्त विचारहरूमा मानवको चरित्र निर्माणमा अभिभावक र तिनको आफ्ना सन्ततिप्रतिको उत्तरदायित्व, सङ्गत अनि सामाजिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा देखाइएको छ । त्यस्तै आफ्ना सन्ततिलाई मानवताका साथै समाजका विकृतिका रूपमा रहेका शोषण, अन्याय, अत्याचार तथा मानवीय स्वार्थजस्ता सामाजिक संस्कृति र विकृतिका बारेमा जानकारी गराउनुपर्छ भन्ने भाव पनि व्यक्त गरिएको छ । यस क्रममा मानवले मानवप्रति मानवीय व्यवहार गर्नुपर्छ तर शोषण गर्नु हुदैन किनकि शोषक आफूमात्र शोषक हुँदैन, उसले आफ्नो स्वार्थ पूरा गर्न प्रयोग गर्ने व्यक्तिभित्र रहेको स्नेह र सहानुभूतिको भण्डारसमेत रित्याई दिएको हुन्छ । उपन्यासकारको यस विचारले शोषक वर्गप्रति घृणाभाव जगाई शोषितप्रति सहानुभूति जगाएको छ । त्यसैले यस उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा निम्न वर्गीय पक्षधरता प्रकट भएको छ ।

उपन्यासमा श्री ३ महाराज जङ्गबहादुरले भद्रनाथका बाजे विपुलानाथको सेवाबाट प्रसन्न भएर उनलाई जे मागे पनि दिने वचनबद्धता प्रकट गर्दा विपुलानाथले आफूले महाराजबाट पाएको डिट्ठाङ्गी पदबाट मुक्ति मागेको प्रसङ्ग ल्याएर मानिसलाई धनसम्पत्ति र मानप्रतिष्ठाभन्दा पनि स्वतन्त्रता प्रिय हुन्छ भन्ने भन्ने लेखकीय विचार व्यक्त गरिएको छ (गोतामे, २०७७, पृ. ५४) । लेखकको यस विचारले उच्चवर्गले सबैभन्दा महत्त्व दिएको आर्थिक साधनलाई निम्नवर्गले कत्ति पनि महत्त्व नदिएको र मानवीय मुक्तिलाई सबैभन्दा ठुलो सम्पत्ति मानेको भाव व्यक्त गरेको छ ।

सामन्ती शोषकले समाजमा आफूबाहेक कसैलाई पनि आर्थिक उन्नति गर्न दिंदैन । अनेकौं चक्रव्यूह रचेर यथास्थितिमा फर्काउँछ । शोषणको प्रकृति पनि चक्रीय हुन्छ । यसको असर पुस्तौंपुस्तासम्म पनि रहन सक्छ भन्ने लेखकीय विचार उपन्यासमा यसरी अभिव्यक्त भएको छ :

> गाउँमा धनीमानी त तिनै एक जना छन्-पण्डित भद्रनाथ खतिवडा । ठुलो रूखको ओभ्रेलमुनि अरू बिरुवा बलिष्ठ भएर आफ्नो शक्तिभरि कहाँ हुर्किन पाउँछन् ? सूर्य, हावा र पानीको खटनपटन ठुलै वृक्षबाट हुन्छ । खटाइएको आहारामा पौष्टिक तत्त्व कहाँ पाउनु र । हल्केर जानु ? "आफ्नो श्रम र बुद्धि बर्कतबाट कसैले राम्रो आर्जन गर्न थालेको सुइँको पाउनासाथ अनेक बिङ्गो लगाएर भद्रनाथ त्यसलाई उसको पहिलाको आकारमा ल्याइपुऱ्याउँथे । चरा आकाशिनुअगावै त्यसको पखेटा काटिदिन्थे । त्यसले गर्दा धनधान्यको रेलोपेलो गाउँमा हुन पाएन । उब्जा अति राम्रो भए पनि त्यसको अधिकांश भाग भद्रनाथको भकारी र धानसारमा थुप्रिन पुग्थ्यो । सानासाना किसानहरू एकपटक भद्रनाथको ऋण र ब्याजको नेल गलबन्दी लाएपछि जनमकैद भएजस्तै कहिल्यै उऋण हुन पाउँदैनथे । ब्याजको चक्रवृद्धि गणित झन्झन् अल्झिँदै जान्छ र ऋणको नागपाशमा आकण्ठ बेरिएको किसान जीवनभरि पिल्सिँदापिल्सिँदै परमधाम पुग्छ । अनि

> यस दुःखद कथाको नयाँ परिच्छेद बोकेर उसको सन्तान पुनः प्रकट हुन्छ । (गोतामे, २०७७, पृ. १८४)

भद्रनाथ मुर्कीपलिया गाउँको सामन्त शोषक हो । गाउँमा उसको एकलौटी शासन चलेकाले त्यहाँ सम्पत्ति आर्जन गर्ने अधिकार अरूको थिएन । उसको अनुमतिबिना कसैले केही आर्जन गरेमा भद्रनाथले अनेकौं चुक्ली लगाएर उसलाई पहिलाकै अवस्थामा पुऱ्याउँथ्यो । मुर्कीपलियाको जमिन उर्वर भए पनि त्यहाँको उब्जाउको हिस्सा भद्रनाथकै भकारीमा जम्मा हुन्थ्यो । गाउँका सानातिना कृषकहरू उसको चक्रीय ऋणबाट कहिल्यै मुक्त हुन सक्दैनथे । पितापुर्खाको ऋण चक्रीय रूपमा सन्तान दरसन्तानमा हस्तान्तरण हुँदै नवपुस्तासमेत ऋणको भारले किचिएर धरतीमा अवतरण हुन्थ्यो । भद्रनाथको यस्तो चरित्रले सामन्ती शोषणको चरम रूप देखाएको छ । यसले शोषणको स्वरूप चक्रीय हुन्छ भन्ने लेखकीय विचारलाई प्रस्तुत गरेको छ । लेखकको यस विचारले वर्गीय समाजका शोषक र शोषित वर्गका वर्गीय चरित्रलाई प्रस्तुत गरेको गरेको छ ।

सामन्तहरूलाई वर्गीय अहम् र दम्भ पारिवारिक सम्बन्ध तथा संवेदनाभन्दा पनि प्रिय र महत्त्वपूर्ण हुन्छ । अहम्कारले मान्छेको बुद्धि, विवेक र निर्णयात्मक क्षमता सबै नष्ट गर्छ । यसले पारिवारिक तथा भौतिक संरचना मात्र होइन, पारस्परिक सम्बन्ध, साइनो, संवेदना र सहानुभूतिका स्तरमा समेत प्रभाव पार्छ भन्ने कुरा लेखकीय विचारका रूपमा यसरी व्यक्त भएको छ :

> त्यस दिनको घटनाले भद्रनाथको सिङ्गै घरको भूगोललाई भताभुङ्ग पारिदिएको थियो- भौतिक रूपमा मात्र होइन, पारस्परिक साइनो, संवेदना र सहानुभूतिको स्तरमा पनि । सिङ्गै घर कुनै कठोर शिलाखण्डसित ठक्कर खाएर चकनाचूर भएको जलपोतजस्तो हुन गएको थियो । कृषक आभिजात्यको कलुषित कुण्ठामा आकण्ठ डुबेको भद्रनाथ आफू पनि टेकेर उभिने कुनै दरो चपरी भेट्टाउन नसकेर बिखलबन्द थिए । परपीडनको सुखानुभूतिमा आत्मआह्लाद पाइरहने संस्कार भएका भद्रनाथका जिद्दी निर्णयहरू त्यही अनुरूपका हुन्थे । उच्च सभ्यता र उदारता र मानवीय कोमलताको कुपोषणले गर्दा उनी सधैं जाइलाग्ने उद्यत प्रकृतिका रक्तजीवीजस्ता हुन गएका थिए । आफ्नो क्रियाप्रक्रिया र त्यसबाट परन्तुमा आइपर्ने उपलब्धिबारे गहिरिएर मनन गर्ने न उनमा क्षमता थियो न रुचि । उनका हाँकडाँक त्वरित् आवेशका निर्णयहरूले पण्डित विपुलानाथको पारिवारिक एकाइको सुखद अपुतालीलाई क्षणभरमा छ्यान्नब्यान्न पारिदिएका थिए । (गोतामे, २०७७, पृ. २२४)

अभिजात्य वर्गमा सभ्यता, उदारता र मानवीय कोमलताको भाव मरिसकेको हुन्छ । तिनमा भरिएको वर्गीय दम्भ र अभिमानका कारणले भावी दिनमा आफूमा आई पर्नसक्ने समस्याबारे गहिरिएर चिन्तन गर्ने क्षमता र रुचिको समेत अभाव देखिन्छ । त्यसकारण तिनका भौतिक साधन तथा पारिवारिक सुख सबै तहसनहस हुन सक्छन् । उपर्युक्त अशंले यही लेखकीय विचार व्यक्त गरेको छ । सामन्त जमीनदार भद्रनाथले असुर्फी साहुको ज्वाइँलाई कुटपिट गरेपछि त्यसको बदला लिन असुर्फी साहुले आफ्ना गुण्डाहरूद्वारा भद्रनाथलाई कुटाएपछि उसको भौतिक शरीरमा मात्र त्यसको प्रभाव परेन

। उसको वर्गीय अहम् र त्यसले भावी जीवनमा पर्नसक्ने असर आदिको मनन गर्ने क्षमताको अभावका कारण उसको पारिवारिक जीवनसमेत तहसनहस हुने अवस्थामा पुग्यो । उसले वर्गीय दम्भका कारण निर्दोष गौरीलाई जर्नाघरसम्म पुऱ्याई आफ्नो सुमधुर पारिवारिक जीवनलाई झण्डै झण्डै नर्कमा पुऱ्यायो । भद्रनाथका यसप्रकारका गतिविधिले सामन्त वर्गका मौलिक प्रवृत्तिलाई देखाएको छ । यसले भद्रनाथप्रति पाठकवर्गमा घृणाभाव जागृत भएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा आत्माले अनुचित र अन्यायपूर्ण ठानेका कुरा कहिल्यै गर्नु हुँदैन, साधुसन्त र तिनका सन्ततिलाई भौतिक सुखसुविधा र अभिमानले कहिल्यै लोभ्याएर कुबाटोमा डोऱ्याउन सक्दैन भन्ने विचार व्यक्त गरिएको छ । त्यस्तै यस उपन्यासमा तनको पाप मात्र पाप होइन मनको पाप पनि पाप हो, त्यसकारण आफ्नो तनमन दुवै ऐनाजस्तो झलझ्काकार र स्वच्छ राख्नुपर्छ (गोतामे, २०७७, पृ. १९२) भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै यस उपन्यासमा शास्त्रीय ज्ञानले भरिपूर्ण व्यक्ति कसैको वर्गीय धाक, रवाफबाट तर्सिदैन । उसलाई धनसम्पत्तिप्रति कुनै मोह हुँदैन (गोतामे, २०७७, पृ. २८१) जस्ता जीवनजगत्, पापधर्म सामाजिक वर्गसँग सम्बन्धित लेखकीय विचारहरू अभिव्यक्त भएका छन् ।

उपन्यासकारले भाखी गुरुका माध्यमबाट वर्गीय घृणा व्यक्त गर्ने क्रममा सामन्तवर्ग आफ्नो वर्गीय अहम् र त्यसको रक्षाका लागि जस्तासुकै जोखिम मोल्न तयार हुन्छन् । तिनीहरूमा क्षमा, दया र उदारताजस्ता मानवीय गुण भन्ने कुरा तृण बराबर पनि हुँदैनन् । तिनले मानवीय चरित्रको महान् र उदात्त भावनाको अवमूल्यन गर्छन् भन्ने वैचारिकता व्यक्त गर्दै तिनीहरूभित्र कुसंस्कारका रूपमा बसेको प्रतिहिंसाको भावलाई यसरी व्यक्त गरेका छन् :

> भद्रनाथ अधम थिए, तिम्रा मानिसलाई उनले अपमानित गरेर पठाए भने तिमीले आफ्नो प्रतिक्रिया अभिव्यक्त गर्ने अरू पनि त धेरै बाटाहरू थिए । तर तिम्रो शब्दकोशमा क्षमा, दया, उदारता आदि मानवीय गुणका शब्दावली कहीं छैनन् । मानवीय चरित्रको महान् र उदात्त भावनाको घोर अवमूल्यन भई त्यो तिमी धनी खेतीवालहरूको बटारिएको जुँगाको तुजुकमा अवशेष भएर रहेको छ । खेतीहर संस्कृतिको एक हात जुँगा बटारिरहेको छ भने अर्को हात त्यसको सुरक्षाका लागि सधैं बारुद खेलाईरहेको हुन्छ । (गोतामे, २०७७, पृ. २८८)

उपर्युक्त उपन्यांशमा असुर्फी साहु तथा भद्रनाथजस्ता सामन्तीवर्गका वर्गीय चरित्र तथा तिनका प्रवृत्तिहरूको व्याख्या गरिएको छ । भाखीका अनुसार भद्रनाथ अधम व्यक्ति हो । उसले आफ्नो इलाकामा कामविशेषले प्रवेश गरेको असुर्फीको ज्वाइँलाई बिनाकसुर मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै तिनका नातेदारहरूलाई अपमान गरेर पठायो तर असुर्फी पनि त्योभन्दा कम अधम देखिएन । उसले त्यसको प्रतिशोध लिन भद्रनाथलाई गुण्डा लगाएर पिटाइ धुकधुकी मात्र बाँकी राख्नुका साथै भद्रनाथले गौरीको सतीत्वमाथि आशंका उब्जाई उसलाई जर्नाघरसम्म पुग्न वाध्य पार्ने परिस्थिति सिर्जना गरायो । उसले भद्रनाथसँग बदला लिन गौरीको जीवनमा असर नपर्ने अरू तरिका पनि अपनाउन सक्थ्यो जसबाट गौरीले त्यस किसिमको परिस्थिति झेल्नु नपरोस् । तर

असुर्फी र भद्रनाथजस्ता सामन्तमा क्षमा, दयामाया उदारताजस्ता मानवीय गुण देखिँदैन । तिनमा खाली आफ्नो वर्गीय अहम् तथा त्यसको सुरक्षा कसरी गर्न सकिन्छ भन्ने चिन्ता र चासो रहन्छ । तिनले मानवीय मूल्य र त्यसको महत्त्वलाई पहिचान गर्न सक्दैनन् भन्ने भाव उपरोक्त उपन्यांशमा व्यक्त गरिएको छ । यसले सामन्तवर्गप्रतिको घृणाभाव देखाएको छ । अतः उपन्यासकारका उक्त वैचारिकताले वर्गीयता प्रकट गरेको छ ।

समाजमा उच्चवर्ग र निम्नवर्गका नारीहरूलाई हेर्ने दृष्टिकोणमा आकाश र जमिनको फरक पाइन्छ । सम्भ्रान्त नारीको शरीरलाई निम्नवर्गका मानिसले छुने साहस गर्नु तिनको इज्जत र प्रतिष्ठाका लागि घातक हुन्छ भने निम्नवर्गका नारीहरूलाई दैनिक उपभोग्य वस्तु बनाउँदासमेत तिनलाई कत्ति पनि अपराधबोध हुँदैन बरु जोरीपारीका सामु आफूले विजय प्राप्त गरेको गर्वबोध गर्छन् भन्ने विचार उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> मालिक वर्गका महिलाको शरीर आफ्नै गाउँको कुनै निम्नस्तरीय मानिसले छुने साहस गर्नु निश्चय पनि तिम्रो प्रभुतापूर्ण अदबका लागि आघातकारी थियो । बरु गाउँका निर्धनहरूका आला आइमाई तिमीहरूका लागि बिहानबेलुकाको सित्तनसरह उपभोग्य हुन्छन् जसको लागि तिमीहरूमा अपराधभावना हुनु कहाँकहाँ, आफ्ना जोरीपारीका सामु विजयकेतु फरफराउँदै ठुलो अट्टहासका साथ तिमीहरू औँला भाँचिरहेका हुन्छौँ । (गोतामे, २०७७, पृ. २८८)

उपर्युक्त अशंमा समाजका निम्न वर्गीय नारी र तिनको अस्तित्वलाई हेर्ने उच्च वर्गीय दृष्टिकोण प्रस्तुत गर्दै निम्न वर्गीय नारीलाई उपभोग्य वस्तु ठानी तिनलाई वस्तुकरण गरिएकामा विरोध गरिएको छ । यसबाट सामन्त वर्गप्रति सर्वसाधारणमा घृणाभाव जागृत गराइएको हुँदा यहाँदेखि त्यहाँसम्म उपन्यासको लेखकीय विश्वदृष्टिकोणमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ ।

यसरी *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उपन्यासकारले जीवनजगत्सँग सम्बन्धित आफ्ना वैचारिक दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । उनले वर्गीय स्वरूप र अभिलक्षणका माध्यमबाट उच्च वर्गीय कुरूपता देखाउँदै निम्नवर्गप्रति सहानुभूति प्रकट गरेका छन् । त्यसैले यस उपन्यासको वैचारिकतामा वर्गीयता प्रकट गरिएको छ ।

### २.५.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको परिवेशमा वर्गीयता

आख्यानमा त्यसको कथावस्तु र चारित्रिक विकासलाई विश्वसनीय बनाउन परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यास सामाजिक परिवेशमा निर्मित उपन्यास हो । ग्रामीण परिवेशमा रचित यस उपन्यासमा मुख्य स्थानगत रूपमा बारा जिल्लाको मुर्कीपलिया र अंशतः त्यसको छिमेकी गडहल गाउँको समेत चित्रण गरिएको छ । समयगत रूपमा चन्द्रशमशेरशको शासन काललाई लिइएको भए तापनि पूर्वदीप्ति शैलीमा जङ्गबहादुरको शासनकालदेखि चन्द्रशमशेरको शाासन काल तथा विपुलानाथदेखि भद्रनाथसम्मको तीनपुस्ते समय

लिइएको छ । यस उपन्यासमा अनुदारवादी राणाशासक तथा जमिनदार र व्यापारीजस्ता सामन्तवर्ग अनि निम्न वर्गीय श्रमिकवर्गको जीवनशैली र तिनका संस्कार संस्कृतिलाई प्रस्तुत गरिएको छ । यस क्रममा उपन्यासमा सामन्तवर्गले निम्नवर्गप्रति शोषण गर्ने तथा शोषितवर्गले उच्चवर्गका शोषणमूलक गतिविधिका विरुद्ध प्रतिरोध गर्ने तथा तिनलाई घृणा गर्ने परिवेश तयार गरिएको छ ।

उपन्यासमा राणा शासकहरूको जीवनशैली शोषणमुखी र विलाशपूर्ण प्रकृतिको देखाइएको छ । उनीहरू जनतामा निरङ्कुशता लादेर, विकासका सबै काम बन्द गरेर भाइभारदार, रानीहरू तथा धाइसुसारेका साथ कर्मचारीहरूका ताँती लगाएर सवारी चलाउँछन् । त्यस्तो अवसरमा मिष्टान्न भोजन खाएर, रङ्गीचङ्गी पानीहाँसको शिकार गर्ने गर्छन् । त्यस्तै जङ्गलमा भएका सबैभन्दा ठुला र बलिया बाघ मारेर त्यसको छाला काढ्ने, उक्त छाला कम्पनी सरकारलाई खुशी पार्न भारत पठाउनेजस्ता कार्य गर्छन् । तिनका त्यस्ता गतिविधिले राणा शासकहरूको विलाशपूर्ण जीवनशैलीको सङ्केत गरेको छ । सवारीका बेला भएको खर्च स्थानीय जनताबाट असुलउपर गर्नु, भान्सामा मेवामिष्ठान्न खानु, खानामा केही तलवितल परे भान्से बाहुन र त्यहाँका कर्मचारीको ज्यानै जोखिममा रहनुले उपन्यासको परिवेश विलासितामूलक र शोषणमुखी रहेको देखिन्छ । यसबाट उपन्यासको परिवेश सामन्त वर्गीय ढाँचामा आधारित रहेको स्पष्ट हुन्छ । यही विलासपूर्ण परिवेशमा हुर्किएको र त्यही परिवेशमा जागिरे भएको विपुलानाथमा भने तिनको चाकडी गरेर स्यावासी पाउने कुनै प्रलोभन देखिँदैन बरु आफ्नै हातले मिष्ठान्न भोजन ख्वाएर तृप्त पारिएका जङ्गबहादुरले जे मागे पनि दिन्छु भन्दा विपुलानाथ आफूले पाएको डिठाङ्गी पदबाट मुक्तिको चाहना व्यक्त गर्छ र भन्छ- “महाराजको म गरिबउपर यत्रो निगाह रहेछ । मैले भनेको पाउँछु भने महाराज, यो डिठाङ्गी आज महाराजको पाउमा चढाएर सधैंका लागि मुक्त हुन चाहन्छु, यसबाहेक अरू मलाई केही चाहिन्न” (गोतामे, २०७७, पृ. ५४) । विपुलानाथको यस भनाइले एकातिर मानिसलाई भौतिक सुखसुविधाभन्दा स्वतन्त्रता प्रिय हुन्छ भन्ने भाव व्यक्त गरेको छ भने अर्कातिर यसले निम्नवर्गमा उच्च स्वाभिमान कायम रहेको कुरा देखाएको छ । उपन्यासकारद्वारा यस प्रकारको परिवेश निर्माण गरी निम्न वर्गीय स्वाभिमानको रक्षा गरिएको छ । यसबाट उपन्यासमा निम्न वर्गीय पक्षधरता देखिएको छ । त्यसैले यस उपन्यासमा वर्गीयता प्रकट भएको छ ।

उपन्यासका प्रमुख पात्र भद्रनाथ र असुर्फी साहुको जीवनशैली शोषणमुखी छ । यी दुवै पात्रले आफ्ना गाउँका विपन्नवर्गका मानिसलाई शोषणको जाँतोमा पिसेका छन् तर उपन्यासकारले त्यस्तो परिस्थितिमा समेत निम्नवर्गमाथि सहानुभूति प्रकट हुने परिवेश निर्माण गरेका छन् । भद्रनाथलाई उपन्यासमा बाल्यकालदेखि नै कृष्णात्रेलाई दु:ख दिने र गुरुलाई नटेर्ने अधमका रूपमा उभ्याइएको छ । त्यस्तै पार्वतीको सौन्दर्यमा भुतुक्क भई उसलाई पाउन अनेक षड्यन्त्र गर्ने भद्रनाथले उसका शत्रुलाई गाउँका सबैले शत्रु मान्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरेको छ । त्यस्तै गौरीलाई जर्नाघरसम्म पुऱ्याउने व्यक्तिका रूपमा प्रस्तुत गरी भद्रनाथलाई सामन्ती शोषक देखाउने परिवेश निर्माण गरिएको छ । उसले हर्चन र अरू गाउँले श्रमिकहरूलाई उनीहरूको केही काम गर्न नदिएर आफ्ना पछाडि लगाएको छ । उसको यस्तो हर्कतलाई अरूले नभए पनि हर्चनले मानसिक रूपमै भए पनि विरोध गरेको छ । उपन्यासमा हर्चन, भाखीगुरु तथा पीताम्बर जस्ता

पात्रहरूले भद्रनाथको वर्गीय अहम्का विरुद्ध मानसिक तथा खुला रूपमा विरोध गर्ने परिवेश निर्माण गरिएको छ । अतः उपन्यासको परिवेश विधानमा वर्गीयता प्रकट भएको छ ।

असुर्फीले आफ्ना ज्वाइँ कुटेको बदला लिने खुला खबर सुनाइ दिने जिम्मेबारी भाखीलाई दिएर भद्रनाथ भाखीसँग झुक्न बाध्य हुने परिस्थिति यसरी तयार गरिएको छ :

> मउपर आफ्नो शक्तिको तुजुक देखाएर के गर्छौ ? तिम्रा शत्रु तर्सिए पो तिम्रो अभीष्ट हुने थियो, जतिसुकै हातहतियार र खजानाको रास लाए पनि तिमी निर्धा छौं, तिम्रो हात तल परिसकेको छ । शत्रुलाई रुङ्दै बन्दुक तर्साएर खाडलमा बसिरहन सक्दैनौ । तिमी हुस्सु भएको बखत पारेर उसले चितुवाजस्तो झम्टा मार्छ । तिम्रालागि हतियार भिरेर मृत्युसित कुस्ती खेल्न कोही अघि सर्दैन । तिमी जुधिरहनेछौ र ती आआफ्ना घरमा सुतिरहनेछन् । (गोतामे, २०७७, पृ. १३६)

भाखी गुरुको यस्तो अभिव्यक्तिले उपन्यासमा भद्रनाथको निर्धोपनलाई देखाएको छ । डर, धाक र धम्कीले गाउँका गरिबगुरुवालाई जति नै थर्कमान पारे पनि आखिर शत्रुका अगाडि ऊ तल परिसकेको छ । ऊ सधैं बन्दुक तेर्स्याएर शत्रु रुघेर खाडलमा बसिरहन पनि सक्दैन । असुर्फीले भद्रनाथ सजग भएका बेला उसलाई आक्रमण गर्ने होइन । उसले सारा गाउँलेहरू मस्त निधाएर भद्रनाथ एक्लो भएको मौका छोपेर उसलाई आक्रमण गर्छ । यो कुरा सुनाएर भाखीले भद्रनाथलाई कमजोर बनाउँदै उसको वर्गीय अहम्को समेत खिल्ली उडाएको छ । यस अवस्थामा भद्रनाथ बाहिर भने फोस्रो धाक देखाएर सिङ्गो गाउँले असुर्फीसँग मुकाविला गर्न आफूलाई साथ दिने आश्वासन दिन्छ तर भित्रभित्र भने डराएर सिरिङ्ग भएको छ । असुर्फीले आफ्नो भद्रनाथप्रतिको प्रतिशोधको भावनाले गौरीको जीवन बर्बाद भएकामा पश्चताप गरी त्यसको समाधानको उपाय खोजी गर्न भाखी गुरुकै शरणमा परेको छ । यसरी समाजका दुई बलिया सामन्त शोषकलाई एउटा निम्नवर्गीय श्रमजीवी पात्रले तर्साएर उनीहरूलाई मानसिक रूपले कमजोर बनाउन सक्ने परिवेश निर्माण गरिएको हुँदा उपन्यासमा निम्नवर्गीय पक्षधरता देखिएको छ ।

उपन्यासमा कृष्णात्रे जवान भइसकेपछि भद्रनाथका सामु कहिल्यै नझुकेको परिस्थिति देखाइएको छ । सङ्गीताचार्य भएर गाउँमा फर्केपछि भद्रनाथले उसलाई पहिलेझैं हेप्न तथा होच्याउन कुनै कसर बाँकी राख्दैन तर कृष्णात्रेले उसलाई कुनै महत्त्व दिँदैन । यस सन्दर्भमा भर्खरै निर्माण भएको मुर्कीपलियाको ख्याति असह्य भएर त्यसलाई कमजोर साबित गर्न नै सही असुर्फीले विदेशी सङ्गीतज्ञसँग कृष्णात्रेलाई प्रतिस्पर्धा गर्ने अवसर दिएको छ । उसको चाहना कृष्णात्रेलाई हराउने नै हो । यस अवस्थामा उक्त समारोहमा कुनै दिलचस्पी नदेखाउने कृष्णात्रे "यस गाउँमा बस्नु छ भने तीयरपारि हुने सङ्गीत समारोहमा जाने आँट नगर्नू, नत्र नराम्रो परिणाम ब्यहोर्नुपर्नेछ" (गोतामे, २०७७, पृ. २१५) भन्ने भद्रनाथको धम्कीको प्रतिरोधस्वरूप समारोहमा भाग लिन गई विजयी भएर फर्कन सफल भएको छ । यसबाट भद्रनाथ र असुर्फी दुवैको अहम् तिरोहित भएको छ भने कृष्णात्रेलाई गडहलबाट प्राप्त सम्मानले उसको चर्चा चन्द्रशमशेरसम्म पुगेर उनीबाट उसको सङगीत सुन्ने इच्छा व्यक्त गरिएको छ । यस क्रममा चन्दशमशेरले गडहलको सङ्गीत समारोहको

कुरा सुनेदेखि कुनै पनि बेला कृष्णात्रेसँग भेट भएको खण्डमा ऊबाट तिलककामोद राग सुनेर त्यहाँको सङ्गीत समारोह र कृष्णात्रेको समेत मूल्याङ्कन स्वयमले गर्ने निर्णय गरेको कुरा उपन्यासमा व्यक्त गरिएको छ (गोतामे, २०७७ पृ. २७६) । नभन्दै उनलाई त्यस्तो अवसर जुरेकाले कृष्णात्रेले उक्त राग सुनाउँदा त्यस रागबाट उनले भरपुर आनन्द प्राप्त गरेको र कृष्णात्रेलाई आफ्ना दरवारमा हिन्दुस्थानी गायकसँग राख्न पाए र उसको प्रतिभा देखाएर चन्द्रशमशेरले गर्भ गर्न पाए उनी कृष्णात्रेसँग आभारी हुने थिए भन्ने भाव उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> मैले असङ्ख्य गायकहरूबाट सङ्गीत सुनिसकेको छु । तर आज जुन आनन्द यस गायकले दियो त्यो मैले कहिल्यै पाएको थिइनँ । आफ्नै धर्तीपुत्रको सङ्गीत सुनेर होला । कृष्णत्रे, तिमी निश्चय नै एक महान् गायक हौ । मौका पायौ भने तिम्रो सङ्गीतकला अझ बढी प्रस्फुटित हुनेछ । मेरा दरबारमा हिन्दूस्थानी गायकहरूले भरिएको छ । तीमध्ये तिमी कुनैभन्दा कम छैनौ । मेरो दरबारमा तिमीलाई राख्न पाए आफ्नोपनको कत्रो अभिमान मलाई हुँदो हो म सबै सुखसुविधा तिमीलाई जुटाइदिन तयार छु । (गोतामे, २०७७, पृ. २७७)

चन्द्रशमशेरको उक्त भनाइले कृष्णात्रेजस्तो रछ्यानको नालीसमान ठानिएको कमारीपुत्रलाई चन्द्रशमशेरले एकाएक दरबारको उच्चासनमा पुऱ्याई दिएका छन् । यसो हुनुमा लेखकको निम्नवर्गप्रतिको सहानुभूति देखिन्छ । यसरी उसलाई सङ्गीत विद्या आर्जन गरिसकेपछि आफ्नै गाउँमा फर्काएर छिमेकी गाउँमा हिन्दूस्थानी कलाकारसँग प्रतिस्पर्धा गर्ने परिवेश तयार गरी उसलाई विजयी गराएर त्यो समाचार चन्द्रशमशेरसम्म पुऱ्याई उनलाई त्यही गाउँमा ल्याई कृष्णात्रेको राग सुनेर भरपुर आनन्द प्राप्त गरी कृष्णात्रेलाई एक महान् कलाकारका रूपमा स्थापित हुने परिवेश मिलाइएको छ । यसबाट उपन्यासको परिवेश विधानमा प्रगतिशीलता देखिएको छ ।

व्यक्ति जतिसुकै धनी होस तर उसको आफ्नो परिवेशमा क्षमतावान् प्रतिभा जन्मिएका छैनन् भने त्यो ठाउँको विकास हुन सक्दैन र त्यस्ता ठाउँका सामन्त जमीनदारहरूको वर्गीय अहंमा सधैं चोट पुगिरहेको हुन्छ । उपन्यासमा मुर्कीपलियामा भाखी र कृष्णात्रेजस्ता दरिद्र तर प्रतिभाशाली व्यक्तिको प्रतिभाले त्यसलाई धनधान्य बनाएको भाव यसरी व्यक्त गरिएको छ :

> टाढाबाट यो सबै दृश्य असुर्फी साहु हेरिरहेका थिए । उनलाई तीयर नदीले रसाएको यस माटोप्रति धिककार लाग्यो । किन यो सरस्वतीपुत्र मेरो गाउँमा जन्मिएन ? त्यो अधम भद्रनाथको गाउँले यस्तो उज्वल नक्षत्र भेट्टायो । तीयरको पानीले असङ्ख्य मुरी धानको उब्जनी गरे पनि यस्तो प्रतिभा जन्माउन सक्दैन । उनको कृषक अहंवादितालाई ठुलो चोट परेको थियो । भद्रनाथको पिठ्चूमा सुम्लाका डाम उठाए पनि त्यसबाट मेरो गाउँको कुनै पौरुष प्रदर्शन हुँदैन । मेरो तीन सय वर्षअघिको प्राचीन गाउँलाई भर्खरको कटमेरो बस्तीले आज उछिन्यो । यसै पनि भाखी गुरुको औषधोपचारले त्यस गाउँको प्रशंसा फिँजिएको थियो अब कृष्णात्रेको कलाले गर्दा देशभरिमा यस गाउँको ख्याति

फिँजिने छ । गडहल गाउँलाई अब ग्रहण लाग्यो, त्यसका दिन गए । (गोतामे, २०७७, पृ. २२३)

उपर्युक्त उपन्यांशका आधारमा हेर्दा सामन्त वर्गका बिच एकअर्कामा वर्गीय ईर्ष्या र द्वन्द्व हुन्छ । एउटा सामन्तले आफूले भन्दा बढी स्रोत साधन प्राप्त गरेकामा अर्को सामन्तलाई डाहा र जलन हुन्छ । यस क्रममा आफ्नो प्रतिद्वन्द्वी भद्रनाथका गाउँमा भाखी गुरु र कृष्णात्रेजस्ता होनहार प्रतिभा भएकामा असुर्फीलाई ईर्ष्या लाग्ने परिवेश तयार गरिएको छ । उसको त्यही ईर्ष्याभित्रै पनि निम्न वर्गीय पक्षधरता रहेको कुरा देखिएको छ । उपरोक्त पङ्तिहरूमा अभिव्यक्त औपन्यासिक परिवेशलाई हेर्दा कुनै पनि स्थानको विकास त्यहाँ जन्मिएका प्रतिभावान् व्यक्तिहरूको प्रतिभा, दक्षता र क्षमताले निर्धाराण गर्छ नकि त्यहाँका कुनै धनी सामन्त, जमीनदार र तिनको तुजुकले नै गर्छ । यस सन्दर्भमा असुर्फी साहुको तीयर नदीले त्यहाँको जमीन सिंचन गरेर जति मुरी धान फलाए पनि र उसले भद्रनाथका डँडाल्नामा जति नै सुम्ला उठाए पनि त्यसबाट असुर्फीका गाउँको प्रतिष्ठा बढ्दैन भन्ने राम्रो हेक्का असुर्फीलाई छ । भाखी गुरुको औषधोपचारले प्रशंसित मुर्कीपलियाको ख्याति कृष्णत्रेको कलाले देशव्यापी बनाएको हुँदा गडहल गाउँमा ग्रहण लागेको महसुस गर्ने असुर्फीले आफ्नो वर्गीय अहंमा चोट परेको अनुभव गरेको भाव उपन्यासका उपरोक्त पङ्तिमा अभिव्यक्त गरिएको छ । उपन्यासमा यस प्रकारको परिवेश तयार पारिएको हुँदा यसमा निम्न वर्गीय पक्षधरता देखिएको छ । अतः उपन्यासको परिवेशमा वर्गीयता प्रकट भएको छ ।

यसरी हेर्दा *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उपन्यासकारको निम्नवर्गप्रतिको निष्ठाभाव देखाउन त्यस अनुरूपकै परिवेश निर्माण गरिएको छ । पूर्वदीप्ति शैलीमा जङ्गबहादुर राणा र उनीबाट डिट्ठाको पदवी पाएका विपुलानाथका कथासन्दर्भ प्रस्तुत गरिएको सन्दर्भमा विपुलानाथको सेवाबाट प्रसन्न भएका जङ्गबहादुरले जे मागे पनि दिन्छु भन्दा डिट्ठाङ्गी पदबाट मुक्ति चाहेको कुरा व्यक्त गराई निम्न वर्गीय पक्षधरता देखाइएको छ । त्यस्तै भद्रनाथ जस्ता शोषकलाई चन्द्रशमशेरले भुडे जमिनदार भनी तिरस्कार गरी उसकै जुठोपुरा खाएर हुर्केको कृष्णत्रेलाई सम्मानित हुने परिवेश तयार गरिएको छ । त्यति मात्र नभएर भद्रनाथलाई पार्वती र दुर्गीका अगाडि झुकाइएको, भद्रनाथले जति नै धनको तुजुक देखाए पनि निम्न वर्गीय हर्चनले मानसिक रूपमा उसको विरोध गर्ने परिस्थिति सिर्जना गरिएको, भाखीका अगाडि भद्रनाथ र असुर्फीलाई झुक्ने परिस्थिति निर्माण गरिएको जस्ता घटनाले उपन्यासमा परिवेशगत वर्गीयता प्रकट गरिएको छ ।

### २.५.६ यहाँदेखि त्यहाँसम्म उपन्यासको उद्देश्यमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासको मुख्य उद्देश्य सामाजिक यथार्थको चित्रण गर्नु हो । यस क्रममा उपन्यासको वर्गीय स्वरूपको पनि विश्लेषण गरिएको छ । यस उपन्यासमा शोषक तथा शोषित दुवै वर्गको उपस्थित रहेको छ । उपन्यसमा सामन्ती शोषकवर्गका उदण्डता, व्यभिचार र क्रूरता देखाउँदै त्यस वर्गप्रति घृणाभाव जगाइएको छ भने शोषितवर्गमा सहानुभूति देखाउँदै तिनमा क्रमशः जागृत हुँदै गरेको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यही नै यस उपन्यासको मुख्य उद्देश्य हो । यस उपन्यासमा सामन्ती शोषणका कारणहरूको खोजी गर्दै बौद्धिक चतुऱ्याइँ तथा

अवसरको प्राप्तिले व्यक्तिले आर्थिक आधार प्राप्त गर्दै जान्छ र त्यही आधारका भरमा उसले समाजमा अधिरचना निर्माण गर्छ र ऊ क्रमशः शोषक सामन्त बन्दै जान्छ भन्ने कुरा देखाइएको छ । यस क्रममा निम्न वर्गीय परिवारको विपुलानाथले बौद्धिक चातुर्‍याँइ देखाई जङ्गबहादुरको चाकडी गरेको छ । ऊ कुशल र बौद्धिक क्षमताका कारण जमिनदार बनेको छ । त्यही जमिनदारीका कारण उसको नाति भद्रनाथ सामन्ती शोषक बनेर समाजका निमुखा जनतामाथि शासन गर्छ । त्यसै गरी असुर्फी साहु बाबुले बेकम्बा बनाएर छाडेका नाउहरू जोगेर तीयर नदीमा पुल बनाउँछ र वारिपारि गर्ने मानिसलाई शुल्क लिएर अनि उनीहरूका सामान नगदमा किनी दिएर नाफा कमाउँछ । त्यही सम्पत्तिका बलले गरिबमाथि राज गर्छ । अतः उपन्यासमा भद्रनाथ र असुर्फीजस्ता शोषकका हर्कत देखाएर तिनीहरूप्रति घृणाभाव जगाउनु उपन्यासको प्रमुख उद्देश्य हो ।

व्यक्तिको पहिचान धनको तुजुकले होइन, उसमा अन्तर्निहित गुण र क्षमताले गराउँछ भन्ने कुरा देखाउनु यस उपन्यासको अर्को उद्देश्य हो । यस क्रममा चन्द्रशमशेर मुर्कीपलियाको बाटो गरेर बारा जाँदा त्यहाँ बसेर भाखी गुरुलाई भेटेर अनि कृष्णात्रेको सङ्गीत सुनेर मात्र अगाढि बढ्छन् । यस अवसरमा उनका लागि चाहिने सबै व्यवस्थापनको जिम्मेवारी भद्रनाथमाथि हुन्छ । उसले निकै धामा गरेर त्यो सबै व्यवस्था मिलाएको छ तर उसको कामको मूल्याङ्कन खाएर चुठेपछि समाप्त हुने र बिना धपेडी बडो स्वाभिमानका साथ कृष्णात्रेले गाएको सङ्गीतको रागको प्रभाव चन्द्रशमशेरमा जुगजुगान्तर रहिरहने कुराले ईर्षित बनेको भद्रनाथको पीडा उपन्यासमा यसरी व्यक्त भएको छ :

> कृष्णात्रेको व्यक्तित्वदेखि भद्रनाथलाई बडो ईर्ष्या हुन्छ । साँच्चे भन्ने हो भने, के छ ममा कुन गुणको ख्याति ? कसले मलाई चिनेको छ । चिनारी गराउनका लागि धन र तुजुकभन्दा आफूमा अन्तर्निहित गुण चाहिंदो रहेछ । गुणीले स्वाभिमान देखाएको पनि कताकता सुहाउने हुन जाँदो रहेछ । मेरो दरकार महाराजलाई भान्छेका रूपमा चाकरजस्तो चाहिएको छ -पच्चीस गोटा खसी, दुई पसेरी घिउ, पाँच मन बासमती चामल, त्यही अनुपातमा तेल कुण्ड, जीरा, धनियाँ, हिङ, हर्दी यावत् गरेर भोजनको सामग्री जुटाउनु परेको छ । विशाल भूमिगत चुलोचम्कोहरू बनाएर त्यसमा आगो मात्र सल्काउन बाँकी राखी सबै व्यवस्था मिलाएको छु । तर यति धामा गरेर के गर्ने ? खाएर चुठेको हात सुक्तानसुक्तै मेरो नाम र चिनारीको सानो विन्दु पनि तिनका जेहनमा रहँदैन । जब कि कृष्णेको मधुर स्वरनिनादको अनुगुञ्जनले तिनको मन र मथिङ्गललाई दीर्घ कालसम्म पछ्याइरहनेछ । गाउँमा मेरो धाक भय र आतङ्कले गर्दा छ । मेरो अवस्था सिहंको छाला ओढेर चर्ने जनावरकोजस्तै छ । चोखो सम्मानको हकदार कृष्णे पो हुन गयो । (गोतामे, २०७७, पृ. २६७)

प्रस्तुत उपन्यांशलाई आधार मान्दा भद्रनाथ गाउँको सामन्त भएर उसले सारा गाउँलेहरूलाई आफ्नो अधीनमा राखेको छ । तर उसमा कुनै विशेष गुण भएर गाउँलेहरू उसका पछाडि लागेका होइनन् उसमाथि आर्थिक निर्भर रहनु परेकाले मात्र हो । निश्चय नै उसमा धनको तुजुकबाहेक कुनै

विशेष गुण पाइदैन जसबाट उसको ख्याति बढोस् । मानिसलाई आफ्नो परिचय बनाउन उच्चगुणको आवश्यकता पर्छ । अतः गुणीले स्वाभिमान देखाएको पनि सुहाउँछ । यही वास्तविकताको बोध गरेर भद्रनाथले आफूले धपेडी गरेर श्री ३ महाराजका लागि जति नै मिष्ठान्न भोजन बनाए पनि त्यसको महत्त्व क्षणिक हुन्छ तर कृष्णात्रेका सङ्गीतले उनलाई सदैव पच्छ्याई रहन्छ । अतः भद्रनाथलाई आफूभन्दा कृष्णात्रे नै गतिलो भएको अनुभव हुन्छ । यसरी भद्रनाथजस्तो सामन्तीद्वारा कृष्णात्रेको व्यक्तित्वको प्रशंसा मानसिक रूपमै भए पनि गराएर उपन्यासमा निम्नवर्गीय पक्षधरता प्रकट गरिएको छ । यसरी उच्च वर्गीय सामन्तलाई निम्नवर्गका सामु झुकाई उसलाई घुँडा टेकाएर उपन्यासको उद्देश्यमा प्रगतिशीलता देखाइएको छ । यसले उपन्यासको उद्देश्यमा वर्गीयता प्रकट गरेको छ ।

समाजमा क्रमशः विकसित हुँदै गएको वर्गपतनको सङ्केत देखाउनु उपन्यासको अर्को उद्देश्य हो । सधैं भोको र व्याघ्र बाघजस्तै गाउँमा गर्जिरहने भद्रनाथ अब लुरुलरु महुवामुनि पुग्नु र झमक्क साँझ परेपछि घर फर्कनु, महुवामुनिबाट जानेआउने यात्रुलाई बिनारोकटोक आफ्नो बाटो हिड्न दिनु (गोतामे, २०७७, पृ. २९०) जस्ता घटनाले उक्त कुराको सङ्केत गरेको छ । त्यस्तै आफ्नो ज्वाइँ कुटेको बदला लिन असुफीले भद्रनाथसँग जुन व्यवहार गऱ्यो त्यसको प्रतक्ष्य प्रभाव निर्दोष गौरीमाथि पर्न गएकामा पश्चताप गरी असुर्फी त्यसको समाधानका लागि भाखीको पाउ पर्नुले (पृ. २८६) समाजमा वर्गपतनका झीना सङ्केत देखिन थालेको कुराको सङ्केत गरेको छ । यद्यपि सदियौदेखिको वर्गीय शोषण यति सजिलै र यति चाँडै ढल्ने सम्भावना छैन तर यसले सर्वसाधारणमा वर्गीय चेतना जागृत हुँदै गएको कुराको सङ्केतचाहिं गरेकै छ ।

सेते दमाईले निर्धक्कसँग चन्द्रशमशेरका सामु उभिएर गाउँका समस्याका बारेमा कुरा गर्नु, पीताम्बर र भाखीले भद्रनाथको दोस्रो विवाहमा जन्ती जान अस्वीकार गर्नु, भद्रनाथकै अघिपछि भएर उसकै जुठोपुरा खाएर बाँचेको हर्चनका अभ्यन्तरमा कृष्णात्रेप्रति सम्मानभाव र भद्रनाथप्रति घृणाभाव जागृत हुनु, त्यस कुराको सङ्केत मिलाएर भद्रनाथका हितमा कुरा गरेझैँ गरी सुनाउनु (गोतामे, २०७७, पृ. २६८) जस्ता औपन्यासिक गतिविधिले निम्न वर्गमा वर्गचेतनाको विकास हुँदै गएको र समाजमा वर्गपतनको झीनो सङ्केत देखिनुले उपन्यासको उद्देश्यमा वर्गीयता प्रकट भएको छ ।

आर्थिक र लैङ्गिक रूपमा नारीमाथिको शोषण देखाउनु उपन्यासको अर्को उद्देश्य हो । यस क्रममा सानैदेखि मन पराउने पार्वतीप्रतिको भद्रनाथको आकर्षण, उसलाई प्राप्त गर्न नसकेपछि उसमाथि गरिएका षड्यन्त्र, गौरीप्रति भद्रनाथले गरेका अत्याचार तथा गौरीलाई असुर्फी साहुका मान्छेले हातपात गर्न खोज्नुजस्ता घटनाले उपन्यासमा नारी शोषणका स्वरूप प्रस्तुत गरेको छ । तर पार्वती र दुर्गीले भद्रनाथको वर्गीय तथा लैङ्गिक अहम्को तेजोबध गरेको दृश्य देखाएर उपन्यासमा नारी चेतनाको स्वर जागृत हुँदै गएको सङकेत पनि गरिएको छ । यसरी समाजमा संस्कृतिका रूपमा जरो गाडेर बसेको आर्थिक र लैङ्गिक शोषणका विविध रूप देखाउँदै क्रमशः नारीमा विकसित हुँदै गएको चेतनाको स्वर देखाउनु उपन्यासको अर्को उद्देश्य हो ।

यसरी हेर्दा सामाजिक यथार्थ प्रस्तुत गर्दै समाजको वर्गीय स्वरूप देखाएर लेखिएको *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा भद्रनाथ, असुर्फी साहुजस्ता शोषकवर्ग तथा जङ्गबहादुर र चन्द्रशमशेरजस्ता

दलाल पूँजीपति वर्गका शोषणका सन्दर्भहरूलाई मूल विषयवस्तु बनाइएको छ । तर उपन्यासकारको सहानुभूति उपन्यासका निम्न वर्गीय पात्रहरूप्रति रहेको पाइन्छ । यस उपन्यासमा उच्च वर्गीय सामन्तहरूका क्रियाकलाप र तिनका गतिविधि तथा निम्न वर्गीय श्रमिक र मजदुरहरू शोषित हुनु परेको स्थितिले समाजको वर्गीय अवस्थालाई प्रतिबिम्बित गरेको छ । त्यस्तै जङ्गबहादुर र चन्द्रशमशेरजस्ता निरङ्कुश शासकलाई विपुलानाथ र कृष्णात्रेका अगाडि झुकाइएको छ । त्यस्तै उपन्यासकारले भद्रनाथ र असुर्फी साहुलाई भाखी र कृष्णात्रेको क्षमता र गुणको प्रशंसा गराएका छन् । यसबाट उपन्यासको उद्देश्यमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ ।

## २.६ निष्कर्ष

अन्तर्वस्तु भनेको कुनै पनि वस्तु वा घटनाको निर्माण गर्ने आधारभूत तत्त्वहरूको समष्टि रूप हो । कला वा साहित्यका सन्दर्भमा अन्तर्वस्तु भन्नाले कृतिलाई सार्थकता प्रदान गर्ने प्रमुख तत्त्व भन्ने बुझिन्छ । कथ्य विषय, केन्द्रीय विचार तथा लेखकीय विचार र कलात्मक सौन्दर्यका माध्यमबाट कृतिले समाजमा पार्ने प्रभावका आधारमा गरिएको कृतिको मूल्याङ्कन नै साहित्यिक अन्तर्वस्तुका प्रमुख संरचक घटक हुन् । त्यस्तै लेखकीय विचारलाई गतिशीलता प्रदान गरी त्यसमा मूर्तता प्रदान गर्न प्रयोग गरिने साहित्यिक रचनाका पात्रहरू, परिवेश तथा साहित्यकारको उद्देश्यलाई अन्तर्वस्तुका प्रमुख तत्त्वअन्तर्गत समेटिन्छ । अतः कथावस्तु, पात्र वा चरित्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्यजस्ता तत्त्वहरू अन्तर्वस्तुका प्रमुख तत्त्व हुन् । अन्तर्वस्तुका यिनै तत्त्वहरूका आधारमा गोतामेका उपन्यासमा प्रतिबिम्बित वर्गीयताको खोजी गरिएको छ ।

*घामका पाइलाहरू* उपन्यासमा नेपालको तराई प्रदेशको सामाजिक जीवनका यथार्थ घटनाहरू प्रस्तुत गरिएको छ । रेलवेको विकास र विस्तारसँग सम्बन्धित विषयवस्तु प्रयोग गरिएको यस उपन्यासमा त्यससँगसम्बन्धित विभिन्न वर्गका पात्र र तिनका कथावस्तु प्रस्तुत गरिएको छ । अन्तर्वस्तुका आधारमा *घामका पाइलाहरू* उपन्यासको वर्गीयतापरक विश्लेषण गर्दा मूलतः यस उपन्यासको कथावस्तु पात्र वा चरित्र, लेखकीय विश्वदृटिकोण, परिवेश तथा उद्देश्यका आधारमा उपन्यासमा प्रयुक्त वर्गीयताको खोजी गर्न सकिन्छ । पूर्वदीप्ति शैलीमा राणा शासनकालीन ऐतिहासिक सन्दर्भ जोडेर तयार पारिएको यस उपन्यासमा राणा शासकहरूका वर्गीय चरित्र प्रस्तुत गरिएको छ । अमलेन्दु भट्टाचार्य, डाक्टर र साहुजस्ता उच्चवर्गीय पात्रहरू तथा पीताम्बर, गणेशी, श्रीवास्तव, रमानाथ, द्वारिका, रेल ड्राइभर र मेहतरजस्ता निम्न अनि निम्नमध्यम वर्गका पात्रहरूका कथावस्तुबाट निर्माण गरिएको यस उपन्यासमा लेखकका जीवन, जगत्, विज्ञान, मृत्यु र श्रमसम्बन्धी प्रगतिशील विचारहरू प्रस्तुत भएका छन् । त्यस्तै यस उपन्यासमा वर्गहरूबिचको अन्तर्सम्बन्ध, वर्गविभेद र उच्चवर्गले निम्नवर्गप्रति गर्ने शोषण देखाउँदै निम्नवर्गमा जागृत वर्गचेतना र त्यसले जन्माएको प्रतिरोध देखाई उपन्यासमा वर्गीय अभिलक्षण प्रस्तुत गरिएको छ । त्यस्तै उपन्यासमा उच्चवर्गले निम्नवर्गको श्रममा भरपर्नु पर्ने परिस्थिति तयार गरिएको छ । सामाजिक यथार्थ प्रस्तुत गर्ने उद्देश्यले लेखिएको यस उपन्यासमा लेखकले निम्न वर्गीय पक्षधरतामा जोड दिएका छन् । अतः घामका पाइलाहरू उपन्यासमा वर्गीयता प्रतिबिम्बित भएको निष्कर्ष निकालिएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यास पनि तराईको परिवेशमा रचिएको सामाजिक यथार्थवादी उपन्यास हो । जङ्गबहादुरका भान्साका डिट्टा विपुलानाथको नाति भद्रनाथ र उसका सामन्ती गतिविधि तथा असुर्फी साहुका शोषणजन्य गतिविधि प्रस्तुत गरिएको यस उपन्यासमा पूर्वदीप्ति शैलीमा जङ्गबहादुरको कथाप्रसङ्ग जोडेर ऐतिहासिक सन्दर्भलाई पनि प्रस्तुत गरिएको छ । यस क्रममा राणाशासकवर्गको विलासी जीवनशैली, तिनका शोषणमूलक गतिविधि, भद्रनाथ, उसकी आमा र असुर्फी साहुका वर्गीय चरित्र तथा तिनको निम्नवर्गप्रतिको शोषणजस्ता विषय प्रस्तुत गरी उपन्यासको कथावस्तु तयार गरिएको छ । त्यस्तै यस उपन्यासमा कृष्णात्रे, भाखी गुरु, पूजारी हर्चन र पार्वतीमा जागृत वर्गीय चेतना र प्रतिरोधजस्ता विषयले उपन्यासको कथावस्तुलाई गति प्रदान गरेको छ । भद्रनाथकी दोस्री पत्नी दुर्गीको आगमनले भद्रनाथको वर्गीय अहम् तिरोहित गर्न थप सहयोग पुऱ्याएको छ । लेखकका जीवन, जगत्, श्रम, शोषण, पापधर्म र मानवतासँग सम्बन्धित प्रगतिशील विचार प्रस्तुत गरिएको यस उपन्यासमा समाजको यथार्थ प्रस्तुत गर्ने उद्देश्य राखिएको छ र सोहीअनुरूपको परिवेश निर्माण गरिएको छ । यसरी वर्ग र वर्गका प्रकार तथा तिनको अभिलक्षण प्रस्तुत गर्दै उपन्यासमा निम्न वर्गीय पक्षधरता प्रस्तुत गरिएकाले यस उपन्यासको अन्तर्वस्तुमा वर्गीयता प्रतिबिम्बित भएको कुरा पुष्टि गरिएको छ ।

# तेस्रो परिच्छेद

# ध.च. गोतामेका उपन्यासका रूपमा वर्गीयता

## ३.१ विषयपरिचय

ध.च. गोतामे सामाजिक यथार्थवादी धाराका उपन्यासकार हुन् । उनका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यास सामाजिक यथार्थ प्रस्तुत गर्ने उद्देश्यले लेखिएका उपन्यास हुन् । त्यसैले यी उपन्यासमा वर्गद्वन्द्व तथा वर्गसङ्घर्षको अभिव्यक्ति खासै पाइँदैन तर लेखक वा साहित्यकार वर्गसमाजकै उपज हुने भएकाले तिनले कुनै न कुनै वर्गको पृष्ठपोषण गरेकै हुन्छन् । त्यसैले तिनका साहित्यमा निश्चित वर्गप्रतिको प्रक्षधरता प्रतिबिम्बित भएको हुन्छ । त्यस्तो पक्षधरता साहित्यको कथ्यवस्तु वा त्यसलाई प्रस्तुत गर्ने प्रविधिका माध्यमबाट अभिव्यक्त भएको हुन्छ । साहित्यमा कथ्यवस्तुको अभिव्यक्ति गर्ने प्रविधि वा पद्धतिलाई रूप भनिन्छ । त्यसैले रूपका आधारमा ध. च. गोतामेका उपन्यासको वर्गीयतापरक विश्लेषण उपशीर्षको यस परिच्छेदमा सर्वप्रथम रूपको परिचय दिँदै यसको स्वरूप चिनाइएको छ र यसका प्रमुख संरचक घटकहरूमध्ये भाषा, बिम्ब र प्रतीकको परिचय दिँदै तिनकै आधारमा उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएको छ ।

## ३.२ रूपको परिचय तथा स्वरूप

रूप भनेको कला वा साहित्यमा प्रयुक्त अन्तर्वस्तुलाई अभिव्यक्त गर्ने माध्यम हो । यो अन्तर्वस्तुको समग्रताको आकारगत संरचना हो । रूपले वस्तुको आकार वा ढाँचालाई बुझाउँछ । साहित्यिक कृतिका सन्दर्भमा हेर्दा यो कृतिलाई अस्तित्व प्रदान गर्ने कृतिको बाह्य पक्ष हो । आफानास्येभले रूपलाई सारको सङ्गठन वा संरचना मान्दै यो सारमा अन्तर्निहित हुन्छ भनेका छन् (सन् १९७७, पृ. १३९) । अतः कला वा साहित्यमा प्रस्तुत गरिने परिघटनाहरू कसरी भनिएको छ त्यसलाई देखाउने प्रविधि वा तरिकालाई रूप भनिन्छ । रूपबिना कुनै पनि कलाको निर्माण हुन सक्दैन । अभ्नेर जिसले सोभियत कलाकार डि. मुरको भनाइलाई उधृत गर्दै लेखेका छन् “रूपबिना कलाको अस्तित्त्व छैन, तर ‘तामझामपूर्ण रूप’ एउटा राक्षस हो” (२०७२, पृ. १५०) । यसबाट के स्पष्ट हुन्छ भने कलाको सौन्दर्य र सार्थकता रूपमा अन्तर्निमित हुन्छ तर कलाबिहीन रूपको थुप्रोले मात्र कलालाई कुरूप बनाउँछ । चैतन्यले रूपलाई अन्तर्वस्तुको प्रकटीकरण मानेका छन् । निनु चापागाइँका अनुसार “कृतिको आन्तरिक सङ्गठन वा संरचना नै रूप हो । यसको रचना अन्तर्वस्तुलाई उद्घाटन गर्न र त्यसलाई मूर्तरूप दिन विशिष्ट आलङ्कारिक अभिव्यञ्जनात्मक साधनहरूको सहायताबाट गरिन्छ” (२०७६, पृ. २६७) । यसरी हेर्दा चापागाइँले रूपलाई कृतिको आन्तरिक सङ्गठन तथा संरचनाका रूपमा लिदै यसको प्रयोग अन्तर्वस्तुलाई प्रकट गरी त्यसलाई मूर्त रूप प्रदान गर्न गरिन्छ भन्ने धारणा व्यक्त गरेका छन् । देवीप्रसाद गौतमका अनुसार “रूप भन्नाले कलाकृतिको आकृति, कलाकृतिमा झल्कँदो सौन्दर्य, कलाकृतिको निर्मिति, अभिव्यक्ति-विन्यासका प्रविधिहरू र संरचनात्मक बन्ध आदिको बोध हुन्छ” (२०४९, पृ. १३०) । यसबाट के

बुझिन्छ भने रूप भनेको कलाकृतिको आकृतिगत सौन्दर्यका साथै अभिव्यक्तिको तरिका तथा संरचनात्मक पद्धति हो

अन्तर्वस्तु वा सारले नै रूपको निर्माण गर्ने भएकाले यी दुवै एक अर्कामा अविभाज्य हुन्छन् । लेनिनको साहित्यको कलात्मक श्रेष्ठतासम्बन्धी विचार प्रस्तुत गर्दै पाण्डेय भन्छन् “साहित्यको कलात्मक श्रेष्ठता वस्तु र रूपको सामाञ्जस्यपूर्ण एकतामा प्रकट हुन्छ” (पाण्डेय, २०६७, पृ. १५६) । अतः कुनै पनि कृतिको अन्तर्वस्तु जति सुन्दर हुन्छ रूप पनि त्यत्ति नै सुन्दर र सशक्त हुनु आवश्यक छ । यसरी मार्क्सवादी कला वा साहित्यमा अन्तर्वस्तु र रूपलाई उत्तिकै महत्त्व दिँदा दिँदै पनि प्राथमिकताका क्रममा भने अन्तर्वस्तुलाई प्रथम स्थान दिएको पाइन्छ । यसो भएता पनि कला वा साहित्यलाई सही अर्थमा कला वा साहित्य बनाउन रूप अपरिहार्य अङ्ग भएको कुरा यसरी व्यक्त गरिएको छ :

> प्रगतिवादले कला वा साहित्यमा रूप र अन्तर्वस्तुका अस्तित्वलाई उत्तिकै महत्त्व दिएर हेर्ने गर्छ । यति भएर पनि अन्तर्वस्तुलाई रूपलाई भन्दा प्राथमिक स्थान दिने उसको मान्यता छ, परन्तु रूपलाई पनि अपरिहार्य अङ्ग मानेर कलालाई कला वा साहित्यलाई साहित्य बनाउनका निमित्त उसको महत्त्वपूर्ण भूमिका रहेको यथार्थ प्रगतिवादले स्वीकार गरेको छ । (अधिकारी, २०५६, पृ. २२८)

अधिकारीको यस भनाइले प्रगतिवादी साहित्यिक मान्यताअनुसार अन्तर्वस्तु र रूप कला वा साहित्यका अनिवार्य तत्त्व भए पनि प्राथमिकताका क्रममा अन्तर्वस्तुलाई प्रथम स्थान दिइन्छ । तर कला वा साहित्यको निर्माणमा दुवैको उत्तिकै भूमिका हुने भएकाले कुनै एउटाको अभावमा उत्कृष्ट कला वा साहित्यको निर्माण हुन नसक्ने कुरा स्पष्ट हुन्छ ।

यसरी अन्तर्वस्तु र रूप कला वा साहित्य निर्माण गर्ने प्रमुख आधार हुन् । अतः साहित्यको विश्लेषण गर्न पनि अन्तर्वस्तु र रूपलाई आधार मान्न सकिन्छ । यी दुवै तत्त्वहरू एक अर्कामा अभेद्य रूपमा रहेका हुन्छन् । मार्क्सवादी सौन्दर्य चिन्तनले साहित्यिक विश्लेषणका क्रममा अन्तर्वस्तुलाई बढी महत्त्व दिए तापनि कला वा साहित्यका सन्दर्भमा रूपको अनिवार्यतालाई स्वीकारेको छ । अतः रूप भनेको अन्तर्वस्तुलाई आकारमा ढाल्नका लागि सहयोग पुऱ्याउने तत्त्व हो । यसको निर्माण विभिन्न तवहरूको संयोजनबाट भएको हुन्छ । त्यस्ता तत्त्वहरूलाई रूपका तत्त्वहरू भनिन्छ ।

## ३.३ रूपका तत्त्वहरू

रूपको निर्माण गर्न प्रयोग गरिएका विभिन्न उपकरणहरूलाई रूपका तत्त्व भनिन्छ । साहित्य सिर्जनाका क्रममा कथ्य विषय र केन्द्रीय विचारलाई कलात्मक रूप दिंदा प्रयोग गरिएका भाषा, बिम्ब, प्रतीक, छन्द, लय, सङगीत आदि तत्त्वलाई रूपका तत्त्व भनिन्छ (मिश्र, सन् १९७२, पृ. ३९३) । मिश्रको यस भनाइले साहित्यको कथ्य विषय वा लेखकको केन्द्रीय विचारलाई अभिव्यक्त गर्ने माध्यमका रूपमा प्रयोग गरिएका भाषा, बिम्ब र प्रतीकलगायतका

विभिन्न तत्त्वहरूलाई रूपका तत्त्व भनिन्छ । सर्जकले भौतिक जगत्बाट लिइएका घटनाहरूलाई र आफूले छनोट गरेको विचारलाई कलात्मक रूपमा व्यक्त गर्दा अभिव्यक्तिको माध्यमका रूपमा प्रयोग गर्ने भाषा, बिम्ब, अलङ्कार, प्रतीक लय, छन्द र सङ्गीत रूपतत्त्वहरूको प्रयोग गर्दछ ( तिमल्सेना, २०७८, पृ. २०६) भन्ने भनाइले रूपका संरचक घटकहरू पहिचान गर्ने आधार प्राप्त हुन्छ । कलात्मक रूपअन्तर्गत पर्ने उपर्युक्त तत्त्वहरूमध्ये अलङ्कार भाषाका माध्यमबाट प्रकट हुन्छ । लय, छन्द र सङ्गीत विशेषतः कवितासँग सम्बन्धित तत्त्व हुन् । अतः रूपका आधारमा ध.च. गोतामेका उपन्यासको वर्गीयतापरक विश्लेषण उपशीर्षकको यस परिच्छेदमा भाषा, बिम्ब र प्रतीकलाई आधार मानी उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गरिएकाले यहाँ तिनको मात्र सङ्क्षिप्त परिचय दिइएको छ :

### ३.३.१ भाषा

भाषा भाव अभिव्यक्तिको माध्यम हो । साहित्यकारले आफ्ना भाव वा विचारलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्छ । मार्क्सवादी साहित्य चिन्तकहरूका अनुसार कला वा साहित्यको भाषा सामान्य भाषाभन्दा फरक हुन्छ । यसको प्रकृति प्रतीकात्मक हुन्छ (मिश्र, १९७२, पृ. ३९४) । यसले बिम्ब र प्रतीकका माध्यमबाट लेखकीय भाव वा विचारलाई प्रस्तुत गर्छ । मार्क्स -एङ्गेल्सका अनुसार- “वर्ग समाजमा कलाको स्वरूप पनि वर्गीय नै हुन्छ” (चैतन्य, २०६९, पृ. ७) । अतः समाजमा विद्यमान वर्गीयताको प्रस्तुति गर्ने साहित्यको भाषाको स्वरूप पनि वर्गीय नै हुन्छ । यस सन्दर्भमा वर्गीय साहित्यमा त्यहाँ उपस्थित पात्रहरूको हैसियतअनुसार उच्चवर्ग तथा निम्नवर्ग दुवैसँग सम्बन्धित भाषिक प्रयोग पाइन्छ । यस क्रममा लेखकको जुन वर्गप्रति निष्ठा वा सहानुभूति हुन्छ त्यही वर्गअनुकूलको भाषिक प्रयोगमा उसले जोड दिएको हुन्छ । ध.च गोतामेका उपन्यासमा उच्च वर्गीय तथा निम्न वर्गीय पात्रहरूको उपस्थिति रहेको त्यसैअनुरूपको भाषिक प्रयोग भएको पाइन्छ । अतः विवेच्य उपन्यासको भाषिक प्रयोगमा वर्गीयतापरक विश्लेषण गर्न उचित देखिन्छ ।

### ३.३.२ बिम्ब

कुनै वस्तु वा विषयका बारेमा पाठकका मस्तिष्कमा प्रभावकारी चित्र प्रस्तुत गर्ने भाषिक युक्तिलाई बिम्ब भनिन्छ । साहित्यलाई प्रभावकारी, सौन्दर्यपूर्ण तथा पत्यारिलो बनाउन बिम्बको प्रयोग गरिन्छ । गौतमका अनुसार– सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई बुझाउने चित्रात्मक भाषा नै बिम्ब हो (२०६८, पृ. १) । गौतमको यस भनाइबाट लेखकका मस्तिष्कमा रहेको मानसिक तस्बिरलाई मूर्त रूप दिई त्यसलाई अझ बढी हृदयसंवेद्य र सशक्त बनाउने भाषिक युक्ति नै बिम्ब हो भन्ने स्पष्ट हुन आउँछ । मूलतः साहित्यिक विधाहरूमा बिम्बको प्रभावकारी प्रयोग कवितामा हुन्छ तापनि उपन्यासमा पनि आलङ्कारिक भाषिक प्रयोगका सन्दर्भमा बिम्बको प्रयोग गरिन्छ । जोन लाइले भौतिक दृश्यावली र आलङ्कारिक भाषा गरी बिम्ब दुई प्रकारका हुन्छन् भन्दै साहित्यमा भौतिक दृश्यावलीले भन्दा पनि आलङ्कारिक भाषाका रूपमा बिम्बले धेरै महत्त्व राख्ने कुरा बताएका छन् (बराल, २०७८, पृ. १५२) । अतः साहित्यको एउटा प्रमुख विधा आख्यानअन्तर्गत पर्ने उपन्यासमा प्रयुक्त बिम्ब आलङकारिक भाषाका माध्यमबाट प्रकट हुन्छ । गोतामेका उपन्यासमा

उच्च तथा निम्न दुवै वर्गलाई जनाउने बिम्बहरू प्रयोग गरिएका छन् । अतः बिम्बलाई पनि उपन्यासको वर्गीयतापरक विश्लेषण गर्ने आधार बनाइएको छ ।

### ३.३.३ प्रतीक

एउटा विषयले अर्को विषयलाई बुझाउँदा त्यो प्रतीक बन्छ । प्रतीकले भिन्न अर्थलाई सङ्केत गर्छ । यसले ध्वन्यात्मकतालाई बुझाउँछ । यसले साहित्यको अन्तर्वस्तुको प्रकटीकरणमा महत्त्वपूर्ण योगदान दिनुका साथै अन्तर्वस्तुलाई सार्थक बनाई यसमा कलात्मकता प्रदान गर्छ । चैतन्यका अनुसार- "प्रतीकको अर्थ त्यो चिह्न हो जसले कसै न कसैलाई स्थानापन्न गर्छ । प्रतीकद्वारा मूर्तबाट अमूर्तको व्यञ्जना गरिन्छ" (चैतन्य २०६९, पृ. ५८) । यसबाट प्रतीकले प्रस्तुतका माध्यमबाट अप्रस्तुत वस्तुलाई प्रस्तुत गर्छ भन्ने स्पष्ट हुन्छ । उपन्यासमा दृश्य वा मूर्त वस्तुका माध्यमबाट अदृश्य र अमूर्त विषयलाई कलात्मक रूपमा प्रस्तुत गर्न प्रतीकको प्रयोग गरिन्छ । साहित्यमा प्रयोग भएको भाषिक बिम्बले अन्यअर्थ बुझाएमा त्यो प्रतीक हुन्छ । नेत्र एटमका अनुसार "अभिधाभन्दा निकै टाढाका भिन्न भिन्न र अमूर्त अर्थ बुझाउन सक्ने बिम्ब नै प्रतीक हो । प्रतीकको अर्थ प्राकृतिक नभई मान्छेले थपेको हुनाले त्यो संस्कृति, स्थान, समय, परम्परा आदिका आधारमा फरक पर्न सक्छ" (२०७४, पृ. १५९) । एटमको यस भनाइले प्रतीकले वाच्यार्थभन्दा भिन्न अन्यार्थ बोध गराउनाका साथै यसको अर्थ संस्कृति, स्थान, समय र परम्पराअनुसार फरक फरक हुन्छ भन्ने स्पष्ट गरेको छ । गोतामेका उपन्यासमा विभिन्न वर्गीय सन्दर्भ बुझाउन विभिन्न प्रकारका प्रतीकहरू प्रयोग भएका छन् जसमध्ये कतिपय प्रतीकले उपन्यासको वर्गीय पक्षधरतालाई सङकेत गरेका छन् । अतः उपन्यासमा प्रयुक्त वर्गीयताको विश्लेषण गर्न प्रतीकलाई पनि आधार बनाइएको छ ।

## ३.४ घामका पाइलाहरू उपन्यासको रूपमा वर्गीयता

साहित्यिक रूपको निर्माण गर्न आवश्यक पर्ने तत्त्वहरूलाई रूपका तत्त्व भनिन्छ । रूपका आधारमा *घामका पाइलाहरू* उपन्यासको विश्लेषण गर्ने क्रममा रूपका विभिन्न तत्त्वहरूमध्ये भाषा, बिम्ब र प्रतीकलाई मूल आधार मानेर उपन्यासको विश्लेषण गरिएको छ । मूलतः यस उपन्यासमा आलङ्कारिक र परिमार्जित भाषाको प्रयोग गरिएको छ । उपन्यासमा तत्सम, तद्भव, आगन्तुक र स्थानीय शब्दको समेत प्रयोग गरिएको छ । उखान र टुक्काको प्रयोगले उपन्यासको भाषालाई सहज र विश्वसनीय बनाएको छ । यस उपन्यासमा नेपाली मूलका चरित्रहरूका अतिरिक्त केही पात्रहरू गैरनेपाली मूलका भए पनि तिनले समेत शुद्ध नेपाली भाषाको प्रयोग गरेका छन् । तिनका भाषामा मानकता र स्वभाविकता पाइन्छ । उपन्यास आख्यात्मक विधा भएकाले यसमा वर्णनात्मक शैलीको प्रयोग गरिन्छ । सोहीअनुरूप *घामका पाइलाहरू* उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरिनाका साथै विगतको कथालाई वर्तमानसँग जोड्न पूर्वदीप्ति शैलीको समेत प्रयोग गरिएको छ । यसमा विभिन्न पात्रहरूका कथालाई आख्यानात्मक रूप प्रदान गरिएको हुँदा प्रत्यक्ष शैलीको प्रधानता रहेको छ । उपन्यास रेलवेको विकास र विस्तारसँग सम्बन्धित भएकाले यस उपन्यासमा विभिन्न वर्गका पात्रहरू प्रयोग भएका छन् । तिनले प्रयोग गर्ने भाषा आ-आफ्नो वर्गअनुकूल नै रहेको छ । त्यसै

गरी उपन्यासमा वर्गीयता झल्काउने बिम्ब तथा प्रतीकहरूको प्रयोग सुन्दर रूपमा गरिएको छ । रूपका आधारमा घामका पाइलाहरू उपन्यसको वर्गीयतापरक विश्लेषण उपशीर्षको यस परिच्छेदमा भाषा, बिम्ब र प्रतीकका आधारमा उपन्यासको वर्गीयतापरक विश्लेषण गरिएको छ ।

### ३.४.१ घामका पाइलाहरू उपन्यासको भाषामा वर्गीयता

*घामका पाइलाहरू* उपन्यासमा प्रयुक्त भाषालाई वर्गीयतापरक दृष्टिले हेर्दा यस उपन्यासमा शोषक तथा शोषित दुवै वर्गलाई सङ्केत गर्ने भाषिक सूचकहरू पाउन सकिन्छ । अतः उपन्यासमा वर्गानुकूलको भाषाको प्रयोग भएको छ । उपन्यासमा दलाल पूँजीपति वर्गको समेत उपस्थिति रहेको हुँदा उक्त वर्गप्रति गरिने चाकडीयुक्त भाषाको प्रयोग गरिएको छ । यस्तो भाषालाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ "भोलिको प्यासेन्जर ट्रेन दुई नम्बर लाइनमा लाग्नेछ । अघिल्लो लाइन खाली राख्नू, त्यहाँ चीफसाहेबको सैलुन अड्याउनु छ । शिकारमा सवारी हुने रे" (गोतामे, २०३५, पृ. ८०) । अमलेन्दु भट्टाचार्यको यस भाषिक प्रयोगमा राणा शासक वर्गलाई उच्चवर्गले गर्ने चाकडीयुक्त भाषाको स्वरूप झल्किएको हुँदा भट्टाचार्यको भाषामा उच्च वर्गीय पक्षधरता पाइन्छ । उपन्यासका प्रमुख पात्र अमलेन्दु भट्टाचार्य र शिक्षित पात्र डाक्टरका भाषिक प्रयोगका कतिपय सन्दर्भमा उच्च वर्गीय अहम् देखिन्छ । उनीहरूले शोषकवर्गले प्रयोग गर्ने भाषाको प्रयोग गरेका छन् । यस सन्दर्भमा रोजाका समयमा रेलको ड्राइभर काममा ढिला आउँदा उसलाई भट्टाचार्यले गरेको गालीमा प्रयोग भएका भाषिक शब्दहरूलाई यहाँ उल्लेख गर्न उचित देखिन्छ :

> सन अफ द बिच, कहाँ थियो यो मुसल्टे ? यसको दाह्रीमा आगो लाइदे । जुन दिन ड्यूटी छ त्यो राती यहीँ सुत् भन्छु । साला एक रात पनि स्वास्नी नागा गर्दैन । एक जनाको गल्तीले सारा यात्रीलाई घण्टौँ कष्ट सहनुपर्छ । यसपालि मैले तेरो जागीर सात दिनभित्र उडाउन सकिनँ भने म बङ्गालीको छोरो होइन । (गोतामे, २०३५, पृ. ४६, ४७)

उपर्युक्त उद्धहरणमा प्रयुक्त भट्टाचार्यको भाषालाई हेर्दा उसको भाषिक प्रयोगका माध्यमबाट रेल ड्राइभरलाई जातीय र वर्गीय रूपमा अपमान गरेको देखिन्छ । यद्यपि समयमा आफ्नो ड्यूटी पूरा गर्न नसक्नु मुहमदको गल्ती हो । यस गल्तीका लागि उसलाई सम्मानपूर्ण तरिकाले सम्झाउन पनि सकिन्छ तर उसलाई सन अफ द बिच, साला र मुसल्टे जस्ता शब्द प्रयोग गरी उसको जागिरसमेत उडाई दिने धम्कीपूर्ण भाषाको प्रयोग गरिएको छ । त्यसै गरी भट्टाचार्यले रेलवे मास्टरसगँ चिया खाने इच्छा व्यक्त गर्दा रेलवे मास्टरले "यस्तो बेलामा गणेशी काम लाग्छ त्यसले दश मिनेटमा चिया लिएर आउँछ"
(गोतामे, २०३५, पृ. ४७) भनेको सुनेर गणेशीलाई तल्ला स्तरको मानिस भनी "यस्ता तल्ला स्तरका मानिसलाई बढी लिफ्ट नदेऊ" (गोतामे, २०३५, पृ. ४८) भन्ने भट्टाचार्यको भाषिक प्रयोगमा वर्गीय अहम्को गन्ध आउँछ । यसले निम्नवर्गलाई हेपेको सङ्केत देखाउँछ । त्यस्तै डाक्टरले श्रीवास्तवलाई गाली गर्दा प्रयोग गरेको ननसेन्स, इलियटजस्ता शब्दहरू तथा आफूलाई 'म खान्दानी उच्च शिक्षा पाएको युवक हुँ' (गोतामे, २०३५, पृ. १३३) भन्ने वाक्यमा प्रयुक्त भाषाले वर्गीय अहंम्लाई सङ्केत गरेको छ । भट्टाचार्य र डाक्टरको यस्तो भाषिक प्रयोगले निम्न वर्गीय श्रमिकहरूमा उनीहरूप्रति

घृणाभाव जागृत भएको देखाइएको छ । यसबाट उपन्यासको भाषिक प्रयोगमा निम्न वर्गीय पक्षधरता रहेको देखिन्छ । *घामका पाइलाहरू* उपन्यासमा उच्चवर्गका लागि प्रयोग गरिने सरकार, चिफसाहेव, सवारी, मालिक, सेठ, साहुकार, जमिनदार, अन्नदाता, हर्ताकर्ता जस्ता अभिजातीय शब्दहरू प्रयोग हुनाका साथै बाबू, ड्याडी, बेबी, मैया, डार्लिङजस्ता अभिजातीय परिवारका सदस्यहरूलाई सम्बोधन गर्न प्रयोग गरिने भाषिक शब्दहरू प्रयोग भएका छन् । यस्तो भाषिक सङ्केतले उच्च वर्गीय संस्कृतिलाई झल्काएको छ । यसरी हेर्दा यस उपन्यासको भाषिक प्रयोगले उपन्यासमा प्रयुक्त वर्गको प्रकार, तिनको अवस्था, वर्गशोषण तथा वर्गका चरित्रलाई प्रतिबिम्बन गरेको छ ।

उपन्यासमा प्रयुक्त कतिपय भाषिक सन्दर्भहरूले निम्न वर्गीय उपस्थितिलाई जनाइएको पाइन्छ । यस सन्दर्भमा “एउटा कुनामा थोत्रो कम्बल ओडेर पवनका बाजे झोक्रिएर बसेका छन्” भन्ने वाक्यमा प्रयुक्त भाषा तथा दुर्गानाथले आफ्नो गाउँको घर र सहरको कठवारको तुलना गर्दै “यहाँ यो सुँगुरको खोरमा बास गर्नुपरेको छ” (गोतामे, २०३५, पृ. ३४) भन्ने वाक्यमा प्रयुक्त भाषाले निम्न वर्गीय अवस्थालाई देखाएको छ । त्यसैगरी उपन्यासमा पवनले घरको आर्थिक बोझ कम गर्न जमिनदारलाई ''निर्धन विद्यार्थी भएकाले निजको निःशुल्क शिक्षाका लागि सिफारिश गदर्छु'' (गोतामे, २०३५, पृ. ५५) भनी लेखाएर ल्याई निःशुल्क पढ्न पाएको अवस्थामा साथीहरूले उसलाई “पवन इज द पुवर ब्वाय’ भनेका, ‘पवनलाई द्वारिकाको मासिक आम्दानी ज्यादै सानो रकम होलाजस्तो लागेको’ जस्ता वाक्य र वाक्यांशमा प्रयुक्त भाषिक प्रसङ्ले उपन्यासमा निम्नवर्गको उपस्थितिलाई जनाएको छ । त्यसैगरी द्वारिकाले पवनको वर्णन गर्दा धमिलो टाटो, छरिएको फुस्रो कपाल, हातमा अशोकारिस्ट लेखेको बोराको झोला, खुट्टामा टायरको चप्पल लगाएको व्यक्तिका रूपमा वर्णन गरेको छ । पवनको वर्णनमा आएका उपर्युक्त पदावलीहरूले उपन्यासमा निम्न वर्गीय उपस्थितिलाई जनाएको छ ।

उपन्यासमा निम्नवर्गका लागि प्रयोग गरिने शब्दहरू गार्ड, निर्धन, पेटमेन, खलासी, चपरासी, टपरेवृत्तिजस्ता निम्न वर्गीय भाषिक शब्दहरू प्रयोग भएका छन् । त्यसैगरी उपन्यासमा निम्नवर्गलाई हेपेर प्रयोग गरिने शब्द तथा पदावलीहरूसमेत प्रयोग भएको पाइन्छ । नोकर, चाकर, सइस, गोठाला, मुसल्टे, दरिद्र, गार्ड, टी.टी., ड्राइभर, खलासी, पेटमैन, एक्का चालक निमकहराम, गोवरको बुद्धि, सन अफ द बिच्, खुट्टामिच्नु, तल्लो स्तरका मानिसजस्ता पद तथा पदावलीहरू शोषित वर्गका लागि प्रयोग गरिने पद तथा पदावली हुन् । त्यस्तै “श्रीवास्तव नाङ्गो शरीर खाटमा डङरङ्ग पल्टिन्छन्, नोकर जीतु पङ्ख हम्कन थाल्छ” (गोतामे, २०३५, पृ. ८५) । “बाहिर बरण्डामा बसेर रामधनी कहार उँघीउँघी दलिनमा झुण्डिएको ठुलो पङ्खाको डोरी तानिरहन्थ्यो” (गोतामे, २०३५, पृ. ९९) । जस्ता उपन्यासमा प्रयोग भएका वाक्यहरूले अभिजात्य वर्गले निम्नवर्गको श्रम शोषण गरेको अवस्थाको सङ्केत गरेका छन् । यसो भए पनि उपन्यासका धरैजसो स्थानमा निम्नवर्गले उच्चवर्गसँग प्रतिरोध गरेका भाषिक प्रसङ्गहरू उल्लेख गरिएका छन् । यस सन्दर्भमा भट्टीचार्य, तक्षक नाग, तेलिया साँप, कालोभुँडे मैनेजरजस्ता शब्द वा शब्दावलीले निम्नवर्गको उच्चवर्गप्रतिको आक्रोशलाई सङ्केत गरेका छन् । त्यस्तै उपन्यासका कतिपय प्रसङ्गमा निम्न वर्गीय

पक्षधरता जनाउने शब्द, शब्दावली र वाक्यहरू प्रयोग गरिएका छन् । केही उदाहरणका रूपमा भट्टाचार्यले निम्नमध्यम वर्गीय दुर्गानाथलाई अत्यन्त आदर गरेको भाषिक सन्दर्भ, पवनलाई सबै साथीहरूले 'पुवर ब्वाय' भनेपछि उसलाई असह्य भएको देखाएर आफ्ना वर्ग शिक्षकलाई उजुर गराएको प्रसङ्गमा प्रयुक्त भाषिक सन्दर्भले निम्न वर्गीय पक्षधरता देखाएको छ । पीताम्बरद्वारा धनीवर्गलाई घृणा गराइएको सन्दर्भ, डाक्टरले श्रीवास्तवका गालामा चड्कन दिएका विरोधमा गणेशीले घुमाउरो तरिकाले प्रतिशोध लिएको प्रसङ्ग, डाक्टरलाई माफी मगाएको घटनाका प्रसङ्गमा प्रयोग भएका भाषिक प्रसङ्गले निम्न वर्गीय पक्षधरतालाई सङ्केत गरेका छन् । यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासमा उच्चवर्गलाई जनाउने वर्गीय शब्द, शब्दावली तथा वाक्यहरू र निम्नवर्गलाई हेपेर प्रयोग गरिने शब्द, पदावली तथा वाक्यहरू प्रयोग भएतापनि निम्नवर्गलाई सम्मानजनक रूपमा हेरिएका र त्यस वर्गले उच्चवर्गसँग प्रतिरोध जनाउन प्रयोग गरिएका भाषिक सङ्केतहरू पनि प्रयोग गरिएको छ ।

यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासका कतिपय सन्दर्भमा निम्नवर्गले प्रयोग गर्ने भाषिक शब्दहरू प्रयोग गरिएका छन् । यसले उपन्यासमा निम्न वर्गीय उपस्थितिलाई देखाएको छ । त्यस्तै उच्चवर्गले निम्नवर्गलाई हेपेर प्रयोग गर्ने भाषिक शब्दहरू पनि प्रयोग भएका छन् जसले उच्चवर्गप्रति घृणाभाव जागृत गराएको छ र निम्नवर्गमा वर्गीय चेतना जागृत गराई वर्गीय प्रतिशोध लिन सहयोग गरेको छ । अतः यस उपन्यासको भाषिक प्रयोगमा समेत वर्गीयता अभिव्यक्त भएको पाइन्छ ।

### ३.४.३ घामका पाइलाहरू उपन्यासको बिम्बमा वर्गीयता

*घामका पाइलाहरू* उपन्यासमा प्रयोग गरिएका बिम्बका आधारमा उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गर्दा यस उपन्यासमा शोषक तथा शोषित दुवै वर्गलाई जनाउने बिम्बहरू प्रयोग भएका छन् । यस क्रममा विवेच्य उपन्यासमा शोषक वर्गलाई सङ्केत गर्ने बिम्बहरूकै आधिक्य देखिन्छ । आकर्षक व्यक्तित्वका धनी भट्टाचार्यका शोषक प्रवृत्ति देखाउन विभिन्न बिम्बहरू प्रस्तुत गरिएको छ । जसको उदाहरण "तर गणेशी, बुढो भट्टाचार्य तेलिया साँपजस्तो छ माथि उजुर गरिदियो भने कुनै जाँचबुझ हुँदैन" (गोतामे, २०३५, पृ. ३२) । यस उदाहरणमा सुन्दर पहिरन र आकर्षक व्यक्तित्वमा आफूलाई प्रस्तुत गर्ने अमलेन्दु भट्टाचार्यको आफूलाई चित्त नबुझाउँने श्रमिकहरूको पोल माथिल्लो निकायमा लगाएर तिनको जागिर उडाइदिनेजस्तो निकृष्ट कार्यशैलीलाई चिल्लो र सुन्दर देखिने विषालु तेलिया साँपसँग तुलना गरिएको छ । त्यस्तै भट्टाचार्यले नेपालमा प्रशस्त पैसा कमाएर जग्गाजमिन जोडेकाले त्यसको सुरक्षाका निम्ति नेपाल प्यारो छ भनी नेपाल बसेको कुरा पीताम्बरलाई थाहा छ । त्यसैले ऊ भट्टाचार्यलाई नेपालभक्त नभएर शोषक हो भन्ने कुरा यसरी व्यक्त गर्छ "लोटा, डोरी लिएर आएको हरीप बङ्गाली, हाम्रो देशमा बसेर लाखन लाख कमाइसक्यो । सिमरामा मात्र त्यसको सय बिघा जमीन छ । आफ्नो धनरक्षा गर्न तक्षक नागजस्तो बसिरहेछ । अनि बुढो भन्छ यही देशमा शेष जीवन बिताउँछु" (गोतामे, २०३५, पृ. ४१) । पीताम्बरको यस भनाइमा भट्टाचार्य नेपाललाई माया गर्ने नेपालभक्त नभएर नेपाल र नेपालीलाई

शोषण गरी आर्जन गरेको अथाह सम्पत्तिको सुरक्षार्थ नेपालभक्त भएको स्वाङ देखाउने एक नम्बरी शोषक भएको कुरा देखाउन तक्षक नागको बिम्ब प्रयोग गरिएको छ ।

अफिसमा बसेर लट्ठी घुमाएर सधैं कर्मचारीहरूलाई धर्कमान पार्दै उनीहरूमाथि शासन गर्ने भट्टाचार्यलाई गोमन सर्पको बिम्ब प्रदान गरिएको कुरा यसरी व्यक्त गरिएको छ :

> गाली गर्नमा मोरो छुट्टा गोमनजस्तो आफूलाई देखाउँछ, तर डस्तैन कसैलाई । पेटमा लात हिर्काउँदैन कसैको । एक दिन यसले डाक्टरसित कुरा गरेको सुनेको थिएँ - 'गाडी लेट हुन्छ भने म स्टाफलाई कहिल्यै सजाय दिन्नँ । जबसम्म क्वार्टर बन्दैन गाडी टाइमटाइममा चलाउन सकिन्न' । (गोतामे, २०३५, पृ. ४७)

उपर्युक्त उद्धहरणमा गोमन सर्पले टाउको घुमाएर मानिसलाई थर्कमान पारेजस्तै लट्ठी घुमाएर श्रमिकहरूलाई सातो लिने भट्टाचार्यको शासकीय प्रवृत्तिलाई बुझाउँन गोमन साँपको बिम्ब प्रस्तुत गरिएको छ । यसबाट गोमन सर्पले मानिसलाई थर्कमान पारेझैँ अमलेन्दुले पनि मानिसलाई सदैव त्रसित बनाउँछ भन्ने अर्थ प्रकट गरिएको छ ।

डाक्टरकी पत्नी आफ्नो वर्गीय र क्षेत्रीय अहम् देखाउँदै तराई र तराईवासीहरूलाई अत्यन्त अपमान गर्छे । यस कुरालाई उपन्यासमा यस्ता बिम्बहरूले प्रकट गरेका छन्- "छिः छिः यो पनि कुनै बस्ने ठाउँ हो । नर्क हो कुम्भीपाक । चौबीस घण्टा आगो बर्सिरहन्छ । के खानु, के लाउनु यहाँ ? यहाँ बस्ने मानिस होइनन् ती गर्मीका कीरा हुन्, कालाकाला कुरूप घिनलाग्दा" (गोतामे, २०३५, पृ. ९९) । यस उद्धहरणमा प्रयुक्त कुम्भीपाक बिम्बले तराईको आगाको ज्वाला बल्ने प्रचण्ड गर्मीलाई सङ्केत गरेको छ भने काला कुरूप कीरा बिम्बले कालो छाला भएका गर्मीमा पसिना र मयलले असुन्दर देखिने तराईका मानिसलाई सङ्केत गरेको छ । यस अभिव्यक्तिमा प्रयुक्त बिम्बले तराईका श्रमजीवी किसानहरूको भौगोलिक बाध्यता तथा उनीहरूको छालाको रङलाई अपमान गरेको हुँदा उक्त बिम्बमा वर्गीय र भौगोलिक घृणा प्रकट भएको छ । उपन्यासमा प्रयुक्त उक्त बिम्बले उच्च वर्गीय कुरूपता प्रकट गरेको छ । यसले निम्नवर्गमा उच्चवर्गप्रति घृणाभाव जागृत भएको छ ।

पीताम्बर धनीलाई घृणाका दृष्टिले हेर्छ र ऊ आफ्नो हैसियतभन्दा धेरै माथिका सम्पन्नहरूसँग कहिल्यै उठबस गर्नु हुन्न भन्ने धारणा राख्छ । उसका विचारमा सम्पन्न साथीसँगको मैत्री सम्बन्ध जतिसुकै गहिरो भए तापनि तिनीहरू आफ्ना गरिब साथीहरूले आफूसँग सहयोगको अपेक्षा राख्ने कुरामा सशङ्कित भई हरिण व्याधासँग चङ्ख रहेजस्तै सर्तक रहन्छन् (गोतामे, २०३५, पृ. ८२) भन्ने धारणा राख्छ । पीताम्बरले प्रयोग गरेका यस्ता बिम्बहरूमध्ये हरिणले धनीको गरिबमाथिको आशङ्का र व्याधाले गरिबको ऋण माग्ने पासोलाई सङकेत गरेको छ । उसको यस भनाइमा अभिव्यक्त विचारमा उच्चवर्गको निम्नवर्गप्रतिको कुरूप दृष्टिकोण प्रकट भएको छ । यसबाट पाठकमा उच्चवर्गप्रति घृणाभाव जागृत गरेको छ । यसरी उच्चवर्गीय कुरूपता तथा निम्ववर्गमा त्यस वर्गप्रति जागृत घृणाभावले निम्नवर्गमा वर्गीय चेतना जागृत भई उक्त वर्गले

वर्गविरोध तथा सङ्घर्ष गरी समाजलाई वर्गीय शोषणबाट मुक्ति दिने प्रयास गर्छ । लेखकको यस्तो विचारले उपन्यासमा वर्गीयतालाई देखाएको छ ।

निम्न वर्गीय शोषितलाई घोडाको टापसँग तुलना गरिएको यस उपन्यासमा शोषक साहु तथा सेठको शोषणको पासोबाट मुक्त भएको मानिसलाई विशाल वनको हरियालीमा उफ्रिरहेको मृगको बिम्ब प्रदान गरिएको कुरा पीताम्बरको यस भनाइले स्पष्ट पारेको छ :

> आजदेखि म पीताम्बरमात्र छु– सेठको ताबेदारीबाट मुक्त र स्वतन्त्र । अब म छाँद हालेको घोडाजस्तो होइन, विशाल वनको हरियालीमा बोटबूटा डाँक्तै पैयाँ ठोकिरहेको मृगजस्तै छु । यसको जस्तोसुकै परिणाम होला म ब्यहोर्न तयार छु तर आज जुन काँढा झिकेजस्तो सन्चो र सुख मैले पाएको छु त्यो म अब कुनै मूल्यमा बेच्न तयार छैन । (गोतामे, २०३५, पृ. १५१)

पीताम्बरको यस अभिव्यक्तिमा प्रयुक्त बिम्बहरूमध्ये घोडाले शोषित निम्न वर्गीय श्रमिक, पैयाँ ठोकिरहेको मृगले मालिकको शोषणबाट मुक्त श्रमिक तथा काँढाले शोषणको पीडालाई सङ्केत गरेका छन् । हुन पनि परिणाम जेजस्तो भए पनि सेठको नोकरी छोडेपछि पीताम्बरले आफूलाई स्वतन्त्र र पीडामुक्त अनुभव गरेको छ । उसको यस अभिव्यक्तिमा वर्गद्वन्द्व तथा सङ्घर्षको प्रयास त देखिँदैन तापनि यसले निम्न तथा निम्नमध्यम वर्गमा प्रस्फुटित वर्गचेतना र वर्गमुक्तिको चाहनालाई भने सङकेत गरेको छ ।

यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासमा शोषक वर्ग तथा शोषित वर्ग दुवैलाई जनाउने बिम्बहरू प्रयोग भएका छन् । यस क्रममा शोषक वर्गीय बिम्बहरू त्यसवर्गलाई शोषितवर्गले घृणा व्यक्त गर्ने क्रममा तथा उच्चवर्गप्रति विद्रोह जनाउने क्रममा आएका छन् भने शोषित वर्गलाई बुझाउने बिम्बहरू तिनलाई शोषण, अन्याय र अत्याचार गर्ने सन्दर्भमा अर्थात् तिनलाई दमन गर्ने क्रममा प्रयोग भएका छन् । यस उपन्यासमा तुलनात्मक रूपमा शोषित वर्गमा वर्गीय चेतना जागृत गराउने तथा शोषक वर्गप्रति विद्रोही भाव व्यक्त गर्ने र तिनलाई घृणा भाव जनाउने बिम्बहरू बढी प्रयोग भएका छन् । त्यसैले यस उपन्यासमा निम्न वर्गीय पक्षधरता रहेको पाइन्छ ।

### **३.४.४ घामका पाइलाहरू उपन्यासको प्रतीकमा वर्गीयता**

*घामका पाइलाहरू* उपन्यासको शीर्षक नै प्रतीकात्मक रूपमा चयन गरिएको छ । यस शीर्षकले एकातिर तराईको ताप र प्रकाशको गतिलाई सङ्केत गरेको छ भने अर्कातिर रेलवेको स्थापना र विकासले वीरगञ्ज सहरलाई विश्वस्तरीय चेतनाको स्तरमा पुऱ्याएको कुरा देखाएको छ । अतः प्रतीकका आधारमा उपन्यासको वर्गीयतापरक विश्लेषण गर्दा यस उपन्यासमा शोषक वर्गका शोषणजन्य गतिविधि र शोषित र पीडित वर्गका पीडा र वेदना देखाउन तत्जन्य प्रतीकहरूको प्रयोग गरिएको छ । गौतमका अनुसार– “प्रायः सबै प्रतीकहरू मूल रूपमा बिम्ब नै हुन्छन् । बिम्बको मूल रूपबाट विभिन्न चरण पार गर्दै तिनै बिम्बहरू प्रतीक बन्न सक्छन्” (२०६८, पृ. ४२) । यस भनाइलाई आधार मान्दा *घामका पाइलाहरू* उपन्यासमा प्रयोग भएका

सर्प, गोमन, चितुवा, ब्वाँसो, आगाको ज्वाला, तेलिया साँप तथा तक्षक नागजस्ता शोषकवर्गसँग सम्बन्धित बिम्बहरू तथा पीठो, कमिला, वयल गाडा, एक्का, टाँगा, पैतालाजस्ता निम्नवर्गसँग सम्बन्ध राख्ने बिम्बहरूले प्रतीकको समेत काम गरेको पाइन्छ । उपन्यासमा प्रयुक्त वर्गीयता झल्काउने यस खालका केही प्रतीकहरू प्रयोग भएका वाक्यहरू उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ :

> स्टेसनबाहिर रेलको प्रतीक्षामा रुँगिरहेका एक्का, टाँगाका ताँतीहरू र पिठचूँमा असङ्ख्य माखा भन्काउँदै सइन भएका घाउ लिएर यत्रतत्र दूबो चरिरहेका घोडाहरू टाढैबाट देखिन्छन् । ...टाँगा चालकहरू स्वचित्तसित चरिरहेका घोडाहरूलाई झटाझट साजवाज लाएर जोत्ने चेष्टा गर्छन् । (गोतामे, २०३५, पृ. ६)

उपर्युक्त उद्धहरणले रेलवे स्टेसनको दृश्य प्रस्तुत गरेको छ । गाउँगाउँबाट सहर आउने र रेलबाट उत्रिएर आफ्नो गन्तव्यमा पुग्न चाहने यात्रुहरूको आवागमनलाई सहज बनाउन प्रयोग गरिएका एक्का र टाँगामा जोतिएका घोडाहरूले सिङ्गो रेलवे स्टेसन तबलाजस्तै देखिएको र भारी बोक्दाबोक्दा पिल्सिएर कहिल्यै घाउ नथाक्ने अवस्थामा पुगेका घोडाहरूलाई समाजमा उच्च वर्गीय शोषणको जाँतोमा पिल्सिएर कहिल्यै उठ्न नसकेका शोषित श्रमजीवीको प्रतीकका रूपमा उभ्याइएको छ । जसरी एक्का र टाँगाधनीले स्वतन्त्र रूपले चौरीमा चरिरहेका घोडाहरूलाई रेल आउनेबित्तिकै उनीहरूको इच्छाविपरीत एक्का र टाँगामा जोत्छन् त्यसरी नै समाजका निम्नवर्गलाई अभिजात्यवर्गले आफ्नो अनुकूल विभिन्न काममा जोतिरहेका हुन्छन् । अतः उपन्यासमा घोडाहरूलाई निम्न वर्गीय शोषितको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।

*घामका पाइलाहरू* उपन्यासमा उच्चवर्गका वर्गीय सान र रवाफलाई सङ्केत गर्न र निम्न वर्गीय शोषितपीडितहरूका पीडाजन्य परिस्थितिलाई देखाउन विभिन्न प्रतीकहरू प्रयोग भएका छन् । यस सन्दर्भमा टाई, सुट र हैट तथा फ्रिजले उच्च वर्गीय सम्भ्रान्तपनलाई सङकेत गरेका छन् । उपन्यासको मूल पात्र भट्टाचार्य सधै हैट लगाएर हिड्छ, ऊ मट्टीतेलबाट चल्ने फ्रिजको प्रयोग गर्छ भने उपन्यासको अर्को उच्च वर्गीय पात्र डाक्टर शीशाका टाँकजडित टाई र सुटमा सजिएर हिड्छ । उक्त सामग्रीहरू अक्सर उच्च वर्गीय सम्भ्रान्तहरूले नै प्रयोग गर्ने हुँदा तिनले उच्च वर्गलाई सङकेत गर्छन् । अतः उपन्यासमा त्यस्ता सामग्रीहरूलाई उच्च वर्गीय प्रतीक मानिएको छ ।

उपन्यासमा बयल गाडा, टाँगा, एक्का, घोडा, गोरु र कमिलाजस्ता शोषित अवस्थाको प्रतिनिधित्व गर्ने भाषिक सङ्केतहरू पनि प्रयोग भएको पाइन्छ । गोरु तथा घोडाहरू सधैं आफ्ना मालिकबाट शोषित हुन्छन् भने निम्नवर्गका मानिसहरू पनि सधैं उच्चवर्गवाट शोषित र शासित हुने हुँदा उपन्यासममा प्रयुक्त बयल, गाडा, टाँगा, घोडा र एक्कालाई तथा सधैं थिचिने र किचिने कमिलालाई समेत निम्न वर्गीय शोषितको प्रतीक मानिएको छ ।

रेलवे स्टेसनको अफिसको हाकिम भएकाले सधै आफूभन्दा तलका कर्मचारीहरूमाथि शासन गर्ने भट्टाचार्यसँग सबै कर्मचारीहरू थर्कमान हुन्छन् । यस क्रममा अफिस आउन ढिला भएको अवस्थामा

अमलेन्दु भट्टाचार्य रिसले आगो भएर वेटिङ रुममा बसिरहेको छ भन्ने थाहा पाएर ड्राइभर मुहम्मद डरले आत्तिदै चितुवारूपी बुढोले झम्टन्छ भन्ने भाव व्यक्त गर्दै भगवान्सँग यसरी पुकारा गर्छ- "हे अल्लाह ! बचाऊ, त्यस बुढो चितुवाले आज मेरो आलो रगत नचुसी छाड्दैन" (गोतामे, २०३५, पृ. ४६) । यस उदाहरणमा गोतामेले भट्टाचार्यलाई चितुवाको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । जसरी हिंश्रक चितुवाले वनका आफूभन्दा कमजोर जन्तुहरूलाई चिथोरेर मारी तिनको आलो रगत चुस्छ त्यसैगरी शासक वर्गले शासितहरूलाई श्रमको शोषण गरेर चुस्छन् भन्ने भाव उपयुक्त उदाहरणमा अभिव्यक्त भएको छ । यहाँ भट्टाचार्यलाई चितुवाको प्रतीक मानिएको छ । यसरी शासक वर्गलाई हिंश्रक वन्यजन्तुसँग तुलना गर्नुले यस उपन्यासको प्रतीक विधानमा निम्न वर्गीय पक्षधरता रहेको स्पष्ट पार्छ ।

अनियमित व्यापार गरेर अकुत सम्पत्ति आर्जन गरेको सेठ आफ्ना पसलमा काम गर्ने श्रमिकहरूलाई उदयदेखि घाम अस्ताएसम्म काममा जोतिरहन्छ तर तलब भने अत्यन्त कम दिन्छ । आफ्नो अनियमित व्यापारलाई ढाकछोप गर्न धार्मिक आडम्बर रच्दै मेला र पर्वमा खिचडी खुवाउँने तथा सडेको पीठो तह लगाउन कमिलालाई पीठो खुवाउने बहाना गर्छ । साहुको त्यस्तो गतिविधिलाई सामान्य मानिसहरूले धार्मिक कार्य ठाने पनि उसलाई राम्ररी चिन्ने गणेशी उसको त्यस्तो कार्यलाई अनियमित व्यापारको ढाकछोप हो भन्ने राम्ररी बुझ्छ र सेठभित्र लुकेको डरलाग्दो ब्वाँसोपनको जानकारी गराउँदै सेठ, उसको व्यावसाय, आफ्नो पानपसल, कमिला र रेलमास्टर सबैका गतिविधिको तुलना यसरी गर्छ :

> न म सेठ हुँ, न तपाई कमिला । फेरि मेरो पान पसल त्यस सेठको गोदामको चिलेसा लागेको गह्नाउने पीठो पनि त होइन । खानेकुरा त परै जाओस् विषालु पीठो छरेको देख्नासाथ कमिलाहरू लाखापाखा लाग्छन् । मास्टरबाबू, कमिला बडो परिश्रमी र ईमानदार कीरो हो, त्यो सेठको कुहिरहेको हरामको अन्न खाएर पेट पाल्दैन् । यस सेठलाई तपाई छक्कापन्जा नजान्ने निर्दोष भेंडाजस्तो देख्नुहुन्छ तर यसभित्र लुकेको डरलाग्दो ब्वाँसोबारे तपाईलाई थाहा नै छैन् ।
> (गोतामे, २०३५, पृ. १४८)

उपर्युक्त उदाहरणमा त्यत्रो दानधर्म गर्ने सेठका अगाडि एक बीडा पान दिन नसक्ने गणेशीलाई रेलमास्टरले व्यङ्ग गर्दा गणेशी आफू सेठजस्तो शोषक नभएको र आफ्नो पानपसल सेठको गोदामजस्तो दुई नम्बरी व्यावसाय पनि नभएको अनि उसको सामान कीरा लागेको पीठोजस्तो विषाक्त नभएको स्वच्छ र परिश्रमको व्यापार भएको जानकारी गराउँछ । ऊ रेलमास्टर कमिलाजस्तो परिश्रमी र ईमानदा नभएको भाव पनि व्यक्त गर्छ । यस उद्धहरणमा गणेशीले छक्कापन्जा नजान्ने निर्दोष व्यक्तिलाई भेडाको प्रतीक मनेको छ भने अनेक ढोंग र स्वाँङ देखाउने सेठलाई शोषक ब्वासोको प्रतीक मान्दै उसको वास्तविक चरित्रको उद्घाटन गरेको छ । उसले कमिलालाई स्वाभिमानी र ईमानदारीको प्रतीक मानेको छ । उक्त प्रतीकहरूले उच्चवर्गप्रति घृणाभाव प्रकट गर्दै निम्न वर्गीय पक्षधरता देखाएका छन् ।

आफूलाई गजगामिनी महारानी ठान्ने र तराईका निम्नवर्गका मानिसलाई मानिस नै नठान्ने डाक्टर्नी जब सबै वर्गका तराईबासीहरूसँग मिलेर बस्न र गर्मी शीतल झेल्न थाल्छे । उसलाई भूगोल र श्रमको मूल्यबोध हुन थाल्छ । उक्त भाव उपन्यासमा यसरी व्यक्त गरिएको छ- "गरम-शीतल सबै मनभित्र नै हुँदो रहेछ । अब गर्मी लागे पनि शरीरबाहिर छाला मात्र पोल्छ मन पोल्दैन । पहाडबाट झर्ने असङ्ख्य खोला-नालाजस्तै शरीरमा पसीनाका धारा छुट्छन् र आफैं सुकेर जान्छन्" (गोतामे, २०३५, पृ. १९७) । यस उदाहरणमा सकारात्मक सोच भए सबै कुरा सुन्दर हुन्छन् भन्ने भाव व्यक्त गरिएको छ । यस उदाहरणमा जमिनलाई उर्वर बनाउन खोलानाला आवश्यक भएजस्तै शरीरलाई स्वस्थ र सफा राख्न शरीरभित्रको खराबीलाई पसिनाका रूपमा बगाउनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । यहाँ शरीरबाट बग्ने पसिनालाई पहाडबाट बग्ने खोलाको प्रतीक मानिएको हुँदा यहाँ पसिनाको मूल्यबोध गरिएको छ । अतः यस उद्धहरणमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ ।

बिम्ब र प्रतीकहरू एक अर्कामा अन्तर्सम्बन्धित हुन्छन् । धेरैजसो बिम्बहरूले प्रतीकको समेत काम गरिरहेका हुन्छन् तर कतिपय अवस्थामा प्रतीकहरूलाई सोझै बिम्ब भन्न सकिँदैन । तिनीहरूले साहित्यमा ध्वन्यार्थ मात्र प्रकट गरिरहेका हुन्छन् । यस क्रममा परम्परागत संस्कृतिका रूपमा विकसित रामलीलालाई उपन्यासमा एक प्रकारले शोषणको प्रतीकका रूपमा हेरिएको छ । धार्मिक मूल्य मान्यतालाई हतियार बनाएर रामलीला हेर्न जाने जो कोहीले आरतीको थालीमा पैसा खसाउनु पर्ने, नखसाएमा पाप लाग्ने डर देखाइनु, दर्शकहरूमध्येबाट कसैलाई जवरजस्ती रामको माला पहिरिन बाध्य पार्ने र त्यसले सित्तैमा रामलीला टोलीलाई दुई छाक भोजन गराउनु पर्ने जस्ता बाध्यताहरू देखाई उपन्यासमा जनशोषणका विविध रूपहरू देखाइएको कुरा उपन्यासका निम्नलिखित पङ्तिहरूले व्यक्त गरेका छन् :

> आरती एक तवरबाट रामलीलाका लागि अप्रत्यक्ष कर हो । पैसा नतिरी रामलीला हेऱ्यो भने धर्म कमाउन सकिन्न भन्ने धारणा नगरवासीहरूमा प्रचलित भएकोले ती घरबाट हिड्दा कमसेकम एक पैसा भए पनि डँडालोमा घुसारेर हिड्छन् र आरतीको थालमा सहदर्शकले सुन्ने गरी अलि माथिबाट खसाउँछन् । ...तर दर्शकहरू सबैलाई थाहा छ, माला उठाउनुको अर्थ हो भोलिपल्टको दुवै छाक रामलीला पार्टीलाई भोजन गराउनु । (गोतामे, २०३५, पृ. २३)

माथिको उद्धहरणमा रामलीलालाई शोषणको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । वर्तमान समयमा जस्तो आधुनिक मनोरञ्जनका साधनहरू उपलब्ध नभएको तत्कालीन समयमा भरर्खर सहरीकरणतर्फ उन्मुख हुन लागेको स्थानका लागि रामलीला मनोरञ्जनको प्रमुख साधन हुनाका साथै यसले जनताको धार्मिक तथा सांस्कृतिक भावनालाई समेत समेटेको हुन्छ । उक्त भावनाले डोऱ्याएर रामलीला हेर्न आएका मानिसहरूलाई पैसा नतिरी रामलीला हेरेमा धर्म हुँदैन भनी मानसिक शोषण गरी पैसा तिर्न बाध्य पार्नु आर्थिक शोषण हो भने उक्त कार्यक्रममा रामका रूपमा माला पहिराइ सम्मान प्रदान गरेको देखाई रामलीलाको टोलीलाई भोजन गराउन बाध्य पार्नु अर्को आर्थिक शोषण हो । रामलीलाको मैनेजरले यसरी रामलीलाका माध्यमबाट सहरबासीहरूबाट पैसा

असुल गर्ने तथा त्यस समयभरि सित्तैमा सिङ्गो टोलीको भोजन व्यवस्थासमेत जनताबाट गराउनुले उपन्यासमा रामलीलालाई शोषणको प्रतीकका रूपमा लिन सकिन्छ । उपन्यासमा यस्ता प्रतीकहरूका माध्यमबाट शोषकवर्गलाई घृणा गर्नु र सर्वसाधारणमा वर्गीय सचेतना जगाई समाजलाई वर्गशोषणमुक्त गर्न प्रयास गर्नुले उपन्यासको प्रतीक विधानले वर्गीयता प्रकट गरेको छ ।

अणु र पवन स्वतन्त्र घुम्दै चियापसलमा पुग्दा पसलेले अणुलाई लक्ष्मी भनेको सन्दर्भलाई लिएर लक्ष्मीका साथमा हिड्ने पवनले आफूलाई लक्ष्मीको वाहन भनेकाले अणु क्वार्टर नै थर्काउने गरी हाँस्छे । यसको कारण थाहा पाएर भट्टाचार्यले अणुलाई उन्मुक्त हाँस्न प्रोत्साहित गर्दै भन्छ - "हो, यसैगरी हाँस्नुपर्छ, उन्मुक्त र स्वतन्त्र । पहाडबाट ठुलो वेगले फाल हाल्दै तल झरेको छहराजस्तो । स्वास्थ्यको लागि यो भन्दा ठुलो पोष कुरो केही छैन" (गोतामे, २०३५, पृ. ११८) । भट्टाचार्यको उक्त भनाइमा पहाडको जमिनलाई उर्वरयुक्त बनाउन छाँगा छहराजस्ता पानीका श्रोतको आवश्यकता पर्छ त्यसरी नै शरीरलाई स्वास्थ्य राख्न उन्मुक्त हाँसो ठुलो पोषण हो भनिएको छ । यस उदाहरणमा उन्मुक्त हाँसोलाई वेगवान छहराको प्रतीक मानिएको छ । त्यस्तो हाँसो भरिएको पेट वा पुगिसरी आउने उच्च वर्गीय घरानमा मात्र प्राप्त हुने हुनाले उपन्यासमा उन्मुक्त हाँसोलाई उच्च वर्गीयताको प्रतीक मानिएको छ । त्यस्तै पसीनाले निथ्रुक्क भिजेको बोराको झोला, टायरको चप्पल, चोलो, मैलो धोती र धुस्रोफुस्रो कपालले गरिबीलाई सङ्केत गर्ने भएकाले उक्त वस्तुहरूलाई निम्नवर्गका प्रतीक मानिन्छ ।

*घामका पाइलाहरू* उपन्यासमा उच्च तथा निम्न दुवै वर्गलाई सङ्केत गर्ने विभिन्न प्रतीकहरू प्रयोग भएका छन् । यस क्रममा उच्चवर्गलाई प्रतिबिम्बित गर्ने प्रतीकहरू उक्त वर्गमाथि निम्न वर्गीय घृणाभाव व्यक्त गर्न तथा निम्नवर्गमा वर्गीय चेतना जगाई समाजमा परिवर्तन ल्याउने उद्देश्यले प्रयोग गरिएका छन् भने निम्नवर्गसँग सम्बन्धित प्रतीकहरू त्यस वर्गप्रति सहानुभूति प्रकट गर्ने उद्देश्यले प्रयोग गरिएका छन् । यी दुवै उद्देश्यले प्रयोग गरिएको उपन्यासको प्रतीक विधानले कुनै न कुनै रूपमा निम्न वर्गीयता प्रकट गरेको छ ।

## ३.५ यहाँदेखि त्यहाँसम्म उपन्यासको रूपमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यास सामाजिक उपन्यास हो । यसमा सामाजिक यथार्थ प्रस्तुत गर्ने क्रममा शोषक र शोषित दुवै वर्ग उपस्थित गरी तिनका वर्गीय गतिविधिहरू प्रस्तुत गरिएको छ । उक्त गतिविधि प्रस्तुत गर्न उपन्यासमा पनि सोहीअनुरूप भाषा, बिम्ब र प्रतीक प्रयोग गरिएको छ । उपन्यासमा शोषक तथा शोषित दुवै खालका पात्रहरू तथा तिनको कथावस्तु प्रस्तुत गरिएकाले भाषिक शिल्प पनि उक्त वर्गसँग सम्बन्धित रहेको छ तापनि लेखकीय पक्षधरता निम्नवर्गप्रति केन्द्रित देखिन्छ । यस सन्दर्भमा रूपका आधारमा *यहाँदेखि त्यहाँसम्म* उपन्यासको वर्गीयतापरक विश्लेषण गर्न रूपका आधारभूत तवहरूमध्येका भाषा, बिम्ब र प्रतीकलाई आधार बनाइएको छ ।

### ३.५.१ यहाँदेखि त्यहाँसम्म उपन्यासको भाषामा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा नेपाली भाषाको मानक रूपको प्रयोग गरिएको छ । यसको भाषा आलङ्कारिक ढाँचाको छ । यस उपन्यासमा अत्याधिक मात्रामा तत्सम शब्दहरूको प्रयोग भएको छ । उपन्यासको थालनीदेखि अन्त्यसम्म र सामान्यदेखि बौद्धिक चरित्रसम्मको भाषामा संस्कृत तत्सम शब्दहरूकै प्रयोग भेटिन्छ (भट्टराई २०६४, पृ. ८६) । त्यसै गरी उपन्यासमा झर्रा नेपाली शब्दहरू तथा अङ्ग्रेजी भाषाका शब्दहरू र स्थानीयतालाई झल्काउने शब्दहरूको समेत प्रयोग भएको पाइन्छ । उच्च, मध्यम, निम्नमध्यम तथा निम्नवर्गका पात्रहरू प्रयोग भएको यस उपन्यासमा वर्गअनुकूलको भाषाको प्रयोग गरिएको छ । यस क्रममा उपन्यासको प्रमुख पात्र भद्रनाथ तथा असुर्फी साहुले प्रयोग गर्ने संवादमा शोषक वर्गीय भाषाको प्रयोग भएको छ । यिनले उनका भकारीमा भरपर्ने तल्लो वर्गका पात्रहरूलाई हेपेर बोल्दा प्रयोग गर्ने भाषामा सामन्ती अहम् र शासकीयपन प्रष्ट देखिन्छ । भद्रनाथ बाह्र वर्ष हिन्दूस्थानमा बसेर सङ्गीत साधना गरेर फर्केको कृष्णात्रेलाई अपमान गर्दै आफ्ना धुपौरेहरूसगँ भन्छ- "चिनेनौ ? यो त्यही कृष्णे त हो नि बुबाको हुक्का भर्ने, खडाउ पखाल्ने र मुखारी गराउने । मोरोलाई मेरो घरको भात नपचेको हिन्दूस्थानको कुनै सहरमा बाह्र वर्ष गई भाँडा माझेर यस्तो दरिद्री अवस्थामा फेरि यही गाउँमा आइपुग्यो" (गोतामे, २०७७, पृ. ८८) । उपरोक्त उपन्यांशमा प्रयुक्त भाषाले भद्रनाथको वर्गीय सान र घमण्डलाई देखाएको छ । उसले प्रयोग गरेको भाषामा कृष्णात्रेलाई एकदम तल्लो स्तरका विशेषणद्वारा सम्बोधन गरिएको छ । यसबाट भद्रनाथप्रति पाठकवर्गमा घृणाभाव जागृत भएको छ ।

मुर्कीपलिया गाउँको पाठशालामा बसेर बिहानका राति सबेरैदेखि सङ्गीत रियाज गर्ने कृष्णात्रेको सङ्गीतले सारा गाउँलेलाई आनन्द दिए पनि भद्रनाथलाई आनन्दित तुल्याउन सक्दैन किनकि उसको दमित चेतनामा कृष्णात्रेप्रति घृणा र आक्रोश छ अनि कृष्णात्रे गाउँमा भद्रनाथ र उसका चम्चाले तह लगाउन नसक्ने जमातको संरक्षणमा छ । त्यसैले भद्रनाथ कृष्णात्रेको दोहोलो काढ्दै भन्छ– "मेरा घरकी राँडी कमारीको छोरा, मैले गिजोलेको पुरा खाएर हुर्किएको त्यो कृष्णे भतुवाको फूर्ति देखेर मेरो त माथिदेखि तलसम्मका जगल्टामा डढेलो सल्किन्छ । सलाम पाउलागी त छाड्दिऊँ यसो थुतुनो उचालेर बोल्नसमेत आफ्नो अपमान भन्ठान्छ" (गोतामे, २०७७, पृ. २५८) । उपन्यासका उपरोक्त पङतिमा अभिव्यक्त भद्रनाथको भाषिक प्रयोग हेर्दा उसको भाषा शोषक वर्गीय प्रकृतिको देखिन्छ । उक्त भाषाका माध्यमबाट उसले कृष्णात्रेलाई अति हेपेको, उसको बाह्र वर्षसम्म अथक साधना गरेर आर्जन गरेको सङ्गीत विद्यालाई तिरस्कार गर्दै उसलाई सधैं घरको कमारो, बाबूको सुसारेका रूपमा हेरेको देखिन्छ । त्यस्तै भद्रनाथले कृष्णात्रेले सङ्गीत साधनामा प्रयोग गर्ने गितारलाई ठाँडो भन्दै त्यो किन्ने पैसाले हलो किनेर गाउँमा पसी भद्रनाथको खेत जोति दिएको भए आफूले स्यावासी दिने र उसको पेट भर्ने आधार बन्ने थियो (गोतामे, २०७७, पृ. ८८) भनेको छ । भद्रनाथको अभिव्यक्तिमा प्रयुक्त भाषिक प्रयोगले उसको गरिबप्रतिको दृष्टिकोणलाई प्रष्ट पारेको छ । भद्रनाथले आफ्ना आसेपासेसँग गरेका संवादमा प्रयुक्त भाषामा निम्नवर्गप्रति गरिने अपमान र उच्च वर्गीय मालिकपनको सङ्केत पाइन्छ । "चोप हरामी हर्चनवाँ । भोंसडीवाला

गोवारको छोरा, मालिकसित बढ्ता बोल्दो रहेछ (गोतामे, २०७७, पृ. २४१) । यस उद्धहरणहरू प्रयुक्त भाषाले भद्रनाथमा विकसित मालिकपन, जमिनदारी अहम् तथा शोषकप्रवृत्तिलाई देखाएको हुँदा उक्त भाषिक प्रयोगले उच्च वर्गीय पृष्ठपोषण गरेको छ तर यसले पाठक वर्गमा भद्रनाथप्रति घृणाभाव जागृत गराएको छ ।

भद्रनाथको बाजे विपुलानाथ भने कमारी पुत्र कृष्णत्रेलाई नातिलाई भन्दा उच्चाशनमा बसाउँछ । उसले कृष्णात्रेभित्र प्रस्फुटित सारस्वतीय वरदान र त्यसको क्रमशः विकसित स्वरूप ठम्याउन सकेको छ । ऊ उसका मुखबाट उच्चारण हुने स्तोत्र तीयर नदीको पानीजस्तै शुद्ध र पवित्र भएकाले त्यस्तो मुखमा जुठोपुरा कोच्याउने मानिसलाई पशुभन्दा घटिया र पापिष्ठ हो भन्ने ठान्छ– "यो केटो साक्षात् सरस्वतीपुत्र हो । तीयर नदीको तोडसाथ बग्ने जलधारजस्तै यसको मुखबाट देवीदेवताको वन्दनामा पाठ गरिने स्तोत्रहरू कण्ठाग्र भएर शुद्ध उच्चारणका साथ झर्छन् । त्यस पवित्र मुखमा गिजोलेको पुरा हालेर बिटुल्याउन खोज्ने मानिसलाई के भन्ने ? त्यो त पशुभन्दा पनि घटिया र पापी हो" (गोतामे, २०७७, पृ. १०८) । उसको यस विचारमा अभिव्यक्त भाषाले लेखकको निम्न वर्गीय पक्षधरतालाई देखाएको छ । त्यस्तै पीताम्बरको भद्रनाथसँगको संवादमा प्रयोग गरिएको भाषामा लेखकले निम्न वर्गीय पक्षाधरता प्रकट गरेका छन् । उनले भद्रनाथ र असुर्फीबिचको लडाईलाई महाभारतको लडाइ नभएर विषले मात्तिएका दुई घमण्डी सर्पको आपस्तको गुँगाठुगँ गर्ने घातप्रतिघात भनेका छन् । यसरी पीताम्बरले प्रयोग गरेका उक्त भाषिक बिम्बमा सर्पको विषजस्ता भाषिक बिम्ब प्रयोग गर्न सक्ने हिम्मत देखाउनुले यस उपन्यासको भाषिक प्रयोगले वर्गीयता प्रकट गरेको छ । त्यसै गरी भद्रनाथको चारित्रिक विशेषता वर्णन गर्ने क्रममा लेखकले प्रयोग गरेको भाषाले पाठकवर्गमा भद्रनाथप्रति घृणाभाव जागृत हुन्छ "भद्रनाथ तालुदेखि तलुवासम्म शरीरको रत्तीरत्तीसम्म सामन्ती संस्कारमा चुर्लुम्ब डुबिसकेका थिए । व्यक्तिको मूल्याङकन उनी कसैको गुण, सीप वा उसको स्वभावबाट नगरी उसबाट आफूले पाउने मानअपमानको नापोबाट गर्थे" (गोतामे, २०७७, पृ. ११६) । लेखकको यस अभिव्यक्तिमा प्रयोग गरिएको भाषाले भद्रनाथको स्वभावको चित्रण गर्दै उसको सामन्ती प्रवृत्तिलाई देखाएको छ । यसबाट पनि भद्रनाथप्रति पाठकवर्गमा घृणा जागृत भएको हुँदा उपन्यासको भाषिक प्रयोगमा वर्गीयता प्रकट भएको देदिन्छ ।

*यहाँदेखि त्यहाँसम्मउपन्यास*मा जङ्गबहादुर र चन्द्रशमशेरका प्रसङ्गँगहरू आएकाले तिनका भाषामा दरवारिया भाषाको प्रयोग पाइनाका साथै तल्लो वर्गप्रति गरिने शोषणदमनका सङ्केतहरू पनि पाइन्छन् । जङ्गबहादुर शिकार खेल्न सवारी हुँदा उसको मेवामिष्ठान्न बनाउँदा थोरै मात्र त्रुटि हुन गयो भने महाराज साक्षात् कालभैरव बन्थे र भोको बाघ गर्जेझैँ गर्जदै भन्थे– "डिट्ठाबाजे, यो किस्तीभरिको गजा लैजानुहोस् र आफ्ना सिक्टर ती हलुवाईहरूलाई आसन लाएर आफ्नै लाद्रोमा कोच भन्नुस् । तपाई पनि निकै बुढो भइसक्नुभयो, अब राजाको सिन्दुर पुछेर परत्र सपार्नका लागि धर्मकर्ममा लाग्नुस्"
(गोतामे, २०७७, पृ. ४०) । जङ्गबहादुरको अभिव्यक्तमा प्रयुक्त भाषालाई हेर्दा उनको भाषामा पूरै

दरवारिया सत्ता र शक्तिको अहम् तथा शोषक वर्गीय दम्भ देखिन्छ । त्यसैगरी चन्द्रशमशेरले प्रयोग गरेको भाषामा पनि शासकीय अहम् स्पष्ट देखिन्छ । कृष्णात्रेको सङ्गीत कलाका बारेमा सुनेका चन्द्रशमशेरले रौतहटको हजमनियामा सवारी हुँदा उनको एक दिनको बास मुर्कीनदीको फाँटमा हुने र त्यस अवसरमा उनले कृष्णात्रेबाट सङ्गीत सुन्ने इच्छा जाहेर गरेकामा कृष्णात्रेले कुनै वास्ता नगरेकाले आफू अपमानित भएको महसुस गर्ने चन्द्रशमशेरभित्रको सत्ताशक्ति यसरी गर्जन्छ :

> भोलिको मुकाममा त्यसलाई बाँधेर लडा मेरा सामु, हेरूँ कसरी सङ्गीत सुनाउँदिन भन्दो रहेछ ? त्यस छुइछोडीको गायकले अड्डी लिने ? मेरो रैती भएर मसित तुजुक झिक्छ ? अहिलै दुई-चार जवान कम्पु जवानहरू खटाइदेओ तिनले कोर्रा हिर्काउँदै यहाँ हाजिर गराऊन् । (गोतामे, २०७७, पृ. २७२)

चन्द्रशमशेरको यस अभिव्यक्तिमा प्रयुक्त भाषामा शासकीय शक्ति र सत्ताको प्रभाव स्पष्ट देखिन्छ । उनको आज्ञा पालना नगर्ने जो कोही प्रतिभालाई उनी कोर्रा लगाउने आदेश दिन्छन् । कलाकार पनि व्यक्ति हो, गरिब नै भए पनि उसमा ज्ञानको सागर भरिपूर्ण हुन्छ । उसको आफ्नै स्वाभिमान हुन्छ । ऊसँग गुमाउने एउटा ज्यानमात्र हुन्छ । उसको सम्पत्ति भनेको उसको साधना हो । त्यही साधनाका बलले उसले आफ्नो स्वाभिमान रक्षा गर्नु उसको अधिकार हो । त्यही अधिकारको हनन गरी चन्द्रशमशेरले आफ्नो शक्ति र सत्ताको पहुँच देखाएको कुरा उनका भाषिक अभिव्यक्तिमा पाइन्छ । उनको यस भाषिक प्रयोगले सत्ता र शक्तिको पृष्ठपोषण गरे तापनि यसबाट पाठकवर्गमा उक्त वर्गप्रति घृणाभाव जागृत भएको छ ।

पीताम्बर, भाखी र कृष्णात्रेको भाषा शुद्ध र मानक नेपाली हो । यिनको भाषा निकै शालीन छ तर त्यही शालीन भाषामा उच्च वर्गीय अहम्लाई थला बसाउने प्रवृत्ति पनि पाइन्छ । यस क्रममा भद्रनाथजस्ता आफ्ना क्षेत्रका सामन्तदेखि सधैं निर्भीक र निडर रहने पीताम्बर भद्रनाथको उचनीच व्यवहारमा मुखभरिको जवाफ दिन पछि पर्दैन । त्यसैले भद्रनाथ ऊसँग विशेषतः सतर्क नै हुन्छ । यदाकदा भेट हुदाँ नरम मिजास देखाएर भलाकुसारी गर्ने क्रममा पीताम्बर आफ्ना नजिक नआएकामा गुनासो गर्छ । त्यस क्रममा पीताम्बर भद्रनाथलाई व्यङ्गवाण प्रहार गर्दै "पराई गाउँका सुरुसुरु आउने जाने बटुवाको त हुर्मत लिनेले हामीजस्ता सधैका तिम्रा मुठीभित्रका माखाजस्तालाई तिम्रामा आउने मुटु कहाँ हुन्छ" (गोतामे, २०७७, पृ. १६५) भनी ठट्टाका भावमा मर्माहत हुने व्यङ्ग प्रहार गर्न पुग्छ । यस व्यङ्गमा प्रयुक्त पीताम्बरका भाषाका माध्यमबाट लेखकले निम्न वर्गीय पक्षधरता देखाएका छन् ।

एकल महिला पार्वतीले चुरा लगाएको कुरालाई लिएर पार्वतीको हुर्मत काढ्न खोज्ने भद्रनाथलाई सर्पको दुलोभित्र हात छिराउनुअगावै सर्पविद्यामा पारङ्गत भइसकेको हुनुपर्ने सुझाव दिने भाखीको भाषिक प्रयोग शुद्ध र मानक भएर पनि शोषक वर्गलाई ढाड सेकाउने खालको छ । "पाजी भद्रे मैले आजसम्म दिएको विद्याको तैंले कदर गरिनस् (गोतामे, २०७७, पृ. ११३) जस्ता भाषिक शब्द प्रयोग गरी उपन्यासकारले यस उपन्यासको भाषिक प्रयोगमा निम्न वर्गीय पक्षधरता देखाएका छन् । त्यस्तै उपन्यासमा दुर्गी र पार्वतीको भाषाले वर्गीय र लैङ्गिक असमानतामा

विद्रोहको स्वर फुक्दै भद्रनाथको सामन्ती अहम्‌लाई पराजित बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । छोरीको हालखबर बुझ्न आएका ससुरालाई झूट बोलेर अत्यन्त नीच व्यवहार देखाउँने भद्रनाथलाई धिक्कारदै पार्वतीले कन्यादान दिएका पितासमान ससुरालाई झुक्याउने भद्रनाथले गाउँका उसका रैतिको संरक्षण गर्न नसक्ने भाव व्यक्त गरेकी छ– “भद्रनाथ धिक्कार छ तिमीलाई दिउँसै रात पार्ने गरी यति तल्लो तहमा ओर्लिएर तिमी कन्यादान दिने पितासमान ससुरालाई समेत झुक्याउन बाँकी राख्दैनौ भने गाउँका अरू मानिसलाई तिमीले के संरक्षण देलाऊ” (गोतामे, २०७७, पृ. २५१) । पार्वतीको यस अभिव्यक्तिमा प्रयोग गरिएको भाषामा भद्रनाथको कपटपूर्ण व्यवहार र असत्य बोलेर अरूलाई झुक्याउने प्रवृत्तिप्रति घृणा व्यक्त गरिएको छ । यसबाट भद्रनाथको चाटकुकदार हर्चनसमेत प्रभावित भएको छ । अतः पार्वतीले भद्रनाथलाई घृणा गर्दै उसको वर्गीय स्वरूपलाई नङ्गयाउन प्रयोग गरिएको भाषामा वर्गीयताको प्रयोग भएको छ ।

उपन्यासमा हर्चन, असुर्फीको काम गर्ने केटो तथा असुर्फी र भद्रनाथका भकारीका भरले पेट भर्ने श्रमिकहरूले प्रयोग गर्ने भाषाले निम्नवर्गीय दासतापूर्ण जीवनशैलीलाई अभिव्यक्त गरेको छ । तर यदाकदा तिनले पनि मालिकको भाषा प्रयोग गर्ने गरेको पाइन्छ । यस क्रममा कृष्णात्रेलाई अपहेलना गर्ने भद्रनाथको समर्थन गर्दै हर्चनले भनेको “देख्यौँ मालिकको कुराको तौल ? मुखभरिको बुजो लाग्यो कि लागेन ? पुच्छर लुकाएर हिड्यो” (गोतामे, २०७७, पृ. ८८) भन्ने भनाइमा प्रयुक्त भाषाले उक्त कुराको पुष्टि गरेको छ । यस उद्धहरणमा प्रयुक्त भाषिक प्रयोगले उच्च वर्गीय पृष्ठपोषण गरेको छ ।

मूलतः *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा दरवारिया शक्ति र सत्तामा बसेर शासकीय भूमिका निर्वाह गरिरहेका राणा शासकहरू, समाजमा जमिनदार र साहु व्यापारी भएर सर्वसाधारणमाथि शासन गर्ने सामन्त शोषकवर्ग, आफ्नै खेतीपाती र व्यावसाय चलाएर जीविकोपार्जन गर्ने निम्नमध्यम वर्ग तथा समाजका सामन्त र शोषकहरूका जमिन र भकारीमा भरपर्ने श्रमिकवर्गको उपस्थिति गराइएको हुँदा तिनै वर्गअनुकूलको भाषिक प्रयोग पाइन्छ । उपन्यासमा महाराज, महारानी, ज्यूनार, हजुरिया, सवारी चलाउनुजस्ता दरवारिया शासकहरूलाई बुझाउने पद तथा पदावली, जमिनदार, जिम्दार, साहु, मालिक, मालिक्नी, भूमिपति, जस्ता उच्चवर्गलाई बुझाउने शब्द तथा रैति, बबुरा, निमुखा, नोकरचाकर, कमारी पुत्र, खराउ पुछ्ने, मुखारी लगाउने जस्ता निम्नवर्ग र तिनका पेशा बुझाउने पद र पदावलीहरू प्रयोग भएका छन् । यसरी हेर्दा यस उपन्यासमा विभिन्न वर्गका पात्रहरूले प्रयोग गर्ने भाषाको प्रयोग गरिएको भए तापनि उपन्यासमा मूलतः राणा शासक वर्गले सर्वसाधारणको प्रतिभाको कदर गर्ने परिस्थिति निर्माण गर्नुका साथै सामन्ती शोषक वर्गलाई निम्नवर्गसँग सम्झौता गर्ने परिस्थिति निर्माण गरिएको छ । त्यस्ता परिस्थितिमा उच्चवर्गले प्रयोग गर्ने भाषिक अभिव्यक्ति तथा निम्नवर्गले उच्च वर्गीय गतिविधि र क्रियाकलापमा प्रतिरोध जनाउन प्रयोग गर्ने भाषामा निम्न वर्गीय हितलाई बढी महत्त्व दिइएको र उच्चवर्गप्रति घृणाभाव जागृत गराइएका कारण यस उपन्यासको भाषिक प्रयोगमा वर्गीयता प्रकट भएको पाइन्छ ।

### ३.५.२ यहाँदेखि त्यहाँसम्म उपन्यासको बिम्बमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा विभिन्न प्रकारका बिम्बहरू प्रयोग भएका छन् । वर्गीयतापरक दृष्टिले हेर्दा यस उपन्यासमा उच्च तथा निम्न दुवै आधारभूत वर्गसँगसम्बन्धित बिम्बहरू उपयोग गरिएको छ । विशेषतः यस उपन्यासमा सामन्त शोषक वर्गीय बिम्बहरूकै बाहुल्य रहेको छ । उपन्यासमा प्रयुक्त चितुवा, लामखुट्टे, विषधर, बाघ, काल, मृत्यु, भवानी दुर्गा, सिंहवाहिनी, तरबारको टुप्पो, आगाका पोला, किर्ना, हात्तीपाइतला, सर्प, सर्पिणी, विषकन्या, रणचण्डी, भ्रमर, सिंहिनी, प्रेत, सर्पको दुलो, आगाको ज्वाला, मत्ताहात्ती, विषदन्त, लाम्कीरा, सिंह, बारुदखानाको आगो, बघिनी, अग्निबाण, ब्वाँसो, नरभक्षी प्रेत, हान्ने राँगो, राक्षस, तीखा सिङ भएका गोरु, जुका, चितुवा, भालु नरभक्षी, नरमुण्ड, भोको व्याघ्र, जुका, बघिनी, भुसिल्कीरो, यमराजको भैसीजस्ता शोषक वर्गसँग सम्बन्धित बिम्बहरू प्रयोग भएका छन् । उपरोक्त बिम्बहरूमध्ये चितुवा, बाघ, सर्प, सिंह, नरभक्षी, नरमुण्ड र आगोसँग सम्बन्धित बिम्बहरू पटक पटक दोहोरिएका छन् । उपन्यासमा प्रयोग भएका उपरोक्त सबैजसो बिम्बहरूले शोषक सामन्तवर्गका शोषणजन्य गतिविधिलाई सङ्केत गरेका छन् । यी बिम्बहरूले शोषकवर्गप्रति घृणाभाव जगाउन सहयोग गरेका छन् भने भवानी, दुर्गा र सिंहवाहिनीजस्ता बिम्ब अन्याय र अत्याचारबाट मुक्ति दिलाउने नारीशक्तिका रूपमा प्रयोग गरिएका बिम्ब हुन् । त्यस्तै उपन्यासमा निम्न वर्गीय शोषित र पीडितलाई बुझाउन घोडा, भक्कुको राँगो, घिउ कमिला, जङ्गली कुकाठ, कछुवा, जुत्ता, लाटाकेसेरा, लात्ती भकुण्डो, उल्लु, बुढो स्याल, बैलगाडा, मरेको सर्प, मेषराशीको भेडो, गोरु र पाइतलाजस्ता बिम्बहरू प्रयोग गरिएका छन् । यस्ता बिम्बहरूले उपन्यासमा निम्नवर्गप्रति सहानुभूतिपूर्ण भाव जगाएका छन् ।

उपन्यासमा भद्रनाथजस्तो सामन्ती शोषकको कथाले प्रमुख स्थान ओगटेको छ । यसैसँग सम्बन्धित भएर असुर्फी साहु तथा अन्य विभिन्न पात्रहरूका कथाहरू आएका छन् । त्यस्तै उपन्यासमा राणा शासकवर्गका कथाप्रसङ्गहरू पनि आएका छन् । यस क्रममा जङ्गबहादुरको शिकारमा सवारी हुँदा खुला चउरमा तयार पारिएको मिष्ठान्नको एक परिकार गजामा किरकिर लागेको अवस्थामा जङ्गबहादुरले पालभित्रबाट कोतभण्डारका डिट्ठासँग गजा बनाउने हलुवाइ को हो भनी सोधपुछ गर्दा डिट्ठाले न्हुछेमानउपर बज्रपात हुने सङ्केत बुझेर पनि उसले ढाँट्न नसकेको कुरा यसरी व्यक्त गरिएको छ– "प्रभु न्हुछेमान हो । डिट्ठालाई थाहा छ आज न्हुछेमानउपर वज्र खस्नेछ तर के गर्ने यो भोको बाघका सामु नाम पचाउन वा ढाँट्न सकिँदैन" (गोतामे, २०७७, पृ. ४०) । डिट्ठाले न्हुछेमानमाथि बर्साउने बज्रपातका बारेमा जान्दा जान्दै पनि उसलाई बचाउन जङ्गबहादुरलाई ढाँट्न नसकेको अवस्थामा उसको झम्टाइलाई बुझाउन भोको बाघको बिम्ब प्रयोग गरेको छ । सामान्यतः खुला चउरमा बनाइएको खानेकुरामा अलिअलि बालुवा लाग्नु सामान्य हो । तर जङ्गबहादुरमा त्यस्तो कुरामा विवेक पुऱ्याउने स्वभावै छैन । ऊ देशको 'राजा', 'शक्तिको प्रतीक' भएकाले सर्वसाधारणका लागि साक्षात् कालसमान छ । अतः आफूलाई चित्त नबुझेका कुरामा जो कोहीमा झम्टनु, त्यस्ता कारिन्दाको जागिर खाइदिनु तथा कठोर यातना

दिनु र मृत्युदण्डसम्मको सजाय दिनु उसका लागि सामान्य घटना भएको कुरा उक्त बिम्बले स्पष्ट पारेको छ । उसले न्हुछेमानलाई भोलि नै जागिरबाट बर्खास्त गरी गुन्टा कसेर घर धपाउन आदेश दिइएको छ । त्यसैले विपुलानाथ 'दरबारमा बस्नुलाई तरवारको टुप्पामा बस्नुसरह' ठान्छ र राणाशासकहरूलाई आगाका पोलासँग तुलना गर्छ । यस उद्धहरणमा जङ्गबहादुरका गतिविधिलाई भोको बाघको झम्टाईसँग तुलना गरिएको कुरा उक्त बिम्बले प्रस्तुत गरेको छ । यसबाट जङ्गबहादुरजस्ता दलाल पूँजीपति वर्गको वर्गीय चरित्र प्रकट भई उसप्रति पाठकमा घृणाभाव जागृत भएको छ ।

भद्रनाथ गाउँमा उसका आडभरोसामा बाँचेका आसेपासेलाई शोषणका जाँतोमा पिसेर खान पल्किएको छ । ऊ सबै गाउँलेहरू ऊदेखि थर्कमान हुन्छन् भन्ने सोचाइ राख्छ तर आफ्नै स्वतन्त्रता र स्वाभिमानमा बाँचेकी पार्वतीको अहम्लाई भद्रनाथको सामन्ती हैकमले केही लछार्न सक्दैन । यसबाट के देखिन्छ भने समाजमा वर्गीय र लैङ्गिक शोषण छ तर क्रमशः प्रतिरोधी चेतना पनि जागृत हुँदै गएको छ भन्ने कुरालाई तलको उपन्यांशमा प्रयुक्त बिम्बहरूले स्पष्ट पारेका छन् :

> भद्रे, धेरै भो । तैले अशिष्टताको सीमा नाघिसकिस् । तँ यदि तेरा आफ्ना छाडा आँखा फर्काएर लगिनस् भने म सिंहिनीजस्तै झम्टेर अहिल्यै तेरो तात्तातो रगत पिउनेछु । यौटी महिलालाई गाउँको, पञ्चायतजस्तो पवित्र ठाउँमा उभ्याएर यसरी हुर्मत लिने त्यो पनि पञ्चायतकै नाइकेले, यस्तो सिङ्गै बारा जिल्लाको कुनै गाउँमा नहुँदो हो । यो गाउँलाई त यस विषधरले डसेर बिचेत पारिदिएको छ । गाउँवासीहरू नपुंसक भएका छन् । तिनमा अब विवेकको दम्सो पनि रहेको छैन । यस चुसाहाको जालभित्र परेर ती बाँचुन्जेल छटपटिइरहनेछन्, जबसम्म बाँच्छन् ती लोलीमा लोली मिलाइरहनेछन् । (गोतामे, २०७७, पृ. ७४)

बाल्यकालदेखि नै पार्वतीलाई मनपराउने र उसलाई पाउने अभिलाशा बोकेको भद्रनाथका लागि पार्वती अप्राप्य भएपछि उसलाई पाउन भद्रनाथले जस्तोसुकै हिंस्रक व्यवहार गर्न सक्ने संभावना पार्वतीले देखेकी छ । त्यसैले उसले भद्रनाथको फकाइफुल्याईलाई साराका अगाडि भद्रनाथको शिर निहुरिने गरी नङ्गयाई दिएकी छ । उसलाई पार्वतीलाई चलाउनु बिरालाका कण्ठमा घण्ट झुण्ड्याउनुसरह हुन्छ । ती सबैको प्रतिशोध लिने मौका खोजिरहेको भद्रनाथले एकल महिला भएर समाजको परम्परागत मान्यता तोड्दै पार्वतीले चुरा लगाएकामा तिनलाई फुकाल्न बाध्य पार्न पार्वतीका विरुद्धमा पञ्चायत बसाउँछ । त्यसबेला पनि ऊ पार्वतीको शरीरमा आँखा दौडाई रहन्छ । यो बुझेर पञ्चायतकैसामु पार्वती भद्रनाथको हुर्मत काढ्न बाँकी राख्तिन् । उसका अनुसार सिङ्गो गाउँलाई भद्रनाथको शोषणको विषले विचेत बनाएको हुँदा गाउँलेहरू बाँचुन्जेल नपुंसक भएर उसको दासता स्वीकारिरहन्छन् तर पार्वती भने भद्रनाथको अन्याय र अत्याचार सहन सक्दिन । यदि भद्रनाथले ऊमाथि कुनै अभद्र व्यवहार गर्छ भने ऊ सिंहिनी भएर उसको तातो रगत पिउन तयार हुन्छे । अतः उपरोक्त उपन्यांशमा भद्रनाथको शोषक र पार्वतीको विद्रोही चरित्रलाई विषधर र सिंहिनीजस्ता बिम्बले सङ्केत गरेका छन् । त्यस्तै सामन्तीय शोषणले थिलथिलो भएर आवाजसमेत

गुमाएका ग्रामीण जनतालाई बुझाउन नपुंसक बिम्ब प्रयोग गरिएको छ । उक्त बिम्बहरूले उपन्यासमा प्रयुक्त पात्रहरूका वर्गीय चरित्रलाई प्रतिबिम्बित गरेका हुँदा विवेच्य उपन्यासमा वर्गीयत प्रकट भएको छ ।

उपन्यासमा भद्रनाथको बौद्धिक चेतनाहीन अवस्थालाई देखाउन लाटोकोसेरो, पहाड र ढुङ्गोजस्ता बिम्बहरू प्रयोग गरिएका छन् । धनको तुजुकले मात्तिएको भद्रनाथ पढाइमा पटक्कै ध्यान दिदैन । त्यसैले गुरुले सोधेका प्रश्नको उत्तर दिन नसकेर लाटोकोसेरोजस्तै ट्वाल्ल हेरिरहन्छ । उसका लागि सबै प्रश्नहरू पहाडजस्तै विशाल भएकाले ऊ मौन भएर चिसो ढुङ्गोजस्तो उभिरहन्छ तर उसकै घरमा नोकर बसेको कमारीपुत्र कृष्णात्रे भने पढाइमा अब्बल देखिएकाले गुरुले सोधेका सबै प्रश्नहरूको उत्तर फर्काइहाल्छ (गोतामे, २०७७, पृ. ११३) । यसरी उपन्यासमा भद्रनाथको चेतनाहीन अन्धकार भावी जीवनलाई बुझाउन लाटोकोसेरो बिम्ब प्रयोग गरिएको छ भने उसको बौद्धिक बुद्धुपन देखाउन पहाड र ढुङ्गो बिम्ब प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग गरिएका उक्त बिम्बहरूले भद्रनाथको वर्गीय अहम्लाई धज्जी उडाएका र कृष्णात्रेलाई माथि उठाएका हुँदा उपन्यासको बिम्ब प्रयोगमा वर्गीयता पाइन्छ ।

समाजमा वर्गचेतनाको अभावका कारण शोषकहरूबाट सधैं दबिएर अनि थिचिएर बस्ने शोषित वर्ग पनि छ । समाजका त्यस्ता निमुखा वर्गलाई बुझाउन 'बुढो स्याल'को बिम्ब प्रयोग गरिएको छ ( गोतामे, २०७७, पृ. ११८) । यस क्रममा भद्रनाथ आफ्नै बाजेले मुर्कीपलियामा निर्माण गरेको मन्दिरमा उसैले नियुक्त गरेको पूजारीलाई प्रसाद ढिलो ल्याएकामा कामचोर तथा गँजडी भन्दै बिचबाटोबाटै घोक्रोचुत्तो लगाई दिन आफ्ना धुपौरेहरूलाई आदेश दिन्छ । भद्रनाथको पड्काइ सुनेर पुजारी पनि कुनै प्रतिकार गर्नुको साटो उल्टै बुढो स्यालजस्तो भाग्छ । यसरी हेर्दा समाजमा उच्च वर्गीय शोषणबाट तर्सिएर भाग्ने पूजारीजस्ता शोषित दमित वर्गलाई बुझाउन उपन्यासमा 'बुढो स्याल' बिम्ब प्रयोग गरिएको छ ।

समाजमा सदियौदेखि जरो गाडेर बसेको वर्गीयताको खाडल दुई विपरीत वर्गलाई बाह्य रूपमा मिलाउँदैमा पुर्न सकिंदैन । यसका लागि वर्गहरूको मानसिकतामा आमूल परिवर्तन ल्याउन सक्नुपर्छ । कसैको सामान्य प्रयासबाट यसको अन्त्य गर्न सम्भव हुँदैन । यो वर्गबिचको खाडल सामान्य खाडल नभएर डरलाग्दो खाडल हो । यसलाई बुझाउन उपन्यासमा अजिङ्गरको बिम्ब प्रयोग गरिएको छ :

> गाउँमा रहेको आर्थिक र जातिगत विषमताको यत्रो अजिङ्गरजत्रो खाडल यस जैरेलाई गरिव छात्रहरूको लस्करमा छ्यासमिस पारेर बसाल्दैमा पुर्न सकिन्न । यस घटिया जोडघटाउबाट सामन्ती संस्कारको गणितउपर रौप्रमाण पनि प्रभाव पर्न सक्दैन । मैले भद्रेको छाला काढेर डमरु बजाउँदै हिंडेपनि ऊ कृष्णेसित घुँडा खप्टेर बस्न जानेछैन । ( गोतामे, २०७७, पृ. १२४)

यस उद्धहरणमा प्रयोग भएको अजिङ्गगर बिम्बले वर्गहरूबिचको खाडलको भयानक डरलाग्दो रूपलाई सङकेत गरेको छ । यस्तो खाडलको अन्त्य गर्ने वा त्यसलाई पुरेर सबैतिर समान बनाउने काम गर्न त्यति सजिलो छैन । समाजको बौद्धिक वर्गले दुईचार जना सामन्तलाई सम्झाई बुझाई तिनलाई निम्नवर्गसँग घुलमेल गराउँदैमा युगौंयुगदेखि सामाजिक संस्कृति बनेर अस्तिवमा रहेको वर्गीय असमानताको खाडल सजिलै पुरिने अवस्था छैन् र कुनै पनि सामन्त शोषक निम्नवर्गसँग सम्बन्ध गाँस्न र सहकार्य गर्न तयार पनि हुँदैन । यस कुरालाई उक्त बिम्बले सङ्केत गरेको छ । अतः यहाँ अजिङ्गर बिम्बले वर्गको मौलिक पहिचान प्रस्तुत गरी समाजमा विद्यमान वर्गीय अवस्थालाई प्रष्ट पारेको छ ।

उपन्यासमा शोषक र शोषितलाई बुझाउन यमराज र भैंसीको बिम्ब प्रयोग गरिएको छ । उक्त कुरालाई भद्रनाथको यस संवादले पुष्टि गरेको छ– "साला हर्चनवाँ, तँलाई म कलैया पुग्न दिन्छु ? शिवालय पुग्दा नपुग्दै त्यही बाँसघारीमुनि गाडेर पुरिदिन्छु अनि शिवालयमा आज बिहान के भयो त्यो बाँकी कुरा माथि गएर यमराजको भैंसीलाई सुनाउनू (गोतामे, २०७७, पृ. २९१) । यस उद्धहरणमा भद्रनाथजस्ता शोषकले शोषितलाई आफ्नो अनुकूल प्रयोग गरेको र आफ्ना इशारामा नचाएको भाव व्यक्त गरिएको छ । धरतीमा शोषकहरूले शोषितलाई नचाउँछन् भने स्वर्ग र नर्कलोकमा त्यहाँका शक्तिशालीहरूले तिनका बाहनलाई आफ्नोअनुकूल जता जान मनलाग्यो उतै लैजाने तथा जसरी प्रयोग गर्न मन लाग्यो उसैगरी प्रयोग गर्ने गरेका हुन्छन् । यमलोकमा यमराजले भैंसीलाई जसरी शोषण गरेको छ त्यसरी नै मुर्कीपलियामा भद्रनाथले आफ्नो चाटुकार हर्चनलाई आफ्नो अनुकूलले प्रयोग गरेको छ । अतः भद्रनाथको शोषणकारी चरित्रलाई यमराजको बिम्बले र हर्चनको शोषित भूमिकालाई यमराजको बाहन भैंसीको बिम्बले सङ्केत गरेका हुदाँ यमराज शाोषक बिम्ब हो र भैंसी शोषितको बिम्ब हो ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा भद्रनाथपछि अर्को सामन्तका रूपमा असुर्फी साहुको उपस्थिति रहेको छ । भर्खरै जन्मिएको मुर्कीपलियाले भाखीजस्ता धनवन्तरी तथा कृष्णात्रेजस्ता सङ्गीतज्ञ पाएकामा उसलाई भित्रदेखि नै जलन भएको छ । असुर्फीले प्रारम्भमा कृष्णात्रेको सम्मान गरेर उसका हिन्दूस्थानी गायकसँग प्रतिस्पर्धा गर्न उसलाई निमन्त्रणा गरेको थिएन । उसको सामन्ती संस्कारमा भर्खर निर्माण भएको नयाँ गाउँले कुनै पनि क्षेत्रमा प्रगति गरेको स्वीकार्य थिएन । अतः हिन्दूस्थानी गायकहरूद्वारा कृष्णात्रेलाई हराउन पाए मुर्कीपलियाको सान घट्ने थियो भन्ने अभ्यन्तरको चेतनाले प्रेरित भएर नाटकीय रूपमा कृष्णात्रेलाई निमन्त्रणा गरेको थियो । यो कुरा असुर्फीले भारतीय गायकहरूका कानमा पनि पुऱ्याई सकेको थियो । त्यसैले उसले कृष्णात्रेलाई गरेको अविभादन पनि नाटकीय नै थियो । यस कुरालाई उपन्यासमा कृष्णात्रेको हैसियत बुझाउन प्रयोग गरिएको बारीको मूला बिम्बले स्पष्ट पार्छ :

> यत्तिकैमा धुस्राफुस्रा, कलौटे कृष्णात्रे बस्ताकोटी काती न कानी खोलभित्र कोचेको तानपुरा काँधमा बोकेर आइपुगे । आफ्नो नाटकीयतामा पूर्ण रफत भएका असुर्फी साहु आज यस समारोहलाई सुहाउँदो भइदिन झन्सारो विनम्रताका प्रतिमूर्ति भई कुप्रिएका

थिए । आफ्नै बारीको मूलाजस्ता कृष्णात्रेलाई पनि निहुरेर नमस्कार गरे । (गोतामे, २०७७, पृ. २१०)

यसरी हेर्दा असुर्फीका नजरमा कृष्णात्रे मूल्यहीन व्यक्ति हो । उसले सङ्गीत समारोहमा विदेशी कलाकारका माझमा कृष्णात्रेलाई पनि झुकेर अभिवादन त गर्‍यो तर त्यसको कुनै मूल्य छैन भन्ने कुरा उपन्यासमा उसको महत्त्वहीनता बुझाउन प्रयोग गरिएको 'बारीको मूला' बिम्बले स्पष्ट पारेको छ ।

मूलतः *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उच्च वर्गीय सामन्त र शोषक तथा निम्न वर्गीय शोषितवर्गलाई बुझाउने दुवैथरी बिम्बहरू प्रयोग भएका छन् तापनि यस उपन्यासमा शोषकवर्गलाई बुझाउने बिम्ब नै अत्याधिक मात्रामा प्रयोग भएको पाइन्छ । त्यसो त शोषितवर्गसँग सम्बन्धित बिम्बहरू पनि प्रशस्तै छन् । शोषकवर्गसँग सम्बन्धित बिम्बहरूले उक्त वर्गप्रति घृणाभाव जगाएका छन् । शोषितवर्गसँग सम्बन्धित बिम्बहरूले त्यसवर्गप्रति सहानुभूति देखाएका छन् । अतः *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई बिम्बका आधारमा वर्गीयतापरक अध्ययन गर्दा यस उपन्यासमा प्रयुक्त सबै किसिमका बिम्बहरूले मुर्कीपलियाको समाजमा रहेका वर्गहरूको अवस्था र तिनको मौलिकतालाई प्रतिबिम्बित गरेका छन् । यसबाट पाठकहरूमा निम्नवर्गप्रति सहानुभूति प्रकट भएको हुँदा यस उपन्यासको बिम्ब विधानमा वर्गीयता अभिव्यक्त भएको छ ।

### ३.५.३ यहाँदेखि त्यहाँसम्म उपन्यासको प्रतीकमा वर्गीयता

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उच्च तथा निम्नवर्गसँग सम्बन्धित विविध प्रतीकहरू प्रयोग गरिएको छ । उपन्यासमा साइकललाई मध्यम वर्गको प्रतीक मानिएको छ । *घामका* पाइलाहरू उपन्यासदेखि नै उपस्थित भएको पीताम्बर *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा आफ्नै सामान्य खेतीपाती गरेर स्वतन्त्र जीवन जिउने निम्नमध्यम वर्गीय चरित्रका रूपमा उपस्थित भएको छ । बाबूको उपचारका लागि सहरमा बसेका बेला साहुको पसलमा नोकरी गर्दा साइडिङ, गद्दी र घर आतेजाते गर्न उसले साइकल प्रयोग गर्ने गरेको देखिन्छ । बाबूको मृत्युपछि गाँउमा पनि त्यसलाई लैजान खोज्छ । त्यस साइकलले उसको मध्यमवर्गीय चरित्रलाई परिचित गराएको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ– "सहरमा रहेसम्म यो साइकल पीताम्बरको जीवनसाथीजस्तै थियो । त्यस सहरमा निम्नमध्यमवर्गी परिवारका लागि साइकललाई यौटा राम्रो वैभवका रूपमा गन्ती गरिन्थ्यो" (गोतामे, २०७७, पृ. २) । त्यस्तै तीनतले घरलाई उपन्यासमा सम्भ्रान्तको प्रतीक मानिएको छ । यस कुरालाई उपन्यासकारका यी भनाइले स्पष्ट पारेका छन्– "लरहीबाट प्रस्थान गरेपछि धेरै टाढा जानु पर्दैन । आधा घण्टा पनि हिँड्न नपाई गडहल गाउँको नथुनी साहु तेलीको भव्य तीनतले घरको सेतो बार्दलीको दक्खिनपट्टि लङ् देखिन थाल्छ र क्रमशः देखिन्छ सम्पूर्ण घर (गोतामे, २०७७, पृ. ७) । यसबाट भव्य देखिने तीनतले घरलाई उच्च वर्गीय सम्भ्रान्तताको प्रतीक मानिएको छ । उपन्यासमा बारा जिल्लाको सबैभन्दा धनी व्यक्ति कहलिएको नथुनी साहुलाई कुबेरको प्रतीक मानिएको छ (गोतामे, २०७७, पृ. २२) । अतः साइकल, तीनतले घर र कुबेरजस्ता प्रतीकले उच्च तथा मध्यम वर्गलाई सङ्केत गरेका हुनाले तिनलाई उक्त वर्गका वर्गीय प्रतीक मानिन्छ ।

उपन्यासमा दुर्गाभवानी, रणचण्डी र देवीजस्ता नारी सशक्तिकरण र सबलीकरणसँग सम्बन्धित प्रतीकहरू प्रयोग गरिएका छन् । यस सन्दर्भमा एकल जीवन बाँचिरहेकी पार्वतीलाई साथ दिने बलियो पाखुरा भएको र सम्पत्तिले बलियो आधार प्राप्त गरेको कुनै पुरुष छैन । ऊ आफ्नो चरित्र रक्षाका निम्ति दुर्मुखा हुनु उसको बाध्यता बनेको छ । त्यही आफ्नो स्वभावलाई हतियार बनाएर मौका पर्नासाथ पार्वती भद्रनाथलाई नङ्गयाउन बाँकी राख्तिन । अतः पार्वतीसँग भद्रनाथ सधैं डराएर लुत्रुक्क परेर हिड्ने गर्छ । त्यस्तो अवस्थामा भद्रनाथका भरौटेहरूसमेत आफ्ना मालिक अपमानित भएको देखेर भित्रभित्रै खुच्चिङ भन्दै पार्वतीको प्रशंसा गर्दै भन्थे– "यी दुर्गाभवानी हुन् । यिनलाई कसैले छोयो भने त्यो आफैं भस्म भएर जानेछ । भद्रनाथको के पिताम ? यी रणचण्डीका सामु को टिक्ने ? ऊ त रुझेको बिरालोजस्तै लुसुक्क बाटो काटेर जान्छ (गोतामे, २०७७, पृ. ६९) । भद्रनाथका भरौटेहरूको उपर्युक्त संवादले पार्वतीलाई समाजमा रहेको वर्गीय तथा लैङ्गिक असमानताका विरुद्ध आवाज उठाउने सशक्त नारी प्रतिभाका रूपमा प्रस्तुत गरेको छ । उसको विद्रोही चेतना र प्रतिरोधी क्षमताका कारण उपन्यासमा उसलाई दुर्गाभवानी र रणचण्डीको प्रतीक मानिएको छ । उसका अगाडि समाजमा मै हुँ भन्ने भद्रनाथ लुरुक्क परेको देखाइएको छ । उसको तेजोवध भएको अवस्थाले उसलाई रुझेको बिरालाको प्रतीक मानिएको छ । त्यसैले यस उपन्यासमा आर्थिक तथा लैङ्गिक रूपमा सीमान्तकृत मानिएकी नारीको विद्रोही स्वभावलाई दुर्गाभवानी र रणचण्डीको प्रतीक मानिएको छ । उक्त प्रतीकहरू भद्रनाथकै आसेपासेद्वारा प्रयोग गरिएका र तिनले भद्रनाथजस्ता सामन्तप्रति घृणा जगाउन सहयोग गरेका कारण प्रतीक प्रयोगका आधारमा *यहाँदेखि त्यहाँसम्म* उपन्यासको वर्गीयतापरक अध्ययन गर्दा यस उपन्यासमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ ।

उपन्यासमा हात्तीलाई सम्भ्रान्तको प्रतीक मानिएको छ । त्यस्ता हात्तीमा चढेर आएका अविभावकहरू भाखीको औषधिले आफ्ना बिरामी सन्ततीको प्राणरक्षा गर्छ भन्ने कुरामा विश्वास गर्छन् । उनीहरू आफ्नो बिरामी छोरालाई भाखीका खडाउमाथि सिरानी राखेर सुताएर भन्थे "भाखी गुरु यसको रक्षा गरिदिनुहोस् । आज तीन दिन भो यो विचेत छ, आँखा खोल्दैन यो मेरो बुढेसकालको एउटै छोरो हो लोरपो छन् र आफ्नी आमाको कोरपो छन् । बिन्ति छ यसको आँखाको पट उघ्रोस् म यो हात्ती हजूरको दैलोमा बाँधेर जान्छु"
(गोतामे, २०७७, पृ. १०३) । उपन्यासको यस उद्धहरणले उच्च वर्गीय जीवनशैलीलाई सङ्केत गरेको छ । अतः हात्ती उच्च वर्गीय सान र रवाफको प्रतीक हो । घरमा हात्ती पालेर विलासी जीवन बिताउने सम्भ्रान्तहरू पनि आफ्ना सन्ततीको प्राणरक्षाका लागि भाखीजस्ता दरिद्र गुरुको धन्वन्तरी विद्या र उसकै औषधिमा विश्वास गरी सन्ततिको प्राणरक्षाको भीख मागेको सन्दर्भले उच्चवर्गको निम्नवर्गमाथिको परनिर्भरतालाई देखाएको छ । अतः यस उपन्यासको प्रतीक विधानमा निम्न वर्गीयता प्रकट गरिएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा 'हलो'लाई श्रमिकवर्गको प्रतीक मानिएको छ । त्यही हलोले जमिनदारको जमिन जोतेर श्रमिक वर्गले आफ्नो जीविकोपार्जन गर्ने भएकाले हलो श्रमको प्रतीक हो

(गोतामे, २०७७, पृ. ९२) । त्यसैगरी 'दूधजस्तो सेतो मारकिनको सुजनी'लाई उच्चवर्गको प्रतीक मानिएको छ । त्यसैमा अडेसा लगाएर नसको अम्मल लिएर विपुलानाथ दिन कटाउँछन् (गोतामे, २०७७, पृ. ९२) । कृष्णात्रेभित्र विकसित साङ्गीतिक चेतनाको वेगलाई छहराको प्रतीक मानिएको छ भने उसको मनको स्वच्छतालाई स्फटिकको प्रतीक मानिएको छ । यसरी *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा प्रतिभा र क्षमतामात्र सम्पत्ति भएको एउटा गरिब कलाकारको साङ्गीतिक ऊर्जालाई छहरासँग दाँज्नु र उसको स्वच्छ हृदयलाई स्फटिको स्वच्छतासँग तुलना गर्नु, श्रमको प्रतीक हलोलाई सम्मान प्रदान गरिनुले यस उपन्यासको प्रतीक विधानमा वर्गीयता रहेको पाइन्छ ।

नारीहरूले सौता शब्दलाई अत्यन्त घृणा गर्छन, मुटुको किला ठान्छन् । तिनबाट हुने पीडालाई विषालु सर्पको डसाइसरह ठान्छन् । विवेच्य उपन्यासमा सौतालाई विषालु सर्पिणीको प्रतीक मानिएको छ । लोग्नेद्वारा परित्याग गरिएकी सौतालाई भद्रनाथकी कान्छी श्रीमतीले एउटै भान्सामा खाना खान निम्त्याएर क्रमशः उसका गुमेमा अधिकार फिर्ता गराएकी छ (गोतामे, २०७७, पृ. २९४) । त्यस्ती दुर्गीलाई भद्रनाथका वरिपरि घुम्ने उसका चाटुकदारहरूले साक्षात् देवीको प्रतीक मानेका छन् । उक्त कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ "तपाई त कान्छी बजै साक्षात् देवी भएर यस घरमा प्रकट हुनुभयो" (गोतामे, २०७७, पृ. १९४) । नभन्दै दुर्गी भद्रनाथका घरको आन्तरिक संरचनामा पूरै परिवर्तन ल्याउन सफल भएकी छ "भद्रनाथको सिङ्गै घर भैंचालो आएजस्तै हल्लिन थाल्यो । बूढीले लौहयत्नले बाँधेको व्यवस्था दुर्गीले खुकुल्याउन थाली" (गोतामे, २०७७, पृ. २९४) भन्ने उपन्यासकारको टिप्पणीले यस कुराको पुष्ट्याइँ गरेको छ । यसरी यस उपन्यासमा भद्रनाथकै चाटुकदारहरूबाट भद्रनाथ र उसकी आमाको वर्गीय अहम् माटामा मिलाई दिने दुर्गीलाई साक्षात् देवीको प्रतीक मानिएको कुरा व्यक्त गरिएको छ । भद्रनाथको सिङ्गो घरायसी संरचना उच्च वर्गीय संरचनाको प्रतीक हो । त्यसमा भुइचालो जानुले भद्रनाथ र उसकी आमाको वर्गीय अहम् क्रमशः स्खलन हुन थाल्नु हो । अतः उपन्यासमा भैचालोलाई वर्गपतनको प्रतीक मानिएको छ ।

यहाँदेखि त्यहाँसम्म उपन्यासमा चितुवा, सर्प, अजिङ्गर, धूर्त ब्वासो, जुकाजस्ता उच्चवर्गका शोषणजन्य गतिविधिलाई सङ्केत गर्ने तथा जुत्ता, गधा, घोडा, खडाउ, गोरु, चिल्था परेको सारी, जुत्ता, चुरोटको ठुटोजस्ता निम्न वर्गीय शोषित गतिविधि देखाउने बिम्बहरूले प्रतीकको काम गरेका हुँदा तिनलाई प्रतीकका रूपमा प्रयोग गरिएको छ । यस क्रममा उच्चवर्गका शोषणमुखी गतिविधि झल्काउने प्रतीकहरूले त्यस वर्गप्रति घृणाभाव जगाएका छन् भने निम्न वर्गीय प्रतीकहरूले त्यस वर्गप्रति सहानुभूति जगाएका छन् । अतः यस उपन्यासको प्रतीक प्रयोगमा वर्गीयता प्रकट भएको छ ।

## ३.६ निष्कर्ष

रूप कला वा साहित्यलाई आकार प्रदान गर्ने प्रमुख तत्त्व हो । यसले कृतिमा पाइने बुनोटका समग्र तत्त्वहरूको सम्पूर्ण योगलाई बुझाउँछ । यो साहित्यिक रचनाको अभिव्यक्तिको पद्धतिसँग सम्बन्धी पक्ष हो । मार्क्सवादी सौन्दर्य चिन्तनमा साहित्यका प्रमुख तत्त्वहरू अन्तर्वस्तु र रूपमध्ये अन्तर्वस्तुलाई बढी महत्त्व प्रदान गरिए तापनि रूपका अभावमा कला वा साहित्यले आफ्नो आकार

वा स्वरूप प्राप्त गर्न नसक्ने हुँदा साहित्यमा यसको उपस्थिति अनिवार्य रहेको कुरा स्पष्ट छ । *रूपका आधारमा ध.च गोतामेका उपनयासको वर्गीयतापरक विश्लेषण* उपशीर्षको यस परिच्छेदमा साहित्यिक रूपअन्तर्गत पर्ने भाषा, बिम्ब र प्रतीकलाई आधार मानेर गोतामेका उपन्यासको विश्लेषण गरिएको छ ।

रूपका आधारमा *घामका पाइलाहरू* उपन्यासको विश्लेषण गर्दा यस उपन्यासमा सामाजिक यथार्थअनुरूकै भाषा, बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । मूलतः उपन्यासमा उच्च तथा निम्नवर्गको उपस्थिति रहेकाले भाषाको स्वरूप पनि सोहीअनुकूल रहेको छ । यस उपन्यासमा राणाकालीन ऐतिहासिक प्रसङ्ग जोडिएर आएकाले तिनले प्रयोग गर्ने अभिजातीय वर्गको भाषाको पनि प्रयोग भएको छ । त्यस्तै अमलेन्दु भट्टाचार्य, डाक्टर र सेठजस्ता उच्चवर्गका पात्रहरूले प्रयोग गर्ने भाषाले उच्च वर्गीय अहम्लाई सङ्केत गरेको छ । तिनले प्रयोग गर्ने कतिपय भाषामा निम्नवर्गप्रतिको शोषणजन्य गतिविधि बुझाउने भाव व्यक्त गर्ने पद, पदावली र वाक्यहरू प्रयोग भएका छन् । यस उपन्यासमा उच्चवर्गले निम्नवर्गप्रति गर्ने शोषण र दमनका विरुद्ध निम्नवर्गले गरेका प्रतिरोध, विरोध र उच्चवर्गप्रतिको घृणाभाव व्यक्त गर्ने भाषिक रूपहरू पनि प्रयोग भएका छन् । त्यस्तै यस उपन्यासमा उच्च तथा निम्न दुवै वर्गसँग सम्बन्धित बिम्ब तथा प्रतीकहरू प्रयोग भएका छन् । उपन्यासमा सर्प, चितुवा, ब्वाँसो, आगाको ज्वालाजस्ता उच्च वर्गीय स्वरूप, तिनका प्रवृत्ति र मौलिक अभिलक्षण देखाउने बिम्बहरू प्रयोग भएका छन् । त्यसै गरी पीठो, कमिला, वयल गाडा, एक्का, टाँगा र पैतालाजस्ता निम्न वर्गीय शोषितजन्य प्रवृत्ति र स्वरूप बुझाउँने बिम्बहरू प्रयोग भएका छन् । उक्त बिम्बहरूले प्रतीयमान अर्थ प्रकट गरेका हुँदा उपन्यासमा तिनले प्रतीकको काम पनि गरेका छन् । *घामका पाइलाहरू* उपन्यासमा प्रयुक्त भाषा, बिम्ब र प्रतीकले सामाजिक यथार्थ प्रस्तुत गर्ने क्रममा समाजमा उपस्थित आधारभूत वर्गका वर्गीय अभिलक्षण तथा लेखकको निम्नवर्गप्रतिको पक्षधरतालाई प्रतिबिम्बित गरेका हुँदा यस उपन्यासमा रूपका आधारभूत तत्त्व भाषा, बिम्ब र प्रतीक विधानमा वर्गीयता प्रतिबिम्बित भएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यास सामाजिक यथार्थवादी उपन्यास नै भएकाले यसमा प्रयुक्त भाषा, बिम्ब र प्रतीक पनि सोहीअनुरूपका छन् । यस उपन्यासमा पूर्वदीप्ति शैलीमा जङ्गबहादुरको ऐतिहासिक प्रसङ्ग जोडिएको छ । अतः उपन्यासमा राणा शासकहरूले जनताका लागि र तिनका लागि जनताले प्रयोग गर्ने भाषिक स्वरूपका नमूनाहरू देख्न पाइन्छ । उपन्यासमा भद्रनाथ र असुर्फी साहुजस्ता सामन्त शोषकवर्ग तथा हर्चन, कृष्णात्रे, भाखी गुरु, पूजारी, सेते दमाई र गोडाइत आदि शोषितवर्गको उपस्थिति रहेको छ । त्यसैले उपन्यासमा प्रयोग भएको भाषा पनि त्यसैअनुरूपको छ । उपन्यासमा प्रयुक्त वर्गीयताको खोजी गरी त्यसलाई पुष्टि गर्न भाषाका साथै बिम्ब र प्रतीकको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । यस क्रममा यस उपन्यासमा वर्गीय समाजमा आधारभूत वर्गका रूपमा रहेका उच्चवर्गलाई बुझाउने चितुवा, सर्प, अजिङ्गर, बाघ र आगाको ज्वालाजस्ता वर्गीय शोषणजन्य बिम्ब र प्रतीकहरू प्रयोग गरिएका छन । त्यस्तै साइकल, कन्था, चिल्था, कमिला, गोरु, वयलगाडा, खुट्टा, लाटकोसेरोजस्ता निम्न वर्गीय शोषित वर्गसँग सम्बन्धित

बिम्ब तथा प्रतीकहरू पनि प्रयोग भएका छन् । उक्त बिम्ब र प्रतीकहरू प्रायशः सार्वजनिन ढाँचाका छन् । उपन्यासमा प्रयोग भएका वर्गीय भाषा, बिम्ब र प्रतीकहरू कतिपय स्थानमा स्वभाविक रूपमा उपन्यासको घटनालाई अगाडि बढाउन प्रयोग भएका छन् । तिनले स्वभाविक रूपम प्रयोग भएर नै आधारभूत वर्गका वर्गीय स्वरूप तथा प्रवृत्तिको प्रतिबिम्बन गर्नुका साथै लेखकीय पक्षधरतालाई देखाएका छन् । साहित्यमा उत्पादनका साधनमाथि आफ्नो पहुँच नभएका, शोषकवर्गको शोषणले किचिएका, राज्यसत्ताबाट हेपिएका पात्रहरू र तिनका गतिविधिहरू अभिव्यक्त गर्दा र तिनमा क्रमशः जागृत हुँदै गएको वर्गीय चेतनाको प्रस्तुति गर्दा प्रयोग हुने भाषा, बिम्ब र प्रतीकमा नै विशेषतः वर्गीयता प्रकट हुने भएकाले यस उपन्यासमा त्यसैअनुरूका रूपगत तत्त्वहरू प्रयोग भएको पाइन्छ । अतः *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई रूपका आधारमा अध्ययन गर्दा यस उपन्यासमा वर्गीयता पाइन्छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

*ध.च. गोतामेका उपन्यासमा वर्गीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध चार परिच्छेदमा तयार पारिएको छ । यस परिच्छेदमा प्रस्तुत शोधप्रबन्धको परिच्छेदगत सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । यसै विषयसँग सम्बद्ध रही ध.च. गोतामेका उपन्यासमा वर्गीयता शीर्षकलाई मूल प्राज्ञिक समस्याका रूपमा लिइएको छ । यसै समस्यासँग सम्बद्ध भई शोध्यप्रश्नहरू निर्माण गरिएको छ । तिनै शोध्यप्रश्नहरूका आधारमा शोधको उद्देश्य निर्माण गरिएको छ । कुनै पनि शोधकार्य गर्दा पूर्वकार्यको अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसैले यसभन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा गरिएको छ । यही पूर्वकार्यको समीक्षाबाट गोतामेका उपन्यासहरू वर्गीयताका दृष्टिले अध्ययन विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । यही रिक्तता परिपूर्ति गर्ने उद्देश्यले गरिएको शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । गोतामेका उपन्यासको अध्ययन विभिन्न दृष्टिकोणबाट गर्न सकिने भए तापनि यस शोधकार्यमा मार्क्सवादी सिद्धान्तमा आधारित भई वर्गीयताको मात्र खोजी गरिएको छ र उपन्यासमा प्रतिबिम्बित वर्गीयताको निरुपण गर्दा आर्थिक पक्षलाई मात्र आधार बनाइएको छ । यो नै यस शोधकार्यको सीमा रहेको छ । प्रस्तुत शोधकार्य गर्न पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । उपन्यासमा प्रतिबिम्बित वर्गीयताको निरुपण गर्न मार्क्सवादी सिद्धान्तलाई आधार मानी उपन्यासका अन्तर्वस्तु र रूपका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । यसमा निगमनात्मक विधि तथा गुणात्मक पद्धतिद्वारा पाठविश्लेषणमा आधारित भएर उपन्यासको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधप्रबन्धको रूपरेखा पनि पहिलो परिच्छेदमा नै निर्धारण गरिएको छ । ध.च. गोतामेका उपन्यासमा आधारित रहेर गरिएको यस शोधप्रबन्धलाई चार परिच्छेदसम्म विस्तार गरी सम्पन्न गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेद *ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा* वर्गी*यता* उपशीर्षकमा आधारित छ । यसमा अन्तर्वस्तुको परिचय, परिभाषा र स्वरूपका बारेमा विमर्श गर्दै यसका तत्त्वहरूको परिचय दिइएको छ । तिनै तत्त्वहरूका आधारमा गोतामेका उपन्यासमा प्रतिबिम्बित वर्गीयताको खोजी गरिएको छ ।

*घामका पाइलाहरू* उपन्यासमा उपस्थित पात्रहरूका स-साना कथाको संयोजनबाट उपन्यासको कथावस्तु तयार गरिएको हुँदा यसमा स्थूल कथावस्तु पाइदैन । उच्च तथा निम्नवर्गका पात्रहरूको कथा प्रस्तुत गरिएको यस उपन्यासमा लेखकीय पक्षधरता निम्नवर्गका पात्रहरूको कथामा केन्द्रित देखिन्छ । त्यसै गरी उपन्यासमा उच्च तथा निम्न दुवै वर्गका पात्रहरूको उपस्थिति गराउँदै उच्चवर्गका पात्रहरूले निम्नवर्गमाथि गरेको वर्गविभेद तथा शोषण र दमनको स्थिति देखाइएको छ । उपन्यासमा दलाल पूँजीपति वर्गीय राणा शासकहरूले निम्न वर्गीय श्रमिकहरूलाई

शोषण गरी तिनलाई बधुँवा मजदुरसरह व्यवहार गरेको उल्लेख गरिएको छ । यसले उच्चवर्गका पात्रप्रति पाठकमा घृणाभाव जागृत भएको छ र निम्नवर्गप्रति सहानुभूति जागेको छ । उपन्यासमा उच्च वर्गीय पात्रहरूले निम्न वर्गीय पात्रहरूलाई घृणा गरेका छन् । तर उक्त घृणा उपन्यासको अन्त्यमा गएर वर्गसमन्वयमा परिणत भएको अवस्था देखाइएको छ । उपन्यासका पात्रहरूमा वर्गचेतना तथा प्रतिरोधी चेतना जागृत भए पनि यसले सशक्त रूपमा साङ्गठनिक स्वरूप प्राप्त गर्न सकेको छैन । यो मानसिक स्तर र व्यक्तिगत रूपमै सीमित भएकाले यसले शोषकवर्गकै पृष्ठपोषण गरेको छ । यसले समाजमा उच्चवर्गका विरुद्ध विद्रोहका स्वर उठ्न थालेको सङ्केतचाहिँ गरेको छ । उपन्यासमा अभिव्यक्त श्रमको मूल्यबोध र श्रमशोषणको विरोधजस्ता पक्षले उपन्यासमा निम्नवर्गका पात्रमा क्रमशः वर्गचेतना जागृत हुन थालेकाले तिनमा प्रतिरोधी चेतनाको सामान्य विकास भएको स्थिति देखाइएको छ । यसबाट समाज परिवर्तनका सम्भावना देखिएका छन् । यस उपन्यासले वर्गद्वन्द्व र वर्गसङ्घर्षका स्वरलाई सामान्य रूपमा सङ्केत मात्र गरेको छ । उपन्यासका निम्न वर्गीय पात्रहरूले आफ्नै वर्गसमूहको निर्माणको पनि सामान्य सङ्केत गरेका छन् । *घामका पाइलाह*रू उपन्यासमा उपन्यासकारका विज्ञान, जीवन, जगत्, मृत्यु तथा श्रमसम्बन्धी प्रगतिवादी विचार प्रस्तुत भएका छन् । यस उपन्यासमा उच्चवर्गप्रति पाठकमा घृणा जाग्ने र निम्नवर्गप्रति सहानुभूति प्रकट हुने सहज वातावरण तयार गरिएको छ । यसरी हेर्दा *घामका पाइलाहरू* उपन्यासका अन्तर्वस्तुका विभिन्न तत्त्वहरूमा वर्ग, तिनका प्रकार र अभिलक्षण तथा निम्न वर्गीय पक्षधरता प्रतिबिम्बित भएकाले उक्त उपन्यासमा वर्गीयता रहेको छ ।

गोतामेको *यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई अन्तर्वस्तुका आधारमा विश्लेषण गर्दा यसमा जङ्गबहादुरका भान्साका डिट्ठा विपुलानाथले जङ्गबहादुरलाई रिझाएर बिर्तास्वरूप प्राप्त गरेको मुर्कीपलिया भन्ने ठाउँको जमिनमा नयाँ बस्ती बसाएको कुरा उल्लेख गरिएको छ । यस उपन्यासमा उसका तीनपुस्ते सन्दर्भहरू जोडेर विपुलानाथको नाति भद्रनाथले त्यस नयाँ गाउँमा देखाएको सामन्ती अहम्लाई मूल विषय बनाइएको छ । उपन्यासको मूल कथावस्तुलाई गति प्रदान गर्न विभिन्न सहायक र अन्तर्कथाहरू पनि आएका छन् । उपन्यासमा भद्रनाथ र असुर्फी साहुजस्ता शोषकले सिङ्गो गाउँलाई नियन्त्रणमा राखेर शासन गरी सबैलाई आफूमाथि आश्रित बनाउनाका साथै लैङ्गिक हिंसासमेत गरेका छन् । तर पार्वती र दुर्गीजस्ता नारी पात्रले भद्रनाथको तेजोबध गरेका छन् । यसरी भद्रनाथ र असुर्फीले वर्गीय सान र रवाफद्वारा समाजका निम्नवर्गमाथि शोषण गरेकाले यिनका कथाले उपन्यासमा उच्च वर्गीय स्वभाव र चरित्रलाई उद्घाटन गरेको छ । त्यस्तै हर्चन, पार्वती, कृष्णात्रे र दुर्गीजस्ता पात्रमा जागृत चेतनाले निम्न वर्गीय प्रतिशोधलाई देखाउँदै उपन्यासमा प्रतिबिम्बित वर्गद्वन्द्वका सूक्ष्म रूपलाईसमेत सङकेत गरेको छ । यसरी वर्गीय तथा व्यक्ति पात्रहरूका मुख्य, सहायक र अन्तर्कथाहरू प्रस्तुत भएको यस उपन्यासमा निम्न वर्गीय पात्रहरूका कथामा लेखकको विशेष झुकाव रहेको छ । त्यस्तै उपन्यासमा जङ्गबहादुर र चन्द्रशमशेरका प्रसङ्ग जोडेर ऐतिहासिक सन्दर्भ पनि प्रस्तुत गरिएको छ । निम्न वर्गीय श्रमजीवीलाई शोषण गरी तिनमाथि शासन गर्ने उच्च वर्गीय गतिविधिले उक्त वर्गको चरित्रलाई उदाङ्गो पारेको छ । त्यस्तै उपन्यासकारका जीवनजगत्, मानवता, शोषण, धनसम्पत्ति, पाप, धर्म तथा नारीसम्बन्धी प्रगतिवादी

विचार प्रस्तुत गरिएको यस उपन्यासमा आधारभूत वर्गका वर्गीय स्वरूपलाई प्रस्तुत गरी निम्न वर्गीय पक्षधरता प्रकट गरिएको छ । उच्चवर्गको विलाशपूर्ण जीवनशैलीले अभिजात्य परिवेशलाई सङ्केत गरेको छ । त्यस्तै निम्नवर्गमा जागृत वर्गचेतना तथा प्रतिरोधी चेतना प्रस्तुत गर्ने क्रममा निम्नवर्गप्रति पाठकले सहानुभूति राख्ने परिवेश तयार गरिएको छ । यस उपन्यासमा सामन्तवर्गका शोषण र दमनमुखी गतिविधि प्रस्तुत गर्दै त्यसका माध्यमबाट श्रमजीवीवर्गमा वर्गचेतना जगाई सामाजिक परिवर्तन गर्ने उद्देश्य राखिएको छ । अतः मार्क्सवादी मान्यताअनुसार अन्तर्वस्तुका आधारमा *यहाँदेखि त्यहाँसम्म* उपन्यासको विश्लेषण गर्दा यसको कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्यका विविध पक्षमा वर्गीयता प्रकट भएको पाइन्छ ।

साहित्यले पाठकवर्गलाई सचेत र सङ्गठित बनाई सांस्कृतिक आन्दोलनको दिशाबोध गराउने काम गर्छ । यस क्रममा साहित्यका कथावस्तु, तिनका पात्र वा चरित्र, लेखकीय विचार, परिवेश र लेखकीय उद्देश्यजस्ता अन्तर्वस्तुका तत्त्वहरू नै पाठकवर्गलाई सचेत बनाउने प्रमुख आधार हुन् । अतः अन्तर्वस्तुका यिनै प्रमुख तत्त्वहरूमा अभिव्क्त वर्गीय अभिलक्षण तथा लेखकीय पक्षधरताका आधारमा ध.च. *गोतामेका* उपन्यासको वर्गीयतापरक विश्लेषण गरी उपन्यासमा प्रयुक्त विभिन्न साक्ष्यहरूका आधारमा उनका उपन्यासका अन्तर्वस्तुमा वर्गीयता प्रतिबिम्बित भएको पुष्टि गरिएको छ ।

यस शोधकार्यको तेस्रो परिच्छेदमा *ध.च. गोतामेका उपन्यासको रूपमा वर्गीयता* उपशीर्षकमा रूपका प्रमुख आधारभूत तत्त्वहरू भाषा, बिम्ब र प्रतीकलाई आधार मानेर उनका उपन्यासहरूको वर्गीयतापरक विश्लेषण गरिएको छ । यसमा रूपको परिचय, परिभाषा र यसको स्वरूपको सामान्य परिचय दिंदै यसका आधारभूत तत्त्वहरूमध्ये भाषा, बिम्ब र प्रतीकलाई चिनाइएको छ र तिनका आधारमा उपन्यासमा अभिव्यक्त वर्गीयताको खोजी गरिएको छ ।

रूपका आधारमा गोतामेको *घामका पाइलाहरू* उपन्यासमा प्रयुक्त वर्गीयताको खोजी गर्न भाषा, बिम्ब र प्रतीकलाई आधार बनाइएको छ । भाषिक आधारमा हेर्दा यस उपन्यासमा वर्गअनुकूल नै भाषिक प्रयोग गरेको देखिन्छ । उपन्यासमा उच्चवर्गले प्रयोग गर्ने भाषामा यदाकदा वर्गसमन्वयको भाव अभिव्यञ्जित भए पनि अधिकांशतः वर्गीय अहम् प्रतिबिम्बित भएको छ । तिनले प्रयोग गर्ने भाषामा वर्गविभेद र वर्गशोषणका साथै वर्गघृणाको भाव अभिव्यञ्जित भएको छ भने निम्नवर्गको भाषामा उक्त वर्गको वर्गीय स्वरूप प्रतिबिम्बित हुनाका साथै उच्चवर्गले हेपेको तथा शोषण गरेको भाव झल्कन्छ । त्यस्तै उपन्यासको कथावस्तुमा प्रयुक्त भाषाले निम्न वर्गीय प्रतिरोधी चेतनाको स्वर अभिव्यक्त गरेको छ । गोतामेका उपन्यासमा प्रयुक्त भाषाले पाठकमा उच्चवर्गप्रति घृणा उत्पन्न गर्छ भने निम्नवर्गमा सहानुभूति प्रकट गरेको छ । गोतामेका उपन्यासमा वर्गद्वन्द्व तथा वर्गसङ्घर्षको प्रतिबिम्बन खासै भएको पाइदैन तापनि उपन्यासका कतिपय भाषिक सन्दर्भले सूक्ष्म रूपमै भए पनि तिनको सङ्केतसम्म गरेका छन् तर त्यसले प्रभावकारिता प्राप्त गर्न सकेको छैन । यस उपन्यासमा उच्च तथा निम्न वर्गीय बिम्बहरू प्रयोग गरिएका छन् । उपन्यासमा प्रयोग भएका बाघ, ब्वाँसो, चितुवा, सिंह, भालु, मत्ताहात्ती, गोमन साँप, तेलिया साँप, तक्षक नाग, सर्प, जुका, लाम्खुट्टेजस्ता उच्चवर्गसँग सम्बन्धित

शोषणजन्य बिम्बहरू प्रयोग भएका छन् । त्यस्तै उनका उपन्यासमा घोडा, वयल गाडा, एक्का, टाँगा, पैताला घिउकमिला, जुत्ता, गोरु, खुट्टा, कुर्कुच्चा आदि निम्नवर्गसँग सम्बन्धित बिम्बहरू प्रयोग भएका छन् । यस्ता बिम्बहरूले उच्चवर्गीय शोषणजन्य गतिविधिलाई सङकेत गर्दै निम्नवर्गप्रति सहानुभूति जगाएका छन् । गोतामेका उपन्यासमा प्रयोग भएका उपर्युक्त बिम्बहरूमध्ये कतिपय बिम्बले प्रतीकको समेत काम गरेका छन् भने कतिपय शब्दहरूले प्रतीयमान अर्थमात्र प्रकट गरेकाले तिनलाई प्रतीकका रूपमा मात्र प्रयोग गरिएको छ । टाई, सुट, फ्रिज, हैट, रामलीलाजस्ता प्रतीकले उच्च वर्गीय सानलाई सङ्केत गरेका हुँदा तिनलाई शोषणजन्य प्रतीकका रूपमा लिइएको छ । पसिनाले निथ्रुक्क भिजेको चोलो, मैलो धोती, बोराको झोला, टायरका चप्पल, धुस्रोफुस्रो कपालआदिले निम्न वर्गीय गरिबीलाई सङ्केत गरेका हुनाले तिनलाई निम्न वर्गीय प्रतीक मानिएको छ । यस्ता प्रतीकहरूले उपन्यासमा वर्गीय अभिलक्षणको प्रतिबिम्बन गरी उच्चवर्गप्रति पाठकमा घृणाभाव जागृत गराउन र निम्नवर्गप्रति सहानुभूति देखाउन सहयोग गरेका छन् । त्यसैले उपर्युक्त प्रतीकहरूले गोतामेका उपन्यासमा वर्गीयताको प्रतिबिम्बन गर्न सहयोग पुऱ्याएका छन् ।

रूपका आधारमा *यहाँदेखि त्यहाँसम्म* उपन्यासको वर्गीयतापरक विश्लेषण गर्दा यस उपन्यासमा निम्न वर्गीय पक्षधरता प्रकट भएको पाइन्छ । उपन्यासमा प्रयोग भएको भाषा वर्गअनुकूल नै रहेको छ । यस क्रममा उच्चवर्गको भाषाले यदाकदा वर्गसमन्वय देखाए तापनि मूलतः वर्गविभेद र वर्गशोषणलाई नै सङ्केत गरेको छ । यसबाट पाठकवर्गमा उच्चवर्गप्रति घृणाभाव जागेको छ । त्यस्तै निम्नवर्गले प्रयोग गर्ने भाषामा वर्गचेतना र वर्गविरोधका स्वरहरू अभिव्यञ्जित भएको पाइन्छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यास पनि वर्गद्वन्द्व तथा वर्गसङ्घर्ष देखाउने उद्देश्यले लेखिएको उपन्यास होइन । त्यसैले यस उपन्यासमा उक्त कुराको खासै प्रतिबिम्बन भएको पाइदैन तर सूक्ष्म सङ्केत भने उपन्यासको रूपपक्षले गरेको छ । उपन्यासको भाषिक प्रयोगले मूलतः निम्नवर्गप्रति सहानुभूति जगाएको छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा उच्च तथा निम्न वर्गीय बिम्बहरू प्रयोग गरिएका छन् । उपन्यासमा प्रयोग भएका बाघ, चितुवा, ब्वाँसो, सिंह, भालु, यमराजको सर्प, जुका, लाम्खुट्टे, विषधर, आगाको ज्वाला, बारुद खाना, मत्ताहात्ती, जस्ता उच्चवर्गसँग सम्बन्धित शोषणजन्य बिम्बहरू प्रयोग भएका छन् । त्यस्तै उनका उपन्यासमा घोडा, घिउ कमिला, भक्कुको राँगो, जङ्गली कुकाठ, कछुवा, लाटाकोसेरो, उल्लु, बूढो स्याल, वयल गाडा, पाइताला, जुत्ता, गोरु, मरेको सर्पआदि निम्नवर्गसँग सम्बन्धित बिम्बहरू तथा दुर्गा, सिंहवाहिनी र रणचण्डीजस्ता नारी सशक्तीकरणसँग सम्बन्धित बिम्बहरू प्रयोग भएका छन् । उक्त बिम्बहरूले उच्चवर्गले निम्नवर्गमाथि गर्ने शोषणजन्य गतिविधिलाई सङ्केत गरेका छन् । यस्ता बिम्बहरूले उच्चवर्गीय शोषण र निम्न वर्गीय प्रतिरोधी चेतनालाई सङकेत गरेका छन् । गोतामेका उपन्यासमा प्रयोग भएका कतिपय बिम्बहरूले प्रतीयमान अर्थ प्रकट गरी प्रतीकको कामसमेत गरेका छन्, । हात्ती, तीनतले सेतो घर, मलमलको सुजनी र कुबेरजस्ता प्रतीकले उच्च वर्गीय सानलाई सङ्केत गरेका हुँदा तिनलाई शोषणजन्य प्रतीकका रूपमा लिइएको छ । हलोलाई श्रमिकको प्रतीक र भैचालोलाई वर्गीय पतनको प्रतीक मानिएको छ । यस्ता प्रतीकहरूले उपन्यासमा वर्गीय अभिलक्षणको प्रतिबिम्बन गरी उच्चवर्गप्रति पाठकमा

घृणाभाव जागृत गराउन र निम्नवर्गप्रति सहानुभूति देखाउन सहयोग गरेका छन् । त्यसैले उपर्युक्त प्रतीकहरूले गोतामेका उपन्यासमा वर्गीयताको प्रतिबिम्बन गर्न सहयोग पुऱ्याएका छन् ।

## ४.२ निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(१) ध.च. गोतामेका उपन्यासका अन्तर्वस्तुमा के कस्तो वर्गीयता अभिव्यक्त भएको छ भन्ने प्राज्ञिक जिज्ञासा यस अध्ययनको पहिलो समस्या हो । यस समस्याको समाधान गर्न अन्तर्वस्तुका तत्त्वहरू कथावस्तु, पात्र, लेखकीय विश्वदृष्टिकोण, परिवेश र उद्देश्यमा प्रतिबिम्बित वर्गीयताको खोजी गरी प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ :

(क) गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा क्रमशः तराईको रेलवेको विकास र विस्तारसँग सम्बन्धित विषय र त्यहाँको जङ्गल फँडानी गरी नयाँ बस्ती बसाएको घटना प्रस्तुत गरिएको छ । उनका दुवै उपन्यासमा उच्च र निम्न दुवै वर्गका शोषक र शोषित पात्रहरूको कथा प्रस्तुत गरी यी दुवै वर्गका वर्गीय अभिलक्षण प्रस्तुत गरिएको छ । उनका उपन्यासमा उच्चवर्गका वर्गीय प्रवृत्ति र अहम् देखाउँदै तिनले निम्नवर्गमाथि गर्ने वर्गविभेद तथा शोषणको स्वरूप देखाइएको छ । त्यस्तै निम्नवर्गमा जागृत वर्गीय चेतना तथा प्रतिरोधी चेतना प्रस्तुत गरी त्यसले समाजमा ल्याएको परिवर्तनलाई उपन्यासको मूल कथावस्तु बनाइएको छ । गोतामेका उपन्यासमा उच्चवर्गका पात्रहरूको कथालाई खासै आदर्शीकरण नगरी तिनको वर्गीय स्वरूप प्रस्तुत गरिएकाले पाठकमा उक्त वर्गप्रति घृणाभाव जागृत भएको छ भने निम्नवर्गको कथावस्तुले उक्त वर्गप्रति सहानुभूति प्रकट गरी लेखकको निम्नवर्गप्रतिको पक्षधरतालाई प्रतिबिम्बित गरेको छ ।

(ख) गोतामेका उपन्यासमा उपस्थित शोषक तथा शोषितवर्गका पात्रहरूमध्ये शोषकवर्गका पात्रहरूमा उच्च वर्गीय अहम् देखिन्छ । तिनले निम्नवर्गप्रति विभेदपूर्ण भाव राख्नुका साथै तिनको श्रमको शोषण गरेकाले पाठकमा उक्त वर्गप्रति घृणा जागृत भएको छ । त्यस्तै शोषणको मारमा परेका निम्नवर्गका पात्रहरूमा वर्गीय चेतना जागृत हुँदै जाँदा तिनले उच्च वर्गीय शोषणको विरोध गरेका छन् । उपन्यासका पात्रहरूमा वर्गद्वन्द्व र सङ्घर्षको स्थिति अति सामान्य भएकाले सामाजिक परिवर्तन पनि सामान्य देखिन्छ । गोतामेका उपन्यासमा प्रयोग भएका विभिन्न वर्गका पात्रहरू र तिनका गतिविधिबाट उपन्यासमा वर्गीय अभिलक्षण तथा तिनका मौलिक विशेषता प्रतिबिम्बित हुनुका साथै उपन्यासकारले निम्नवर्गका पात्रहरूको चारित्रिक विश्लेषणका माध्यमबाट तिनमा पाठकवर्गप्रति सहानुभूति जगाएर निम्न वर्गीय पक्षधरता प्रकट गरेकाले उपन्यासको पात्रविधानमा वर्गीयता प्रतिबिम्बन भएको छ ।

(ग) गोतामेका उपन्यासमा उपन्यासकारका विज्ञान, जीवनजगत्, मृत्यु, श्रम, शोषण, मानवता र नारीसम्बन्धी विश्वदृष्टिकोण प्रस्तुत गरिएको छ । विज्ञानको उन्नति र प्रगतिले नयाँ औजारहरूको आविष्कार हुँदै जाँदा मानवश्रम ओझेलमा परे तापनि यसले सभ्यता र संस्कृतिको विकासमा नयाँ आयामहरू थपेर मानिसलाई उन्नतिको शिखरमा पुऱ्याउँछ भन्ने प्रगतिवादी विचार व्यक्त गरिएको गोतामेका उपन्यासमा श्रमको शोषण गर्नु हुदैन भन्ने विचार व्यक्त गरिएको छ । गोतामेका उपन्यासमा मानिसलाई मृत्युको भयले अन्याय र शोषणको प्रतिकार गर्न बाधा उत्पन्न गर्छ भन्ने विचार व्यक्त गरिएको छ । मानिसले आर्थिक क्षमताअनुसार शैक्षिक अवसर प्राप्त गरी त्यसैअनुसार ज्ञान हासिल गर्छ भन्ने विचार व्यक्त गरिएका गोतामेका उपन्यासमा उत्पादन प्रणालीमा सुधार ल्याई सामाजिक सद्भावको विकास गर्न सबै वर्गबीच समन्वयात्मक भाव हुनुपर्छ भन्ने विचार प्रकट गरिएको छ । व्यक्तिको चरित्र निर्माण गरी उसमा मानवताको विकास गर्न अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने भाव व्यक्त गरिएका गोतामेका उपन्यासमा शोषकीय प्रवृत्ति र दम्भले मानिसलाई विवेकशून्य बनाउँछ र पारिवारिक सम्बन्ध तथा संवेदनाबाट पनि विमुख गराउँछ भन्ने भाव व्यक्त गरिएको छ । निम्नवर्गका नारीहरूलाई भोग्यावस्तु सम्झने शोषकवर्गले अरुको उन्नति सहन सक्दैन भन्ने वैचारिकता प्रतिबिम्बित भएका गोतामे उपन्यासमा समान वर्गका बीचको वर्गद्वन्द्वले वर्गीय हित गर्नुका साथै समाजमा परिवर्तन ल्याउँछ भन्ने विचार व्यक्त गरिएको छ । लेखकका यस्ता विचारले उपन्यासमा वर्गीयता प्रकट गरेको छ ।

(घ) उच्चवर्गको जीवनशैलीका माध्यमबाट अभिजात्य परिवेश देखाइएको गोतामेका उपन्यासमा निम्न वर्गीय पात्रहरूले उच्चवर्गबाट शोषित हुने वातावरण सिर्जना गरिए तापनि कतिपय अवस्थामा वर्गसमन्वय गर्नुपर्ने परिस्थिति पनि निर्माण गरेको छ । उपन्यासका कतिपय सन्दर्भमा उच्चवर्गले निम्नवर्गप्रति निर्भर रहनु पर्ने परिस्थिति निर्माण गरी निम्नवर्गले उच्चवर्गलाई झुकाएको अवस्था पनि देखाइएको छ । यसरी गोतामेका उपन्यासको परिवेश विधानमा शोषक तथा शोषितवर्ग र तिनका प्रवृत्ति देखाउँदै उच्चवर्गप्रति पाठकका मनमा घृणाभाव जागृत हुने र निम्नवर्गमा विद्रोही चेतना जागृत हुने सहज परिवेश निर्माण गरिएका कारण उपन्यासमा परिवेशगत वर्गीयता प्रतिबिम्बित भएको छ ।

(ङ) गोतामेका उपन्यासमा पात्रहरूका बीचको अन्तर्सम्बन्ध र विरोध तथा त्यसले उपत्पादन प्रणालीमा पारेको असरलाई प्रतिबिम्बन गर्ने उद्देश्य राखिएको छ । उनका उपन्यासमा निम्न वर्गीय मजदुरहरूको श्रमको शोषण गरी रातारात कालाबजारिया गरेर अकूत सम्पत्ति थुपार्ने तथा समाजका शोषित र निमुखा वर्गलाई आर्थिक रूपले माथि उठ्न नदिएर शोषककै भकारीमा भरपर्न बाध्य पार्ने सामन्तहरूको कुकृत्य र अत्याचार देखाई तिनकाप्रति पाठकमा घृणा जगाई शोषितवर्गप्रति सहानुभूति जगाउने उद्देश्य राखिएको छ । यसरी निम्नवर्गमा

जागृत हुँदै गएको वर्गीय चेतना प्रस्तुत गरी सामाजिक परिवर्तन गर्ने उद्देश्य राखिएकाले गोतामेका उपन्यासको उद्देश्य विधानमा वर्गीयता प्रकट भएको छ ।

(२) ध.च. गोतामेका उपन्यासका रूपमा वर्गीयताको अभिव्यक्ति कसरी गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा यस अध्ययनको दोस्रो समस्याका रूपमा रहेको छ । यस समस्याको समाधान गर्न भाषा, बिम्ब र प्रतीकमा प्रतिबिम्बित वर्गीयताको खोजी गरी प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ :

(क) गोतामेका उपन्यासमा वर्गानुकूल भाषिक सूचकहरू प्रयोग गरिएका छन् । उपन्यासमा दलाल पूँजीपतिवर्गको समेत उपस्थिति रहेको हुँदा उक्त वर्गले प्रयोग गर्ने अभिजात्य भाषा तथा उक्त वर्गप्रति गरिने चाकडीयुक्त भाषाको प्रयोग गरिएको छ । उक्त भाषिक प्रयोगले उच्च वर्गीय अहम्, वर्गीय विभेद तथा तिनका शोषणजन्य गतिविधिलाई सङ्केत गरेका छन् जसबाट उक्त वर्गको वर्गीय स्वरूप प्राप्त गर्न सकिन्छ । त्यस्तै गोतामेका उपन्यासमा निम्नवर्ग र तिनका पेशालाई सङ्केत गर्ने, तिनलाई हेपेको भाव व्यक्त गर्ने पद तथा पदावलीहरू प्रयोग गरिएको छ । यिनले निम्नवर्गको पहिचान प्रस्तुत गरी तिनका प्रति पाठक वर्गमा साहनुभूति जगाएका छन् । अतः गोतामेका उपन्यासमा प्रयुक्त भाषाले वर्गीय अभिलक्षणलाई सङ्केत गरेको हुँदा उनका उपन्यासको भाषिक प्रयोगमा वर्गीयता प्रतिबिम्बित भएको पाइन्छ ।

(ख) गोतामेका उपन्यासमा शोषक तथा शोषित दुवै वर्गसँग सम्बन्धित बिम्बहरू प्रयोग गरिएका छन् । उक्त बिम्बहरूमध्ये शोषकवर्गसँग सम्बन्धित बिम्बले तिनका शोषणजन्य गतिविधिका माध्यमबाट वर्गीय कुरूपता देखाएका छन् । यसबाट पाठकवर्गमा उक्त वर्गप्रति घृणा जागृत भएको छ । त्यस्तै शोषित वर्गलाई सङ्केत गर्ने बिम्बहरूले त्यस वर्गप्रति भएको वर्गीय दमन र श्रमको शोषणलाई प्रतिबिम्बित गरेका छन् । यसबाट पाठकमा उक्त वर्गप्रति सहानुभूति प्रकट भएको छ । उपन्यासमा प्रयुक्त यस्ता बिम्बहरूले आधारभूत वर्गका अभिलक्षण तथा लेखकीय पक्षधरता देखाएका छन् । अतः गोतामेका उपन्यासमा प्रयुक्त बिम्बविधानमा वर्गीयता प्रतिबिम्बन भएको कुरा पुष्टि भएको छ ।

(ग) गोतामेका उपन्यासमा प्रयोग भएका धेरैजसो बिम्बले प्रतीकको समेत काम गरेका छन् भने कतिपय अवस्थामा ध्वन्यार्थमात्र प्रकट गर्ने प्रतीकको पनि प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग भएका सबै किसिमका प्रतीकहरूले वर्गीय अभिलक्षण प्रकट गरेका हुँदा गोतामेका उपन्यासको प्रतीक विधानमा वर्गीयता प्रतिबिम्बित भएको पाइन्छ ।

समग्रमा *ध.च. गोतामेका उपन्यासमा वर्गीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा मार्क्सवादी सिद्धान्तअनुसार अन्तर्वस्तु र रूपका आधारमा उपन्यासमा प्रतिबिम्बित वर्गीयताको विश्लेषण गरिएको छ । यसका लागि अन्तर्वस्तु र रूपका प्रमुख तत्त्वहरूमा अभिव्यक्त वर्गीय अभिलक्षणहरू र लेखकीय पक्षधरताको खोजी गरिएको छ । गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै

उपन्यासको तुलनात्मक अध्ययन गर्दा उनका दुवै उपन्यासमा वर्गीयताको स्वरूप उस्तै उस्तै प्रकारको रहेको छ । उनका दुवै उपन्यासमा दलाल पूँजीपति वर्गका रूपमा राणा शासकहरूको उपस्थिति रहेको छ । *घामका पाइलाहरू* उपन्यासमा सर्वसाधारण तथा निम्नवर्गका श्रमिकहरूमाथि शासन गर्ने उच्च पदस्थ प्रशासक र व्यापारीवर्गको उपस्थिति रहेको छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा भद्रनाथ र असुर्फी साहुजस्ता जमिनदारले निम्नवर्गका श्रमिकमाथि शोषण गरेका छन् । गोतामेका दुवै उपन्यासमा प्रयोग भएका निम्नवर्गका पात्रहरूले आफूसँग उत्पादनका साधनमाथि पहुँच नभएका कारण श्रम बेचेर जीविकोपार्जन गर्न बाध्य भई श्रमको उचित मूल्य प्राप्त गर्न नसकेको अवस्था देखाइएको छ । त्यस्तै उनका दुवै उपन्यासका पात्रहरूमा क्रमशः वर्गीय चेतना जागृत भई प्रतिरोधी क्षमताको सामान्य विकास भएको स्थिति देखाइएको छ । यसरी हेर्दा गोतामेका दुवै उपन्यासमा वर्गीय समाजका आधारभूत वर्गका वर्गीय अभिलक्षणहरू प्रतिबिम्बित भई निम्नवर्गप्रति लेखकीय पक्षधरता प्रकट भएको भाव उपन्यासका विभिन्न साक्ष्यहरूले देखाएका छन् । तिनका आधारमा गोतामेका उपन्यासमा वर्गीयता प्रतिबिम्बित भएको निष्कर्ष निकालिएको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, रविलाल (२०५६), *प्रगतिवादी नेपाली समालोचना,* पोखरा : लेकाली प्रकाशन ।

आफानास्येभ, भिक्टर (२०७८), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* (द्वितीय संस्क.), (अनु कृष्णप्रकाश श्रेष्ठ), काठमाडौँ : स्वदेश प्रकाशन ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एङ्गेल्स, फेडरिख (२०७५), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* काठमाडौँ : प्रगति पुस्तक सदन ।

गिरी, अमर (२०७२), *समकालीन प्रगतिवादी नेपाली कवितामा वर्गद्वन्द्व,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

गोतामे, ध.च. (२०३५), *घामका पाइलाहरू,* ललितपुर : साझा प्रकाशन ।

गोतामे, ध.च. (२०७७), *यहाँदेखि त्यहाँसम्म,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९), *प्रगतिवाद : परम्परा र मान्यता,* काडमाडौँ : श्रीमती मुना गौतम ।

गौतम, ध्रुवचन्द्र (२०६४), *ध.च. गोतामे : सम्झनाका पाइलाहरू,* काठमाडौँ : ध.च. गोतामे स्मृतिग्रन्थ प्रकाशन समिति ।

गौतम, लक्ष्मणमप्रसाद (२०६८), *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद (२०७६), 'औपन्यासिक तत्त्वका आधारमा अनिदो पहाडसँगै उपन्यासको विवेचना', *रत्नबृहत् नेपाली समालोचना प्रायोगिक खण्ड,* (द्वितीय संस्क), (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २७०-२८५ ।

चापागाई, निनु (२०७६), 'साहित्यमा अन्तर्वस्तु र रूपको प्रश्न,' *मार्क्सवादी साहित्यचिन्तन,* (सम्पा.) निनु चापागाई, काठमाडौँ : साझा प्रकाशन, पृ. २५६-२८१ ।

चैतन्य (२०६४), *मार्क्सवादी कलादृष्टि र समीक्षा,* (दोस्रो संस्क.), काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६९), *मार्क्सवादी सौन्दर्य चिन्तन,* ललितपुर : साझा प्रकाशन ।

जीस, अभ्नेर (२०७२), *मार्क्सवादी सौन्दर्यशास्त्रका आधारहरू,* (अनु. हरिहर खनाल), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ज्ञवाली, रामप्रसाद (२०६८), *नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

ज्ञवाली, रामप्रसाद (२०६८), *महाकाव्य सिद्धान्त र नेपाली प्रयोग,* काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. ।

ज्ञवाली, रामप्रसाद (२०६९), साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको प्रतिबिम्बन, *प्रज्ञा,* ३, पृ. २६-४८ ।

ज्ञवाली, रामप्रसाद (२०७१), 'साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको अभिव्यक्ति प्रक्रिया', *जुगल सैद्धान्तिक नेपाली समालोचना,* (सम्पा.) राजेन्द्र सुवेदी, काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि., पृ. ३५८-३७६ ।

डङ्गोल, राजुमान (२०७२), *विमल निभाका कवितामा वर्गीय चेतना,* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

तिमल्सेना, पशुपतिनाथ (२०७८), 'प्रगतिवादी साहित्यमा अन्तर्वस्तु र रूपको सम्बन्ध', *मार्क्सवादी सौन्दर्यचिन्तन,* (सम्पा.) गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २०३-२११ ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* (चौथो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (२०७६), 'साहित्य र सर्वहारा', *मार्क्सवादी साहित्य चिन्तन,* (दोस्रो संस्क.), (सम्पा.) निनु चापागाईं, ललितपुर : साझा प्रकाशन, पृ. १४७-१६२ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४२), *नेपाली उपन्यास र उपन्यासकार,* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

फक्स, राल्फ (सन् १९५७), *उपन्यास और लोक जीवन* (अनु. नरोत्तम नागर), नई दिल्ली : पीपुल्स पब्लिशिंग हाउस ।

बराल, ईश्वर (२०४२), *यहाँदेखि त्यहाँसम्म* उपन्यासको भूमिका, ललितपुर : साझा प्रकाशन, पृ. क–ब ।

बराल, ऋषिराज (२०५२), *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* विराटनगर : सविता बराल ।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र,* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* (दोस्रो संस्क), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७८), 'उपन्यास र मार्क्सवादी सौन्दर्यचिन्तनको आधारभूत पक्ष', *मार्क्सवादी सौन्दर्यचिन्तन,* (सम्पा.) गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १५५–१८४ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६४), *ध.च. गोतामेको उपन्यासकारिता,* काठमाडौँ : हजुरको प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७८), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७८), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

मार्क्स र एङ्गेल्स (२०७५), *कम्युनिष्ट पार्टीको घोषणपत्र* (अनु.गोपीरमण उपाध्याय), (जनता संस्करण), काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

मिश्र, शिवकुमार (सन् १९७२), *मार्क्सवादी साहित्य चिन्तनः इतिहार और सिद्धान्त,* भोपाल मध्य प्रदेश हिन्दी ग्रन्थ अकादमी ।

मिश्र, शिवकुमार (२०७६), 'माक्सवादी कलाचिन्तन र साहित्यसमीक्षाको विकास', *माक्सवादी साहित्यचिन्तन,* (दोस्रो संस्क.), (सम्पा.) निनु चापागाई, काठमाडौँ : साझा प्रकाशन, पृ. १०९-१३० ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुकाज, जर्ज (सन् २०१४), *इतिहास और वर्ग चेतना,* (अनु. नरेश नदीम), नयी दिल्ली : प्रकाश संस्थान ।

शर्मा, रामविलास (सन् १९५७), *उपन्यास और लोकजीवन* (भूमिका), (अनु. नरोत्तम नागर), नई दिल्ली : पीपुल्स पब्लिशिंग हाउस, पृ. क–ञ ।

शर्मा, विन्दु (२०७६), 'समकालीन नेपाली कथामा वर्गीयता', *प्रज्ञा समकालीन नेपाली कथा विमर्श,* ( सम्पा.) ज्ञानु अधिकारी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १७६–२०७ ।

श्रेष्ठ, दयाराम (२०७६), 'आधुनिक कथाको रचना विधान', *रत्न वृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (सम्पा.) राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ. ३७४–३९४ ।

सापकोटा, कृष्णप्रसाद (२०६९), *ध.च. गोतामेका उपन्यासमा आञ्चलिकता,* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

सिंह, कुँवरपाल (२०७६), 'मार्क्सवाद र साहित्य', *माक्सवादी साहित्यचिन्तन,* (दोस्रो संस्क.), (सम्पा.) निनु चापागाई), काठमाडौँ : साझा प्रकाशन, पृ. १३१–१४६ ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

Bottomore, Tom (ed.) (1991). *A Dictionary of Marxist Thought*. Oxford: Blackwell Publishers.

Lenin, V.I. (1977). *A Great Beginning*. Peking: Foreign Language Press.

Marx, K., & Engels, F. (2004). *The Communist Manifesto*, UK: Penguin.